


**सम्पर्क ठेगाना :**

**नेपाली कांग्रेस, केन्द्रीय कार्यालय**

वी.पी. स्मृति भवन, वी.पी. नगर, सानेपा, ललितपुर ।

फोन : (००९७७) ०१ ५१८३२६३/२६४/२६५

फ्याक्स : (००९७७) ०१ ५१८३२६६

इ-मेल : ncparty.cpta@gmail.com

Internet Access: www.http://www.nepalicongress.org


© नेपाली कांग्रेस, केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रशिक्षण पुस्तक

नेपाली कांग्रेसका लागि वैचारिक आधार

# प्रशिक्षण पुस्तक

# नेपाली कांग्रेसका लागि वैचारिक आधार




**नेपाली कांग्रेस**

**केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**

वी.पी. स्मृति भवन, वी.पी. नगर, सानेपा, ललितपुर ।

**२०७७**

- राष्ट्रियता
- लोकतन्त्र
- समाजवाद
- गणतन्त्र
- सङ्घीयता
- समावेशिता
- मिश्रित निर्वाचन प्रणाली
- धर्म निरपेक्षता
- अहिंसा र शान्ति

| | | |
|---|---|---|
| नेपाली कांग्रेस जे भन्छ | : | त्यही गर्छ |
| जनताको लागि कांग्रेस | : | कांग्रेसका लागि जनता |
| मतदाताका लागि रुख | : | रुखको लागि मतदाता |
| हामी भित्र म सबै अट्ने देश | : | सबैलाई जोड्ने कांग्रेस |
| हिमाल पहाड तराई | : | कोही छैन पराई |
| छुवाछूत मान्दैनौं | : | सम्मान गर्छौं सबैलाई |
| कांग्रेसको गन्तव्य | : | गरिबीको अन्त्य |
| कांग्रेसको इच्छा | : | सबैका लागि सामाजिक सुरक्षा |
| नेपाली कांग्रेसको अभियान | : | पहिचान र विविधताको सम्मान |
| कांग्रेसको प्रण | : | महिला सशक्तिकरण |
| नेपाली कांग्रेसको दृष्टि | : | उच्च र दिगो समृद्धि |
| असल मान्छे | : | असल लोकतन्त्रवादी |
| असल लोकतन्त्रवादी | : | असल कांग्रेस |

किसानको पार्टी श्रमिकको साथी
नेपाली कांग्रेस नेपालको लागि।

# प्रशिक्षण पुस्तक

## नेपाली कांग्रेसका लागि वैचारिक आधार



**नेपाली कांग्रेस**

**केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**

वी.पी. स्मृति भवन, वी.पी. नगर, सानेपा, ललितपुर ।

२०७७

# प्रशिक्षण पुस्तक
# नेपाली कांग्रेसका लागि वैचारिक आधार

**प्रकाशक** : **नेपाली कांग्रेस**
**केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान**
वी.पी. स्मृति भवन, वी.पी. नगर, सानेपा, ललितपुर ।
फोन : (००९७७) ०१ ५१८३२६३/२६४/२६५
फ्याक्स : (००९७७) ०१ ५१८३२६६
इ-मेल : ncparty.cpta@gmail.com
web : www.nepalicongress.org
**संस्करण** : प्रथम, २०७७
**प्रति** : २०,००० प्रति
**मूल्य** : रु. १००।-
**मुद्रक** : **एलायन्स प्रिन्टर्स एण्ड मिडिया हाउस प्रा.लि.**
चाबहिल, सरस्वतीनगर, काठमाण्डौ ।
फोन : (००९७७) ०१ ४८११३७१
इ-मेल : printersalliance@gmail.com
© प्रकाशकमा

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

नेपाली कांग्रेस
नेपाल
केन्द्रीय कार्यालय

भाद्र ५, २०७७

# शुभकामना

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले जानकारीमूलक पाठ्यसामग्री प्रकाशित गर्न लागेकोमा खुसी लागेको छ । प्रतिष्ठान गठन भएपछि प्रशिक्षण सहित विविध सन्दर्भमा गरेका कार्यहरु झैं प्रस्तुत पाठ्यसामग्री महत्वपूर्ण र प्रशंसनीय छ । प्रतिष्ठानमा आवद्ध रहनु भएका सबै साथीहरूलाई म यसका लागि हार्दिक बधाई ज्ञापन गर्दछु ।

नेपाली कांग्रेसका सदस्य, शुभेच्छुक तथा सहयोगीहरुका लागि मात्रै होइन जिज्ञाषुहरुका लागि समेत जानकारीमूलक पाठ्य सामग्री आवश्यक थियो । प्रविधिको पहुँचमा रहेका साथीहरु देखि दूरदराजका गाउँहरुसम्म सहज र सरल रुपमा पार्टीका विषयमा जानकारी दिन यो पाठ्य सामग्रीले योगदान गर्ने विश्वास मैले लिएको छु । पार्टीको इतिहास, संघर्ष, विचार सम्प्रेषण गर्ने अग्रज नेतृत्व देखि जीवन अर्पण गर्ने योद्धा सहिदहरुको गाथासम्म यसले पछिल्लो पुस्ता सामु संक्षिप्तमा प्रस्तुत गरेकै छ । पार्टीले राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा खेलेको निर्णायक भूमिका समेतको प्रस्तुति मार्फत यो पुस्तिका कांग्रेस र देश चिन्ने एउटा सानो आँखीझ्याल समेत बन्न पुगेको छ ।

नेपाली कांग्रेस र अरु दलहरुका बीचको वैचारिक, व्यवहारिक अन्तर के छ ? पार्टीका प्रत्येक साथीहरुमा त्यसको जानकारी हुनै पर्दछ । नेपाली कांग्रेस पार्टी, आदर्श, सिद्धान्त, नीति र कार्यक्रमलाई कार्यान्वयन गर्ने उपयुक्त संयन्त्र हो । नेपालको लोकतान्त्रिक आन्दोलनको जिम्मेवार, विश्वसनीय र निर्णायक संयन्त्र नेपाली कांग्रेस नै हो । भविष्यमा समेत यो पार्टीलाई थप सशक्त, जिम्मेवार र विश्वसनीय बनाउन वैचारिक रुपमा साथीहरु जति योग्य हुनुपर्दछ त्यति नै अनुशासनमा प्रतिबद्ध हुनुपर्दछ । अनुशासन विनाको पार्टी उद्देश्यहीन भीडमा परिणत हुनसक्छ । प्रस्तुत पुस्तकले पार्टीका आदर्श, सिद्धान्त, नीति र कार्यक्रमको जानकारी सहित पार्टीका सदस्यहरुलाई थप प्रखर र अनुशासित बन्न समेत सहयोग पुऱ्याउने छ भन्ने मेरो विश्वास छ ।

भविष्यमा अरु आवश्यक विषयहरु समावेश गर्दै यस्ता जानकारीमूलक सामग्रीहरु प्रकाशन तथा प्रसारण गरी पार्टीका विषयमा साथीहरुलाई निरन्तर प्रशिक्षित गर्नुपर्दछ । केही पहिले नै यसको डिजिटल संस्करण सार्वजनिक भएको भएपनि पुस्तकका रुपमा अहिले प्रकाशित हुँदैछ । यसबाट साथीहरुले अवश्य बौद्धिक लाभ लिनु हुने छ ।

अन्तमा प्रतिष्ठानलाई सक्रिय गराउन निरन्तर लागि पर्नु हुने उपसभापति श्री विमलेन्द्र निधि सहित पुस्तक तयार पार्नु हुने, यसको प्रकाशनमा सहयोग गर्नु हुने सबैलाई शुभकामनाका साथ म बधाई ज्ञापन गर्दछु ।

**जय नेपाल** !

शेरबहादुर देउवा
**सभापति**

टेलिफोन : (००९७७–१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
**e-mail:** ncparty@wlink.com.np /info@nepalicongress.org / **Internet Access: http://www.nepalicongress.org**

# यस पुस्तकका बारेमा

नेपाली कांग्रेसले लिएका आदर्श, सिद्धान्त, विचार, नीति र कार्यक्रमका विषयमा आफ्ना सदस्य, शुभेच्छुक र नेपाली कांग्रेसका विषयमा जान्न इच्छुक सम्पूर्ण जनतालाई जानकारी दिने उद्देश्यले प्रशिक्षणका लागि यो पुस्तक तयार पारिएको छ । यस पुस्तिकालाई नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले प्रकाशनमा ल्याएको छ। नेपाली कांग्रेसको विधानमा यसअघि केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान भन्ने थियो । महासमिति बैठक २०७५ ले विधानमा संशोधन गरी नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान बनाएको छ । प्रतिष्ठानले अबका दिनमा उपयुक्त नीति निर्माण गर्ने, पार्टीका लागि आवश्यक विषयमा अनुसन्धान गर्ने र प्रतिवेदन तयार पार्ने तथा यिनैका आधारमा प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने छ। पुस्तकको अध्ययनबाट नेपाली कांग्रेसको आदर्श, सिद्धान्त, नीति, विचार तथा कार्यक्रमबारे सदस्य, शुभेच्छुक तथा सम्पूर्ण नागरिकहरूका साथै अरू विचार र राजनीतिक दलहरूमा आस्था राख्नेहरूले समेत नेपाली कांग्रेसका विषयमा जानकारी पाउन सक्नुहुने छ ।

यस पुस्तकमा नेपाली कांग्रेसको आदर्श र सिद्धान्तहरूका विषयमा थप स्पष्टताकासाथ परिभाषित गर्नुका साथै, नेपाली राजनीतिमा थप भएका केही नवीनधारहरूका विषयमा समेत जानकारी दिने प्रयास भएको छ। नेपालमा संविधानत राष्ट्रियता, लोकतन्त्र, समाजवाद, गणतन्त्र, सङ्घीयता, समावेशिता, मिश्रित निर्वाचन प्रणाली, (समानुपातिक प्रतिनिधित्व) धर्मनिरपेक्षता, अहिंसा र शान्ति जस्ता मान्यताहरू स्थापित भएका छन् । यी मान्यताहरूका विषयमा सबैलाई जानकारी दिनु आवश्यक छ। यससँगै नेपाली कांग्रेसले आत्मसात् गरेको लोकतान्त्रिक समाजवाद तथा परराष्ट्रनीतिसहित कम्युनिष्ट पार्टी र अन्य दलहरूसँगको भिन्नता जस्ता विषयहरू पनि जानकारीका लागि अनिवार्य भएका छन् । नेपाली कांग्रेसको विधान र यसले लिएका राजनीतिक, आर्थिक नीतिहरूको उचित जानकारी हुनु जति आवश्यक छ त्यति नै हिजोका दिनमा नेपाली कांग्रेसले गरेका महत्त्वपूर्ण कार्यहरूबारे नेपाली कांग्रेसका सदस्यहरू जानकार हुनु अनिवार्य हुन्छ। नेपाली समाजमा आर्थिक सामाजिक रूपान्तरणको विषय अहिले मूल रूपमा उठिरहेको छ । यस्तो समयमा नेपाली कांग्रेसका नीति र विधानको जानकारी सबै सदस्यहरूमा हुनुपर्दछ । नेपाली कांग्रेसका आदर्श, सिद्धान्त, विचार, नीति, कार्यक्रम, तथा पार्टीको सिङ्गो इतिहास, यसले परिवर्तनका लागि विगत सात दशकदेखि खेलेको निर्णायक भूमिका र प्रदान गरेको नेतृत्व, ऐतिहासिक नेतृत्व गर्ने नेताहरू, सहादत प्राप्त गर्ने सपूतहरू, कांग्रेसका विचारक योद्धाहरू तथा संसारको लोकतान्त्रिक आन्दोलन र यसका मूल्यहरू तथा लोकतन्त्र विरोधी अधिनायकवादी प्रवृत्ति र सोचहरूका

विषयमा समेत जानकारी लिन चाहनेहरूका लागि यो पुस्तिका सहयोगी हुनसक्छ। पार्टीका ऐतिहासिक दस्तावेजहरू, निर्वाचनहरूमा पार्टीले जारी गरेका घोषणापत्रहरू, महासमिति बैठक २०७५ मा पारित राजनीतिक आर्थिक प्रस्तावहरू तथा विधानका प्रावधानहरूका आधारहरूमा पुस्तिका तयार पारिएको छ। यो पुस्तक पहिले डिजिटल संस्करण गरी अहिले छापामाध्यममा समेत प्रकाशन गरिँदैछ। प्रशिक्षण परम्परागत पद्धति र आधुनिक सूचना प्रविधिको प्रयोगबाट हुने छ। केही समय यता कोरोना (कोभिड–१९) को विश्वव्यापी महामारीका कारण नेपालमा समेत लक्डाउनको अवस्थामा भर्चुअल मिटिङ र प्रशिक्षण प्रभावकारी भएको हाम्रो अनुभव छ।

नेपाली कांग्रेसले लामो समयदेखि विभिन्न स्तरमा प्रशिक्षण कार्यक्रम गर्दै आएकोमा यसलाई व्यवस्थित र व्यापक पार्न २०६८ साल देखि प्रतिष्ठान नै स्थापना गरी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। त्यसक्रममा प्रतिष्ठानले २०७० सालमा प्रशिक्षणका लागि प्रशिक्षण सहयोगी पुस्तिका प्रकाशन गरेको थियो। यसअघि प्रकाशित प्रशिक्षण सहयोगी पुस्तिकाका धेरै अंशहरू समेत यस पुस्तकमा समावेश गरिएको छ। यसअघिका प्रशिक्षण प्रतिष्ठान प्रमुखसहित सम्पूर्ण सदस्यहरू, प्रशिक्षक मित्रहरू, नीति निर्माणमा सहयोगीहरू र पार्टीका सहभागी सबै साथीहरूलाई म सम्मान व्यक्त गर्न चाहन्छु। शुभकामनाका लागि आदरणीय पार्टीसभापति श्री शेरबहादुर देउवाज्यूमा हार्दिक आभार प्रकट गर्दछु। यो पुस्तक तयार पार्ने कार्यमा अहोरात्र खट्नुहुने प्रतिष्ठानका कार्यकारी निर्देशक प्रा. पुरुषोत्तम दाहाल, पुस्तक तयार पार्ने प्रतिष्ठानका सदस्य डा. जगदीशचन्द्र पोखरेलको संयोजकत्वमा गठित समितिका सदस्यहरू डा. आरजू देउवा, हरिहर विरही, राजु नेपाल, प्रशीस महरा र नानुमैयाँ वास्तोलासहित सहयोगी सबै मित्रहरूप्रति म धन्यवाद प्रकट गर्दछु। यसको डिजाइन, कम्प्युटर तथा छपाइमा सहयोग गर्नेहरू, पार्टीको केन्द्रीय कार्यालयका कर्मचारी साथीहरू सबै नै धन्यवादका पात्र हुनुहुन्छ।

अन्त्यमा यस पुस्तकले नेपाली कांग्रेसका आदर्श, सिद्धान्त, विचार, नीति, कार्यक्रम, उद्देश्य, इतिहास र आदर्शलाई जनताबीच पुऱ्याउने तथा सदस्यहरूलाई सक्षम, अनुशासित एवं पार्टीप्रति निष्ठावान् बनाउन महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु।

जयनेपाल।

**विमलेन्द्र निधि**
उपसभापति
नेपाली कांग्रेस केन्द्रीय समिति
एवम्
प्रमुख केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान।

## (१) प्रारम्भ :

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले स्थापनाकालदेखि नै विभिन्न तहहरूमा प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। विगतमा सम्पन्न यस्ता प्रशिक्षण कार्यक्रमहरूमार्फत पार्टीको नेतृत्वदेखि सम्पूर्ण सदस्यहरू सक्रिय रहनुका साथै पार्टीका नीति तथा कार्यक्रमहरूबारे सुसूचित हुँदै पार्टीका गतिविधिबाट व्यक्तित्व विकास समेत भइरहेको छ। अहिले नेपाली कांग्रेसको इतिहास, यसको आदर्श, सिद्धान्त, कार्यक्रम र नीतिसहित लोकतान्त्रिक आचरणको विषयलाई नेतृत्व, सदस्य, भ्रातृसंस्था र शुभेच्छुक संस्थाहरूमा आबद्ध सबैमा पुऱ्याउनु र त्यसमा प्रशिक्षित गर्नु थप आवश्यक भएको छ । खासगरी नयाँ पुस्ताको मनोविज्ञानलाई आत्मसात् गर्दै उनीहरूलाई लोकतान्त्रिक सिद्धान्त र आचरणका आधारमा प्रशिक्षित गरी सक्षम, अनुशासित, कर्मशील, उद्यमशील, इमानदार, नैतिकवान्, असल मानिस, असल लोकतन्त्रवादी र असल कांग्रेसका रूपमा विकास गर्नु आवश्यक छ। यसो भएमा कांग्रेस जनतासँग जनता कांग्रेससँग निरन्तर हुने छन् । यही आवश्यकतालाई अनुभव गरी सदस्यहरूलाई प्रशिक्षणका लागि उपयोगी हुने दृष्टिकोणले वि.सं. २०७० मा प्रकाशित प्रशिक्षण सहयोगी पुस्तिकामा सामयिक परिमार्जन गरी पुनः वि.सं. २०७७ मा प्रकाशित गरिएको छ।

## (२) प्रशिक्षण पुस्तिकाका मुख्य उद्देश्यहरू :

- नेपाली कांग्रेसका सदस्यहरूलाई नेपाली कांग्रेसको ऐतिहासिक भूमिका, यस पार्टीका नेताहरूबाट भएका विशिष्ट योगदान, लोकतन्त्र स्थापनाका लागि शहीदहरूले गरेको जीवन बलिदान तथा नेपाली कांग्रेसको आदर्श, सिद्धान्त, विचार, नीति र कार्यक्रमहरूको सही जानकारी गराउने ।
- नेपाली कांग्रेसका सदस्यहरूको कुशल प्रभावकारी नेतृत्व क्षमताको विकास गराउने । स्थानीय तहमा रही कार्यरत सदस्य, शुभेच्छुक तथा भ्रातृसंस्थाका सदस्यहरूलाई लोकतान्त्रिक आचरण, मर्यादा, अनुशासनसहित पार्टीको आदर्श, सिद्धान्त, कार्यक्रम र नीतिबारे निरन्तर जागरुक बनाउने ।
- नेपाली कांग्रेसका सम्पूर्ण सदस्यहरूबीच भावनात्मक एकताको विकास गराउँदै अनुशासित, मर्यादित र राजनीतिक संस्कारयुक्त बन्न प्रेरित गर्ने ।
- नेपाली कांग्रेसका सदस्यहरूमा कर्मशीलता र उद्यमशीलता विकास गरी

आत्मनिर्भर र रोजगार बनाउँदै नेपाली कांग्रेसलाई अझ सबल र लोकप्रिय बनाउने ।

- नेपाली जनतामा लोकतान्त्रिक मूल्य र मान्यतासहितको सिद्धान्तको राजनीतिप्रति अभिरुचि बढाउने ।
- समसामयिक राजनीतिक, आर्थिक, सामाजिक अवस्थाहरूसहित अन्तर्राष्ट्रिय घटनाहरूबारे सुसूचित गराउने ।
- परिवर्तनपश्चात् भएका विभिन्न राजनीतिक, आर्थिक, सामाजिक उपलब्धिहरू तथा विद्यमान संविधान, कानूनबारे जानकारी दिने ।
- लोकतन्त्रविरोधी विचार, नेतृत्व तथा तिनको आचरणबारे सदस्यहरूलाई सजग गराउने तथा अन्य दलको नेतृत्वमा बनेका सरकारले गरेका जनताको हितविपरीत एवम् लोकतन्त्रविरोधी कार्यहरू र आचरणका विषयमा सूचित गर्ने ।
- सचेत, जागरुक, भरपर्दो, अनुशासित, सुसंस्कृत राजनीतिक पुस्ताको विकास र विस्तार गरी नेपाली कांग्रेसलाई जनताको पार्टीका रूपमा जनतासँग निरन्तर जोड्न सहयोग पुऱ्याउने ।
- नयाँ पुस्तालाई लोकतान्त्रिक विचार र व्यवहारप्रति आकर्षित गराउने र समाजमा विद्यमान कुरीति, छुवाछूत र जातीय विभेदलाई व्यवहारतः अन्त्य गर्न सबैलाई उत्प्रेरित गर्ने ।
- अहिंसा, शान्ति, समानता, समुदायका बीचमा पारस्परिक सद्भाव तथा मित्रतालाई प्रबर्द्धन गर्ने ।
- नेपाली कांग्रेसको टोलदेखि केन्द्र र केन्द्रदेखि टोलसम्म सञ्चार समन्वय निरन्तर गर्न प्रेरित गर्ने ।
- नेपाली कांग्रेसको पार्टी कार्यालयको सचिवालय संचालन व्यवस्थापन चुस्त बनाउन सहयोग पुऱ्याउने ।
- नेपाली कांग्रेस पार्टीका साथीहरूमा पठन, लेखन संस्कृति विकास गर्न सघाउ पुऱ्याउने ।
- नेपाली कांग्रेसका सदस्यहरूलाई अध्ययन, अनुसन्धान तथा प्रतिवेदन लेखन कला सिकाउने ।
- स्थानीय नागरिकका विकासका चाहना तथा आवश्यकताहरूको पहिचान गरी त्यस्ता कार्यहरूमा पार्टीका साथीहरूलाई सक्रिय गराउने ।

## (३) नेपाली कांग्रेसको विकासक्रम :

### (क) नेपालको सङ्क्षिप्त परिचय :

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक सम्पदाले भरिएको देश हो । यो देश हिमाल, पहाड र तराई मधेस, सबै किसिमका भूभागमा फैलिएको छ । नेपाल आर्थिक विकासको तीव्र गतिमा लम्किरहेका दुई ठूला र फरक राजनीतिक व्यवस्था अँगालेका राष्ट्रहरू भारत र चीनको बीचमा करिब १ लाख ४७ हजार ४ सय ८१ वर्ग कि.मि. मा फैलिएको छ । यसको पूर्व-पश्चिम लम्बाइ सरदर ८ सय ८५ कि.मि. र उत्तर-दक्षिण चौडाइ घटीमा १ सय ४५ कि.मि. देखि बढीमा २ सय ४१ कि.मि. सम्म छ । भूसामरिक अवस्थिति र विशिष्ट प्राकृतिक ऐतिहासिक महत्त्वका कारणले छिमेकी भारत र चीनलगायत विश्वका शक्तिशाली राष्ट्रहरूलाई समेत नेपालको भूमिले आकर्षित गरिरहेको छ । सगरमाथा, बुद्ध जन्मभूमि, पशुपतिनाथ, मुक्तिनाथ, रामजानकी मन्दिरसहित प्राचीन स्मारकहरू, विशिष्ट कला र दर्शनले समेत नेपाल चिनाउने काम गरेको छ । सीता, भृकुटी र अरनिकोको योगदानले नेपालको विशेष परिचय बनेको छ ।

नेपालमा पृथ्वीनारायण शाह र त्यसपछिका केही शासकहरूको नेतृत्वमा नेपालको एकता, स्वतन्त्रता र सुरक्षा गर्न नेपाली जनताले इतिहासमा गरेको योगदान अविस्मरणीय छ । नेपालमा समयक्रममा स्थापित परम्परागत शासन प्रणाली र निरङ्कुश राजसत्ताका विरुद्ध विगत आठ दशक यता लोकतन्त्र प्राप्तिका लागि धेरै पटक सशस्त्र र अहिंसात्मक दुवैखाले आन्दोलनहरू भएका छन् । यसक्रममा यहाँ हजारौं वर्षदेखिका अनेक जातीय शासनहरूको अन्तिम अवशेष शाही राजसंस्था समाप्त भएर गणतन्त्र स्थापना समेत भइसकेको छ । वि.सं. २०६४ मा निर्वाचित पहिलो चार वर्षको संविधानसभाको कार्यकाल विनाउपलब्धि समाप्त भएपछि पुनः दोस्रो संविधानसभाको निर्वाचन वि.सं. २०७० पश्चात् वि.सं. २०७२ असोज ३ गते संविधान जारी भई नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । यसै संविधानअनुसार वि.सं. २०७४ मा स्थानीय तह, प्रदेश सभा र सङ्घीय संसद्को निर्वाचन समेत भएको छ ।

### (ख) नेपाली कांग्रेसको सङ्क्षिप्त परिचय :

नेपाली कांग्रेस नेपालमा स्थापित र विकास भएका पार्टीहरूमध्ये परिवर्तनको स्पष्ट दर्शन, सिद्धान्त, विचार, नीति र कार्यक्रमका साथ सबैभन्दा सङ्घर्षशील, परिष्कृत र लामो इतिहास बोकेको राजनीतिक पार्टी हो । यो पार्टी नेपालको समग्र

भूभागमा फैलिएको छ । यो पार्टीले देशका सम्पूर्ण जातजाति, भाषाभाषी, वर्ग, लिङ्ग, धर्म, संस्कृति र पेशाकर्मीलाई समेटेको छ । नेपालको माया गर्दै संसारभर छरिएर बसेका नेपालीहरूसँग समेत नेपाली कांग्रेस जोडिएको छ । यो विपन्न, सीमान्तकृत, भेदभावमा परेकाहरूको उत्थान, विकास र प्रगतिका लागि समर्पित पार्टी हो । नेपालमा मात्र नभएर अन्तर्राष्ट्रिय रूपमा नै यो पार्टीको ऐतिहासिक परिचय रहेको छ। यो पार्टी अग्रगामी, परिवर्तनको संवाहक क्रान्तिकारी पृष्ठभूमि भएको लोकतान्त्रिक पार्टी हो ।

तत्कालीन निरङ्कुश जहानियाँ राणा शासनविरूद्ध जनउत्तरदायी लोकतान्त्रिक शासन व्यवस्था र जननिर्वाचित सरकार निर्माणको उद्देश्य लिई जननायक बी.पी. कोइरालाले एक सङ्गठनको आवश्यकता महसुस गरी भारतका विभिन्न भागमा रहेका नेपालीहरूलाई आह्वान गर्दै वि.सं. २००३ असोज १८ मा भारतको पटनामा "द सर्चलाइट" नामक पत्रिकामा अपील प्रकाशित गरेपछि वि.सं. २००३ कार्तिक १५ गते बनारसको दुग्ध विनायकस्थित नरेन्द्र रेग्मीको घरमा भएको भेलाले "अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस" स्थापना गर्ने निर्णय गर्दै त्यसका लागि तयारी समिति गठन गर्‍यो । बी.पी. कोइराला संयोजक रहनुभएको सो समितिको अध्यक्षमा सुब्बा देवीप्रसाद सापकोटा, उपाध्यक्षमा बालचन्द्र शर्मा, महामन्त्रीमा कृष्णप्रसाद उपाध्याय भट्टराई, प्रचारमन्त्रीमा गोपालप्रसाद भट्टराई तथा सदस्यमा दीनानाथ सापकोटा र लक्ष्मीप्रसाद सापकोटा रहनुभयो । त्यस्तै कार्यालय मन्त्री लिला नटेश्वर (ईश्वर) बराल हुनुभयो । वि.सं. २००३ माघ १२ र १३ मा कोलकाताको भवानीपुर खाल्सामा सम्पन्न अधिवेशनले नाम परिवर्तन गर्दै "नेपाली राष्ट्रिय कांग्रेस" बनायो । यसले प्रजापरिषद्ले देशमा राणा शासनविरुद्ध गरेको सङ्घर्ष र साहसिक कार्यप्रति सम्मान प्रकट गर्दै त्यसका नेता टङ्कप्रसाद आचार्य (जो त्यसबेला काठमाण्डौको जेलमा कैद हुनुहुन्थ्यो) लाई आफ्नो मानार्थ सभापति र बी.पी. कोइरालालाई कार्यवाहक सभापति बनायो ।

त्यस्तै, बालचन्द्र शर्मा मन्त्री, कृष्णप्रसाद उपाध्याय भट्टराई सङ्गठनमन्त्री, डा. डिल्लीरमण रेग्मी प्रकाशन विभाग, लीला नटेश्वर (ईश्वर) बराल कार्यालयाध्यक्षसहित, देवीप्रसाद सापकोटा, डी.एन. प्रधान, देवव्रत परियार, कृष्णबहादुर प्रधान (गणेशमान सिंहको छद्म नाम) गोपालप्रसाद उपाध्याय भट्टराई, लाक्पा छिरिङ सेर्पा र रुद्रप्रसाद गिरी सदस्य हुनुहुन्थ्यो । त्यसपछि सुवर्ण शमशेरको सक्रियतामा महेन्द्र विक्रम शाहको अध्यक्षतामा वि.सं. २००५ पुस १७ मा विधिवत स्थापित नेपाल प्रजातन्त्र कांग्रेससँग एकीकरण गरी वि.सं.

२००६ चैत २७ गते नेपाली कांग्रेसको जन्म हुनपुग्यो । यसरी वि.सं. २००३ मा स्थापित नेपाली राष्ट्रिय कांग्रेस अन्ततः नेपाली कांग्रेसका रूपमा विकसित भयो । यसका संस्थापकहरूमा, मातृकाप्रसाद कोइराला, वी.पी. कोइराला, सुवर्णशम्शेर राणा, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, सूर्यप्रसाद उपाध्याय, महेन्द्रविक्रम शाह, रुद्रप्रसाद गिरी, राजेश्वरीप्रसाद उपाध्याय, कुँवर कल्लुसिंह आदि हुनुहुन्थ्यो ।

### (ग) नेपाली कांग्रेसको पृष्टभूमि :

### (१) वि.सं. २००७ अगाडिको नेपाली कांग्रेस :

लोकतन्त्र र समाजवादको धारणा वेलायतको राजा र भारदारबीचको सङ्घर्ष र सन् १२२५ को म्याग्नाकार्टा, सन् १६८८ को विल अफ राइटस्, सन् १७७६ देखि १७९२ सम्मको अमेरिकी स्वतन्त्रता सङ्ग्राम र सन् १७८९ मा भएको फ्रान्सेली राज्यक्रान्तिबाट सुरु भएको मान्न सकिन्छ। वास्तवमा यी क्रान्तिकालीन विचारधाराहरू सामन्तवाद र निरङ्कुशतावादको विरूद्धमा प्रतिपादित भएका थिए । लोकतन्त्र र समाजवाद यिनै विचारधाराहरूको प्रभावले सन् १९५० को दशकसम्ममा अनेक एसियाली र युरोपियन मुलुकहरूमा तत्कालीन सामन्तवाद वा पूँजीवादसहितको सत्ता परिवर्तन भई केहीमा लोकतान्त्रिक समाजवाद र कतै साम्यवादी एकदलीय निरङ्कुश सत्ताको स्थापना भएको थियो ।

नेपालमा पनि वि.सं १९९० को दशकमा निरङ्कुश जहानियाँ राणा शासनको विरूद्धमा विद्रोहका आवाजहरू गुञ्जन सुरु भएका थिए । यसअघि नै कृष्णलाल अधिकारीको मकै पर्व र कृष्णप्रसाद कोइरालाले चन्द्र शमशेरसमक्ष पार्सल गरी गरिब नेपालीका थोत्रा लुगाको पोको पठाएको जस्तो विभिन्न प्रसङ्गले भित्रभित्रै जनतामा सामन्ती सत्ताविरुद्ध आक्रोश तथा स्वतन्त्रताको लागि सङ्घर्षको सन्देश फैलाउन लागेको थियो । वि.सं. १९९७ मा राणा शासनविरुद्ध लाग्ने चार जना सपूतहरूलाई फाँसी र राणा सत्ताले स्वतन्त्रताको आवाज उठाउने अनेक कर्मठ युवाहरूलाई कठोर कारावासको सजाय दिएपछि नेपालमा राजनीतिक तरङ्ग उत्पन्न हुनपुग्यो । यो क्रममा लोकतान्त्रिक विचारधारा बोकेका, देश र जनताको लागि बलिदान दिन तत्पर धेरै सचेत सपूतहरूले विभिन्न समूहहरू बनाई आन्दोलन सुरु गरे । यसैवखत ती छरिएर रहेका शक्तिहरूलाई एकत्रित गरी आन्दोलनलाई सशक्त ढङ्गले अघि बढाउनका लागि वि.सं. २००३ मा वी.पी. कोइरालाको अग्रसरतामा नेपाली राष्ट्रिय कांग्रेस पार्टीको स्थापना भएको हो । सुवर्ण शमशेरको पहलमा वि.स. २००५ साउन १ मा संयोजित प्रजातन्त्र कांग्रेस

र नेपाली कांग्रेसबीच एकता (२००६ साल चैत २७ अर्थात् सन् १९५० अप्रिल ९) पश्चात् नेपाली कांग्रेसको नामकरण भए पनि यसको पहिलो स्थापना दिन २००३ माघ १२ अर्थात् सन् १९४७ जनवरी २५ नै हो ।

नेपाली कांग्रेस पार्टी गठन भएपछि यसले हलोक्रान्ति जस्ता सामाजिक आन्दोलन, जयतु संस्कृतम्, विराटनगरको चर्चित मजदुर आन्दोलन, सत्याग्रह र सशस्त्र आन्दोलन समेत गऱ्यो । आन्दोलनमा अनेक सपूतहरूले शहादत प्राप्त गरे । आन्दोलनका बेला मुक्ति सेनाको भूमिका महत्त्वपूर्ण रह्यो । तत्कालीन राजा त्रिभुवन समेत यस क्रान्तिमा सरिक भए । अन्ततः राणा शासन ढल्यो । वि.सं. २००७ फागुन ७ को घोषणासँगै नेपालमा प्रजातन्त्रको अभ्युदय भयो र आधुनिक नेपालको ढोका खुल्यो । आन्दोलन सफल भएपछि गठित संयुक्त सरकारमा नेपाली कांग्रेसका तर्फबाट वी.पी. कोइरालाको नेतृत्वमा सुवर्ण शमशेर, गणेशमान सिंह, भद्रकाली मिश्र र भरतमणि शर्मा सहभागी हुन पुगे । तत्कालीन राणा प्रधानमन्त्री मोहन शमशेर नै संयुक्त सरकारको प्रधानमन्त्री रहे ।

### (२) वि.सं. २००७ देखि वि.सं. २०१७ सम्मको नेपाली कांग्रेस :

वि.सं. २००७ को क्रान्ति सफल भएपछि तत्कालीन राणा शासकहरू र नेपाली कांग्रेस दुई पक्ष मिलेर सरकार निर्माण गरे । सरकारमा नेपाली कांग्रेसको तर्फबाट सामेल भएका मन्त्रीहरूले धेरै चुनौतीपूर्ण कार्यहरू गरे । एउटा स्वतन्त्र लोकतान्त्रिक राज्यको रूपमा नेपाललाई उभ्याउनु, आन्तरिक राज्य संयन्त्रको विकास गर्नु र शान्ति अमन चयन स्थापना गर्नु यस समयको महत्त्वपूर्ण कार्यभार थियो । सम्पूर्ण सरकारी अड्डा अदालतको आधुनिकीकरण गर्नु पनि थियो । स्वतन्त्र न्यायालयको स्थापना, विद्यालयहरूको स्थापना, पूर्व-पश्चिम टेलिफोन विस्तार आदि कार्यहरू यसै समयमा सुरु भए । तर बीचैमा षड्यन्त्रले गर्दा वी.पी. ले गृहमन्त्री पदबाट वि.सं. २००८ मा राजीनामा दिएपछि सरकार ढल्यो र धेरै उतारचढावहरू सुरु भए ।

नेपाली कांग्रेसको मुख्य मागको रूपमा रहेको संविधानसभाको चुनावको लागि वि.सं. २०१४ मा कांग्रेसले भद्रअवज्ञा आन्दोलन गऱ्यो । वि.सं. २०१५ मा राजाद्वारा संविधान जारी भई संसद्को चुनाव गरियो । नेपाली कांग्रेसका नेता सुवर्ण शम्शेरको अध्यक्षतामा गठित संयुक्त मन्त्रिपरिषद्ले निर्वाचन सम्पन्न गऱ्यो । उक्त निर्वाचनमा संसद्का कुल १०९ स्थानमध्ये ७४ स्थान अर्थात् दुई तिहाई स्थानमा नेपाली कांग्रेस विजयी भयो । त्यसपछि जननेता वी.पी. कोइरालाको प्रधानमन्त्रित्वमा सरकार गठन भयो ।

त्यो सरकारले छोटो अवधिमै जङ्गलको राष्ट्रियकरण, विर्ताप्रथाको उन्मूलन, राजारजौटाको उन्मूलन, सहकारी अभियान, विकेन्द्रीकरण, स्वतन्त्र परराष्ट्र नीति, मुद्रा प्रचलनमा सुधार गरी नेपाली मुद्राको प्रचलन, राष्ट्रिय बजेट र योजना तर्जुमा, औद्योगिक विकास कार्यक्रम, क्रान्तिकारी भूमिसुधार कार्यक्रम आदि राम्रा र अग्रगामी कार्यहरूको थालनी गऱ्यो । सामाजिक परिवर्तन गर्दै जातीय विभेद अन्त्य गर्ने प्रयासको थालनी गऱ्यो। नेपालको इतिहासमै पहिलो र अत्यन्त राम्रो बजेटको तर्जुमा भयो । ग्राम विकास योजना, शिक्षाप्रसार, यातायात, सिँचाइ, विद्युत् र सञ्चारको क्षेत्रमा ठोस काम अघि बढायो। प्रशासनिक सुधार, विकास आयोजनाहरूमा विदेशी लगानीलाई प्रोत्साहन र अन्तर्राष्ट्रिय सहयोगको वातावरण बनाउने कामहरू गऱ्यो। अन्तर्राष्ट्रिय सम्बन्धमा नेपालको उचो छवि कायम गर्दै दुई छिमेकीहरूसँग सुमधुर सम्बन्ध स्थापित गरियो। वि.सं. २०१७ असार १६ को मुस्ताङ काण्डमा भारत र चीनका तत्कालीन प्रधानमन्त्रीहरू क्रमशः जवाहरलाल नेहरू र चाउ येन लाइले प्रधानमन्त्री वी.पी. का तर्कहरूप्रति देखाएको समर्थन, चिनीया सरकारले तिरेको क्षतिपूर्ति, दुई पक्षीय भ्रमणहरू र स्वतन्त्र परराष्ट्र नीतिअन्तर्गत इजरायलसँग समेत स्थापना गरेको दौत्य सम्बन्ध ऐतिहासिक थिए । सगरमाथाका विषयमा चीनसँग वी.पी. कोइरालाले राख्नुभएको अडानले देशको स्वाभिमान बढाउने काम गरेको थियो । तर विपक्षीहरूको नियमित प्रहार र आफ्नै पार्टीभित्रका केही साथीहरूको धोका र राजा महेन्द्रको महत्वाकाङ्क्षाको कारण वि.सं. २०१७ पुस १ गते नेपाली कांग्रेसको एकमना सरकारलाई अपदस्थ गरियो, प्रधानमन्त्री र संसद्का सभामुखसहित नेताहरूलाई जेल हालियो, संविधान खारेज गरियो, संसद् भङ्ग गरियो र प्रजातान्त्रिक प्रणाली अन्त्य गरी निरङ्कुश सत्ता आरम्भ गरियो।

**(३) वि.सं. २०१७ देखि वि.सं. २०४६ सम्मको नेपाली कांग्रेस :**

राजा महेन्द्रले सैनिकको बलमा तत्कालीन नेपाली कांग्रेसको सरकारलाई 'कु' गरी संसद् भङ्ग गरेपछि तानाशाही निर्दलीय पञ्चायती व्यवस्था लागू गरियो। पार्टीहरूमाथि प्रतिबन्ध लगाइयो। वी.पी. कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईलगायत नेपाली कांग्रेसका धेरै नेता तथा कार्यकर्ताहरूलाई जेल हालियो। वी.पी. कोइराला ८ वर्ष जेल बस्नुभयो भने अहिंसात्मक आन्दोलन र सत्याग्रहको माध्यमबाट लोकतान्त्रिक आन्दोलन बढाउने नीति स्वदेशमा नै बसेर कृष्णप्रसाद भट्टराई, महेन्द्रनारायण निधिहरूले अघि बढाउनुभयो । त्यसपछि वी.पी., गणेशमानसहित धेरै नेता र सदस्यहरू भारत निर्वासनमा रहनुभयो।

यसबीचमा वि.सं. २०१८ र वि.सं. २०२८-२०३२ मा सशस्त्र प्रतिरोधहरू भए । वि.सं. २०१८ को सशस्त्र आन्दोलन हुँदै वि.सं. २०३० मा आन्दोलनको क्रममा हवाई अपचलनदेखि अनेक सशस्त्र घटनाहरू भए । ती विभिन्न आन्दोलनमा लोकतन्त्रका होनहार व्यक्तित्व र प्रतिभाशाली युवाहरूले सहादत प्राप्त गरे । अनेक चरणमा निर्दलीय सत्ताविरुद्ध स्वतन्त्र विद्यार्थी आन्दोलनहरू भए तर ती सबै आन्दोलनहरू गन्तव्यमा पुग्न सकेनन् । वि.सं. २०२७ मा स्थापित नेपाल विद्यार्थी सङ्घको नेतृत्वमा यसपछि परिवर्तनका लागि युवा विद्यार्थीहरूको सहभागिता तीव्र हुँदै गयो । यसअघि वि.सं. २०२४ सालतिर भारतमा बसेर अध्ययन गरिरहेका युवाहरूसमेत रही शैलजा आचार्यको नेतृत्वमा प्रजातान्त्रिक समाजवादी युवा लिग (डिएस्वाइएल) गठन भएको थियो ।

यस चरणमा भएका आन्दोलनहरूको अवस्था, परिणाम र राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीतिक परिघटनाहरूको गहन विश्लेषण गरी वि.सं. २०३३ मा राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर वी.पी. कोइराला र गणेशमान सिंहसहित अनेक निर्वासित नेता र सदस्यहरू निर्दलीय कानूनका खतराहरूको सामना गर्दै निर्वासन परित्याग गरी स्वदेश फर्कनुभयो । वि.सं. २०३६ को विद्यार्थी आन्दोलनले गर्दा बहुदलीय शासन व्यवस्था वा सुधारिएको पञ्चायती व्यवस्था के रोज्ने भन्नेबारेमा जनमत सङ्ग्रह भयो । त्यसमा सरकारी पक्षको धाँधली, पञ्चायतको उग्रवादी क्रियाकलाप, कतिपय कम्युनिष्ट पार्टीको बहुदलविरोधी अराजक कामहरू र पञ्चायतलाई जिताउने षड्यन्त्रका कारणले बहुदल पक्षले हार्नुपर्‍यो । त्यसपछि वि.सं. २०४२ मा नेपाली कांग्रेसले सत्याग्रह गर्‍यो । यसले निर्दलीय पञ्चायतलाई अर्को धक्का दियो । तर जनवादी मोर्चाका नाममा भएको हिंसाका कारण सत्याग्रह रोक्नुपर्‍यो । वि.सं. २०४६ मा नेपाली कांग्रेसको नेतृत्व र अरू सात वाम पार्टी सम्मिलित मोर्चा समेतको सहभागितामा पञ्चायती व्यवस्थाविरुद्ध जनआन्दोलन भयो । यो जनअन्दोलनको सर्वोच्च कमाण्डर लौहपुरुष गणेशमान सिंह हुनुहुन्थ्यो । त्यस आन्दोलनबाट तत्कालीन राजा वीरेन्द्र बहुदलीय व्यवस्थाको घोषणा गर्न बाध्य भए । वि.सं. २०१७ पुस १ गते गुमेको प्रजातन्त्र वि.सं. २०४६ चैत २६ गते मध्यरातमा जनताले पुनः प्राप्त गरे । वि.सं. २००७ को सशस्त्र आन्दोलन, वि.सं. २०१८ देखि वि.सं. २०४६ सम्म लोकतन्त्रका लागि भएका आन्दोलनहरूमा सयौँको सङ्ख्यामा नेपाली कांग्रेसका होनहार नेता तथा युवा सदस्यहरू शहीद भए, हजारौँले जेल नेल यातना भोगे, उनीहरूको श्रीसम्पत्तिको ठूलो क्षति भयो र उनका परिवारले ठूलो कष्ट भोगे ।

### (४) वि.सं. २०४६ देखि हालसम्मको नेपाली कांग्रेस :

वि.सं. २०४६ को सफल जनआन्दोलनपश्चात् नेपाली कांग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा अन्तरिम संयुक्त सरकार गठन भयो। उक्त सरकारले एक वर्षभित्रमा नयाँ संविधान बनाई संसद्को चुनाव गरायो। वि.सं. २०४८ को आमचुनावमा नेपाली कांग्रेसले बहुमतको जनादेश प्राप्त गर्‍यो र गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा नेपाली कांग्रेसको एकमना सरकार बन्यो। त्यो सरकारले देशमा ग्रामीण विकास र औद्योगिक विकासको जग बसायो। लोकतन्त्रको आधार बलियो पार्न गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरूको निर्वाचन सम्पन्न गराएर देशभर बाटो, बिजुली, खानेपानी, सिँचाइ, शिक्षा, स्वास्थ्य र सञ्चारको विकासको थालनी गर्‍यो। सहकारी अभियानलाई गाउँ तहसम्म पुर्‍याउने काम गर्‍यो। रुग्ण उद्योगहरूलाई निजीकरण गरी विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने काम गर्‍यो। ग्रामीण स्वावलम्बन अभियान कार्यलाई अघि बढायो। दलित विकास, जनजाति विकास र खुला अर्थतन्त्रको विकासको पनि थालनी भयो। सामुदायिक वनको अवधारणा ल्याई वातावरण संरक्षण अभियान थाल्यो। तर त्यो सरकारले आफ्नो पाँच वर्षे अवधि पूरा गर्न नपाउँदै पार्टीभित्रको विवादका कारण वि.सं. २०५१ मा मध्यावधि चुनाव गरायो। त्यो मध्यावधि चुनावमा विभाजित मनस्थितिको कारण नेपाली कांग्रेस दोस्रो दलमा झर्न पुग्यो। त्यसपछि वि.सं. २०५६ मा संसद्को चुनाव भयो। त्यो चुनावमा फेरि एकतामा बाँधिएको नेपाली कांग्रेसले बहुमत ल्यायो।

यसैबीच वि.सं. २०५२ बाट संसदीय व्यवस्था असफल भयो भन्ने नारा दिँदै एकदलीय जनवादी सत्ता स्थापित गर्ने दूषित उद्देश्यले कलिलो लोकतन्त्रका विरूद्ध माओवादी सशस्त्र हिंसा सुरु भयो जसले गर्दा देश विकासको काम भताभुङ्ग भएको मात्र होइन मुलुकमा आमचुनाव र स्थानीय निकायका चुनाव समेत असम्भव पारिए। देशमा स्थापित राजनीतिक तथा भौतिक संरचनाहरू विध्वंस पार्ने कार्यको थालनी गरियो। राष्ट्र कहाली लाग्दो हिंसा र रक्तपातमा लत्पतिन पुग्यो। राजाले निरङ्कुश बन्ने मौका पाए। ०५६ सालमा प्रधानमन्त्री हुनुभएका कृष्णप्रसाद भट्टराई, र त्यसपछिका दिनमा प्रधानमन्त्री हुनुभएका गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाले पनि माओवादी समस्या समाधानका लागि प्रयास गर्नुभयो। कृष्णप्रसाद भट्टराईले माओवादी समस्याबारे अध्ययन प्रतिवेदन तयार गर्न शेरबहादुर देउवाको नेतृत्वमा समिति बनाई समाधानको खोजी गर्नुभए पनि उहाँको एकवर्षे कार्यकालमा सम्भव भएन। वि.सं. २०५८ मा राजा वीरेन्द्रको

वंशनाश हुने गरी दरवार हत्याकाण्ड भयो । त्यसपछि उनका भाइ ज्ञानेन्द्र राजा बने । ज्ञानेन्द्र उग्र महत्वाकाङ्क्षी भएकाले उनले आफू सक्रिय राजा बन्ने प्रयास गरे । हिंसाको समाधान गर्ने र शान्ति स्थापना गर्ने सन्दर्भमा नेपाली कांग्रेसमा बढेको तिक्तताका कारण वि.सं. २०५९ मा संसद् भङ्ग भयो र नेपाली कांग्रेसमा विभाजन हुनपुग्यो । यो दु:खदायी क्षण वि.सं. २०६४ मा पुन: एकता हुनुअघिसम्म रहनपुग्यो । राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरुद्ध फेरि वि.सं. २०६२/०६३ को जनआन्दोलन भयो । त्यसमा कांग्रेसको नेतृत्व थियो भने अरू परिवर्तनका पक्षधर अरू दल पनि सामेल थिए । त्यो आन्दोलनबाट राजा ज्ञानेन्द्रले फेरि आफ्नो हातबाट सत्ता नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालामार्फत जनतामा सुम्पिए । त्यस बेलासम्म माओवादी सशस्त्र हिंसा/हत्या चलिरहेको थियो । यति बेलासम्म करिब १७ हजार होनहार नेपाली नागरिकको ज्यान गइसकेको, हजारौं नागरिकहरू बेपत्ता भएको, अनेक नागरिकहरूको अङ्गभङ्ग भई घाइते भएको, लाखौं जनता विस्थापित भएको र राष्ट्रको ठूलो भौतिक क्षति भइसकेको थियो । नेपाली कांग्रेससम्बद्ध धेरै साथीहरूलाई माओवादीले क्रूरतापूर्वक हत्या गरे । नेपाली कांग्रेसको निर्णयअनुसार सभापति गिरिजाप्रसाद कोइरालाको जोखिमपूर्ण तथा साहसिक अठोटका कारण माओवादीलाई १२ बुँदेमा सहमत गराई बृहत् शान्ति सम्झौतामार्फत राजनीतिको मूलधारमा ल्याइयो । संवैधानिक राजा पटकपटक जनताका अधिकारमाथि हस्तक्षेप गर्दै निरङ्कुश बन्न पुगेपछि नेपाली कांग्रेसले आफ्नो विधानबाट संवैधानिक राजतन्त्र शब्द हटायो । वि.सं. २०६४ मा संविधानसभाको चुनाव भयो । माओवादी संविधानसभाको चुनावमा बढी स्थान जितेर सबैभन्दा ठूलो दल बन्यो ।

वि.सं. २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट राजसंस्थाको विधिवत अन्त्य गरी देशमा गणतन्त्र स्थापना गरियो । अर्को व्यवस्था नभएसम्म नेपाली कांग्रेसका सभापति एवं तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरलाले राष्ट्राध्यक्षका सबै अधिकारहरूको जिम्मेदारीका साथ पूरा गर्नुभयो । चुनावपछि नेपाली कांग्रेसका नेता डा. रामवरण यादव गणतान्त्रिक नेपालको प्रथम राष्ट्रपति चुनिनुभयो । माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बने । तर संविधान बनाउने दुई वर्षको जनमत पाएको संविधानसभा अरू दुई वर्षसम्म म्याद थप हुँदा पनि नयाँ संविधान नबनाई माओवादीकै कारणले विघटनमा पऱ्यो । वि.सं. २०६५ देखि वि.सं. २०७० सम्म कम्युनिष्ट पार्टीका चारजना नेताहरू प्रधानमन्त्री भए पनि संविधान निर्माण गर्न असफल भए । तत्कालीन

समस्याको निकासका रूपमा सर्वपक्षीय सहमति गरी सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरी वि.सं. २०७० मा संविधानसभाको दोस्रो पटक चुनाव भयो, जसमा नेपाली कांग्रेस पहिलो पार्टीका रूपमा पुनः स्थापित भयो । नेपाली कांग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा संयुक्त सरकार बनेपश्चात् वि.सं. २०७२ असोज ३ गते अनेक प्रतिकूलताका वावजुद संविधान निर्माण गरी जारी भयो । संविधानप्रति असन्तुष्ट पक्षहरूलाई राजनीतिको मूलधारमा ल्याउन संशोधनको प्रस्ताव समेत नेपाली कांग्रेसले राख्यो । संविधान जारी भएपछि पूर्ववचन पालना गर्दै प्रधानमन्त्री पदबाट सुशील कोइरालाले राजीनामा दिएपछि एमाले नेतृत्वमा बनेको सरकारबाट संसद्को निर्वाचन गर्ने कुनै सम्भावना देखिएन । एमाले नेतृत्वको सरकारको समयमा जनताले अत्यन्त कष्टकर जीवन निर्वाह गर्नुपर्‍यो । मधेसकेन्द्रित दलहरू र भारतीय असन्तुष्टिका कारण नेपाली जनताले नाकाबन्दी व्यहोर्नु पर्‍यो । त्यसको उचित समाधान खोज्नुभन्दा पनि सरकार निरन्तर कृत्रिम रूपमा पौठाजोरी खेल्नेजस्तो गरिरह्यो । यस स्थितिमा पुनः माओवादी र त्यसपछि नेपाली कांग्रेसको संयुक्त सरकार निर्माण भयो । संविधानअनुसार तीन तहको निर्वाचन गर्नुपर्ने थियो । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठित सरकारले स्थानीय तह, सातै प्रदेश सभा तथा सङ्घीय संसद्को निर्वाचन २०७४ मा सफलतापूर्वक सम्पन्न गर्‍यो । सङ्घीयताअनुसार पालिकाहरूको गठन, सीमा निर्धारण, प्रदेश राजधानी तोक्ने जस्ता कार्यहरू पूरा गरी अनेक अवरोधहरूको सामना गर्दै निर्वाचन सम्पन्न भयो । वि.सं. २०७४ मा एमाले र माओवादी दलहरूबीचको एकतासहित अन्य कारणहरूले गर्दा नेपाली कांग्रेस दोस्रो दलको रूपमा संसद्मा रहन पुगेको छ भने प्रदेशहरू र केन्द्रमा प्रमुख प्रतिपक्षको स्थानमा रहेको छ ।

यी सबै इतिहाससिद्ध घटनाहरूले के प्रमाणित गर्दछ भने नेपाली समाजमा अहिलेसम्म भएका परिवर्तनहरू नेपाली कांग्रेसको नेतृत्वले नै गर्दै आएको छ ।

- वि.सं. २००७ मा राणा शासन समाप्त पार्ने नेपाली कांग्रेस र त्यसका नायक वी.पी. कोइराला, (क्रान्तिको अधिनायकत्व गर्ने मातृकाप्रसाद कोइराला भए पनि क्रान्तिको मुख्य नायक वी.पी. कोइराला नै हुनुहुन्थ्यो)
- वि.सं. २०१५ मा निर्वाचन गराउने नेपाली कांग्रेस र त्यसका नायक सुवर्ण शमशेर,
- वि.सं. २०१५ मा बहुमतको सरकारको नेतृत्व गर्ने प्रथम जननिर्वाचित

प्रधानमन्त्री वी.पी. कोइराला,

- वि.सं. २०४६ मा निर्दलीय पञ्चायती सत्ता ढाल्ने नेपाली कांग्रेस र त्यसका नायक गणेशमान सिंह,
- वि.सं. २०४७ मा संविधान निर्माण गरी ०४८ मा निर्वाचन गराउने नेपाली कांग्रेस र त्यसका नायक कृष्णप्रसाद भट्टराई,
- वि.सं. २०६३ को जनआन्दोलन, राजसंस्थाको विस्थापन तथा माओवादी हिंसाको शान्तिपूर्ण अवतरण र अन्तरिम संविधान जारी गरी पहिलो संविधानसभाको निर्वाचन गर्ने नेपाली कांग्रेस र त्यसका नायक गिरिजाप्रसाद कोइराला,
- वि.सं. २०७२ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्ने नेपाली कांग्रेस र त्यसका नायक सुशील कोइराला,
- वि.सं. २०७४ मा संविधान कार्यान्वयन गरी तीनै तहको निर्वाचन गराउने नेपाली कांग्रेस र त्यस्का नायक शेरबहादुर देउवा ।

यसप्रकार देशको प्रत्येक चरणको परिवर्तनको नेतृत्व नेपाली कांग्रेसले गरेको छ भने सामाजिक आर्थिक सम्पन्नता र सुधारको नेतृत्वसमेत कांग्रेसले नै गरेको छ । राष्ट्रियताको सम्बर्द्धन, समुदायका बीचको सद्भाव कांग्रेसबाट नै सम्भव हुँदै आएको छ । यसैकारण नेपाली कांग्रेसमा आबद्ध सदस्य साथीहरूले आफ्नो इतिहासप्रति सदैव गौरव गर्दछन् ।

**(घ) नेपाली कांग्रेसका सभापतिहरूको शृङ्खला :**

१. स्थापनाकाल : संयोजक वी.पी. कोइराला र अध्यक्ष सुव्वा देवीप्रसाद सापकोटा
नाम : अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस बनारस वि.सं. २००३ मा

| | |
|---|---|
| २. मातृकाप्रसाद कोइराला | वि.सं. २००५ (दरभङ्गा, विहार, भारत) |
| ३. वी.पी. कोइराला | वि.सं. २००९ जनकपुर |
| ४. सुवर्ण शमशेर जबरा | वि.सं. २०१२ वीरजञ्ज |
| ५. वी.पी. कोइराला | वि.सं. २०१४ विराटनगर (विशेष महाधिवेशन) |
| ६. वी.पी. कोइराला | वि.सं. २०१७ काठमाण्डौ |
| ७. कृष्णप्रसाद भट्टराई | वि.सं. २०३४ कार्यवाहक |
| ८. कृष्णप्रसाद भट्टराई | वि.सं. २०४८ झापा, कलवलगुढी |
| ९. गिरिजाप्रसाद कोइराला | वि.सं. २०५३ काठमाण्डौ |
| १०. गिरिजाप्रसाद कोइराला | वि.सं. २०५७ पोखरा |

११. गिरिजाप्रसाद कोइराला    वि.सं. २०६२ काठमाण्डौ
१२. सुशील कोइराला    वि.सं. २०६७ काठमाण्डौ
१३. शेरबहादुर देउवा    वि.सं. २०७२ काठमाण्डौ

**(ङ) झण्डाको अर्थ र जय नेपालको परम्परा :**

**(१) नेपाली कांग्रेसको झण्डा र यसको अर्थ :**

- माथिल्लो रातो भागको अर्थ राजनैतिक क्रान्तिको प्रतीक हो । राजनैतिक क्रान्ति भन्नाले लोकतन्त्र प्राप्तिको लागि गरिने सङ्घर्ष हो ।
- बीचको सेतो भागले शान्ति, सद्भावना र समृद्धिको लागि विकास निर्माण भन्ने बुझाउँछ ।
- तल्लो रातो भागले आर्थिक र सामाजिक क्रान्ति भन्ने बुझाउँछ । समग्रमा यसले सामाजिक न्याय तथा लोकतान्त्रिक समाजवादमा आधारित समतामूलक समाज निर्माणका लागि निरन्तर सङ्घर्षमा जुटिरहने अर्थको सङ्केत गराउँछ ।
- बीचको सेतो भागमा भएका चारवटा राता ताराका विषयमा ठोस ऐतिहासिक परिभाषा देखिँदैन । फ्रान्सेली राज्य क्रान्तिमा प्रयुक्त तीन तत्त्वहरू स्वतन्त्रता, समानता र भ्रातृत्व थिए । विश्व लोकतान्त्रिक आन्दोलनको प्रेरकमध्ये एक रहेको फ्रान्सेली राज्य क्रान्तिको मूल वैचारिक यिनै स्रोतहरूलाई सम्भवत नेपालको लोकतान्त्रिक आन्दोलनमा पनि बुझ्ने गरी तीन तारालाई प्रारम्भमा राखिएको र पछि राष्ट्रियतालाई सम्बोधन गर्ने गरी अर्को एक तारा थप गरी चारतारे झण्डा नेपाली कांग्रेसको भएको व्याख्या गर्न सकिन्छ । अर्थात् यी चार ताराको अर्थः
  - राष्ट्रियता
  - स्वतन्त्रता
  - समानता
  - भ्रातृत्व

  हुन् । चार स्वतन्त्रताका रूपमा (१) वाक् तथा प्रकाशन स्वतन्त्रता (२) गरिबीबाट मुक्तिको स्वतन्त्रता वा व्यवसाय गर्ने स्वतन्त्रता (३) धार्मिक स्वतन्त्रता र (४) भयबाट मुक्तिको स्वतन्त्रता भनेर चार ताराको व्याख्या समेत हुने गरेको छ । ००५ सालमा स्थापित प्रजातन्त्र कांग्रेसको पृष्ठभूमिलाई हेर्दा वि.सं. १९९७ सालका शहीदहरू : शुक्रराज, धर्मभक्त,

दशरथचन्द, र गंगालाललाई सम्मानित हुने गरी चार ताराको अवधारणा विकास गरिएको हुनसक्छ। प्रजातन्त्र कांग्रेसको चारतारे झण्डालाई नै नेपाली कांग्रेसले स्वीकार गरेको हुनाले यसबारे महाधिवेशनले अर्थ वा परिभाषा स्पष्ट गर्नु आवश्यक छ।

**(२) 'जय नेपाल' सम्बन्धी ऐतिहासिक सन्दर्भ :**

'जय नेपाल' भन्ने शब्द सम्बोधनको सुरुआत शुक्रराज शास्त्रीले प्रवचन गर्ने क्रममा सुरु र अन्त्यमा प्रयोग गर्दथे। त्यस्तै क्रान्तिकारी कवि गोपालप्रसाद रिमालगायतका तत्कालीन युवाहरू भेट हुँदा र छुट्टिँदा 'जय नेपाल' भन्ने गर्दथे। वि.सं. १९९७ सालमा शुक्रराज शास्त्रीलाई फाँसीको बेला राणाहरूले अन्तिम इच्छाको लागि सोध्दा उहाँले 'जय नेपाल' शब्द उच्चारण गर्नुभएको थियो। वि.सं. २००७ सालमा नेपाली कांग्रेसले नेतृत्व गरेको क्रान्तिमा 'जय नेपाल' को नारा घन्किने गर्दथ्यो। विराटनगरबाट सञ्चालित प्रजातन्त्र रेडियोबाट यो नारालाई तारिणीप्रसाद कोइराला र उहाँका सहयोगीहरूले बजाउँदा अझ लोकप्रिय बन्न पुग्यो। यसैबाट नेपाली कांग्रेसमा पनि आफ्ना नेता तथा साथीहरूबीच एक आपसमा समानता र सद्भाव प्रकट गर्न 'जय नेपाल' शब्द प्रयोग गर्ने प्रचलन बस्यो। 'जय नेपाल' भनेर सम्बोधन गर्दा सिङ्गो नेपाल र नेपाली जनताको कल्याण होस् भन्ने बुझिन्छ।

**(४) नेपाली कांग्रेसको आदर्श तथा सिद्धान्त :**

राष्ट्रियता, लोकतन्त्र, समाजवाद र सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाली कांग्रेसका आदर्श, सिद्धान्त, सामाजिक आर्थिक रूपान्तरणसहित समतामूलक समाज निर्माणका कार्यक्रम र नीतिहरू हुन्। आदर्श अटल छ, सिद्धान्त निरन्तर हुन्छ, कार्यक्रम सामयिक छ र नीतिहरू परिमार्जन र परिष्कृत हुँदै जान्छन्। यी विषयहरू नेपालको भूअवस्थिति, राष्ट्रको स्रोत, सामाजिक अवस्था आदिलाई अनुभूत गर्दै सत्य, समानता र यथार्थमा आधारित छन्, स्वतन्त्रता, न्याय, समानता, आपसी सद्भाव र ऐक्यबद्धतामा प्रतिबद्ध छन्।

**(क) राष्ट्रियता :**

- नेपाली कांग्रेसले स्थापनाकालदेखि नै अवलम्बन गर्दै आएको मूल आदर्श राष्ट्रियता, मूल सिद्धान्त लोकतन्त्र र समाजवादका विषयमा वर्तमान

सन्दर्भमा स्पष्ट गर्नु आवश्यक भएको छ । वी.पी. कोइरालाले राष्ट्रियताको मूलतत्त्व जनता भएको विचार प्रस्तुत गर्नुभएको छ । अहिले जनताको स्वतन्त्र सार्वभौम सर्वोच्चता नेपालमा स्थापित भएको अवस्था छ । हिमाल, पहाड, तराई-मधेस विभिन्न भूगोलमा रहेका, विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति तथा आर्थिक रूपले विपन्न र सामाजिक रूपले विभेदमा पारिएका शोषित, पीडित समुदायले समेत एकआपसमा सद्भावका साथ राष्ट्र, राज्य र राजनीतिक प्रणालीमाथि स्वामित्व अनुभव गर्ने हृदयको गहिराइबाट उत्पन्न भावना नै राष्ट्रियता हो ।

- आफू जन्मेको थातथलो, वरण गर्ने संस्कृति र परिचयको सामूहिक आधार नै राष्ट्रियता हो । राष्ट्रियता कुनै राजनीतिक प्रणाली वा भौगोलिक सीमाभित्र मात्र आबद्ध छ भन्ने होइन । जहाँ जुन रूपमा रहे पनि जसले आफ्नो पुर्खाहरूको भूमि र आफ्नो जन्मभूमिसहित आफ्नो सांस्कृतिक परिचय वरण गर्दछ र देशभक्तिको भावना राख्दछ राष्ट्रियता त्यही रहन्छ भन्ने नेपाली कांग्रेसको दृष्टिकोण रहेको छ ।
- संवैधानिक रूपमा सङ्घ, प्रदेश र सबल स्थानीय तहको संरचना गरी जनताको सामूहिक भावनामा आधारित राष्ट्रियतालाई मजबूत बनाउने महत्त्वपूर्ण निर्णय गर्नमा नेपाली कांग्रेसले गरेको नेतृत्वदायी योगदानलाई कसैले पनि बिर्सन सक्तैन ।

**(ख) लोकतन्त्र :**

- नेपाली कांग्रेसले वि.सं. २०६३ को जनआन्दोलनपश्चात् प्रजातन्त्रको स्थानमा लोकतन्त्र शब्द प्रयोगमा ल्याएको छ । प्रजा, जन जस्ता शब्दहरूले जनतालाई मात्र सम्बोधन गर्ने भएको हुनाले नेपाली कांग्रेसले भूमि र जनता दुवैलाई सम्बोधन हुने शब्दावलीको चयन गर्दै लोकतन्त्र शब्दको प्रयोग गर्न लागेको हो । वि.सं. २०७५ मा सम्पन्न महासमितिको बैठकले लोक शब्दको अर्थ नेपालको भूमि र नेपाली जनता दुवै लाग्ने हुनाले जनता तथा नेपाल भूमिको स्वतन्त्र, सार्वभौम सर्वोच्च सत्तासम्पन्न राजनीतिक प्रणाली भनेर लोकतन्त्रको प्रयोग गरिएको स्पष्ट गरेको छ ।
- लोकतन्त्र आधुनिक राज्यप्रणालीको सबैभन्दा विकसित र जनमुखी प्रणाली सिद्ध भएको छ । लोकतन्त्रका आधारभूत सिद्धान्तहरू : जनताको स्वतन्त्र सार्वभौम सर्वोच्चता, राष्ट्रियताको संरक्षण, मानवअधिकारका विश्वव्यापी

मान्यताहरूको पालना, आवधिक निर्वाचन, संसदीय प्रणाली, कानूनी शासन, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस, अभिव्यक्ति स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, भयबाट मुक्ति, शोषण र अन्याय तथा विभेदबाट मुक्ति, वैधानिक रूपमा सम्पत्ति आर्जनको अधिकार आदिप्रति नेपाली कांग्रेसको पूर्ण प्रतिबद्धतालाई नेपाली कांग्रेसले पुनर्पुष्टि गरेको छ ।

- बहुलवादमा आधारित बहुदलीय संसदीय लोकतन्त्रका प्रति नेपाली कांग्रेसको आरम्भ देखि नै अटूट विश्वास गरिरहेको छ र भविष्यमा समेत यसप्रति प्रतिबद्ध रहने सुनिश्चित गरेको छ ।

**(ग) समाजवाद :**

- वीरगञ्ज महाधिवेशन २०१२ ले समाजवादलाई अङ्गीकार गर्दै ठहर गरेको : "नेपाली कांग्रेस प्रजातन्त्र र अध्यात्मको हत्या गरेर समाजवाद स्थापना गर्न चाहने कार्यको विरोधी छ। समाजवाद ल्याउनका लागि प्रजातन्त्रको विनाश गर्नु आवश्यक छैन भन्ने यसको विश्वास छ। यसले समाजवाद र प्रजातन्त्रको सुदृढ गठबन्धनबाट नै साँचो समाजवादी समाजको निर्माण हुनसक्छ भन्ने विश्वास गर्दछ। अतः नेपाली कांग्रेस शान्तिपूर्ण र लोकतान्त्रिक उपायहरूबाट समाजवादको स्थापना गर्न चाहन्छ।" यसलाई स्पष्ट गर्दै सोही महाधिवेशनले आफ्नो आर्थिक नीतिमा स्पष्ट गरेको छ : प्रजातान्त्रिक पद्धतिबाट समाजवादी अर्थव्यवस्थाको स्थापना गर्न नेपाली कांग्रेस प्रतिबद्ध छ।"
- नेपाली कांग्रेसको जगमा किसान, मजदूर, शोषित, श्रमिक, विभेदमा परेको वर्ग नै मूल आधार रहेको छ। यससँगै मध्यम वर्गीय परिवार, उद्योगपति, पूँजीपति र सचेतवर्ग समेत नेपाली कांग्रेसमाथि भर गर्दछ। विपन्न र विभेदमा परेका सीमान्तकृत वर्गको उत्थानका लागि आर्थिक न्याय र लोकतन्त्रको सुदृढ गठबन्धनबाट नै साँचो समाजवादी समाजको निर्माण हुनसक्छ भन्ने नेपाली कांग्रेसको विश्वास छ। यही विश्वासअनुरूप राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाली कांग्रेसको परिचय लोकतन्त्रवादी समाजवादी दलको रूपमा स्थापित छ। नेपाली कांग्रेस सोसलिष्ट इन्टरनेशलको सदस्य समेत रहेको छ। वी.पी. कोइराला सोसलिष्ट इन्टरनेशनलको उपाध्यक्ष र लोकप्रिय नेताको रूपमा स्थापित हुनुहुन्थ्यो भने सभापति शेरबहादुर देउवा पनि अहिले सो संस्थाको उपाध्यक्ष हुनुहुन्छ।

- यसरी नेपाली कांग्रेसले समाजवादलाई आर्थिक सामाजिक कार्यक्रमका रूपमा स्वीकार गरी परिभाषित समेत गरेको सन्दर्भमा कम्युनिष्टहरूले भनेजस्तो नभई नेपाली कांग्रेसको समाजवाद, राज्य नियन्त्रित, केन्द्रीकृत आर्थिक प्रणाली तथा जनवादी केन्द्रीयतामा आधारित एकदलीय राजनीतिक प्रणाली जस्तो होइन भन्ने स्पष्ट मान्यताका साथ संविधानमा उल्लेखित समाजवाद उन्मुखको अर्थ लोकतान्त्रिक मूल्य र मान्यताबाट नै आर्थिक सामाजिक रूपान्तरण गरी शोषणको अन्त्य, किसानको उन्नति, श्रमिकहरूको सामाजिक आर्थिक सुरक्षा, अशक्त तथा अतिरिक्त क्षमता (अन्धअपाङ्गता) भएकाहरूको आवश्यक सुरक्षा तथा सीप विकास, विभेदमा परेकालाई न्याय, छुवाछूतको अन्त्य गर्न सामाजिक घुलमिलीकरण गर्दै, हुनेहरूबाट राज्य कोषमा श्रीवृद्धि गरेर नहुनेहरूलाई समृद्ध तुल्याउने न्यायपूर्ण समतामूलक समाज निर्माण नै समाजवाद हो भन्ने स्पष्ट दृष्टिकोण र मान्यता रहेको छ ।
- समाजवाद प्राप्तिकै यात्राक्रममा श्रमिकहरूको बृहत्तर हितलाई दृष्टिगत गरी नेपाली कांग्रेसको नेतृत्वमा बनेको शेरबहादुर देउवा नेतृत्वको सरकारले वि.सं. २०७४ श्रावण ९ गते संसद्मा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४ प्रस्तुत गरेको थियो। संसद्बाट पारित भई सोही महिना २९ गते राष्ट्रपतिबाट स्वीकृत भई ऐनमा उल्लेख भएबमोजिम ९१ दिनका दिन मंसिर १ गते सो लागू भैसकेको छ। राज्य, रोजगारदाता र श्रमिकको त्रिपक्षीय सहभागिता र व्यवस्थापकीय कुशलताबाट यसको सफल कार्यान्वयन हुने विश्वास नेपाली कांग्रेसले लिएको छ। सदियौँदेखि शोषित र पीडित रहेका कमैया र हलिया मुक्तिको घोषणा, सबै जातजातीलाई समान अवसर प्रदान गर्ने हेतुले राष्ट्रिय महिला आयोग, दलित आयोग, जनजाति आयोग जस्ता आयोगहरूको गठन गरिएको थियो। ०४८ मा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले सुकुम्वासीहरूको गाँस, वास, कपास, शिक्षा र रोजगारीको व्यवस्था गर्न सुकुम्वासी आयोग गठन गरी समाधानको प्रयास थालेको थियो भने ग्रामीण विकासका लागि स्वावलम्बन कार्यक्रम आरम्भ गरेको थियो ।
- सामाजिक सुरक्षा ऐनको कार्यान्वयनका लागि एकातर्फ तामझामपूर्ण झूटो प्रचार प्रधानमन्त्री ओली नेतृत्वको कम्युनिष्ट सरकारले गर्नु औचित्यहीन भड्किलोपना थियो भने कम्युनिष्ट सरकारले नेपाली कांग्रेसबाट भएका सामाजिक सुरक्षाका पूर्व निर्णयहरूलाई उल्ट्याउँदै स्पाइनल

इन्जुरी भएका, मुटु, क्यान्सर, मृगौलाका अशक्त बिरामीलाई मासिक रु. ५,०००।- जीविकोपार्जन र ६५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई प्रदान गर्ने सामाजिक सुरक्षा भत्ताको खारेजी गरेको छ जुन, अत्यन्त खेदजनक छ। यसबाट कम्युनिष्टहरू गरिब र अशक्तहरूप्रति कति उदासीन छन् भन्ने पुष्टि भएको छ। तल दिइएको तालिकाबाट लोकतान्त्रिक समाजवाद र साम्यवादलाई यसरी सङ्क्षेपमा बुझ्न सकिन्छ।

**लोकतान्त्रिक समाजवाद र साम्यवादबीचको सैद्धान्तिक भिन्नता :**

| | लोकतान्त्रिक समाजवाद | | कम्युनिष्ट अर्थात् साम्यवादी समाजवाद |
|---|---|---|---|
| १) | व्यापक जनचेतना र जनमत तयार पारी चुनाव जितेपछि संसद्बाट कानूनहरू पारित गरी सुधारात्मक प्रकृयाबाट समाजवाद सुरु हुन्छ। | १) | रक्तपातपूर्ण क्रान्ति अर्थात् वर्गसङ्घर्षद्वारा जमिनदार, पूँजीपति र असहमतवर्गको विनाश गरी "सर्वहारा वर्ग" ले आफ्नो हातमा शासन लिएर वर्गीय अधिनायकत्व स्थापनापछि कम्युनिष्ट समाजवाद सुरु हुन्छ। |
| २) | शान्तिपूर्ण तथा अहिंसात्मक प्रकृयाद्वारा परिवर्तन गर्ने कुरामा विश्वास गर्दछ। | २) | हिंसात्मक वर्गसङ्घर्षमा विश्वास गर्दछ। |
| ३) | असल साध्य प्राप्तिको लागि असल साधनको प्रयोगमा विश्वास गर्दछ। | ३) | साध्य प्राप्तिका लागि जनुसुकै खराब साधनको प्रयोग गर्ने भन्दछ। |
| ४) | विपक्षी दलको अस्तित्व र असहमतिलाई आदर गर्ने बहुदलीय पद्धति हो। | ४) | सर्वहारा अधिनायकवादको नाममा एकदलीय निरङ्कुश तानाशाही व्यवस्था हो। |
| ५) | जनताले भेदभावरहित ढङ्गमा मौलिक हक अधिकारहरू निर्वाध रूपमा प्रयोग गर्न पाउँछन्। | ५) | स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार, वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सङ्गठन स्वतन्त्रता, सभा सम्मेलनको स्वतन्त्रता, धार्मिक स्वतन्त्रताजस्ता सम्पूर्ण मौलिक हकबाट नागरिकहरू निषेधित हुन्छन्। |

| | | | |
|---|---|---|---|
| ६) | व्यक्तिले निजी सम्पत्ति राख्न पाउँछ । अर्थात् नहुनेलाई हुनेमा परिणत गरी समानता खोज्छ । | ६) | व्यक्तिगत सम्पत्ति उन्मूलन गरी सारा सम्पत्तिहरू सरकारीकरण गरिन्छ र राज्य मालिकका रूपमा रहन्छ । अर्थात् हुनेलाई नहुनेमा परिणत गरी समानताको कुरा गर्छ । |
| ७) | ठूलाठूला उद्योगधन्दाहरूलाई राज्यले प्रगतिशील करको दायरामा राखी स-साना उद्योगहरूलाई व्यक्तिगत, सहकारी वा जनताको सामूहिक स्वामित्वमा संचालन गराउँछ । किसानहरूलाई जग्गाको मालिक बनाई उनीहरूलाई विकासको मूलधारमा जोड्ने काम गर्दछ । साथै प्रगतिशील कर प्रणाली लागु गरी जम्मा हुने धन तल्लो वर्गको जीवनस्तर उठाउने कार्यमा प्रयोग गरिन्छ । | ७) | सम्पूर्ण उद्योग कलकारखानालाई राष्ट्रियकरण गरिन्छ । राज्य पूँजीवाद हावी हुन्छ। जनता कामदार सरह मात्र रहन्छन्। राज्यको एकाधिकार स्थापित हुन्छ । सहकारी वा निजी भन्ने केही पनि हुँदैन । एउटा राजनीतिक दलको निर्णय नै सर्वमान्य बनाइन्छ । अर्थात् एकाधिकारवादी एकदलीय तानाशाही राज्य प्रणाली कायम हुन्छ जसमा चित्त नबुझेको कुरा जनताले बोल्न पनि पाउँदैनन् र सम्पत्ति राख्न पनि पाउँदैनन्। राज्य सर्वेसर्वा मालिक हुन्छ । |
| ८) | धार्मिक स्वतन्त्रतालाई प्रश्रय दिन्छ । | ८) | धर्म र संस्कृतिलाई मान्दैन । धर्मलाई अफिम ठान्दछ । |
| ९) | नागरिक पूर्ण रूपले स्वतन्त्र हुन्छन् । सरकार सहजकर्ता मात्र हुन्छ । | ९) | नागरिकको जीवनको प्रत्येक क्षेत्रमा सरकारले हस्तक्षेप गर्दछ । |
| १०) | आर्थिक समानताको साथै व्यक्तिगत स्वतन्त्रताको पनि कुरा गर्छ । | १०) | आर्थिक समानताको मात्र कुरा गर्दछ। तर शासक र शासितको भेद यथावत रहने हुनाले व्यापक शोषण हुने गर्दछ। |

| | | | |
|---|---|---|---|
| ११) | आम जनताको राजनीतिक चेतनालाई मूल आधार मान्दछ । जनताको स्वतन्त्रता र सार्वभौम सर्वोच्चताको सम्मान हुन्छ । | ११) | शोषित वर्गको नाममा मात्र धारणा बनाउँछ तर एउटा दलको मात्र सर्वोच्चता हुन्छ । अन्तिम सत्य सत्ता हो र यस्तो सत्ता बन्दूकको नालबाट प्राप्त हुन्छ भन्ने मान्यता हुन्छ । |
| १२) | एक पटक प्राप्त भएको सत्ता निश्चित अवधिपछि फेरि जनताबाट चुनिएर आए मात्र पुनः प्राप्त हुन्छ । यसर्थ यो व्यवस्थामा जनता सर्वेसर्वा हुन्छन् । | १२) | एक चोटि सत्ता पाएपछि अरूलाई सत्तामा आउन नदिनु उनीहरूको लक्ष्य हुन्छ । |
| १३) | कामदार, श्रमिकवर्गको ट्रेड युनियन अधिकार हुन्छ । परिवारप्रति जिम्मेदारी र स्वतन्त्रता हुन्छ । मानवअधिकारका विश्वव्यापी मान्यताहरूको सम्मान र रक्षामा विश्वास र सक्रियता रहन्छ । | १३) | जनताको पसिनाको शोषण गरिन्छ । ट्रेड युनियन अधिकार दिइँदैन । पारिवारिक स्वतन्त्रता समेत हुँदैन । मानवअधिकारका विश्वव्यापी मान्यता विपरीत राज्यसत्तामाथि एकदलीय नियन्त्रण र अधिनायकवाद स्थापना गर्ने काम गर्दछ । |

**(घ) गणतन्त्र :**

- वि.सं. २०६३ को संयुक्त जनआन्दोलनपश्चात् वि.सं. २०६५ जेष्ठ १५ मा देशमा गणतन्त्र घोषित भएको हो । वि.सं. २०७२ मा नेपाली कांग्रेसको नेतृत्वमा निर्माण भई जारी संविधानले गणतन्त्रलाई संस्थागत गर्ने काम गरेको छ । राजालाई जनता चाहिँदैन भने जनतालाई पनि राजा चाहिँदैन भन्ने हाम्रो अनुभवजन्य निष्कर्षको आधारमा स्थापित गणतन्त्र महत्त्वपूर्ण राजनीतिक उपलब्धि हो भन्ने नेपाली कांग्रेसको विश्वास छ ।
- जनताका हातमा सम्पूर्ण राजकीय सत्ता पुऱ्याउने मान्यताअनुरूप सदियौँदेखिका अनेक जातीय राजतन्त्रहरूको अन्तिम अवशेष शाही राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना गरिएको हो ।

- लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित गणतन्त्र नेपाल निर्माण गर्ने नेपाली कांग्रेसको मूल नीति बनेअनुरूप नेपालमा गणतन्त्र प्रारम्भ भएको छ ।

**(ङ) सङ्घीयता :**

- विभिन्न भाषा, धर्म, जाति, समुदाय र कठिन भूगोलमा रहेका आम नागरिकको निर्णायक अधिकार र राज्यमाथि सहज स्वामित्व हुने आधारमा देशलाई पुनःसंरचना गर्दै सङ्घीयता वरण गरिएको छ । अब सङ्घीयता नेपाली कांग्रेसको मूल मान्यतामा राष्ट्रियता, लोकतन्त्र, समाजवाद सँगसँगै प्रमुख हुन पुगेको छ ।
- एकात्मक राज्यप्रणाली अन्त्य गरी लोकतान्त्रिक संरचनाअन्तर्गत स्थापित सङ्घीयता सार्वभौम नेपालको एकता तथा अखण्डतालाई थप सुदृढ बनाउन र विभिन्न जातजाति, भाषाभाषी, लिङ्ग, धर्म, संस्कृति सम्पूर्ण समुदायलाई जोड्नका लागि भएको हुनाले, यसले राष्ट्र र समुदायको सद्भाव र एकतामा आँच नपुऱ्याउनेमा नेपाली कांग्रेस पूर्ण विश्वास प्रकट गर्दछ । सङ्घीयतामा भाषा र भेषभूषाका साथै भौगोलिक अवस्थितिमा रहेको विविधतालाई आ-आफ्नो स्थानमा स्वपहिचानको हक र राष्ट्रियस्तरमा तिनको मान्यता सुनिश्चित हुने गरी व्यवस्थापन गर्नुपर्छ ।
- प्रदेशहरू राज्यका स्वशासित एकाई हुन् । केन्द्रबाट प्रदेश तथा स्थानीय सरकारमाथि संविधानविपरीत हस्तक्षेप गरिँदा कांग्रेस मौन बस्ने छैन । त्यस्तो हस्तक्षेपलाई सशक्त प्रतिवाद गर्ने र सक्रिय विरोध गरिने छ । कांग्रेसका तर्फबाट प्रदेशसभामा प्रतिनिधित्व गर्ने सदस्यहरूले त्यस्ता विधानविपरीतका नियन्त्रणकारी कार्यको सक्रिय विरोध गर्ने छन् भने प्रदेश सरकारहरू पनि उत्तेजक र गैरजिम्मेदार भएको खण्डमा त्यस्ता गतिविधिलाई कांग्रेसले सजगकताका साथ निरुत्साहित गर्ने छ । सङ्घीयताको महत्त्वपूर्ण अङ्ग स्थानीय सरकार (गाउँ, नगरपालिका) हो । स्थानीय सरकारलाई सशक्त, जनमुखी, न्यायपूर्ण बनाउन नेपाली कांग्रेस निरन्तर लागि पर्ने छ ।

**(च) समावेशिता :**

नेपालको राजनीतिक, आर्थिक र सामाजिक संरचनामा महिला, दलित, मधेसी, थारु, आदिवासी/जनजाति, अल्पसङ्ख्यक, मुसलमान, अपाङ्ग र पिछडिएको क्षेत्रका

जनता अन्य वर्गको तुलनामा ज्यादै पछाडि परेका छन्, जसलाई वहिष्करणको अवस्थामा रहेका भन्ने गरिन्छ । अवसरबाट बञ्चित रहँदै आएका यी र यस्ता सबैलाई नेपाली कांग्रेस राज्यका ती निकायका (सेना, प्रहरी र निजामति सेवा आदि) हरेक क्षेत्र र तहमा सबै समुदायको समान अवसर, सहभागिता सुनिश्चित गर्न कटिबद्ध छ । नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै सङ्गठन र राज्य तहमा महिला, दलित, जनजाति, मधेसी, थारू, मुस्लिम सबैलाई समावेश गराउँदै आएको पनि छ ।

राज्यका सम्बन्धित तत्तत् संस्थाहरूमा सबैको पहुँच र विभिन्न अवसरहरूमा सबैको समान सहभागिता हुन सकोस् भनेर नेपाली कांग्रेसले सदनमा प्रस्ताव लगेर सकारात्मक विभेदको नीति अँगाली आरक्षणसहित समावेशिताको व्यवस्था मिलाएको हो । यी कुरालाई अरू व्यवस्थित गरिनु पर्दछ भन्ने मान्यताका साथ समावेशी विधेयक नेपालको संसद्मा माओवादी प्रवेश (वि.सं. २०६३ असार) अगावै नै नेपाली कांग्रेस नेतृत्वको सरकारले पुनर्स्थापित प्रतिनिधिसभाबाट पारित गरेको थियो ।

नेपाली कांग्रेसको स्थापनाकालदेखि नै देशका सबै भाषा, संस्कृति, जाति समुदाय, महिला, मधेसी, जनजाति, आदिवासी, दलित, मुस्लिम आदि सबै वर्गलाई समेटेर बनेको पार्टी हो । यसको हिमाल, पहाड, तराई र पूर्व-पश्चिम सबै समेट्ने राष्ट्रिय स्वरूप रहँदै आएको छ । विधान र व्यवहार दुवै दृष्टिले यसका जस्ता समावेशी संरचनाहरू अरू कुनै पार्टीका छैनन् ।

नेपाली कांग्रेसले संविधानसभामा समानता र समावेशिताका बारे लिखित सुझाव दिँदै भनेको थियो “नेपाली कांग्रेस आर्थिक समृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्न प्रतिबद्ध छ । यसका लागि दलित समुदायप्रतिको सामाजिक भेदभाव र छुवाछूत प्रथाको पूर्ण रूपमा अन्त्य गरिनु पर्दछ । महिला, आदिवासी-जनजाति, तराईवासी-मधेसी, मुस्लिम, दलित पिछडिएको क्षेत्र, भूमिहीन, कमैया, अपाङ्ग, तेस्रो लिङ्गी र अन्य सीमान्तकृत समूहको राजनीतिक, आर्थिक, सामाजिक समता, सहभागिता र समृद्धि तथा विभिन्न भाषिक, सांस्कृतिक पहिचानका समुदायको प्रतिष्ठा र स्वामित्व कायम गर्नु राज्यको दायित्व हुनुपर्दछ ।”

नेपाली कांग्रेसको यस अडान र मान्यताका आधारमा नेपालको संविधान २०७२ मा समावेशितालाई स्वीकार गरिएको छ । संविधानको भाग ८ धारा ८४ (२) अनुसार : समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको

निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिइँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी, जनजाति, खसआर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानूनबमोजिम हुने छ। त्यसरी उम्मेदवारी दिइँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ । यसबाट समानुपातिक प्रतिनिधित्व र समावेशितालाई उपलब्धिका रूपमा लिन सकिन्छ। यसअघि यस्तो स्पष्ट व्यवस्था थिएन ।

**(छ) मिश्रित निर्वाचन प्रणाली :**

नेपालको संविधानमा तीनै तहमा मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ ।

**(१) सङ्घीय व्यवस्थापिका :**

संविधानको भाग ८ धारा ८३, ८४ (१) क र ख अनुसार :

- दुई सदन रहने सङ्घीय व्यवस्थापिका (प्रतिनिधिसभा र राष्ट्रियसभा) को प्रतिनिधिसभामा १६५ क्षेत्र कायम गरी पहिलो हुने निर्वाचित हुने प्रणालीअनुसार निर्वाचित १६५ सदस्य र
- सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने ११० सदस्य रहने व्यवस्था छ ।
- राष्ट्रिय सभामा संविधानको धारा ८६ (क) अनुसार, प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, तथा नगरपालिका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानूनबमोजिम सबै तहको मतभार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यकसहित आठ जना गरी निर्वाचित ५६ जना सदस्य र
- नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा १ जना महिलासहित तीन जना रहेको राष्ट्रिय सभा हुने छ ।

**(२) प्रदेश व्यवस्थापिका :**

संविधानको भाग १४ धारा १७५ अनुसार :

- प्रदेश व्यवस्थापिका एक सदनात्मक हुने छ ।

- जसमा उपधारा (क) अनुसार, सम्बन्धित प्रदेशबाट प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोव्वर सङ्ख्यामा हुन आउने सदस्य, र
- (ख) अनुसार यसरी (क) बमोजिम कायम हुने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचित हुने सदस्य प्रदेश व्यवस्थापिकामा हुने छन् ।
- उपधारा (६) अनुसार, समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलहरूले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी, जनजाति, खसआर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र अल्पसङ्ख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था कानूनबमोजिम हुने छ ।
- त्यसरी उम्मेदवारी दिँदा भौगोलिक सन्तुलन समेत ध्यान दिनुपर्ने छ ।

**(३) स्थानीय सभा :**

नेपालको संविधानले स्थानीय तहमा समेत समावेसी समानुपातिकतालाई स्थान दिइएको छ ।

- गाउँ सभामा एक वडाध्यक्ष, एक उपाध्यक्षसहित विजयी वडा अध्यक्षहरू, नगरमा एक प्रमुख एक उपप्रमुखसहित विजयी वडाध्यक्षहरूको सभा हुने छ ।
- गाउँमा चार निर्वाचित महिला, दलित र अल्पसङ्ख्यकमध्येबाट दुईजना सदस्य र
- नगरमा प्रत्येक वडाबाट निर्वाचित वडा सदस्य र चार जना महिलासहित दलित तथा अल्प सङ्ख्यकबाट दुई जना सदस्य रहने गरी कार्यपालिकाको व्यवस्था छ ।
- अध्यक्ष वा उपाध्यक्ष तथा प्रमुख वा उपप्रमुखमध्ये एक महिला अनिवार्य गरिएको छ ।

  यसरी समावेशिताले नेतृत्व विकासको स्पष्ट खाका कोरेको छ ।

**(ज) धर्मनिरपेक्षता :**

- धर्मनिरपेक्षता संविधानमा व्यवस्था भएको अर्को विशेषता हो । हाम्रो देश नेपाल बहुधार्मिक, बहुसांस्कृतिक समाज भएको देश भए तापनि हिन्दु धर्मको

बाहुल्यता रहेको देश हो । बौद्ध धर्म, किराँत धर्म, मुस्लिम धर्म, जैन धर्म, सिख धर्म, इसाई धर्मलगायतका विविध धर्ममा विश्वास राख्ने र आचरण गर्ने समाज हामीकहाँ रहेका छन् । सबैलाई आ-आफ्नो आस्थाअनुसारको धार्मिक आचरण र व्यवहार गर्ने स्वतन्त्रता हुन्छ । सबै धर्मले एकअर्का धर्मप्रति सम्मान गर्नुपर्छ । आधुनिक राजनीतिक लोकतान्त्रिक प्रणालीमा राज्य कुनै एक धर्म विशेषको मात्रै हुँदैन । निरपेक्षताले आफूले अवलम्बन गरिरहेको धर्मको परिवर्तनलाई होइन धार्मिक स्वतन्त्रतालाई स्वीकार गर्दछ । २०७२ मा जारी नेपालको संविधानको भाग १ (४) १ मा धर्मनिरपेक्ष राज्य घोषणा गर्दै त्यसको स्पष्टीकरणमा : यस धाराको प्रयोजनको लागि धर्मनिरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षणलगायत धार्मिक सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्छ” भनी उल्लिखित मान्यतामा नेपाली कांग्रेस स्पष्ट छ । सर्वधर्म समभाव, धार्मिक सहिष्णुता र एकअर्काको धर्मप्रतिको सम्मान यसले गरेको छ । यसैगरी संविधानको धारा २६ मा धार्मिक स्वतन्त्रताको हकअन्तर्गत “धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने छ”, ..., कसैले पनि “कसैको धर्म परिवर्तन गराउने वा अर्को धर्ममा खलल गर्ने काम वा व्यवधान गर्नु गराउनु” दण्डनीय हुने संवैधानिक व्यवस्थाप्रति नेपाली कांग्रेसको पूर्ण प्रतिबद्धता रहेको छ । **धर्मनिरपेक्षताको अर्थ धार्मिक स्वतन्त्रता हो, धर्म निषेध वा धर्म परिवर्तन गर्नु गराउनु होइन** । अन्तर्राष्ट्रिय मानवअधिकारका सिद्धान्तहरू, मानवअधिकारका विषयमा सम्पन्न सन्धि, संहिताहरू, घोषणाहरू तथा नेपालको संविधानको मर्मअनुरूप धार्मिक स्वतन्त्रता भएको धर्मनिरपेक्ष राज्य भनेर संविधानमा किटान गरिएको छ । यी सबै उपलब्धिहरू नेपाली कांग्रेसको नेतृत्वमा नेपाली जनताले प्राप्त गरेको अवस्था हो ।

**(झ) अहिंसा र शान्ति :**

क्रान्ति, आन्दोलन र परिवर्तनका लागि दुई बाटा छन्- (१) अहिंसा र (२) हिंसा । नेपाली कांग्रेसले पनि इतिहासको कुनै कालखण्डमा हिंसाको बाटो अवलम्बन गरेको हो । कम्युनिष्टहरूको सिद्धान्त नै हिंसात्मक वर्गसङ्घर्षको बाटो हो । अन्तिम सत्य सत्ता भन्दै बन्दुकको नालबाट शक्ति प्राप्त हुन्छ भन्ने दर्शनबाट दीक्षित कम्युनिष्टहरूको हिंसा नेपालमा सफल हुन सकेन । नेपाली कांग्रेसले

२००७ सालमा गरेको सशस्त्र क्रान्ति राणा शासनलाई हटाउन सफल भएको थियो। तर त्यो क्रान्तिले ल्याएको परिवर्तन धेरै समयसम्म टिक्न सकेन। २०४६ सालको आन्दोलन र २०६३ सालको आन्दोलन अहिंसात्मक र शान्तिपूर्ण आन्दोलन हुन्। २०६२/०६३ को अहिंसात्मक आन्दोलनले एकै पटक नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गरी ऐतिहासिक परिणाम दिएको हो। साध्य पवित्र भएर मात्र हुँदैन, साधन पनि पवित्र हुनुपर्दछ। नेपालमा आन्दोलनहरूको प्रयोगशालाबाट अहिंसा र शान्तिपूर्ण बाटो नै क्रान्तिको सफल बाटो हो भन्ने प्रमाणित भएको छ।

वि.सं. २०६३ को जनअन्दोलनको महत्त्वपूर्ण उपलब्धि हो अहिंसा र शान्तिको विजय। नेपाल कम्युनिष्ट पार्टीले आरम्भ गरेको सशस्त्र हिंसा र तत्कालीन राजाले चालेको निरङ्कुश कदम दुवैलाई समाप्त पारी अहिंसात्मक रूपमा शान्ति स्थापना भएको छ। माओवादीले शान्तिपूर्ण राजनीतिमा लाग्नु र राजाले गद्दी छाड्नुमा शान्तिपूर्ण अहिंसात्मक जनआन्दोलनको महत्त्वपूर्ण भूमिका रह्यो। यसले के सिद्ध गरेको छ भने हिंसा समाधान होइन। अशान्ति निरन्तर हुन सक्दैन। हिंसाको भविष्य हुँदैन, शान्तिको विकल्प हुँदैन। नेपाली कांग्रेस अहिंसात्मक रूपमा शान्तिपूर्ण मार्गबाट देशको उन्नति र जनताको समृद्धिका पक्षमा आफ्नो विश्वास प्रकट गर्दछ। यसैकारण माओवादीसँग १२ बुँदे सम्झौता वि.सं. २०६२ र वृहद् शान्ति सम्झौता वि.सं. २०६३ नेपाली कांग्रेसको अगुवाइमा सम्पन्न भएका थिए।

### (ञ) वर्तमान संविधानको स्वामित्व र प्रतिरक्षा :

संविधानसभाबाट निर्माण भई वि.सं. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान नेपाली कांग्रेसको सिद्धान्त संवैधानिक रूपमा संस्थागत भएको दस्तावेज हो। लोकतान्त्रिक समाजवादी समाजको निर्माण यसको लक्ष्य हो। वर्तमान संविधानमा समेत यसलाई स्पष्टसँग उल्लेख गरिएको छ। लोकतन्त्रका आधारभूत मान्यताहरू समेटिएको यो संविधान नेपाली कांग्रेसको नेतृत्वमा नै जारी भएको हो। मुलुकको प्रमुख बागडोरमा नेपाली कांग्रेसको नेतृत्व नहुँदो हो त, दोस्रो संविधानसभा पनि संविधान तर्जुमा गर्न असफल नै हुने थियो। हाम्रो पार्टीका तत्कालीन सभापति सुशील कोइरालाको नेतृत्व तथा नेपाली कांग्रेसको दूरदर्शी एवं समन्वयकारी भूमिका तथा दृढ सङ्कल्पित व्यवहारका कारण नै संविधान जारी गर्न संविधानसभा सफल भएको कुरालाई हाम्रो पार्टीले गौरवपूर्ण रूपमा लिएको छ।

- संविधान जारी भएपछि पनि तीन तहको निर्वाचन हुन्छ कि हुँदैन भन्ने शङ्का र अन्यौल व्याप्त थियो । सङ्घीय संसद्को निर्वाचन भएन भने वैधानिक सरकार बन्दैन र प्रकारान्तरले संविधान टिक्दैन भन्ने खतरा थियो । त्यस्तो संवेदनशील अवस्थामा सभापति शेरबहादुर देउवाको कुशल नेतृत्व र नेपाली कांग्रेसको र सम्पूर्ण सदस्यको दृढ अठोटका कारण स्थानीय तह, प्रदेश र सङ्घीय संसद्को निर्वाचन सम्भव भएर संविधानको कार्यान्वय र प्रतिरक्षा हुन सकेकोमा नेपाली कांग्रेस गर्व गर्दछ ।
- संविधानले गरेका राजनीतिक परिवर्तनहरू गणतन्त्र, सङ्घीयता र अधिकार सम्पन्न स्थानीय तहलाई सार्थक पार्न यो संविधानको इमानदारीपूर्वक प्रभावकारी रूपमा कार्यान्वयन गर्नु कांग्रेसको प्राथमिकता हो । अब नेपाल संवैधानिक प्रक्रियाबाट मात्र गतिशील लोकतान्त्रिक राजनीतिको मार्गमा अगाडि बढ्नुपर्दछ ।
- संविधान निर्माण र जारी गर्ने समयमा उत्पन्न तीव्र असन्तुष्टिहरूलाई दृष्टिगत गरी संविधानका कतिपय व्यवस्थाप्रति असन्तोष रहेका क्षेत्र, समुदाय र जनताको भावनालाई समेट्न, लोकतन्त्रका मूल्य मान्यतालाई थप सबल बनाउन एवं बहुलवादी नेपाली समाजको बृहत्तर एकता र हित रक्षाका लागि संविधानको विकास र संशोधन गर्न नेपाली कांग्रेस सदैव खुला र प्रतिबद्ध छ ।
- यो संविधानलाई कम्युनिष्टहरूको एकाधिकारवादी सोचको अतिक्रमणबाट जोगाउनु, दक्षिणपन्थी अतिवादको षड्यन्त्रबाट प्रतिरक्षा गर्नु तथा निरन्तर बहुलवादी र लोकतान्त्रिक मार्गबाट सुधार र संस्थागत गर्दै **'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल'** लाई सार्थक बनाउने अभिभारा नेपाली कांग्रेसको नै हो भन्नेमा नेपाली कांग्रेसका सबै सदस्यहरू विश्वास गर्दछन् ।

## (५) नेपाली कांग्रेसको साङ्गठनिक ढाँचा :

**(क) सदस्यता र सङ्गठन :**

(१) नेपाली कांग्रेसको संशोधित विधानअनुसार नेपाली कांग्रेसको सदस्यता दुई प्रकारको हुन्छ ।

(क) नेपाली कांग्रेसको सदस्य

(ख) नेपाली कांग्रेसको क्रियाशील सदस्य

**(क) नेपाली कांग्रेसको सदस्य –** नेपाली कांग्रेसको विधानलाई मानी पार्टी अनुशासनभित्र रहन मन्जुर गर्ने

- १८ वर्ष उमेर पुगेको,
- नेपाली कांग्रेसको आदर्श, उद्देश्य र नीतिमा आस्था भएको,
- नेपाली कांग्रेसको अनुशासनमा रहन मन्जुर गरेको,
- प्रचलित कानूनले राजनीतिक दलको सदस्य हुन अयोग्य न ठहरिएको,
- सदस्यता फारममा उल्लिखित प्रतिज्ञा सपथ लिन मन्जुर गरेको,
- अन्य राजनीतिक दलको सदस्य नभएको

कुनै पनि नेपाली नागरिक तोकिएको शुल्क बुझाई नेपाली कांग्रेसको सदस्य बन्न सक्दछ ।

**(ख) क्रियाशील सदस्य –** नेपाली कांग्रेसको सदस्यता प्राप्त गरेको एक वर्षपछि क्रियाशील सदस्यता प्राप्तिका लागि तोकिएबमोजिम आवेदन फर्म भरी आफ्नो सदस्यता भएको पार्टी वडा कार्यालयमार्फत तोकिएबमोजिम शुल्कसहित आवेदन दिन सक्ने छ ।

क्रियाशील सदस्यताको लागि चाहिने योग्यता :

- पार्टीको उद्देश्य, नीति कार्यक्रमलाई सहयोग पुऱ्याउँदै आएको,
- निर्वाचनमा पार्टीको निर्देशनमा सक्रियतापूर्वक संलग्न रहेको,
- निर्वाचनका समयमा पार्टी र उम्मेदवारका पक्षमा काम गरेको,
- पार्टीका विभिन्न कार्यक्रम अभियान वा आन्दोलनका क्रममा विभिन्न कष्ट यातना, जेल वा निर्वासन भोगेको,
- पार्टीले आयोजना गरेको प्रशिक्षण, गोष्ठी अन्तर्क्रियालगायत राजनीतिक, सामाजिक, सांस्कृतिक एवम् विविध रचनात्मक कार्यहरूमा सक्रियरूपमा सहभागी भएको,
- पार्टी वा भ्रातृसङ्घको माध्यमबाट विकास निर्माण र अन्य सामाजिक कार्यमा सक्रिय रहेको,
- प्रचलित कानूनले राजनीतिक दलको सदस्यता लिन अयोग्य नठहराएको
- आफू जिम्मा रहेको वा आफूले तोकिएबमोजिम बुझाउनुपर्ने रकम तथा सम्पत्ति बुझाउन बाँकी नरहेको वा बुझाउन नपर्ने गरी सम्बन्धित निकायले कार्वाहीको टुङ्गो लगाएको,
- आफू प्रतिनिधि सदस्य भएको अधिवेशन र सम्मेलनमा वा उपस्थित हुनुपर्ने बैठक, अधिवेशन, सम्मेलन वा पार्टीले उपस्थित हुन निर्देशन गरेको स्थान र कार्यक्रममा अनिवार्य भाग लिएको,

- जिल्लाभित्र पार्टीको आयोजनामा सञ्चालन भएका विभिन्न कार्यक्रमहरूमा उपस्थित भई सक्रियतापूर्वक जिम्मेदारी पूरा गरेको तर पार्टीको अन्य जिम्मेवारीमा जिल्लाबाहिर रहनुपर्ने र प्रजनन अवधिमा बसेको महिलाको हकमा यो व्यवस्थाले बाधा पुऱ्याउने छैन,
- पार्टी अनुशासन वा आचारसंहिताको उल्लङ्घनमा पार्टी कारवाहीमा नपरेको

**(ख) सङ्गठन विस्तारमा ध्यान दिनुपर्ने कुराहरू :**

सङ्गठन विस्तार पार्टीको निरन्तर प्रकृया हो । यो खास गरेर पार्टी जीवनको रक्त सञ्चार हो । यसका लागि निम्नलिखित गतिविधिहरू अपनाउनुपर्छ,

१. पार्टीको भ्रातृसंस्था तथा शुभेच्छुक संस्थाहरूलाई सकृय परिचालन गर्ने ।
२. देशमा विद्यमान सबै किसिमका जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्र, वर्ग, पेशा, लिङ्ग र सीमान्तकृत समूह आदिका समुदायहरूमा पार्टीको पहुँच पुऱ्याउने ।
३. पार्टीका हरेक निकायहरूमा वार्षिक क्यालेन्डर बनाई कार्यक्रम गर्ने ।
४. स्थानीय तहका विकास निर्माण कार्यहरूमा सकृय रहने ।
५. पार्टीको तल्लो निकायदेखि माथिल्ला निकायहरू र माथिल्ला निकायबाट तल्ला निकायहरूसम्म निरन्तर सम्पर्क र निकट सम्बन्ध राखिरहने ।
६. टोल समिति, वडा समिति, गाउँपालिका, नगरपालिका तथा जिल्ला तथा प्रदेश मितिका पदाधिकारीहरूले आफ्नो क्षेत्रको विकास तथा सामाजिक कामहरूप्रति प्रत्यक्ष सहभागी भई योगदान दिने ।
७. पार्टीका हरेक क्रियाकलाप विधानबमोजिम संचालन गर्ने ।
८. जनताका प्रत्यक्ष सरोकारका विषयहरूमा चासो लिई निरन्तर सम्पर्कमा रहने ।
९. पार्टीका साथीहरूमा भएको दुःखको बेला घरमा गई सकेको सहयोग वा सहानुभूति प्रकट गर्ने ।
१०. बेलाबखत वनभोज आदि सामूहिक कार्य गर्ने ।
११. आफ्ना सदस्य साथीहरूलाई प्रेरित गर्न र अझ बढी परिष्कृत गर्नको लागि बेलाबेलामा तालिम, गोष्ठी र सम्मान कार्यक्रमको आयोजना गर्ने ।
१२. अरू पार्टी भन्दा नेपाली कांग्रेस किन उत्तम छ ? भन्ने कुरा यसका आदर्श, सिद्धान्त, नीति तथा कार्यक्रमको आधारमा जनतालाई सुसूचित गराउने ।
१३. विपक्षीले लगाएको आरोप तथ्य र तर्कसङ्गत ढङ्गले खण्डन गर्ने ।

१४. पार्टीका गतिविधिलाई सहज ढङ्गले संचालन गर्न दिगो र निरन्तर आर्थिक स्रोतको व्यवस्था गरी आर्थिक हिसाब किताब पारदर्शी ढङ्गले राख्ने ।

१५. Internet, Facebook, E-mail आदिको माध्यमबाट पनि आफ्ना पार्टीका साथीहरूसँग नियमित सम्पर्कमा रहने ।

१६. नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरू त्यस समाजका पथप्रदर्शक भएकोले आफूलाई सकेसम्म Role Model को भूमिका र आचरणमा प्रस्तुत गर्ने ।

१७. नयाँ वर्ष तथा विभिन्न चाडपर्वहरू (दशैँ, तिहार, इद, नेपाल संवत्, छठ, क्रिसमस, उधौँली, उभौँली, ल्होसार, आदि) को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम गर्ने ।

१८. पार्टीको हरेक गतिविधिहरूको चुस्त दुरुस्त अभिलेख राख्ने ।

१९. पार्टीका अग्रज नेता तथा कार्यकर्तालाई जहिले पनि सम्मान गर्ने परम्परा बसाल्ने ।

२०. पार्टीका गतिविधि, विचार तथा अग्रजहरूको योगदानमा आधारित साहित्य निर्माण गरी प्रचार गर्ने ।

२१. वन वातावरणको संरक्षण, जडीबुटीको विकास र व्यवसायीकरण गर्ने, सम्पदाहरूको सुरक्षा गर्न प्रयत्न गर्ने ।

२२. अतिरिक्त क्षमता भएका, बालबालिका, वृद्धवृद्धा र अशक्तहरूलाई यथासम्भव सहयोग गर्ने ।

२३. अनुकूल समयमा विद्यालयमा पुगेर निःशुल्करूपमा विद्यार्थीहरूको पाठ्यक्रमअनुसार पढाउने वा फुर्सद भएका समयमा घरमा नै पनि पढाउने । गाउँ टोलमा निरक्षरहरूलाई स्वयंसेवीरूपमा साक्षर बनाउन सहयोग गर्ने । खेलकूद, वादविवाद, साहित्यिक प्रतियोगिताहरूको आयोजना गर्ने र विद्यार्थीहरूको योग्यता बढाउन सहयोग पुऱ्याउने । टोल वा गाउँ नगरको सरसफाइ तथा पर्यावरणमा ध्यान दिने ।

२४. पुस्तकालयको निर्माण र अध्ययन संस्कृतिको विकास गर्ने । नेपाली कांग्रेसका नेताहरूको जीवनी, उनीहरूका कृति, लोकतान्त्रिक आन्दोलनका शहीदहरूका जीवनी अध्ययन गर्ने, त्यागी नेता र साथीहरूका विषय र कांग्रेसकाको पार्टी साहित्यको अध्ययन गर्ने, गराउने, विपक्षी राजनीतिक विचारहरू, उनीहरूको नेतृत्व, नीति तथा राष्ट्रिय अन्तर्राष्ट्रिय अन्य विषयहरूमा समेत अध्ययन गर्ने ।

२५. आर्थिक, सामाजिक, राजनीतिक विषयमा निरन्तर संवाद चलाउने । आफ्नो

पार्टी, नीति र नेतृत्वका विषयमा सार्वजनिक आलोचना नगरी आन्तरिक छलफलको विषय बनाउने । कानूनी समस्या परेका अवस्थामा विज्ञहरूसँग सम्पर्क गरी उनीहरूको सहयोग लिने ।

२६. कर्मशील कांग्रेस र उद्यमशील कांग्रेसको अवधारणालाई जीवनमा उतार्न प्रयास गर्ने ।

२७. असामाजिक कार्यहरू, नैतिक पतनका विषयहरूमा संलग्न नगराउने र आलस्यता परित्याग गर्नुपर्ने । आफैँ समाजको उदाहरणीय बन्ने काम गर्ने । एकअर्काका सुखदु:खमा निरन्तर सहयोगी हुने ।

२८. असल मान्छे, असल लोकतन्त्रवादी, असल कांग्रेस हुँदै कांग्रेसमा जनता र जनताको कांग्रेस बनाउन प्रतिबद्ध हुनुपर्छ ।

**(ग) नेपाली कांग्रेसको विधानअनुसार पार्टीको सदस्यता प्रदान गर्ने विधि :**

**(१) नेपाली कांग्रेसको सदस्यता प्रदान गर्ने कार्यविधि :**

नेपाली कांग्रेसको सदस्यको आवेदन फारम पार्टीको सबै निकायमा उपलब्ध हुने छ ।

नेपाली कांग्रेसको सदस्यता लिन चाहने व्यक्तिले आवेदन पत्रमा उल्लेखित प्रतिबद्धतामा मन्जुर भई आफ्नो सम्पूर्ण विवरण उल्लेख गरी आफ्नो मतदाता नामावलीमा नाम भएको नेपाली कांग्रेस टोल वा वडा कार्यसमितिको कार्यालय वा पार्टीको जुनसुकै कार्यसमितिमा आवेदन दिन सक्ने छ। प्राप्त आवेदनको आधारमा पार्टी निकायले तुरन्त सदस्यता प्रदान गर्ने छ। सम्बन्धित वडा बाहेकको निकायले सदस्यता प्रदान गरेमा सोको जानकारी सम्बन्धित वडा कार्यसमितिलाई गराउने छ। वडा कार्यसमितिले सबै सदस्यको अभिलेख राखी पार्टीको माथिल्लो निकायमा पठाउने छ। पार्टीको जिल्ला कार्यसमितिले मातहतका सबै निकायलाई सदस्यताको विवरण अद्यावधिक राख्न लगाउने र जिल्लाभरिको विवरण जिल्ला कार्यसमितिमा राखी प्रत्येक छ महिनामा प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिमा पठाउने छ ।

**(२) नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्ने कार्यविधि :**

वडा कार्यसमितिले नियमित रूपमा क्रियाशील सदस्यताको सिफारिस गरी गाउँपालिका/नगरपालिका कार्यसमितिमा पठाउनुपर्ने छ। वडा कार्यसमितिले वडा कार्यसमितिको बैठक गरी सोही बैठकमा वडाभित्रका क्रियाशील सदस्य

समेत आमन्त्रण गरी क्रियाशील सदस्यता दिनुपर्ने व्यक्तिको नाम कार्यसमितिको बैठकबाट निर्णय गरी राय साथ गाउँपालिका/नगरपालिका कार्यसमितिमा पठाउने छ। वडा कार्यसमितिले नियमितरूपमा योग्यता पुगेका क्रियाशील सदस्यको नाम सिफारिस नगरेमा गाउँपालिका/नगरपालिका कार्यसमितिले आफू मातहतका वडा कार्यसमितिसँग क्रियाशील सदस्यता दिनुपर्ने नेपाली कांग्रेसका सदस्यको नामावली माग्ने छ। गाउँपालिका/नगरपालिका कार्यसमितिले नाम प्राप्त भएको दुई हप्ताभित्र बैठक गरी सिफारिस भई आएका व्यक्ति विधानको धारा ४ (३) बमोजिम क्रियाशील सदस्यता पाउन योग्य भएमा सोहीबमोजिम वडा कार्यसमितिलाई क्रियाशील सदस्यताको फारम उपलब्ध गराउने छ। वडा कार्यसमितिले सम्बन्धित व्यक्तिलाई फारम प्राप्त भएको दुई हप्ताभित्र फारम भर्न लगाई सिफारिस साथ गाउँपालिका/नगरपालिका कार्यसमितिमा पठाउने छ।

गाउँपालिका/नगरपालिका कार्यसमितिले बैठक गरी क्रियाशील सदस्यताका लागि प्रदेश सभा निर्वाचन क्षेत्रीय कार्यसमितिलाई विवरणको जानकारी गराई दुई हप्ताभित्र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिलाई सिफारिस गर्ने छ।

प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले सिफारिस प्राप्त भएको बढीमा एक महिनाभित्र प्राप्त सिफारिसमा योग्यता पुगेका व्यक्तिलाई कार्यसमितिको बैठकबाट निर्णय गरी क्रियाशील सदस्यता प्रदान गर्ने निर्णय गर्ने छ। प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले सदस्यताको सम्पूर्ण विवरण राखी मातहतका निकायलाई राख्न लगाउने र जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिमा पठाउने छ। नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्ने निर्णय भएको सदस्यलाइ नेपाली कांग्रेसको लोगो, कार्य सम्पादन गरेको विवरण राख्ने डायरीसहित केन्द्रीय सभापति, प्रदेश सभापति र जिल्ला सभापतिको हस्ताक्षर भएको नेपाली कांग्रेसको क्रियाशील सदस्यताको प्रमाणपत्र प्रदान गरिने छ।

**(३) नेपाली कांग्रेसको सदस्यता नवीकरण गर्ने कार्यविधि :**

(१) विधानको धारा ४ (१) बमोजिमको योग्यता पुगेको नेपाली नागरिकले अनुसूची-१ बमोजिमको सदस्यताको आवेदन फारम भरी रु. २०/- (बीस) शुल्कसहित बुझाएमा सदस्यताको आवेदन फारम बुझ्ने निकायले यथाशिघ्र सदस्यता प्रदान गरी माथिल्लो निकायमा विवरण पठाउने छ।

(२) नेपाली कांग्रेसको सदस्यता नवीकरण गर्न चाहने सदस्यले विधानको धारा ४ (६) बमोजिम प्रत्येक वर्ष आफू सदस्य रहेको वडा कार्यसमितिमा रु. २०/- (बीस) शुल्कसहित अनुसूची-१ बमोजिमको आवेदन गर्नुपर्ने छ। वडा कार्यसमितिले सदस्यता नवीकरण गर्ने छ।

**(४) नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरण गर्ने कार्यविधि :**

नेपाली कांग्रेसको क्रियाशील सदस्यले प्रत्येक वर्ष क्रियाशील सदस्यता नवीकरण गर्नुपर्ने छ।

क्रियाशील सदस्यता नवीकरण गर्न चाहने क्रियाशील सदस्यले आफू सदस्य रहेको वडामा वार्षिक रु. २००/- (दुई सय) नवीकरण शुल्कसहित अनुसूची-११ बमोजिम नवीकरण फारम भरी बुझाउनुपर्ने छ। वडा कार्यसमितिले धारा ४ (३) बमोजिमको योग्यता पुगेको क्रियाशील सदस्यको सदस्यता नवीकरण गर्न फारम प्राप्त भएको दुई हप्ताभित्र गाउँपालिका/नगरपालिका कार्यसमितिमा सिफारिस गरी पठाउने छ। गाउँपालिका/नगरपालिका कार्यसमितिले प्राप्त नवीकरणसम्बन्धी सबै आवेदनमा आफ्नो रायसहितको विवरण दुई हप्ताभित्र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमा र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले आफ्नो रायसहितको विवरण दुई हप्ताभित्र जिल्ला कार्यसमितिमा पठाउने छ। जिल्ला कार्यसमितिले मातहत कार्यसमितिका सिफारिस र राय समेतको आधारमा आवेदन उपर बढीमा एक महिनाभित्र निर्णय गरी आवेदक र मातहतका सिफारिस गर्ने सबै निकायलाई निर्णयको जानकारी गराउने छ। एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा प्रदेश सभा क्षेत्रीय कार्यसमितिले जिल्ला कार्यसमितिमा पठाउने छ। विभिन्न तहका कार्यसमितिले राय व्यक्त गर्दा क्रियाशील सदस्यता नवीकरणका लागि विधानबमोजिम योग्यता पुगे नपुगेको हेर्नुका साथै पछिल्लो स्थानीय तह, प्रदेश सभा र प्रतिनिधिसभा निर्वाचनमा आवेदकको भूमिका र अन्य जिम्मेवारी पूरा गरे नगरेको समेत हेर्ने छ। यसका लागि आवश्यक परे विभिन्न तहका निर्वाचनका उम्मेदवारको राय पनि लिन सक्ने छ।

- पार्टीका सबै तहका कार्यसमितिले आफ्नो मातहतका सदस्यताको विवरण र सदस्यता नवीकरण गरे नगरेको अद्यावधिक गरी राख्नुपर्ने छ।
- जिल्ला कार्यसमितिले सदस्यता र नवीकरण गरेको अभिलेख आफूसँग राखी प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिमा पठाउने छ र मातहतका निकायलाई अभिलेख राख्न लगाउने छ।

- नेपाली कांग्रेसको प्रत्येक सदस्यले क्रियाशील सदस्यता प्राप्त गरेपछि नवीकरण गर्नुपूर्व पार्टीको आधारभूत प्रशिक्षण लिनुपर्ने छ ।
- क्रियाशील सदस्यताको नवीकरण गर्न चाहने सदस्यले नवीकरण गर्दा नवीकरण गर्न योग्यता पुगेको प्रमाणसहित सदस्य स्वयं वडा कार्यसमितिको कार्यालयमा उपस्थित भई नवीकरणको आवेदन दिनुपर्ने छ ।
- क्रियाशील सदस्यता प्रदान गर्ने कार्यविधि विधानको धारा ४ (५) र नवीकरण गर्ने कार्यविधि विधानको धारा ४ (७) का अतिरिक्त देहायबमोजिम हुने छ :
    - क्रियाशील सदस्यता प्राप्त गर्ने सदस्यले अनुसूची-७ बमोजिम क्रियाशील सदस्यताको प्रमाणपत्र, अनुसूची-९ बमोजिमको क्रियाशील सदस्यताको लोगो र अनुसूची-१० बमोजिमको क्रियाशील सदस्यले कार्य सम्पादन गरेको विवरण राख्ने डायरी प्राप्त गर्ने छन् ।
    - विधानको धारा ४ (१०) (च) बमोजिम नेपाली कांग्रेसको क्रियाशील सदस्यता स्थानान्तरण गर्न चाहने सदस्यले आफू सदस्य रहेको गाउँपालिका/नगरपालिका वडा कार्यसमितिमा रु. ५०/- (पचास) शुल्कसहित अनुसूची-१४ को ढाँचामा निवेदन दिनुपर्ने छ ।
    - विदेशस्थित नेपाली जनसम्पर्क समितिबाट विधानको धारा ४ (१२) (क) बमोजिम नेपाली कांग्रेसको सदस्यता प्राप्त गर्ने व्यक्तिले देहायबमोजिम सदस्यता शुल्क बुझाउनुपर्ने छ :
        (१) सार्क मुलुकबाट, रु. चार सय असी ।
        (२) चीन, मलेशिया, इजरायल, ओमन, जोर्डनलगायत मध्यपूर्व/खाडीमुलुक र अफ्रिकी देशहरूबाट अमेरिकी डलर- आठ ।
        (३) यूरोपका सबै देश, अमेरिका, क्यानडा, अष्ट्रेलिया, सिङ्गापुर, हङ्कङ्ग, मकाउ, दक्षिण कोरिया र जापानलगायतका अन्य सबै देशबाट अमेरिकी डलर- तीस ।

**नेपाली कांग्रेसको सदस्यता शुल्कको बाँडफाँड देहायबमोजिम हुने छ ।**

(क) टोल कार्यसमिति र वडा कार्यसमिति प्रत्येकमा रु. ३/३ (तीन/तीन) ।

(ख) गाउँ/नगर, प्रदेश सभा क्षेत्र, प्रतिनिधिसभा क्षेत्र, जिल्ला र प्रदेश कार्यसमिति प्रत्येकमा रु. २/२ (दुई/दुई) ।

(ग) केन्द्रीय कार्यसमितिमा रु. ४ (चार) ।

**नेपाली कांग्रेसको क्रियाशील सदस्यता शुल्कको बाँडफाँड देहायबमोजिम हुने छ ।**

(क) गाउँ/नगर वडा, गाउँ/नगर, प्रदेश सभा क्षेत्र, प्रतिनिधिसभा क्षेत्र, जिल्ला र प्रदेश कार्यसमिति प्रत्येकमा रु. ४०/४० (चालीस/चालीस) ।

(ख) केन्द्रीय कार्यसमितिमा रु. ६० (साठी)

**नेपाली कांग्रेसको क्रियाशील सदस्यता नवीकरण शुल्कको बाँडफाँड देहायबमोजिम हुने छ ।**

(क) गाउँ/नगर वडा, गाउँ/नगर, प्रदेश सभा क्षेत्र, प्रतिनिधिसभा क्षेत्र, जिल्ला र प्रदेश कार्यसमिति प्रत्येकमा रु. १०/१० (दश/दश) ।

(ख) केन्द्रीय कार्यसमितिमा रु. १४० (एक सय चालीस) ।

- नेपाली कांग्रेसको सदस्यता शुल्कको बाँडफाँड गरी मातहत निकाय र माथिल्लो निकायमा रकमसहितको विवरण पठाउने जिम्मेवारी सदस्यता प्रदान गर्ने निकायको हुने छ । क्रियाशील सदस्यता शुल्कको बाँडफाँड गरी मातहत निकाय र माथिल्लो निकायमा रकमसहितको विवरण पठाउने जिम्मेवारी प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको हुने छ। क्रियाशील सदस्यता नवीकरण शुल्कको बाँडफाँड गरी मातहत निकाय र माथिल्लो निकायमा रकमसहितको विवरण पठाउने जिम्मेवारी जिल्ला कार्यसमितिको हुने छ। विधान तथा यस नियमावलीमा व्यवस्था गरिएबमोजिम प्राप्त हुने सदस्यता शुल्क, सदस्यता नवीकरण शुल्क, सहयोग रकम (लेवी), पार्टी निकायले निर्णय गरी तोकेको थप सहयोग रकमबाट प्राप्त हुने सबै रकम पार्टीको सम्बन्धित निकायको नाममा बैङ्कमा खाता खोली जम्मा गर्नुपर्ने छ ।
- नेपाली कांग्रेसको सदस्यता र नेपाली कांग्रेसको क्रियाशील सदस्यता जहिलेसुकै वितरण गरिने छ । तर महाधिवेशन हुने मितिभन्दा छ महिना पहिले क्रियाशील सदस्यता प्राप्त गरेको वा नवीकरण गरेको सदस्यले मात्र पार्टीको मतदानमा भाग लिन र विधानको व्यवस्थाबमोजिम निर्वाचनमा उम्मेदवार हुन पाउने छ ।

**(५) क्रियाशील सदस्यता र क्रियाशील सदस्यता नवीकरणसम्बन्धी उजुरी, छानबिन र पुनरावेदन :**

नयाँ क्रियाशील सदस्यता आवेदन फारम लिन अस्वीकार गरेको वा सदस्यता

नदिने गरी निर्णय गरेको वा तोकिएको अवधिभित्र सदस्यता दिने निर्णय नगरेको वा क्रियाशील सदस्यता पाउनुपर्ने व्यक्तिले नपाएको वा नपाउनुपर्ने व्यक्तिले पाएकोमा चित्त नबुझेमा सम्बन्धित आवेदक वा अन्य कुनै व्यक्ति वा निकायले उपधारा ८ (ग) बमोजिम जिल्ला सभापतिको संयोजकत्वमा गठित २ जना सचिव सदस्य रहेका जिल्लास्तरीय क्रियाशील सदस्यता प्रारम्भिक छानबिन समितिमा उजुरी दिन सक्ने छ ।

जिल्लास्तरीय क्रियाशील सदस्यता प्रारम्भिक छानबिन समितिले गरेको निर्णयमा चित्त नबुझेमा सम्बन्धित आवेदक वा अन्य कुनै व्यक्ति वा निकायले जानकारी पाएको मितिले १५ दिनभित्र विधानको उपधारा ८ (घ) बमोजिम प्रदेश सभापतिको अध्यक्षतामा गठित प्रदेश समितिका २ जना प्रदेश महामन्त्री सदस्य रहेको प्रदेशस्तरीय क्रियाशील सदस्यता छानबिन पुनरावेदन समितिमा उजुरी दिन सक्ने छ । उक्त समितिले प्राप्त पुनरावेदनमा बढीमा एक महिनाभित्र निर्णय गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन र सम्बन्धित व्यक्तिलाई जानकारी गराउने छ ।

क्रियाशील सदस्यता छानबिन पुनरावेदन समितिले गरेको निर्णयमा चित्त नबुझेको कुनै व्यक्ति वा पार्टी निकायले केन्द्रीय तहमा केन्द्रीय सभापतिको अध्यक्षतामा गठित केन्द्रीय कार्यसमितिका दुई जना महामन्त्री सदस्य रहेको क्रियाशील सदस्यता केन्द्रीय छानबिन समितिमा पुनरावेदन दिन सक्ने छ । यो समितिले गरेको निर्णय अन्तिम हुने छ ।

### (६) सदस्यता व्यवस्थापन केन्द्रीय समिति :

सभापतिले तोकेको महामन्त्रीको संयोजकत्वमा केन्द्रीय कार्यसमितिले तीन जना केन्द्रीय सदस्य रहेको सदस्यता व्यवस्थापन केन्द्रीय समिति गठन गर्ने छ । उक्त समितिले देशभरिको सदस्यको अभिलेख राख्ने, सम्बन्धित निकायलाई अभिलेख राख्न लगाउने, सदस्यता वितरण र नवीकरणको अनुगमन गर्ने र आवश्यक निर्देशन दिने काम गर्ने छ । सदस्यता व्यवस्थापन केन्द्रीय समितिले विद्युतीय माध्यमबाट सदस्यता वितरण गर्न तोकिएबमोजिम व्यवस्था मिलाउने छ ।

सदस्यता व्यवस्थापन केन्द्रीय समितिले कम्तीमा प्रत्येक छ महिनामा आफ्नो आवधिक प्रतिवेदन केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने छ ।

सदस्यता व्यवस्थापन केन्द्रीय समितिले सदस्यता सम्बन्धमा मातहतका कुनै पनि निकायलाई सैद्धान्तिक सुझाव वा निर्देशन दिन सक्ने छ ।

**विधानको धारा ४ (९) का अतिरिक्त सदस्यता व्यवस्थापन केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :**

(१) समितिले विधानको धारा ४(९) (ख) बमोजिम विद्युतीय माध्यमबाट सदस्यता वितरण गर्न देहायबमोजिमको व्यवस्था गर्ने छ ।

- नेपाली कांग्रेसको सदस्यता आवेदन फारम विद्युतीय अनलाइन प्रणालीबाट प्रदान गर्ने व्यवस्था गर्ने ।
- सदस्यताको आवेदन दिँदा हालसालैको फोटो, मोवाइल नम्बर तथा इमेल ठेगाना अनिवार्य राख्नुपर्ने छ। आवेदन फारम स्वीकार भए नभएको विवरण SMS/ E-Mail मार्फत उपलब्ध गराउने ।
- प्राप्त आवेदनउपर आवश्यक छानबिनपश्चात् अनलाइन प्रणालीमार्फत उक्त आवेदकले आफ्नो सदस्यता प्रमाणपत्र प्रिन्ट गरी लिन सक्ने व्यवस्था गर्ने ।
- सदस्यतासम्बन्धी विवरण आवेदकको ठेगाना भएको गाउँ/नगरपालिका र वडा कार्यालयहरूलाई पठाउने ।
- सबै सम्बन्धित निकायमा रेकर्ड राख्न लगाउने र विवरण अद्यावधिक गर्ने ।
- विद्युतीय अनलाइन प्रणालीबाट सदस्यता प्रदान गर्दा सम्पूर्ण व्यक्तिगत विवरण, सम्पर्क ठेगाना, नम्बर साथै आवेदकको फोटो समेत रेकर्डमा राख्ने व्यवस्था गर्ने ।
- समितिले प्रत्येक जिल्ला कार्यालयमा र प्रतिनिधिसभा क्षेत्रीय कार्यालयलाई कम्प्युटर प्रणाली उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- यस कार्यका लागि केन्द्रमा स्थापित व्यवस्थापन सूचना प्रणालीमा सबै जिल्ला, प्रतिनिधिसभा क्षेत्रीय कार्यालयलाई विद्युतीय नेटवर्किङ (सञ्जाल) मा आबद्ध गराउने र त्यसको अधिकतम उपयोग हुन सक्ने व्यवस्था गर्ने ।
- सूचना प्रणालीको प्रयोग तहअनुसारको डाटा उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- सरोकारवालालाई आवश्यक विवरण सो सूचना प्रणालीबाट एकीकृत रूपमा प्राप्त हुन सक्ने व्यवस्था गर्ने ।

(२) विदेशस्थित जनसम्पर्क समितिबाट प्राप्त क्रियाशील सदस्यता स्वीकृत गरी अभिलेख राख्ने ।

(३) सदस्यता व्यवस्थापन केन्द्रीय समितिबाट उपनियम (२) बमोजिम स्वीकृत विदेशस्थित जनसम्पर्क समितिको क्रियाशील सदस्यताको नामावलीको सूची सभापतिबाट प्रमाणित गराई केन्द्रीय निर्वाचन समितिलाई उपलब्ध गराउने ।

(४) विदेशस्थित जनसम्पर्क समितिबाट प्राप्त क्रियाशील सदस्यतासम्बन्धी विवादको अन्तिम निरूपण गर्ने ।

**(७) सदस्यतासम्बन्धी अन्य व्यवस्था :**

आफू सदस्य रहेको कार्यसमितिको क्षेत्राधिकारभित्र रहेका सदस्यको सदस्यता र सदस्यता नवीकरणको अद्यावधिक विवरण हेर्न माग गर्ने कार्यसमिति सदस्यलाई तोकिएबमोजिमको प्रक्रिया पुऱ्याई एक हप्ताभित्र त्यस्तो विवरण उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित कार्यसमितिको सभापतिको हुने छ ।

टोल कार्यसमितिदेखि केन्द्रीय कार्यसमितिसम्मका सबै निकायले आ-आफ्नो क्षेत्रभित्रको सदस्यको विवरण अद्यावधिक गरी दुरुस्त राख्नुपर्ने छ ।

नेपाली कांग्रेस पार्टीमा कानूनबमोजिम विलय हुने राजनैतिक पार्टीका सदस्य वा भ्रातृ सङ्घ वा शुभेच्छुक संस्था र पार्टी प्रवेश गर्ने अन्य राजनीतिक दलको व्यक्तिलाई केन्द्रीय कार्यसमितिले नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न सक्ने छ । यसरी क्रियाशील सदस्यता प्राप्त गर्ने व्यक्तिले पार्टीको निर्वाचनमा भाग लिने वा पार्टीको कुनै पदमा मनोनयन गर्ने सम्बन्धमा केन्द्रीय कार्यसमितिले निर्णय गरेबमोजिम हुने छ । यस धाराबमोजिम क्रियाशील सदस्यता प्राप्त गरेका व्यक्तिहरूको अभिलेख सम्बन्धित जिल्ला र मातहत निकायमा पठाइने छ ।

पार्टी परित्याग गरी अर्को पार्टीको सदस्यता लिएको व्यक्ति पुनः पार्टीमा प्रवेश गरेमा नयाँ सदस्यता लिनुपर्ने छ। त्यस्तो व्यक्तिको पुरानो सदस्यता नवीकरण गरिने छैन ।

अन्य राजनीतिक दल परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेका व्यक्ति, जुन तहको पदीय दायित्व र जिम्मेवारीमा कायम रहँदा नेपाली कांग्रेस पार्टीमा प्रवेश गरेको हो, पार्टीको सोही तहको कार्यसमितिले निर्णय गरी त्यस्तो व्यक्तिलाई नेपाली कांग्रेसको क्रियाशील सदस्यता प्रदान गर्न आफू माथिको निकायमार्फत केन्द्रीय कार्यसमितिलाई सिफारिस गर्ने छ । यसरी नेपाली कांग्रेसमा प्रवेश गरेको व्यक्तिलाई कुनै पनि तहको विशेष पद सिर्जना गरी जिम्मेवारी दिनुपर्ने अवस्था भएमा सम्बन्धित तहको सिफारिसमा केन्द्रीय कार्यसमितिले आवश्यक निर्णय

गरी जिम्मेवारी दिन सक्ने छ। केन्द्रीय कार्यसमितिले त्यस्तो अधिकार मातहत निकायलाई प्रत्यायोजन गर्न सक्ने छ।

सामान्यतया क्रियाशील सदस्यता मतदाता नामावली भएको स्थानमा हुने छ। तर कुनै व्यक्ति मतदाता नामावली भएको स्थान भन्दा अन्य स्थानमा पार्टीको तर्फबाट उम्मेदवार भएमा, उम्मेदवार भएको जिल्लाको जुनसुकै वडामा र बसाइँ सराइ भएमा नेपालको कुनै पनि गाउँपालिका वा नगरपालिकाको वडामा स्थानान्तरण गर्न र पार्टीको निर्वाचनमा भाग लिन सक्ने छ। तर पार्टीको कुनै तहको निर्वाचनको मितिभन्दा छ महिनाअघि स्थानान्तरण नभएकाले निर्वाचनमा भाग लिन पाउने छैन। कुनै पनि व्यक्ति कुनै एक स्थानबाट मात्र सदस्य बन्न सक्ने छ।

नेपाली कांग्रेसको सदस्यता र नेपाली कांग्रेसको क्रियाशील सदस्यता जहिलेसुकै वितरण गरिने छ। तर महाधिवेशन हुने मितिभन्दा छ महिना पहिले क्रियाशील सदस्यता प्राप्त गरेको वा नवीकरण गरेको सदस्यले मात्र पार्टीको मतदानमा भाग लिन र यो विधानको व्यवस्थाबमोजिम निर्वाचनमा उम्मेदवार हुन पाउने छ।

नेपाली कांग्रेसको सदस्यता शुल्क, नेपाली कांग्रेसको क्रियाशील सदस्यता शुल्क र नवीकरण शुल्क तथा शुल्कको बाँडफाँडसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ।

**(८) पार्टी सदस्यता नरहने अवस्था :**

- मृत्यु भएमा।
- पार्टी परित्याग गरेमा।
- कुनै पनि निर्वाचनमा पार्टीले प्रस्तुत गरेको आधिकारिक उम्मेदवारको विरूद्ध उम्मेदवार भएमा वा त्यस्ता विद्रोही उम्मेदवारको प्रस्तावक/समर्थक भएमा।
- पार्टी अनुशासनको कारवाहीबाट निष्कासित भएमा।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अन्तिम अदालतबाट दोषी ठहर भएमा।

अनुशासनको कारवाहीको सिलसिलामा निलम्बनमा परेको सदस्य निलम्बनको अवधिभरि पार्टीको निर्वाचनमा उम्मेदवार हुन, मतदान गर्न र बैठकमा भाग लिन पाउने छैन।

**(घ) साङ्गठनिक संरचना :**

नेपाली कांग्रेसको संरचना देहायबमोजिम रहने छ ।

**१. केन्द्रीय तह संरचना :**

केन्द्रीय महाधिवेशन

केन्द्रीय महासमिति

केन्द्रीय कार्यसमिति

केन्द्रीय कार्य सम्पादन समिति

केन्द्रीय संसदीय समिति

सङ्घीय संसदीय दल

केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

केन्द्रीय अनुशासन समिति

केन्द्रीय लेखा समिति

केन्द्रीय निर्वाचन समिति

केन्द्रीय विभागहरू

**२. प्रदेश तह संरचना :**

प्रदेश अधिवेशन

प्रदेश सम्मेलन

प्रदेश कार्यसमिति

प्रदेश कार्य सम्पादन समिति

प्रदेश संसदीय दल

प्रदेश संसदीय समिति

प्रदेश प्रशिक्षण विभाग

विभागहरू

प्रदेश अनुशासन समिति

**३. जिल्ला तह संरचना :**

जिल्ला अधिवेशन

जिल्ला सम्मेलन

जिल्ला कार्यसमिति

जिल्ला कार्य सम्पादन समिति

जिल्ला संसदीय समिति
जिल्ला प्रशिक्षण शाखा
जिल्ला अनुशासन समिति
जिल्ला सम्पर्क समिति

**४. प्रतिनिधिसभा क्षेत्रीय तह संरचना :**
प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन
प्रतिनिधिसभा क्षेत्रीय सम्मेलन
प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति
प्रतिनिधिसभा क्षेत्रीय कार्य सम्पादन समिति
प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखा
प्रतिनिधिसभा क्षेत्रीय संसदीय समिति

**५. प्रदेश सभा क्षेत्र संरचना :**
प्रदेश सभा क्षेत्रीय अधिवेशन
प्रदेश सभा क्षेत्रीय सम्मेलन
प्रदेश सभा क्षेत्रीय कार्यसमिति
प्रदेश सभा क्षेत्रीय कार्य सम्पादन समिति

**६. गाउँ/नगर/उपमहानगर/महानगर तह संरचना**
गाउँ/नगर अधिवेशन
गाउँ नगर सम्मेलन
गाउँ नगर कार्यसमिति
गाउँ नगर कार्य सम्पादन समिति

**७. वडा तह संरचना**
वडा अधिवेशन
वडा सम्मेलन
वडा कार्यसमिति
वडा कार्य सम्पादन समिति

**८. टोल संरचना**

टोल सम्मेलन

टोल कार्यसमिति

**महाधिवेशन प्रतिनिधिसम्बन्धी व्यवस्था**

दुई वा सोभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा प्रत्येक प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट समावेशिताको आधारमा २४ जना महाधिवेशन प्रतिनिधि निर्वाचित हुने, प्रतिनिधिसभा क्षेत्रीय सभापति पदेन महाधिवेशन प्रतिनिधि हुने र अन्य प्रावधानका अतिरिक्त महाधिवेशन प्रतिनिधि भएको व्यक्ति मात्र जिल्ला सभापतिको उम्मेदवार बन्न पाउने व्यवस्था छ। एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा जिल्ला सभापतिको निर्वाचन गर्दा विधानको धारा १५ (१) (क) बमोजिम जिल्ला अधिवेशनका प्रतिनिधिहरूले कम्तीमा दश वर्ष निरन्तर नेपाली कांग्रेसको क्रियाशील सदस्य भएको जिल्ला अधिवेशन प्रतिनिधिमध्येबाट जिल्ला सभापतिको निर्वाचन गर्ने व्यवस्था नेपाली कांग्रेसको नियमावली २०७६ को दफा ६९ मा व्यवस्था गरिएको छ। यसरी निर्वाचित जिल्ला सभापति पदेन महाधिवेशन प्रतिनिधि हुने छ।

**(ङ) भ्रातृ सङ्घ तथा शुभेच्छुक संस्था र नेपाली जनसम्पर्क समिति :**

भ्रातृ तथा शुभेच्छुक संस्थाहरूका सङ्गठनको विधानअनुसार केन्द्रीय समिति हुन्छन् भने नेपाली जनसम्पर्क समितिहरूका सम्बन्धित देशमा कार्यसमितिहरू कार्यरत हुने छन्।

**(च) समावेशिता :**

नेपाली कांग्रेसको विधानमा प्रत्येक तहमा ३३ प्रतिशत महिला अनिवार्य गरिएको छ भने समावेशितालाई महत्त्वका साथ स्थान दिइएको छ। दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, सीमान्तकृत समुदायको उचित प्रतिनिधित्वको व्यवस्था भएको छ।

दलित, खसआर्य, मधेसी, मुस्लिम, मगर, तामाङ, नेवार, थारुचौधरी, राई, लिम्बू समुदायबाट सहमहामन्त्री निर्वाचित हुने छन्। स्थापनाकालदेखि नै नेपाली कांग्रेसले समावेशितालाई अवलम्बन गर्दै आएको र पछि कदमजमलाई अनुमोदन गरेको थियो। यही समावेशिताको सिद्धान्तअनुसार : केन्द्रीय समिति निम्नानुसार गठन हुने छ :

सभापति १, उपसभापति २, महामन्त्री २ निर्वाचित हुने छन् । सह महामन्त्रीहरूमा : महिला, आदिवासी जनजाति, दलित, मधेसी, थारु, खस आर्य, मुस्लिम/अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रबाट १ । १ जना निर्वाचित हुने छन् ।

कोषाध्यक्ष सभापतिबाट मनोनित हुने छन् । अधिकांश केन्द्रीय सदस्यहरू पनि समावेशिताकै आधारमा निर्वाचित हुने र केही स्थान मनोनयन गर्ने प्रावधान छ । जसअनुसार : प्रत्यक्ष निर्वाचित ३५ जना र प्रत्यक्ष निर्वाचित महिला ९ जना सदस्य हुने छन् । यस अतिरिक्त एक महिलासहित प्रत्येक प्रदेशबाट तीन तीन जनाका दरले २१ जना, दलितबाट ४ महिलासहित ९ जना, आदिवासी जनजातिमा ७ महिलासहित १५ जना, खस आर्यबाट ६ महिलासहित १३ जना, मधेसीबाट ४ महिलासहित ९ जना, थारुबाट २ महिलासहित ४ जना, मुस्लिमबाट १ महिलासहित ३ जना, पिछडिएको बाट १ जना, अल्पसङ्ख्यकबाट १ र अपाङ्गताबाट १ जना गरी १२३ जना सदस्य निर्वाचित तथा सभापतिले ३३ जना सदस्य मनोनयन गर्ने व्यवस्था छ ।

## (६) नेपाली कांग्रेसको आर्थिक नीति :

### (क) मूल आधार : लोकतान्त्रिक समाजवाद :

१. नेपाली कांग्रेस जनतालाई अधिकार सम्पन्न बनाउने आधुनिक इतिहासका सबै प्रमुख राजनीतिक आन्दोलन र रूपान्तरणको नेतृत्व गरेको मुलुकको निर्णायक दल हो । वी.पी. कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईलगायतका संस्थापक अग्रजहरूको दूरदृष्टि, यसले अविचलित रूपमा आत्मसात् गरेको आदर्श र अवलम्बन गरेको लोकतान्त्रिक समाजवादी सिद्धान्तका लागि प्राण आहुति दिने शहीदहरूको बलिदानले यो ऐतिहासिक पार्टीलाई मुलुकप्रतिको वर्तमान दायित्व र भविष्यको अपेक्षा पूरा गर्ने जिम्मेवारीमा निरन्तर राखेको छ । सात दशक लामो सङ्घर्षपछि मुलुकमा समावेशी, लोकतान्त्रिक, सङ्घीय गणतन्त्र स्थापित भएको छ । यो राजनीतिक प्रणालीलाई संस्थागत र दिगो बनाएर राष्ट्रलाई वैभवशाली एवं आम नेपालीलाई सामाजिक न्यायसहितको आर्थिक समुन्नति दिलाउन जनमतद्वारा निर्धारित जिम्मेवारीअनुरूपको भूमिका निर्वाह गर्नु नेपाली कांग्रेसको दायित्व हो । यही राष्ट्रिय दायित्वलाई केन्द्र बिन्दुमा राखेर पार्टीको समग्र आर्थिक नीतिको तयार पारिएको छ ।

२. नेपालको संविधानले “लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने” लक्ष्य लिएको छ । नेपाली कांग्रेसको वीरगञ्ज महाधिवेशनले वि.सं. २०१२ मा नै पारित गरेको प्रजातान्त्रिक समाजवादी घोषणापत्रले “प्रजातान्त्रिक पद्धतिबाट समाजवादी अर्थ व्यवस्थाको स्थापना गर्दै समान अवसर र समान स्वतन्त्रता भएको नेपाल निर्माण” को लक्ष्य प्रस्तुत गरेको थियो । त्यही घोषणाको भावना र मर्म नै ६ दशकपछि बनेको संविधानमा लिपिबद्ध हुनुले नेपाली काग्रेसको दूरदृष्टि र पार्टीले अवलम्बन गरेको सिद्धान्तको सान्दर्भिकतालाई स्थापित गर्दछ ।

३. नेपालको आधुनिक अर्थतन्त्रको अवधारणागत र संरचनात्मक अधारशीला नेपाली कांग्रेसले खडा गरेको हो । हाम्रो पार्टीका मूर्धन्य नेताहरूले आरम्भ, अवलम्बन र अभ्यास गरेका आर्थिक नीतिहरूको उल्लेख्य योगदान नेपालको अर्थतन्त्रमा परेको छ । वी.पी. को समाजवादको मुलुक सापेक्ष व्याख्याका अतिरिक्त, सुवर्ण शमशेरले अभ्यासमा ल्याएको विनियोजित वार्षिक बजेट प्रणाली र योजनाबद्ध विकास, सर्वमान्य नेता गणेशमान सिंहले अघि सारेको राजनीतिक क्रान्तिका उपलब्धिलाई आर्थिक क्रान्तिबाट संस्थागत गर्नुपर्ने अवधारणा, कृष्णप्रसाद भट्टराईले आफैँ उदाहरण बनेर प्रस्तुत गर्नुभएको आर्थिक पारदर्शिता, इमानदारी र शासकीय स्वच्छता, गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले अपनाएको विश्व परिस्थितिअनुरूपको उदार आर्थिक नीति, सुशील कोइरालाको नेतृत्वमा निर्माण भएको सङ्घीय, समावेशी र समाजवादी लक्ष्यको संविधान तथा यसको कार्यान्वयन गर्न वर्तमान सभापति शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा सम्पन्न भएको सङ्घीय संरचनाको तीनवटै तहको निष्पक्ष चुनाव र यिनले प्राप्त अन्तर्राष्ट्रिय वैधताले मुलुकको आर्थिक विकास र त्यसको लाभलाई न्यायोचित वितरण गर्नका लागि सबल र महत्त्वपूर्ण जग निर्माण गरेको छ ।

४. सत्तरी वर्षअघि वि.सं. २००५ सालमा नै वी.पी. कोइरालाले प्रजातान्त्रिक शासनको उद्देश्य प्रष्ट्याउनुभएको थियो । “उत्तरदायी शासन” को अवधारणा अघि सार्दै उहाँले “कोही पनि भोकानाङ्गा वा निरक्षर नरहून्, देशमा सडक, बाटोघाटो, अस्पताललगायत जीवनलाई सुन्दर र सुखी बनाउने अरू कुनै कुराहरूको अभाव नरहोस्” भन्ने दूरगामी लक्ष्य तय गर्नुभएको हो । उहाँले तात्कालिक परिवेशमा अघि सार्नुभएको हरेक परिवारको स्वामित्वमा एक

हल गोरु, एउटा दुहुनो गाई र जमिनमा जोताहाको हक रहने अवधारणाले आर्थिक स्रोतको न्यायोचित वितरणका साथमा उत्पादनका साधनमाथिको निजी स्वामित्वको मान्यतालाई स्थापित गरेको छ । कालक्रमसँगै आर्थिक उपार्जनका साधनका रूपमा 'गोठमा एक हल गोरु र दुहुनो गाईको ठाउँ' उदाहरणका लागि खेतबारीमा ट्र्याक्टर, 'हात-हातमा स्मार्टफोन' र 'एउटा लाभदेयी रोजगारीको अवसर' ले लिँदैछ । तर, साध्यका रूपमा भने उहाँले अघि सार्नुभएको आर्थिक वृद्धि, अर्थोपार्जनका स्रोतमा समान पहुँच र सामाजिक न्यायसहितको समाजवादी लक्ष्यप्रति आज पनि हामी कटिबद्ध छौँ ।

५. कांग्रेसले अङ्गीकार गरेको बहुलवादी विचारमा आधारित लोकतान्त्रिक समाजवाद र कम्युनिष्टहरूको अर्थतन्त्रलाई पूर्ण रूपले एकदलीय राज्य नियन्त्रित समाजवाद एउटै आर्थिक प्रणाली होइनन् । यो सैद्धान्तिक स्पष्टता जरुरी छ । "गरिबीको नारा, कङ्गालीको वितरण समाजवाद होइन," वी.पी. आफैँले भन्नुभएको छ । यसर्थ, नेपाललाई विश्व अर्थतन्त्रसँग सार्थक अन्तरक्रिया गराइराख्ने, राज्यले नियमनकारी सहजकर्ता एवं उत्प्रेरकको भूमिकामा निजी क्षेत्रलाई लगानी, उत्पादन र खुला बजार प्रतिस्पर्धामा अग्रणी भूमिका दिने सिद्धान्तमा नेपाली कांग्रेस अविचलित छ । साथै, ठूला पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यावरण र सामाजिक न्याय र सुरक्षा जस्ता जिम्मेवारीहरूबाट राज्यलाई विमुख नगराउने युगसापेक्ष एवं सन्तुलित समाजवादी अर्थ-राजनीतिक दर्शनमा कांग्रेसले विश्वास गर्दछ ।

६. नेपाली कांग्रेसले लोकतान्त्रिक समाजवादको सिद्धान्तलाई गतिशील अभ्यास गरेको छ । पार्टीको पहिलो घोषणापत्रले नेपाली जनताको दरिद्रताको मूल कारण असमान भूमि व्यवस्था मानेको थियो । वि.सं. २००८ को उपत्यकाका मोहीहरूको लगत खडा गर्ने ऐन, २०१२ सालको तेह्र सूत्रीय भूमिसुधार योजना, २०१४ सालको भूमिसम्बन्धी ऐन आदि राष्ट्रका मुख्य उत्पादनको साधन, भूमिमाथि जनतालाई समान पहुँच दिलाउने कांग्रेसको त्यही नीतिको उत्प्रेरणाका परिणाम थिए । वि.सं. २०१५ मा वी.पी. कोइरालाको नेतृत्वमा बनेको नेपाली कांग्रेसको पहिलो जननिर्वाचित सरकारले सामन्ती अर्थ व्यवस्थाका संरचनालाई समाप्त पार्ने क्रान्तिकारी कदमस्वरूप जमिनदारी र विर्ता प्रथाको उन्मूलनका अतिरिक्त मुठिभर राजा रजौटा र सामान्तहरूको भोगचलनमा रहेको वन-जङ्गलको राष्ट्रियकरण, मोहीको हक स्थापना र

भू-उपयोग प्रणालीमा सुधार जस्ता कार्यले आर्थिक विकास र आधुनिक अर्थतन्त्र निर्माणको जग बसालेको हो । औद्योगिकीकरण, सिँचाइ र हवाई पर्यटनका प्रारम्भिक पहलहरू यही सरकारले लिएको हो । मुलुकको पहिलो विश्वविद्यालय, काठमाण्डौ-तराई जोड्ने राजमार्ग र पूर्व-पश्चिम राजमार्गको रूपरेखा तथा सहकारी आन्दोलनको जग बसाल्ने काम पनि वी.पी. कै सरकारले गरेको हो ।

७. वि.सं. २०४६ को राजनीतिक परिवर्तन, खासगरी वि.सं. २०४८ को संसदीय निर्वाचनपछि बनेको नेपाली कांग्रेसको सरकारले अर्थतन्त्रमा व्यापक संरचनात्मक सुधार प्रारम्भ गऱ्यो । उत्पादन वृद्धिमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै यसलाई प्रचलित विश्व व्यवस्थाअनुरूप खुला, उदार प्रतिस्पर्धात्मक र आधुनिक बनाउने अभियालाई अगाडि बढायो । यही सरकारले निजी क्षेत्रलाई आर्थिक वृद्धिको नेतृत्वकर्ताका रूपमा महत्त्व दिएकै कारण अहिले बैङ्किङ, बीमा, स्वास्थ्य, शिक्षा, सार्वजनिक यातायात, हवाइसेवा, सञ्चार, सूचना प्रविधि, पर्यटन पूर्वाधार, जलविद्युत्, व्यावसायिक कृषि, उद्योगलगायतका दर्जनौँ क्षेत्रमा निजी क्षेत्रको लगानी उल्लेख्य मात्रामा हुन सकेको हो । अरूण तेस्रो, तामाकोशी जलविद्युत् आयोजना तथा मेलम्ची खानेपानी आयोजनालाई नेपाली कांग्रेसले अघि बढायो । यसबाट सुरुमा सिर्जना भएको रोजगारी, उत्पादकत्व र सम्बद्ध आर्थिक गतिविधिहरूको महत्त्वलाई बेवास्ता वा अपहेलना गरेर मुलुकको सुन्दर आर्थिक भविष्यको परिकल्पना गर्न सम्भव छैन । कांग्रेस सरकारको पालामा वैज्ञानिक कर प्रणाली मूल्य अभिवृद्धि कर (भ्याट) को कार्यान्वयन गरियो । आयकर ऐन तथा भन्सार ऐन र प्रशासनमा व्यापक सुधारका कारण सरकारको ढुकुटी बढ्यो । नेपाली कांग्रेसकै आर्थिक नीतिले वि.सं. २०४८ मा १२ अर्बको हाराहारीमा रहेको राजस्व असूली प्रचलित मूल्यमा अहिले करिब रु. ९५० अर्ब पुग्ने अर्थतन्त्रको जग बसेको हो । स्मरण रहोस्, यी प्रगति एक दशकभन्दा लामो हिंसात्मक द्वन्द्वका वावजुद हासिल भएको हो ।

८. नेपाली कांग्रेसले गैरसरकारी संस्था, सहकारी, उपभोक्ता समूह, स्थानीय तह र सामुदायिक वनलगायतका सामुदायिक क्षेत्रलाई समेत संस्थागत गर्दै आर्थिक तथा सामाजिक विकासका गतिविधिहरूमा प्रोत्साहित गऱ्यो । वि.सं. २०१५ मा वी.पी. कोइरालाको नेतृत्वको सरकारले सहकारीलाई महत्त्वका साथ कार्यान्वयन गर्ने नीति लियो । नेपाली कांग्रेसको सरकारले वि.सं.

२०४८ मा सहकारीसम्बन्धी कानूनी व्यवस्था गरेपछि यसकै आधारमा हाल चालीस हजार भन्दा बढी बचत तथा ऋण, बहुउद्देश्यीय र कृषि सहकारीहरू क्रियाशील छन् । नेपाली कांग्रेसले नै वि.सं. २०४९ मा वन उपभोक्ता समूहको अवधारणालाई कार्यान्वयन गर्न ऐन ल्यायो । यसका कारण पहिले समाप्त हुँदै गएका गाउँ वस्तीका वन-जङ्गलको व्यापक विस्तार भएको छ । गाउँको आवश्यकता पूर्ति गर्दै अर्थोपार्जनको स्रोत बनेको छ । अहिले अठार हजार वन उपभोक्ता समूहहरू क्रियाशील रहेको अवस्था छ ।

९. नेपाली कांग्रेसले सामाजिक सुरक्षा तथा विपन्न वर्ग र समूहको आर्थिक समृद्धिमा पहुँच विस्तार गर्ने नीतिहरूलाई सँगै बढायो । जसको फलस्वरूप गत २५ वर्षमा गरिवीको रेखामुनि रहेको जनसङ्ख्या आधा घटेर अहिले २० प्रतिशत भन्दा कममा आइपुगेको छ । वि.सं. २०४८ सालमा हामीले सरकार सम्हाल्दा ७२,००० थान मात्र फोन भएकोमा अहिले मुलुकको जनसङ्ख्या भन्दा पनि धेरै, अर्थात् ३ करोड थान टेलिफोन मोबाइल सेट नेपालीको हात-हातमा छन् । शुद्ध खानेपानीमा पहुँच भएको जनसङ्ख्या ३६ प्रतिशत रहेकोमा अहिले ८५ प्रतिशत नाघेको छ । करिब ७ हजार कि.मी. मात्र सडक रहेकोमा अहिले ८५ हजार कि.मी. सडक निर्माण भैसकेको छ । स्कुलमा निःशुल्क शिक्षा दिने नीतिले १५ देखि २४ उमेर समूहमा साक्षरता ९० प्रतिशत पुगेको छ । माध्यमिक शिक्षा निःशुल्क गराउने कार्यक्रम कांग्रेसले नै सुरु गरेको हो । अस्पताल शैय्या झण्डै ५ हजार र कुल स्वास्थ्य संस्थाहरूको सङ्ख्या साढे ४ हजार भन्दा बढी पुगेको छ । यसैकारण बाल तथा मातृ मृत्युदरमा उल्लेख्य मात्रामा कमी आई नेपाल अन्तर्राष्ट्रिय क्षेत्रमा पुरस्कृत भएको छ । नेपालीको औसत आयु ५४ वर्ष भएकोमा अहिले बढेर ७२ वर्ष पुगेको छ । सबै नेपालीको अनिवार्य स्वास्थ्य बीमाका लागि स्वास्थ्य बीमा ऐन २०७४ कांग्रेस सरकारले नै ल्यायो । सरकारले अहिले तामझामका साथ घोषणा गरेको श्रमिकका लागि सामाजिक सुरक्षाको कुरा नेपाली कांग्रेसकै नेतृत्वको सरकारले सुरु गरी वि.सं. २०७४ श्रावणमा ऐन समेत पास गरिसकेको हो ।

१०. सन् २००० देखि २०१५ सम्म विश्वले अवलम्बन गरेको “सहश्राब्दी विकास लक्ष्यहरू” नेपालले लगभग पूरा गर्न सक्नुमा सन् १९९१ पछि ग्रामीण समाज र अर्थतन्त्रलाई केन्द्र बिन्दुमा राखी नेपाली कांग्रेसले अपनाएका नीति तथा कार्यक्रम नै मूल कारण थिए भन्ने तर्कलाई आज विश्वले नै

अनुमोदन गरेको अवस्था छ। समावेशी विकासका लागि कांग्रेसले सुरु गरेका ग्रामीण स्वावलम्बन कार्यक्रम, लघु ऋण कार्यक्रम, ग्रामीण विकास बैङ्क, गरिबसँग विश्वेश्वर, महिला जागृती, गरिबी निवारण कोष र युवा स्वरोजगार उदाहरणीय छन् । नेपाली कांग्रेसका वर्तमान सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएकै बेला भूमि माथिको द्वैध स्वामित्व अन्त्य गर्ने कानून लागू भएको हो । देउवाकै प्रधानमन्त्रीकालमा कम्लरी प्रथा र हलिया प्रथाको अन्त्य गरिएको हो । सम्पूर्ण खेतीयोग्य जमीनमा सिँचाइ सुविधाको घोषणा, बजारीकरणको व्यवस्थासहित गहुँ, मकै, धान तथा तरकारीको उत्पादन बढाउन 'पकेट' क्षेत्र विकास, बाली बीमा विस्तार, पछिल्लो पटक कांग्रेस सरकारमा रहँदा घोषणा गरिएका ताजा नीति तथा कार्यक्रमहरू हुन् । सन् १९९६ र सन् २०१४ का २० वर्षे कृषि विकास रणनीतिहरू कांग्रेस सरकारको नेतृत्वमा ल्याइएका हुन् ।

११. नेपाली कांग्रेसले अवलम्बन गरेको आर्थिक सुधारका कारण निर्वाचित सरकारले काम थालेको दुई वर्षमा (सन् १९९३/९४ मा) नै आर्थिक वृद्धिदर ७.६ प्रतिशत पुगेको थियो जुन नेपालकै आधुनिक आर्थिक इतिहासमा उच्चतम दरहरूमध्ये पर्दछ। तर, वि.सं. २०५१ सालपछिको पहिलो कम्युनिष्ट सरकार, त्रिशङ्कु संसद् र राजनीतिक अस्थिरता र हिंसात्मक द्वन्द्वका कारण कांग्रेसको आर्थिक नीतिहरूले निरन्तरता पाउन सकेनन् । कतिपय अवस्थामा तिनलाई उल्ट्याउने कोसिस भयो । लगानीको वातावरण बिथोलियो । माओवादीहरू शान्ति प्रक्रियामा आई संविधानसभा निर्वाचनमा भाग लिएपछिको दश वर्षमा नेपालको प्रधानमन्त्रित्व र अर्थ मन्त्रालय लगभग ७७ प्रतिशत समय कांग्रेसको नेतृत्वमा रहेन । गैरबजेटरी खर्च र जथाभावी स्रोत परिचालन गर्ने अभ्यास सबैभन्दा बढी देखियो जुन बेला कम्युनिष्टहरूले सरकारको नेतृत्व गरेका थिए । निजी क्षेत्रलाई तर्साउने र अनुदार, राज्य नियन्त्रित अर्थ व्यवस्थातिर जाने प्रयासहरू भइरह्यो । तथापि, लामो हिंसात्मक द्वन्द्व, राजनीतिक अस्थिरता र मूलतः द्वन्द्वकै कारण मुलुकको उर्वर युवाशक्ति ठूलो सङ्ख्यामा विदेसिन बाध्य हुँदा पनि मुलुकको बृहद् आर्थिक स्थायित्व कायम रहन सक्नुमा सन् १९९० को दशकमा कांग्रेस सरकारले बसालेको अर्थतन्त्रको जग नै हो ।

१२. माओवादी कम्युनिष्टहरूले नेपालमा सुरु गरेको दश वर्षे हिंसात्मक द्वन्द्व र त्यसको व्यवस्थापनमा खर्चनु परेको अर्को दश वर्ष लामो संक्रमणका कारण

नेपालको एउटा पुस्ता नै प्रचुर आर्थिक सम्भावनाहरूको अवसरबाट बञ्चित भयो । यसै अवधिमा युवाहरूको अत्यधिक विदेश पलायन हुन गयो । सन् १९९४ मा सबभन्दा बढी ७.६ प्रतिशत आर्थिक वृद्धि हासिल भएको थियो भने सन् १९९१ देखि १९९४ को अवधिमा औसत आर्थिक वृद्धि ५.६ प्रतिशत रहेको थियो । माओवादी द्वन्द्वको उत्कर्ष मानिने सन् २००१ देखि २००४ वर्षको अवधिमा आर्थिक वृद्धि दर केवल ३.४ प्रतिशत रह्यो । यसरी एक वर्षमा २.२ प्रतिशत बिन्दुले आर्थिक वृद्धि खुम्चनु भनेको अर्थतन्त्रको आकार दोब्बर हुन १२ वर्ष लाग्ने समय २० वर्षसम्म तन्किने गणितीय तथ्य हो । कांग्रेसले चलायमान बनाएको अर्थतन्त्रमा हिंसात्मक द्वन्द्वले गतिरोध र विनाश ल्याएको कारण देशले ठूलो जनधनको क्षति व्यहोर्न परेको यथार्थ हाम्रा सामु छ । असुरक्षाका कारणले सन् २००० को दशकमा जलविद्युत् उत्पादन तथा प्रसारण लाइनहरू उल्लेख्यरूपमा बन्न सकेनन् । सामाजिक र भौतिक पूर्वाधारमा खर्च गर्नुपर्ने रकम सुरक्षाका लागि खर्चिनु पऱ्यो ।

१३. माथि उल्लेखित निर्विवाद तथ्यहरूलाई कम्युनिष्टहरूले तोडमोड गरेर व्यापक दुष्प्रचार गर्ने गरेका छन् । उदाहरणका लागि, बारम्बार उठ्ने गरेको निजीकरणको विषयबारेको यथार्थ के हो ? सन् १९९१ को बजेटको आकार २६ अर्ब हुँदा राजस्व १३ अर्ब मात्र थियो भने विदेशी अनुदान र ऋणमाथिको निर्भरता ८.५ अर्ब । साधारण खर्चको झन्डै ४० प्रतिशत हिस्सा पञ्चायतले थोपरिदिएको ऋणको साँवा र ब्याज तिर्न छुट्याउन परेको थियो । त्यस्तो समयमा एकातिर ६४ वटा सार्वजनिक संस्थानले वार्षिक झन्डै एक अर्ब घाटा बेहोरिरहेका थिए भने पञ्चायत ढालेर आएको नयाँ सरकार माथि गाउँ-गाउँमा स्कुल, स्वास्थ्य चौकी, खानेपानी, बाटोघाटो पुऱ्याउनुपर्ने व्यापक जन-अपेक्षा थियो । अन्तर्राष्ट्रिय परिवेश र राष्ट्रिय आवश्यकताको बोध गरी नेपाली कांग्रेसले निजी क्षेत्रले प्रभावकारी भूमिका खेल्न सक्ने क्षेत्रमा निजीकरण गर्ने नीतिगत पहल लिएको हो । साथै, के पनि प्रष्ट पार्नुपर्ने देखिन्छ भने निजीकरणलाई विवादित विषय बन्न नदिन वि.सं. २०५० मा नै निजीकरण ऐन ल्याई अर्थ मन्त्रालयको निजीकरण समितिमा संसदीय लेखा समितिका सभापतिको अनिवार्य उपस्थिति हुने व्यवस्था गरिएको थियो (जो प्रायः विपक्षी दलका हुन्छन्) । कम्युनिष्टहरूले बारम्बार सत्ता सम्हाल्दा पनि वि.सं. २०४८ पछि निजीकरण गरिएका कुनै पनि उद्योगलाई पुनः राष्ट्रियकरण गरेका छैनन् । सस्तो र गैर-जिम्मेवार

नारा बनेको यो विषयबारे आफैँ सरकारमा पुग्दा केवल कांग्रेसकै आर्थिक नीतिलाई निरन्तरता दिनुपर्ने बाध्यता कम्युनिष्टहरू सरकारमा रहँदा किन पऱ्यो, त्यसको उत्तर उहाँहरूसँग छैन। नेपाली कांग्रेस पार्टी सार्वजनिक सेवासँग जोडिएका र राज्यले संलग्न हुनैपर्ने क्षेत्रको पहिचान गरी सरकारको स्वामित्व कहाँ हुने र कहाँ नहुने निर्क्योल गर्ने र सरकारी संलग्नता अनावश्यक रहेका संस्थाहरूमा यथार्थ मूल्याङ्कन मापदण्ड, पारदर्शीता र प्रतिस्पर्धी प्रकृयाबाट मात्र निजी क्षेत्रमा स्वामित्व हस्तान्तरण गर्ने नीतिको पक्षमा छ।

१४. नेपालको आर्थिक नीति विश्व अर्थतन्त्रसँग तादात्म्यपूर्ण हुनुको विकल्प छैन। वर्तमान भूमण्डलीकृत र अन्तरनिर्भर विश्वमा जति नै सानो अर्थतन्त्र पनि छिमेकीलगायत बाह्य आर्थिक प्रभावहरूबाट पृथक् रहनसक्ने अवस्था छैन। विश्व आर्थिक वृद्धिको गति, इन्धनको मूल्य, विश्व पारिवर्त्य मुद्राको विनिमय दर, आयातजन्य वस्तुको माग-आपूर्ति आदिले नेपालको अर्थतन्त्रलाई तत्काल र प्रत्यक्ष असर पार्छन्। ठूला देशहरूको बीचमा हुन सक्ने व्यापार युद्ध, नव-संरक्षणवाद, कसिलो अन्तर्राष्ट्रिय पूँजी बजार र बढ्दो ब्याजदर, मध्यपूर्व क्षेत्रको राजनैतिक अन्यौल र इन्धनको अन्तर्राष्ट्रिय मूल्यमा आउन सक्ने उतारचढाव तथा अमेरिकी डलरको बढ्दो मूल्यले विश्व अर्थतन्त्रमा पार्ने प्रभावले पनि नेपालको आर्थिक नीतिलाई प्रभाव पार्ने जोखिम छ। यसरी आन्तरिक र बाह्य परिवेशमा आएका परिवर्तन र नयाँ प्रविधिहरूलाई दृष्टिगत गरी विकासका लक्ष्यहरू स्थिर रहे पनि ती प्राप्त गर्ने साधनसँग जोडिएका हाम्रा आर्थिक नीतिहरू पनि समयसापेक्ष हुने छन्।

१५. वि.सं. २०७४ माघ अन्त्यमा नेपाली कांग्रेसले सरकार छोड्दा सकारात्मक आर्थिक परिसूचकसहितको अर्थतन्त्र हस्तान्तरण गरेको थियो। देउवा नेतृत्वमा रहेको सरकारको समयमा नै ६ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि हासिल भयो। मुद्रास्फीति ५ प्रतिशत नाघेन। राजश्व सङ्कलन र वृद्धि दरका लक्ष्य शतप्रतिशत पूरा भए। प्रत्यक्ष विदेशी लगानी बढ्यो। पर्यटक आगमनको सङ्ख्या नेपालको इतिहासमा पहिलोपटक दश लाखको हाराहारीमा पुग्यो। नेपालले आजसम्म एकैपटक पाउने सबभन्दा ठूलो अनुदान रकम (रु. ५० अर्बभन्दा बढी) अमेरिकी संसद्को एमसीसी कार्यक्रमको तयारी चरण सुशील कोइरालाको नेतृत्वकालमा हुँदै देउवा सरकारका पालामा सम्झौता भयो। देउवा सरकारकै पालामा सन् १९७१

देखि अल्प विकसित राष्ट्रको दर्जामा रहेको नेपालको विकासशील राष्ट्रको दर्जामा स्तरोन्नति हुन प्राविधिक योग्यता पुग्यो । सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू भेट्ने उद्देश्यले रणनीतिक मार्गचित्रको तयारी पनि यही सरकारले गऱ्यो ।

**(ख) कम्युनिष्ट सरकारको बाटो : निषेध र नियन्त्रणको पासो :**

१६. माथिका उल्लेख्य उपलब्धिहरूलाई पन्छाएर वर्तमान कम्युनिष्ट अर्थमन्त्रीले तामझामका साथ अर्थतन्त्रको बारेमा 'श्वेतपत्र' जारी गर्दै अघिल्ला सरकारहरूलाई ठूलो दोषको भारी बोकाउने प्रयास गरे । १० वर्षे लामो द्वन्द्व र संक्रमणबाट गुज्रेको अर्थतन्त्रमा चुनौतीहरू अवश्य पनि थुप्रिएका थिए, तर राम्रा पक्षलाई नसमेटेर विल्कुल राजनीतिक अभिष्टका साथ श्वेतपत्र ल्याइएकोमा चर्को आलोचना त भयो नै, सरकारको खराब नियत र अविश्वसनीयता पनि छर्लङ्ग भयो । अर्थतन्त्रलाई नाजुक अवस्थामा भएको देखाउन तथ्याङ्कहरू छानीछानी असन्तुलित ढङ्गले प्रस्तुत गरिँदा सरकारको बौद्धिक इमानमाथि पनि प्रश्न उठ्यो । अर्कोतर्फ, केन्द्रदेखि प्रदेशसम्म एउटै पार्टीको ठूलो बहुमतको सरकार हुँदा पनि अर्थतन्त्र यसरी गम्भीर रूपले जोखिमउन्मुख हुनु सरकारको असफलताको सङ्केत त हो नै अर्थतन्त्र क्रमशः धराशायी हुन थालेको पूर्वसूचक पनि हो ।

१७. तीनै तहको निर्वाचन सम्पन्न गर्ने र सङ्घीय संरचनाको जग बसाल्ने दायित्व पूरा गर्न सरकारी ढुकुटीमा चाप पर्नु स्वाभाविक थियो । तथापि, वि.सं. २०७४ माघ अन्त्यमा, देउवा सरकारको बर्हिगमन हुँदा राष्ट्रिय ढुकुटीमा दश अर्ब डलर बराबरको विदेशी मुद्राको सञ्चिति, अन्य कोषहरू र स्थानीय तहको लागि छुट्याइएको रु. १०६ अर्ब समेत गरी रु. २५७ अर्ब सरकारको नगद बचत रहेको थियो । नेपाली कांग्रेसले सरकार छोड्दा भन्दा व्यापार घाटा (४१.२ प्रतिशतले) बढेर कुल ग्राहस्थ उत्पादनको एक तिहाई नाघेको छ । आयात अहिले दोब्बरभन्दा अधिक दरले (४३.६ प्रतिशतले) बढेको छ । आर्थिक वर्षको पहिलो तीन महिनामै रु. ३४९ अर्ब ४८ करोड पुगेको आयात वर्षभरिमा रु. १५ खर्ब पुग्ने देखिएको छ । निर्यात-आयात अनुपात पनि ६.४ प्रतिशतमा झरेको छ ।

१८. वि.सं. २०७५ असार मसान्तमा १० अर्ब ८ करोड डलर रहेको विदेशी मुद्रा सञ्चिति असोज मसान्तमा रु. ९ अर्ब ८३ करोडमा झरेको छ । विगत लामो समयदेखि यात्राका लागि दिइने विदेशी मुद्रा सटही सुविधामा ४० प्रतिशतको

कटौती गरिएको छ । गत वर्ष भदौमा १५३० र माघमा १३८० रहेको नेप्से परिसूचक अहिले १२०० को वरिपरि छ । चालु खाता र शोधनान्तर सन्तुलन नराम्ररी खस्केको छ । प्रत्यक्ष वैदेशिक लगानी तीन चौथाईले घटेको छ । आन्तरिक निजी लगानीमा पनि वृद्धि हुन सकेको छैन । कम्युनिष्ट सरकारमाथिको अविश्वासको कारण पूँजी पलायन तीव्र भएको अनुमान छ । समयमै बजेट प्रस्तुत हुँदा पनि पूँजीगत खर्च पहिलो चौमासमा विनियोजनको ५ प्रतिशत नाघ्न सकेन । यसको प्रतिकूल प्रत्यक्ष असर विकासको न्यून गतिका अतिरिक्त बैङ्किङ प्रणालीको तरलता अभावका रूपमा प्रकट हुँदैछ । सरकारको नौ महिने कार्य प्रदर्शनीपछि प्रकाशित यी सरकारी तथ्याङ्कहरूले कम्युनिष्ट सरकारले मुलुकको अर्थतन्त्रलाई जोखिमउन्मुख बनाएको प्रष्ट देखाएको छ । विश्व बैङ्कले भर्खरै सार्वजनिक गरेको "डुइङ्ग विजनेश प्रतिवेदन २०१९" का अनुसार नेपालको व्यावसायिक वातावरणको विश्व वरियता गतवर्ष भन्दा पाँच स्थान तल झरेको छ । लगानीको माहौल बन्न नसकेको अवस्थामा मूल्यवृद्धि जस्ता नकारात्मक तथ्याङ्कहरूलाई दबाउने र आर्थिक वृद्धि दर भने ८ प्रतिशत हासिल हुने हौवा पिटाउन वर्तमान सरकार लिप्त हुँदा यसको विश्वसनीयतामा ठूलो ह्रास आएको छ ।

१९. दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा आवश्यकभन्दा बढी रुख कटानको प्रस्तावलगायत विवादास्पद प्रस्ताव अगाडि सारेर ठूला आयोजनालाई विवादित बनाइएको छ । विद्युतीय प्रशारण लाइनहरूको निमार्ण नहुँदा निजी क्षेत्रको लगानीबाट देशमै उत्पादन भइरहेको बिजुली खेर गइरहेको छ । जबकि, अहिलेको आपूर्ति भारतबाट आयातित झन्डै ४०० मे.वा. विद्युत्मा निर्भर छ । यदि यही अवस्था रहने हो भने निर्माणको विभिन्न चरणमा रहेका आयोजनाबाट ३ वर्षभित्र उत्पादन हुने करिब ११४६ मे.वा. विद्युत् प्रशारण लाइनको अभावमा खेर जाने छ । यो सरकारले बुढीगण्डकी जलाशययुक्त विद्युत् आयोजना स्वदेशी पूँजीमा निर्माण गर्ने देउवा सरकारको निर्णयलाई उल्टाएर नेपाली कांग्रेसको विरोध तथा संसद्को कृषि तथा जलस्रोत समिति र अर्थ समितिको निर्देशन विपरीत गेजुवा कम्पनीलाई विनाप्रतिस्पर्धा ठेक्का दिने निर्णय गरेको छ । अहिले सरकारले ५० अर्बभन्दा बढी लागत लाग्ने ठूला आयोजनाहरूलाई विनाप्रतिस्पर्धा प्रधानमन्त्री नेतृत्वको समितिले निर्णय गर्न सक्ने ऐन ल्याउने तयारी गरेको कुरा सार्वजनिक भएको छ । यदि यो निर्णय कार्यान्वयन भयो भने कानूनी जामा पहिराएर ठूला आर्थिक भ्रष्टाचार

संस्थागत हुने छन् । नेपाल एयरलाइन्सको वाइड बडी एयर बस खरिद प्रकृयामा व्यापक अनियमितता र ठूलो घोटाला भएको भनी सार्वजनिक लेखा समितिले छानबिन गरिराखेको छ । यही सरकारको पालामा सुनकाण्ड र चिनी घोटालालाई छोपछाप पार्ने काम भयो । यो सरकारले सार्वजनिक खरिद प्रकृया र आर्थिक पारदर्शितालाई लत्याएर गरेको दर्जनौं निर्णयहरू र घोटालाका यी केही ज्वलन्त उदाहरण मात्र हो । करका दायरा र आधार बढाउनुभन्दा पनि करका दर बढाइएको छ । लगानी निरुत्साहित हुने गरी आयकरका दर तोकिएका छन् । औद्योगिकीकरण प्रवर्द्धन नहुने र कृषिजन्य वस्तुको संरक्षण पनि नहुने गरी भन्सार दरहरू तोकिएका छन् । अन्तरनिकाय वस्तुको ओसारपसार र बिक्रीमा उठाइएको कर तथा शुल्कलाई राज्यले नियमन गर्न नसक्दा राष्ट्रिय बजारलाई, संविधानको मर्मविपरीत, खण्डित गरेको छ । नेपाली कांग्रेस पार्टी सरकारको यस्ता निर्णय र प्रवृत्तिहरूको घोर भर्त्सना गर्दछ ।

२०. निर्वाचनअघि नेपाल कम्युनिष्ट पार्टीको आर्थिक चरित्रबारे नेपाली कांग्रेसले गरेको ठहर यथार्थमा सत्य सावित हुँदैछ । नेकपा सुनियोजित तवरबाट संस्थागत भ्रष्टाचारलाई संरक्षित गर्ने पार्टी हो भन्ने स्थापित हुँदैछ । नेकपाले पार्टीमा लेबी बुझाउने सक्रिय नेता र कार्यकर्तालाई अस्पताल-मेडिकल कलेज, एनजिओ, सहकारी संस्था, उद्योग, जलविद्युत् कम्पनी, आवास र बैङ्किङ क्षेत्रमा लगानी गर्न प्रेरित र उनीहरूको लगानीलाई मात्र संरक्षण गर्ने नीति अवलम्बन गरको छ । यसले सो पार्टीलाई नै गैरराजनीतिक चरित्रको, नाफामुखी व्यावसायिक घरानाको स्वरूपमा रूपान्तरित गर्दै लगेको छ । यो सरकार दल-नियन्त्रित कृपामुखी पूँजीवाद (क्रोनी क्यापिटलिज्म) संरक्षण गर्ने अस्त्रमा परिणत भएको छ । यस्तो चरित्र बोकेको पार्टी र त्यसको नियन्त्रणमा रहेको सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानी आकर्षित गरी मुलुकको आर्थिक विकास गर्न सक्दैन भन्ने जुन आशङ्का कांग्रेसले गत चुनावको घोषणापत्रमार्फत गरेको थियो त्यो विगत नौ महिनामा क्रमशः प्रमाणित हुँदै गएको छ ।

२१. यो सरकार चुनावी प्रक्रियाबाट आएकोले आवरणमा लोकतान्त्रिक देखिए पनि यसका नीतिगत आधार मूलभूतरूपले निजीक्षेत्र र उदार अर्थतन्त्र विरोधी, सङ्घीय भावनाको प्रतिकूल एवं साम्यवादी धङधडीअनुरूपका केन्द्राभिमुखी छन् । कम्युनिष्ट गठबन्धनको घोषणापत्र, तथाकथित श्वेतपत्र, बजेट र नीतिहरूमा निजी क्षेत्रप्रतिको दुराग्रह छरपष्ट छ । आर्थिक कुटनीतिमार्फत

अन्तर्राष्ट्रिय लगानीकर्ताहरूको विश्वास जित्न सरकार असफल भएको छ। यसको प्रत्यक्ष असर घट्दो वैदेशिक आर्थिक सहायता, वैदेशिक लगानी र बढ्दो व्यापार घाटामा प्रतिविम्बित भएको छ। गतिमान वर्तमान विश्व परिवेशलाई आत्मसात् गर्न नसकेको र नचाहेको यो सरकारको रुढाग्रही कम्युनिष्ट विचारधाराले अर्थतन्त्रमा निजी क्षेत्रको सहभागिता, भूमिका र महत्त्वलाई निरन्तर हेयभावले हेरेको छ। सरकारले संरक्षण गरेका केही मुट्ठीभर ठूला ठेकेदार एवं व्यापारीहरूलाई जे पनि गर्न छुट दिने र सरकार र कम्युनिष्ट पार्टीको गैरकानूनी शर्तहरू पूरा गर्न आनाकानी गर्ने व्यवसायीहरूलाई न्यूनतम कानूनी प्रक्रियासमेत पूरा नगरी धरपकड र दुःख दिने क्रम तीव्र पारिएको छ। निजी लगानीकर्ताहरूको मनोबल नराम्ररी खस्केको छ। नेपालका विकास साझेदारहरू यो सरकारसँग सहकार्य गर्न उत्साहित देखिएका छैनन्। कम्युनिष्ट शासनमा यस्ता विकृतिहरू देखिनु अस्वाभाविक होइन तापनि यी प्रवृत्तिहरूले मुलुकको आर्थिक भविष्यलाई अनिश्चिततातर्फ धकेल्ने जोखिम बढ्दै जानु चाहिँ गम्भीर चिन्ताको विषय हो।

२२. मुलुकले सङ्घीय शासन प्रणाली अपनाएपछि अर्थतन्त्रको संचालन र समृद्धि एक महत्त्वपूर्ण आधार वित्तीय सङ्घीयताको प्रभावकारी अवलम्बन नै हो। तर यो सरकारले सङ्घीय व्यवस्थालाई सफल बनाउने असल नियत राखेको देखिँदैन। वित्तीय सङ्घीयता र प्रशासनिक व्यवस्थाका लागि आवश्यक कानूनी र संस्थागत व्यवस्था नै नगर्ने र अधिकारहरू विकेन्द्रित हुनै नदिने गलत मनसाय सरकारले राखेको प्रष्टिँदै छ। सरकारले सङ्घीयताको सफल कार्यान्वयनका लागि आवश्यक संस्थागत, कानूनी र प्रशासनिक वातावरण नै नबनाउने रवैयाले सरकारको संघियता सफल बनाउने चाहना देखिँदैन। नौ महिनासम्म पनि सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पदाधिकारी नियुक्त गर्न नखोज्नुका पछाडि अधिकारलाई केन्द्रिकृत गर्ने सरकारको अधिनायकवादी शैली प्रमुख कारण हो।

२३. सात वटा प्रदेशमा सत्तारुढ दलकै मुख्यमन्त्री छन्। छ वटामा त सत्ताको नेतृत्वकर्ता नेकपाकै छन्। उनीहरू नै सरकारले आर्थिक, प्रशासनिक र कानूनी अधिकारहरू हस्तान्तरण नगरेको आरोप लगाइरहेका छन्। एकात्मक प्रणालीमा जस्तै कार्यकारी आदेशको भरमा शासन चलाउन सरकार उद्यत् देखिन्छ। सङ्घीय संसद्ले समयमै बनाउनुपर्ने कानूनहरू र

बनेका ऐनहरूको नियमावली समेत नबनाई दिएकाले वित्तीय सङ्घीयता कार्यान्वयनमा जटिलताहरू थपिएका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग ऐन, स्थानीय सरकार सञ्चालन ऐन र अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन अघिल्लो वर्ष नै बनेका हुन् । तर, ती कानून कार्यान्वयनका लागि आवश्यक नियमावली अहिलेसम्म सरकारले बनाएन । यसले विभिन्न तहका सरकारहरूबीचको अधिकार र कार्य सीमाबारे अन्योल कायम रहेको छ । यही कारण स्थानीय तहले विभिन्न शीर्षकमा उठाउन सुरु गरेका कर र शुल्कहरूबारे राष्ट्रिय स्तरमै विवाद भयो । राजश्व सङ्कलन र अन्य आर्थिक स्रोतलाई विकासको मागसँग तादात्म्य राख्नुपर्ने सार्वजनिक वित्त व्यवस्थापनको आधारभूत सीप स्थानीय सरकारका अधिकारीहरूलाई दिनेतर्फ भने सरकार पूर्णतः उदासीन देखिएको छ ।

**(ग) कांग्रेसको आर्थिक दिशा : बृहत् समुन्नति र समानता :**

२४. वी.पी. कोइरालाले प्रस्तुत गर्नुभएको लोकतान्त्रिक समाजवादी चिन्तन नै मूल रूपमा नेपाली कांग्रेसको आर्थिक मार्गदर्शन हो । उत्पादन वृद्धिसहितको वितरणलाई जनसहभागितामूलक लोकतन्त्रले समन्वय गर्ने उहाँको विचार ७० वर्षपछि पनि उत्तिकै सान्दर्भिक छ । सन् १९७० मै वी.पी. ले आर्थिक वृद्धिको प्रक्रिया रोजगारमूलक हुनुपर्ने र पर्यावरणीय दोहनको मूल्यमा गर्न नहुने भन्ने विचार व्यक्त गर्नुभएको थियो । यी विषयलाई आज विश्वले नै दिगो विकासका लक्ष्यका रूपमा स्वीकारेका छन् । समतामूलक गतिशील अर्थतन्त्रको समाजवादी साध्यमा कुनै परिवर्तन गर्न आवश्यक छैन । तर त्यो लक्ष्यमा पुग्नका लागि उपयोग गरिने साधन र माध्यम भने समयसापेक्ष र गतिशिल हुनु जरुरी छ । न्यून लगानी र न्यून उत्पादकत्व, नगण्य रोजगारी सिर्जना, युवा शक्तिको विदेश पलायन, अपर्याप्त पूर्वाधार, अधिक लागत, खर्च गर्ने क्षमताको अभाव, बढ्दो व्यापार घाटा र बाह्य क्षेत्रको जोखिम, गुणस्तरीय स्वास्थ्य र शिक्षामा असमान पहुँच, सामाजिक सुरक्षाको सुस्त विस्तार नेपाली अर्थतन्त्रका चुनौती हुन् । जसरी वि.सं. २०४८ पछिको परिवर्तन लगत्तै नेपाली कांग्रेसले सुरु गरेका नीतिगत सुधारहरूको जगमा मुलुकले सशस्त्र द्वन्द्व र लामो संक्रमण थेग्ने आधार प्राप्त गऱ्यो । त्यसरी नै कांग्रेसले एकपटक फेरि दूरगामी महत्त्वको विकास अभियानको नेतृत्व लिने छ । २१औं शताब्दीको विश्व परिवेशको आलोकमा नेपाली कांग्रेसको आर्थिक नीति आगामी दिनमा निम्न विषयहरूमा केन्द्रित हुने छ ।

पहिलो, उच्च उत्पादकत्वमा आधारित दिगो र फराकिलो आर्थिक वृद्धि। दोस्रो, समतामूलक लोककल्याणकारी राज्य। तेस्रो, रोजगारमुखी युवा-केन्द्रित उद्यमशीलता। चौथो, सार्थक वित्तीय सङ्घीयता। पाँचौं, सदाचारयुक्त आर्थिक सुशासन।

**(घ) उच्च उत्पादकत्वमा आधारित दिगो र फराकिलो आर्थिक वृद्धि :**

२५. विकासको प्रारम्भिक चरणमा पर्याप्त पूँजी लगानी उत्पादन केन्द्रित आर्थिक वृद्धिका लागि अनिवार्य शर्त हो। थप लगानी र नयाँ प्रविधि भित्र्याउन राज्यको सहजीकरण र निजी क्षेत्रको क्रियाशीलता आवश्यक छ। आगामी १० वर्षभित्र नेपाललाई एउटा सम्मानजनक मध्यम आय भएको गतिशील राष्ट्र बनाउने सङ्कल्पका साथ नेपाली कांग्रेस सक्रिय हुने छ। कम्तीमा पनि वार्षिक सातदेखि दश प्रतिशतसम्मको आर्थिक वृद्धि दर निरन्तर हासिल गर्न उपयुक्त आन्तरिक तथा बाह्य लगानीको वातावरण बन्न आवश्यक छ। उच्च र फराकिलो आर्थिक विकासको लक्ष्य हासिल गर्न सूचना क्रान्तिको भरपूर उपयोग गर्दै उत्पादन, निर्माण, सेवा तथा राज्य संरचनाका हरेक तहमा आधुनिक सूचना प्रविधिको उपभोग गर्ने नीति लिने छ। दिगो र फराकिलो आर्थिक वृद्धिको जग कृषि, खनिजलगायत प्राकृतिक स्रोत, पर्यटन, उत्पादनमूलक उद्योग, ऊर्जा, निर्माण र सूचना प्रविधिलगायत नयाँ व्यापारयोग्य क्षेत्रहरू नै हुन्। यी तमाम क्षेत्रमा ठूलो सङ्ख्यामा सीपमूलक, दक्ष जनशक्तिको विकास गर्नुपर्दछ। साथै, आन्तरिक निजी पूँजी, राजस्व परिचालन, विदेशी प्रत्यक्ष लगानी र विकास साझेदारहरूसँगको सहकार्यबाट आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गर्ने नीति हुने छ।

२६. कुल गार्हस्थ्य उत्पादनमा कृषिको हिस्सा २७ प्रतिशतमा झर्नुमा एक प्रमुख कारण लागतको दाँजोमा प्रतिफल कम हुनु हो। कृषिमा आश्रित जनताको जीवनस्तर खस्कँदो छ। कृषिको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरणमार्फत उत्पादकत्वमा अभिवृद्धि गरी कृषि क्षेत्रमै सम्मानजनक आय र आकर्षक रोजगारीका अवसर सिर्जना गर्ने कांग्रेसको मूल नीति हुने छ। खेतीयोग्य जमिनको खण्डीकरण, अपर्याप्त सिँचाइ र प्रसार सेवा, सीपयुक्त श्रमिक, प्रविधि, बिउबिजन र मलखादको अभाव, विद्युत् र शीत भण्डारको अपर्याप्तता, ग्रामीण पूर्वाधार र बजारको पहुँचमा कमी, कृषि क्षेत्रमा उच्च ब्याजदर, अन्य मुलुकमा कृषिलाई दिइएको अनुदानका कारण कृषिजन्य वस्तुको उत्पादनमा न्यून वृद्धि र उपभोगमा परनिर्भरता

बढेको छ। सिँचाइलगायत भौतिक पूर्वाधारमा व्यापक लगानी, भूमिको व्यवस्थित उपयोग, प्रविधिको परिचालन, बजार व्यवस्थापन र उत्पादनसँग गाँसिएको अनुदान नीतिमार्फत वास्तविक किसानका आवश्यकताहरूको सम्बोधन गर्ने नीति हुने छ। वर्तमान कृषि अनुदान नीति र कार्यक्रमहरूमा देखिएको त्रुटिहरूलाई हटाउने छ। कृषकहरूलाई सस्तो ब्याजदरमा ऋणको सुनिश्चितता गर्ने नीति हुने छ। खण्डीकरण रोक्न करारमा आधारित व्यावसायिक खेती र स्वःस्फूर्त सहकारीलाई राज्यले सहयोग दिने नीति हुने छ। उच्च मूल्य दिने फलफूल, तरकारी, पशुपंक्षीपालन, मत्स्यपालन, वनस्पति, बिउबिजन, चिया, कफी, अलैंची, अदुवा, उखुजस्ता नगदेबाली, जडीबुटी र प्राङ्गारिक खेतीलगायतका उत्पादनमा किसानले समुचित मूल्य पाउने नीति हुने छ। आवश्यक कृषिजन्य वस्तुको न्यूनतम मूल्य घोषणा गर्ने गरी कम मूल्यमा बिक्री गर्न बाध्य किसानको मर्का र उपभोक्ताले अत्यधिक मूल्य तिर्नुपर्ने परिस्थितिको अन्त्यका लागि उत्पादन सहकारी, कृषि बजार सहकारीलगायत चुस्त वितरण प्रणाली अपनाइने छ।

२७. समुन्नत आर्थिक वृद्धिका लागि पर्यटनमा गुणात्मक र सङ्ख्यात्मक फड्को चाहिएको छ। औसत बसाइ र प्रतिदिन डलर खर्चमा व्यापक वृद्धि, पश्चिमा मुलुक, जापानलगायत पूर्वी एशियाली राष्ट्र तथा खासगरी चीन, भारतलगायतका उदीयमान मुलुकका मध्यम वर्गीय पर्यटकहरूको आगमन बढाउने नीति अख्तियार गरिने छ। यसका लागि हवाई पूर्वाधार विस्तार एवं निजगढ अन्तर्राष्ट्रिय हवाई अड्डा र काठमाण्डौ-तराई मधेस द्रूतमार्गको निर्माण, गन्तव्यको विविधिकरण र दक्षता प्राप्त जनशक्ति तयार गर्दै नेपाललाई "सस्तो" पर्यटकीय मुलुक होइन कि उच्च मूल्य आकर्षित गर्ने गरी बिलासी, साहसिक, पर्या-पर्यटन, धार्मिक, स्वास्थ्य, शिक्षा, कृषिमैत्री र खेलमैत्री जस्ता फरकफरक पर्यटकीय बजारहरूको विकास गर्ने नीति कांग्रेसको हुने छ। नेपाललाई हिन्दु र बौद्ध धर्मको प्रमुख अन्तर्राष्ट्रिय धार्मिक गन्तव्यको रूपमा पर्यटक आकर्षित गर्ने पूर्वाधार विकास गर्ने नीति हुने छ। कर्णाली प्रदेशलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने छ। पूर्वाधार विकासको मूल प्राथमिकतामा पर्यटक केन्द्रित पूर्वाधार पनि हुने छ।

२८. औद्योगिकीकरणमा पुनर्जागृति र विस्तार आवश्यक छ। औद्योगिक उत्पादन वृद्धि गरी व्यापक रोजगारी सिर्जना गर्न उत्पादकत्व बढाउने र लागत

घटाउने तथा व्यावसायिक सहजता बढाउने प्रमुख चुनौती छन् । जिम्मेवारी र जवाफदेहितासहितको एकद्वार नीतिमार्फत लामो र झन्झटिलो प्रशासकीय प्रक्रियाहरूको अन्त्य गर्ने छ। महँगो जग्गाको समस्या हल गर्न विशेष आर्थिक क्षेत्र एवं औद्योगिक पार्कहरूको निर्माण गर्दै उचित क्षतिपूर्ति र सहज जग्गा प्राप्तिका नीति अपनाउने छ। नेपाली कांग्रेस कर्पोरेट नाफामा आय करका दर न्यून गरी लगानीलाई प्रोत्साहन गर्न चाहन्छ। गैर आवासीय नेपालीको पूँजी र सीपलाई आकर्षित गर्ने नीति लिइने छ। उपभोगको क्षेत्रमा केन्द्रित बैङ्किङ ऋण प्रवाहलाई उत्पादनमुखी क्षेत्रमा प्रवाह गर्न नीतिगत व्यवस्था गर्ने छ। विद्युत् उत्पादनमा बढ्दो लगानीलाई सघन पार्दै थप स्वदेशी र विदेशी लगानी आकर्षित गरिने छ। व्यापार घाटा घटाउन आयातित पेट्रोलियम पदार्थमाथि घरायसी र यातायात क्षेत्रको निर्भरता सन् २०३० भित्र कम गर्दै त्यसपछि भारी कटौती गर्ने नीति लिने छ। वि.सं. २०३० बाट पेट्रोल र डिजेलमा आधारित यातायात साधनहरूको खरिद रोक्ने र त्यसको ठाउँमा विद्युतीय यातायातको साधन मात्र खरिद गर्ने नीति अवलम्बन गरिने छ। सूचना प्रविधिमा आधारित उद्योग तथा सेवा व्यवसायलाई प्रोत्साहित गरिने नीति हुने छ। हस्तकला र ग्रामीण क्षेत्रमा कुटिर तथा मझौला उद्योगहरूका लागि विशेष प्रोत्साहन प्याकेज ल्याउने पक्षमा छ। पर्यटन र कृषिजन्य उत्पादनमा औद्योगिक पृष्ठ सम्बन्ध (व्याकवार्ड लिङ्केज) स्थापित गर्ने छ। दिगो सम्भावना भएका आयात प्रतिस्थापन गर्ने औद्योगिक उत्पादनमा "सनसेट" प्रावधानसहित अन्तर्राष्ट्रिय सन्धिहरूको खुकुलो सीमाभित्र रही अल्पकालीन औद्योगिक संरक्षण गरिने आर्थिक नीति अवलम्बन गरिने छ। सेवा क्षेत्रको भूमिका थप महत्त्वपूर्ण बन्दै गएकोले हवाई व्यवसाय, लजिस्टिक सेवा, बैङ्किङ, बीमालगायत अन्य पेशेवर सेवाहरूमा विश्व "फ्रन्टियर" को अनुकरण गर्ने छ। नेपालको अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउन नेपाली मुद्राको विदेशी विनिमय प्रणालीको समेत पुनरावलोकन गर्ने छ।

२९. यातायात पूर्वाधारमा बाह्रै महिना चल्ने स्तरीय सडक र भरपर्दो अन्तर्राष्ट्रिय हवाई सञ्जालको अभाव अझै खट्किँदो छ। मुलुकभित्रको आवागमन सजिलो बनाउँदै औद्योगिक र जनसाङ्ख्यिक केन्द्रहरूलाई जोड्ने र पर्यटकहरू भित्र्याउने दोहोरो रणनीति यातायात पूर्वाधार विस्तारमा अपनाउने छ। राष्ट्रिय ध्वजावाहक वायुसेवालाई विस्तारित र प्रतिस्पर्धी बनाउन

ख्यातिप्राप्त अन्तर्राष्ट्रिय साझेदार ल्याउने नीति हुने छ । पूर्व-पश्चिम रेलवे, टनेल, केवलकार र रोपवे जस्ता पूर्वाधारमा विशेष जोड हुने छ । भारत र चीनको सीमा जोड्ने उत्तर-दक्षिण रेलवेको सम्भाव्यता, प्रतिफल र छिमेकी देशहरूले प्रस्तावित गर्ने सहयोगका शर्तहरूको मूल्याङ्कनको आधारमा अगाडि बढाइने नीति लिइने छ । स्थानीय सरकारहरू र निजी तथा सहकारी क्षेत्रको साझेदारीमा सार्वजनिक यातायात सुरक्षित, व्यवस्थित र भरपर्दो बनाइने नीति हुने छ । मेट्रोलगायत मास ट्रान्सपोर्टको व्यवस्था तथा अधिकतम सूचना प्रविधिको उपयोग गर्दै योजनाबद्ध बस्ती विकास र स्मार्ट सिटीको अवधारणा क्रमशः कार्यान्वयन गर्ने नीति लिइने छ । पूर्वाधारसँग सम्बद्ध कुनै पनि आयोजनाहरू लहडमा वा महँगा विदेशी ऋण आधारित होइन, प्रतिफल दिने राष्ट्रिय प्राथमिकताका क्षेत्रमा सहुलियतपूर्ण शर्तमा सहयोग लिने नीति अवलम्बन गर्ने छ । आयोजनाको छनोट गर्दा मुलुकको एक भागबाट अर्को भागमा र अन्तर्राष्ट्रिय नाका एवं महानगरसम्म आवतजावत गर्न सजिलो बनाउने उद्देश्य केन्द्रित एवं लागत-लाभ मूल्याङ्कनलाई आधार बनाउने नीति हुने छ ।

३०. विद्युत् पूर्वाधारको विकासले तीन वटा लक्ष्य समेट्ने छन् । पाँच वर्षभित्र सबै नेपालीको घरमा बिजुली पुर्‍याई शतप्रतिशत विद्युतीकरणको कार्यक्रम सम्पन्न हुनुपर्दछ । उद्योग, यातायात र घरघरमा आन्तरिक खपत बढाइने छ र बचत बिजुली विदेशमा निर्यात गर्ने नीतिहरू लिने छ । भारतबाहेक बङ्गलादेशलगायतका देशहरूमा विद्युत् व्यापार सुनिश्चित गर्न आवश्यक कुटनीतिक पहल गर्ने छ । विभिन्न व्यावसायिक मोडल अपनाई समयमै राष्ट्रिय र अन्तरदेशीय प्रसारण लाइन बनाउने र स्तरोन्नति गर्ने कार्यलाई अगाडि बढाई बढ्दो आन्तरिक विद्युत् उत्पादनलाई खेर जानबाट रोक्नुपर्दछ । जलाशययुक्त जलविद्युत् आयोजनाहरूलाई बहुउद्देश्यीय उपयोगिताका दृष्टिले अघि बढाउने नीति लिने छ । जलविद्युत् आयोजनामा स्वदेशी, विदेशी तथा गैरआवासीय नेपालीहरूको लगानीलाई सहज र पारदर्शी बनाइने छ । नेपाललाई “न्यून कार्बन उत्सर्जन” गर्ने राष्ट्रको परिचय दिलाउने स्वच्छ ऊर्जा नीति अख्तियार गर्ने छ ।

३१. जलवायु परिवर्तनबाट नेपालको कृषि र जलस्रोत क्षेत्रमा दीर्घकालीन असर पर्ने छ । नेपाल एक्लैको प्रयासले मात्रै यसको प्रभाव रोक्न नसकिने हुँदा बहुपक्षीय सहकार्यका लागि आर्थिक कुटनीति बलियो बनाउने छ ।

सडकलगायतका पूर्वाधार निर्माणमा वातावरणीय प्रभाव र दिगोपनको आधार सुनिश्चित गर्ने नीति कार्यान्वयन गर्ने छ। भूकम्पीय जोखिम कम गर्न आवास र भौतिक संरचनाको निर्माणमा सीप, ज्ञान र चेतना फैलाएर जनधनको जोखिम घटाउन, जलाधार, चुरेलगायत वनको संरक्षण गरी पहिरो र बाढीको प्रकोप कम गर्ने नीति अख्तियार गर्ने छ। वन पैदावारको व्यावसायिक उपयोग गर्ने नीति हुने छ। हरित अर्थतन्त्रकै जगमा दिगो र फराकिलो आर्थिक वृद्धि सम्भव छ भन्ने सोचलाई नेपाली कांग्रेसले सार्थकता दिने छ। वि.सं. २०७२ को भूकम्पपश्चात् उद्धार, पुनर्स्थापना र पुनर्निर्माणको कामलाई नेपाली कांग्रेसको नेतृत्वको सरकारले अभूतपूर्व आन्तरिक र अन्तर्राष्ट्रिय सहयोग जुटाउन सफल भयो। पुनर्निर्माणका लागि नेपालमै अन्तर्राष्ट्रिय सम्मेलन गरी ४ अर्ब अमेरिकी डलर बराबरको अन्तर्राष्ट्रिय सहयोगको प्रतिबद्धता सुनिश्चित गऱ्यो। भूकम्पपश्चात्को पुनर्निर्माणलाई वि.सं. २०७७ भित्रै सम्पन्न गर्न अन्तर्राष्ट्रिय जगत्ले गरेको प्रतिबद्धताअनुसारको सहयोग परिचालन गरी स्रोतको सुनिश्चितता यो सरकारले गर्न सक्नुपर्दछ।

३२. भू-परिवेष्ठित राष्ट्रको हैसियतले दुवै छिमेकी मुलुकहरू हुँदै व्यापार र पारवहनमा समुद्र र भूमि मार्ग हुँदै अन्य देशहरूसँग निर्वाध पहुँच तथा अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको शून्य भन्सारलगायतका सहुलियतपूर्ण बजार पहुँच वृद्धि गर्ने नेपाली कांग्रेसको नीति हुने छ। साथै, द्विपक्षीय तथा बहुपक्षीय सहुलियतपूर्ण ऋण, जलवायु परिवर्तनको प्रभाव कम गर्न अन्तर्राष्ट्रिय सहयोग, नेपालको प्राथमिकताका आधारमा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ-संस्थामार्फत तथा प्रत्यक्ष विदेशी सहयोग लिने नीति नेपाली कांग्रेसको हुने छ। वैदेशिक प्रत्यक्ष लगानीलाई सहज र सरल बनाउने, गैरआवासीय नेपालीहरूको सीप र पूँजीलाई आकर्षित गर्ने तथा विदेशमा काम गर्ने श्रमिकहरूको सुरक्षा र अधिकारको प्रत्याभूति सुनिश्चित गर्नु पनि नेपाली कांग्रेसको आर्थिक कुटनीति हुने छ।

**(ङ) समतामूलक लोककल्याणकारी राज्य :**

३३. नेपाली कांग्रेस समतामूलक लोककल्याणकारी राज्यमा विश्वास गर्दछ। नेपाललाई उन्नत र न्यायपूर्ण बनाउने यसको समाजवादी नीतिको मूल ध्येय हो। लोकतान्त्रिक समाजवादमा उत्पादनसँगै वितरणको मुद्दा प्रमुख रहन्छ। राष्ट्रिय समृद्धिको पहुँचमा हरेक नागरिक हुनुपर्दछ। यो सुनिश्चित गर्न पछाडि

परेका क्षेत्र, वर्ग र समूह लक्षित नीतिअनुरूप सामाजिक सुरक्षालगायतका वितरणको कार्यक्रम ल्याउने मूल जिम्मेवारी राज्यको हुने छ। राज्यले आफ्नै लगानी, सहकारी र निजी क्षेत्रसँगको सहकार्य र समन्वयमा गुणस्तरीय सार्वजनिक सेवाहरू दिने छ। निजी क्षेत्रका उद्यमीहरूलाई रोजगारीमूलक उत्पादनशील उद्योग व्यवसायमा प्रेरित गर्ने छ। राज्यले सहजकर्ता र उत्प्रेरकको प्रभावकारी भूमिका निर्वाह गर्दै समतामूलक अवसरको विस्तार र पहुँचसँग गाँसेर हेर्ने नीति कांग्रेसको हुने छ। नेपाली कांग्रेसले गत समयमा अगाडि बढाएको सहकारी नीतिलाई थप प्रभावकारी बनाउँदै बढी भन्दा बढी विपन्न जनतालाई समेत सहकारीमा सहभागी हुन प्रोत्साहित गरी उच्च उद्यमशीलता र आयआर्जनको माध्यम बनाउने नीति लिने छ। एक दशकभित्र गरिबीको रेखामुनि रहेका नेपालीहरूलाई पूर्ण रूपमा गरिबीबाट मुक्त गराई सम्मानजनक जीवनयापन गर्ने वातावरण सिर्जना गर्नु हाम्रो लक्ष्य हुने छ।

३४. हाम्रो परिकल्पनाको लोककल्याणकारी अर्थ व्यवस्थामा सार्वजनिक स्वास्थ्य र शिक्षा राज्यको प्राथमिक जिम्मेवारीमा पर्दछ। हाम्रो शिक्षा र स्वास्थ्य नीति सबैलाई गुणस्तरीय शिक्षा र सबैलाई गुणस्तरीय स्वास्थ्य भन्ने सोचमा आधारित हुने छ। सुलभ र स्तरीय स्वास्थ्य र शिक्षा नै सामाजिक उन्नति र न्यायपूर्ण समाजका लागि अनिवार्य आवश्यकता हो भन्ने मान्यता कांग्रेस राख्दछ। सार्वजनिक स्कुलमा दिने शिक्षालाई गुणस्तरीय र निःशुल्क तथा सार्वजनिक कलेजमा दिने शिक्षालाई गुणस्तरीय र सस्तो बनाउने नीति अवलम्बन गर्ने छ। सूचना प्रविधिमा आधारित शिक्षा र स्वास्थ्य सेवालाई उच्च प्राथमिकता दिने नीति अवलम्बन गर्ने छ। सार्वजनिक शिक्षाको गुणस्तर बढाउने मूल चुनौतीलाई पूरा गर्न शिक्षकको निरन्तर क्षमता विकास, सूचना प्रविधिमा आधारित आधुनिक पाठ्यसामग्रीको समुचित व्यवस्था र अन्य आवश्यक भौतिक पूर्वाधार सुनिश्चित गर्ने नीति कांग्रेसले लिने छ। हरेक जिल्लामा गुणस्तरीय शिक्षा दिन केन्द्रको लगानीमा बूढानीलकण्ठ स्कुलको ढाँचामा केन्द्रीय आवासीय विद्यालय स्थापना गर्ने नीति लिने छ। यी विद्यालयहरूमा जिल्लामा कार्यरत राष्ट्र सेवकका छोराछोरी, दूरदराजका तथा गरिब जेहेन्दार विद्यार्थीहरूलाई प्राथमिकता दिने नीति हुने छ। शिक्षालाई रोजगारमूलक बनाउन राज्यले सम्बन्धित आर्थिक क्षेत्रको समन्वयमा आवश्यक प्राविधिक र व्यावसायिक जनशक्तिको

विकास र विस्तार गर्ने छ। यस्तो शिक्षामा गरिब र विपन्न जनताको पहुँच बढाउन राज्यले पर्याप्त लगानी गरी प्राविधिक र व्यावसायिक विद्यालयहरूको सङ्ख्या विस्तार गर्ने नीति लिने छ। शिक्षामा हुने लगानीको उच्च प्रतिफल हासिल गर्न जिम्मेवारी र परिणामलाई मूल्याङ्कनको मूल आधार बनाइने रणनीति अख्तियार गर्ने छ। निजी क्षेत्रका शिक्षा र स्वास्थ्य प्रदायकहरूले सामाजिक दायित्व पूरा गर्नुपर्ने नीतिलाई सशक्त गराउने छ। सामुदायिक विद्यालयहरूको स्तरोन्नति गर्न तिनको व्यवस्थापनमा निजी विद्यालयहरूसँगको साझेदारीलाई परीक्षणका रूपमा अघि बढाउने छ। त्रिभुवन विश्वविद्यालयका देशभर छरिएका आङ्गिक कलेजहरूलाई प्रदेशगत रूपमा एकत्रित गरी कम्तीमा सातवटा केन्द्रीय विश्वविद्यालयहरू रहने नीति लिने छ। सम्पूर्ण जनतामा स्वास्थ्य बीमाको विस्तार गरी गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाउने नीति कांग्रेसको हुने छ। आम जनताको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन दक्ष जनशक्ति, सूचना प्रविधिमा आधारित स्वास्थ्य सेवाको विकासका साथ आवश्यक पूर्वाधार र सामग्रीको आपूर्तिमा जोड दिने छ। आधुनिक स्वास्थ्य सेवाको पहुँच सबै भौगोलिक क्षेत्र र समुदायमा पुऱ्याउन अस्पताल र स्वास्थ्य केन्द्र विस्तारित गर्ने छ। स्वास्थ्य शिक्षालाई विकेन्द्रित गर्न सातवटै प्रदेशमा सामुदायिक शिक्षण अस्पतालहरूको स्थापना, संचालन र विकास गर्ने नीति लिने छ।

३५. 'कोखदेखि शोकसम्म' को जीवनचक्रमा केही निश्चित कालखण्डहरू बढी जोखिमपूर्ण हुन्छन् त्यस बेला नागरिकको भरथेग गरिदिनु राज्यको दायित्व हो। नेपाली कांग्रेसले अल्पकालीन राजनीतिक लाभका लागि राज्यको ढुकुटी रित्याउने गरी जथाभावी वितरणमुखी कार्यक्रम ल्याउँदैन तर मुलुकको राजश्व, नागरिकको योगदान, संस्थागत कोषहरू र नवीन वित्तीय उपकरणहरूले धान्न सम्भव भएसम्म राज्यले विपन्न र सीमान्तकृत जनताप्रति जिम्मेवार र सहयोगी बन्ने नीति लिने छ। पुनर्वितरण र बीमासहित सामाजिक सुरक्षाका दुई प्रमुख पाटाको छुट्टाछुट्टै नीतिगत सम्बोधन हुने छ। पुनर्वितरण सोझै नगद दिएर, सार्वजनिक सेवा र वस्तुको वितरणमा अनुदान दिएर वा न्यूनतम रोजगारीको ग्यारेन्टी गरेर अघि बढ्ने छ। नेपाली कांग्रेसले ल्याएको सामाजिक सुरक्षा ऐन २०७४ को मर्मअनुसार नागरिकको आर्थिक हैसियतको अनुपातमा योगदान गर्ने सामाजिक बीमाका कार्यक्रम ल्याइने छ। यी कार्यक्रमहरूले सबै नागरिकलाई समेट्ने छ तथा कम

आर्थिक सामर्थ्य भएका विपन्न जनताका लागि राज्यले अत्यधिक योगदान दिने छ । सामाजिक सुरक्षासम्बन्धी वितरणमुखी कार्यक्रमहरूलाई सूचना प्रविधिमा आधारित प्रणालीमार्फत व्यवस्थित गर्ने छ ।

३६. नेपाली कांग्रेस श्रमजीवीहरूका लागि मर्यादित रोजगारी, सामाजिक सुरक्षाको प्रत्याभूति, सामूहिक सौदावाजीको व्यवस्था सुनिश्चित गर्ने नीतिको पक्षमा छ । अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमजीवीहरूको पञ्जीकरण र न्यूनतम ज्याला निर्धारणमा सहजीकरण गर्दै सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित निवृत्तीभरण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने छ । पुनर्वितरण अन्तर्गत महिला, दलित, सीमान्तकृत आदिवासी र गरिबलाई केन्द्रित गरेर सुत्केरी आमासँग सम्बन्धित पोषणका कार्यक्रम, शैक्षिक संस्थामा आवास, खाना, छात्रवृत्ति, सशर्त नगद हस्तान्तरण र प्रोत्साहन पुरस्कार, तरुण सीप वृत्ति, युवा स्वयंसेवा भत्ता, विशेष रोगको निःशुल्क स्वास्थ्य उपचार, वर्षमा १२० दिनको रोजगारी ग्यारेन्टी, ज्येष्ठ नागरिक भत्ता र सेवाआश्रम, मृत्यु संस्कार र सम्मान खर्चलगायत पर्छन् । राष्ट्रिय औसत आयुभन्दा ५० जिल्लामा कम औसत आयु रहेको यथार्थलाई दृष्टिगत गर्दै वि.सं. २०७४ मा देउवा सरकारले घोषणा गरेको ६५ वर्ष नाघेकालाई वृद्ध भत्ता र गम्भीर प्रकृतिका बिरामीहरूलाई भत्ता दिने नीति कार्यान्वयन गर्ने पक्षमा छ । सामाजिक बीमाअन्तर्गत अनिवार्य स्वास्थ्य बीमा, कृषिबाली र पशुधन बीमा, औपचारिक क्षेत्रमा काम गर्नेको पेन्सन ग्यारेन्टी, स्वरोजगार वा अनौपचारिक क्षेत्रमा काम गर्ने सबैको नागरिक सुरक्षा दर्ता र पेन्सनमा पहुँच, वैदेशिक रोजगारमा संलग्नको सामाजिक सुरक्षा कोषमा योगदान गरेबमोजिम पेन्सन, रेमिट-हाइड्रो र रेमिट-आवास जस्ता लाभांश दिने कार्यक्रम पर्ने छन् । माथि उल्लेखित सामाजिक सुरक्षा तथा सामाजिक बीमा कार्यक्रम कार्यान्वयन गर्ने नेपाली कांग्रेसको नीति हुने छ ।

**(च) रोजगारमुखी युवा केन्द्रित उद्यमशीलता तथा कर्मशीलता :**

३७. नेपालको जनसङ्ख्या सन् २०२८ बाट 'प्रौढ' र सन् २०५४ बाट 'वृद्ध' हुने छ। अब हामीसँग जनसाङ्ख्यिक लाभ (डेमोग्राफिक डिभिडेन्ड) लिनका लागि दश वर्षको मात्र अवसर छ। त्यसपछि अवसरहरू साँघुरिँदै जाने छन् । अबको नीति रोजगारीमूलक आर्थिक विस्तारबाट निर्देशित हुने छ । आर्थिक, सामाजिक परिवर्तन ल्याउन युवाहरूको सिर्जनशीलता, सीप र दक्षता विकास गर्दै कृषि, ऊर्जा, साना तथा मझौला उद्योगहरू

र पर्यटनको विकास र विस्तारमा विशेष प्राथमिकता दिने नीति कांग्रेसको हुने छ। मुलुकको अहिलेको मुख्य चुनौती दक्ष युवा जनशक्तिको विकास र व्यवस्थापन हो। कृषिमा रहेको ६० प्रतिशतभन्दा बढीको रोजगारी निर्भरतालाई घटाउन उद्योग, कृषि र सेवा क्षेत्रको उत्पादकत्व बढाउन आवश्यक छ। हाल ४३ लाखभन्दा बढी नेपाली युवाहरू वैदेशिक रोजगारीमा छन्। यो युवाशक्तिलाई मुलुकमै काम दिन नसकिउन्जेल देशको विकास भएको मान्न सकिन्न। नेपालको अर्थतन्त्रमा विदेशमा काम गर्ने युवाहरूको भूमिका महत्त्वपूर्ण छ। सन् २०१८ मा नेपाल भित्रिने कुल विप्रेषणको आकार ८ अर्ब डलर नाघ्ने अनुमान छ भने नेपालबाट पनि करिब ३ अर्ब डलर रकम विप्रेषणकै रूपमा भारतलगायत अन्य देशमा बाहिरिने अनुमान छ। यस्तो अवस्थामा युवाहरूलाई स्वदेशमै रोजगारी सुनिश्चित गर्न जरुरी छ। तर ठूलो सङ्ख्यामा विदेशमा काम गर्ने युवाहरूलाई स्वदेशमै प्रशस्त रोजगारीको अवसरहरू सिर्जना हुने अवस्था नआएसम्म विदेशमा काम गर्न जाने युवाहरूको समेत सीप वृद्धि, गुणस्तरीय रोजगारी र रोजगारीको सुरक्षालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति नेपाली कांग्रेसको हुने छ। उद्यमशील र कर्मशील युवा आजको आवश्यकता हो भन्नेमा नेपाली कांग्रेस स्पष्ट छ।

३८. नवीन सोचसहितको युवा जाँगर र उद्यमशीलता उपयोग गर्न १६ देखि ४५ वर्षसम्मका युवा-उद्यमीहरूलाई लक्षित गरी सहुलियतपूर्ण ऋण दिने नीति तथा कार्यक्रम कांग्रेसले ल्याउने छ। तरूण सीप वृत्ति, स्नातक उपाधि हासिल गरेका तर बेरोजगार शिक्षित युवाहरूलाई स्थानीय तहमा सामुदायिक स्वयंसेवा गरेबापत भत्ता, कम शिक्षा हासिल गरेका अन्य युवाहरूलाई दक्ष बनाउन ऋण र निरन्तर तालिम, १२० दिन रोजगारीको ग्यारेन्टीलगायतका कार्यक्रमले ठाउँ पाउने गरि बृहत् युवा केन्द्रित नीति ल्याउने छ। विगत दश वर्षदेखि हाम्रो अर्थतन्त्रको आकारको अनुपातमा विप्रेषणको प्रवाह र प्रभाव बढिरहेको छ। वैदेशिक रोजगारमा संलग्न वा फर्केका युवाहरूको सीप, दक्षता, पूँजी र विप्रेषण आयलाई उत्पादनमूलक प्रयोजनमा लगानी गर्दै भविष्यमा पेन्सन सरहको लाभांश पाउने नवीन आयोजनाहरूको प्रवर्द्धन गरिने छ। उद्यमशील युवालाई आवश्यक “बिजनेस इनक्युबेटर” को व्यवस्था गरिने छ र “स्टार्ट-अप“ कम्पनीहरूलाई सहज र सहुलियतपूर्ण वित्तीय उत्प्रेरणाहरू दिने नीति हुने छ।

३९. युवाहरूको संलग्नतामा आफ्नै सरकार-खुला सरकारको अवधारणालाई मूर्त रूप दिन सङ्कलित राजश्व र खर्चलगायतका सूचना नियमित रूपमा सार्वजनिक गरिने छ । नागरिक रिपोर्ट कार्ड जस्ता सरकारलाई जवाफदेही बनाउन अपनाइने विश्वव्यापी लोकतान्त्रिक विधिहरूलाई नेपाली कांग्रेसको सरकारले अनिवार्य रूपमा अवलम्बन गर्ने छ । युवाहरूलाई राष्ट्रको इतिहास, संस्कृति, सम्पदा, नागरिक दायित्व आदिबारे सचेत गराउँदै, राष्ट्रिय एकतामा प्रतिबद्ध, सद्भाव र सहिष्णुताबाट ओतप्रोत स्वस्थ जीवन बाँच्न प्रशिक्षित गर्ने अभियान सुरु गर्ने छ । पिछडिएका क्षेत्र, वर्ग र समुदायका युवाहरूलाई लक्षित रोजगारी र उद्यमशीलताको विकास गर्ने छ । युवाशक्तिलाई विज्ञान तथा प्रविधि, अध्ययन-अन्वेषण र नवीन प्रविधिको विकासमा लाग्न उत्प्रेरित गर्ने छ । नेपालमै स्वरोजगार वा रोजगारका निम्ति युवाहरूलाई दक्ष र योग्य बनाउन बृहत् लगानी नीति कार्यान्वयन गर्ने छ ।

**(छ) सार्थक वित्तीय सङ्घीयता :**

४०. सङ्घीय व्यवस्थामा जानुको एउटा मूल उद्देश्य आर्थिक उत्पादन र वितरणको प्रभावकारी कार्यान्वयन गर्नु पनि हो । नेपाली कांग्रेस पार्टी प्रदेश र स्थानीय तहको संरचनाहरूमार्फत आर्थिक वृद्धिको प्रतिफल आम जनतामा पुऱ्याउने लक्ष्यका साथ क्रियाशील रहने छ । स्थानीय निकायहरूलाई स्थानीय विकास र जनसेवाको आधारभूत थलोको रूपमा जिम्मेवारी दिने नीति हुने छ । यसका लागि वित्तीय व्यवस्थापनलाई सहज, सरल र सुनिश्चित बनाउने नीति हाम्रो हुने छ । साथै, मुलुकको निम्ति सङ्घीयताको सार्थकता यसको बुद्धिमतापूर्ण व्यवस्थापन र कार्यान्वयनमा निर्भर गर्दछ । सङ्घीयताको सफल व्यवस्थापनका निम्ति संविधानको मर्म र भावनाअनुरूप आवश्यक कानूनी, प्रशासनिक र नीतिगत पहलहरू लिनुपर्ने छ । नेपाली कांग्रेस सबै राजनीतिक दलहरू, विज्ञ तथा जनताका प्रतिनिधि संस्थाहरूसँग संवाद, परामर्श र सहकार्य गर्दै सङ्घीय राज्य प्रणालीको प्रभावकारी आर्थिक व्यवस्थापनका निम्ति प्रतिबद्ध छ । संविधानले निर्दिष्ट गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहसँग सहकार्य, सह-अस्तित्व र समानताको सिद्धान्तका आधारमा अन्तरतह सम्बन्ध विकास गर्दै आर्थिक स्रोत र साधनको प्रभावकारी उपयोग र चुस्त सेवा प्रवाह गर्ने नीति कांग्रेसको हुने छ ।

४१. सङ्घीय प्रणालीमा विकासका मूल कार्यान्वयनकर्ता प्रादेशिक र स्थानीय सरकारहरू नै हुन् । यी निकायहरूलाई जिम्मेवारी दिने र जिम्मेवार बनाउने

नीति कांग्रेसको हुने छ। तिनलाई साधन, सीप र संयन्त्र उपलब्ध गराएर मात्र समृद्धिको सपना साकार हुन सम्भव हुन्छ भन्ने धारणा कांग्रेसको छ। सङ्घीय समानीकरण अनुदानको न्यायोचित वितरण, राजस्व बाँडफाँडको सूत्र र पद्धति निर्माण र विभिन्न तहका सरकारहरूबीचका सम्भाव्य आर्थिक विवादलाई निरूपण गर्ने संयन्त्रका रूपमा संविधानले परिकल्पना गरेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई सशक्त बनाउने नीति हुने छ। प्रदेश सेवा आयोगमार्फत प्रदेश र स्थानीय आवश्यक जनशक्तिको स्थायी आपूर्ति हुने व्यवस्था मिलाई स्थानीय विकास निर्माण र सार्वजनिक सेवालाई व्यवस्थित गर्न कर्मचारी उपलब्धताको प्रत्याभूति गर्ने छ।

४२. प्रदेश संसद् र स्थानीय सरकारहरूलाई जनउत्तरदायी, विकासप्रिय र पारदर्शी तुल्याउनुका साथै महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं सामाजिक र आर्थिक रूपले पिछडिएका वर्ग र समुदायको उत्थान तथा विकासमा सहजीकरण एवं सहकार्य गर्ने कार्यमा प्रोत्साहन गर्ने छ। प्रदेशका राजधानीहरूमा भवनलगायत न्यूनतम भौतिक पूर्वाधार विकास तथा संस्थागत विकास कार्यहरूमा सहयोग पुऱ्याई प्रदेश सरकारलाई प्रभावकारी रूपमा आफ्नो कार्य संचालन र सेवा प्रवाह गर्न सक्ने बनाउने छ। प्रत्येक गाउँपालिका तथा नगरपालिका केन्द्रसम्म पक्की सडकको व्यवस्था गर्नुका साथै गाउँपालिका तथा नगरपालिका र वडा कार्यालयको लागि कार्यालय भवनलगायतका न्यूनतम पूर्वाधार विकास गर्ने नीति कांग्रेसको हुने छ।

**(ज) सदाचारयुक्त आर्थिक सुशासन :**

४३. विधिमा आधारित सुशासन सबल लोकतन्त्रको मुटु हो। त्यसैले नेपाली कांग्रेसले शासकीय र प्रशासकीय संयन्त्रलाई समावेशी, सेवामुखी, गुणस्तरीय, विधिसम्मत र जनता-अनुकूल बनाउने लक्ष्य लिएको छ। सरकारी सेवाप्रदायक निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता र प्रभावकारिता स्थापित गर्नु नेपाली कांग्रेसको आधारभूत सुशासन नीति हुने छ। जिम्मेवारी दिने र जिम्मेवार बनाउने नीतिलाई राज्य संरचनाका हरेक तहमा कार्यान्वयन गर्ने हाम्रो नीति हुने छ। यसले राज्य संयन्त्रभित्र कहाँ र कसले जिम्मेवारी पूरा गऱ्यो वा दुरूपयोग भयो भन्ने टुङ्गो लगाउन सहज हुने छ। यसले राज्य र समाजमा मौलाउँदै गएको ढिलासुस्ती, भ्रष्टाचार र कुशासनलाई न्यून गर्न मद्दत मिल्ने छ। सार्वजनिक निर्माण एवं अन्य परियोजनालाई स्रोत

साधनको सुनिश्चितता गर्दै ठेक्का प्रणालीमा भएको विसङ्गति र कमजोरीहरू हटाई निर्माण कार्यमा हुने ढिलासुस्ती हटाउने नीति कार्यान्वयन गर्ने छ। यी सुशासन सम्बन्धित नीतिहरूबाट आर्थिक उत्पादन र वितरणको प्रभावकारिता वृद्धि हुने छ। आर्थिक प्रशासनलाई पेपरशून्य सूचना प्रविधिमा आधारित प्रणालीमा रूपान्तरित गरी सुशासन र आर्थिक प्रभावकारिता विस्तार गर्ने नीति लिने छ।

४४. राष्ट्रिय सदाचार संहिताको निर्माण गरी सङ्घ, प्रदेश तथा स्थानीय तहका सबै पदाधिकारी एवं राष्ट्र सेवक र निजी क्षेत्र, गैरसरकारी एवं नागरिक समाजका संस्थालगायतका पदाधिकारीमा शुद्ध आचरणको विकास गर्ने प्रणाली विकसित गर्ने छ। सबै तहमा काम गर्ने राष्ट्र सेवक वा पदाधिकारीको कार्यक्षमता, इमानदारी र कार्य व्यवहारको प्रतिवेदन अद्यावधिक गर्ने पद्धतिको विकास गरिने छ। सोही आधारमा राष्ट्र सेवकको मूल्याङ्कन गरी उपयुक्त जिम्मेवारी दिने परिपाटीको विकास हुने छ।

४५. कमजोर नियमन, बिचौलियाको बोलबाला, कृत्रिम अभावको सिर्जनालगायतका कारण दैनिक उपभोग्य वस्तुको बजार मूल्य अनियन्त्रित रूपमा बढ्ने क्रमलाई नियन्त्रण गर्न सरकारले सार्थक हस्तक्षेप गर्नुपर्दछ। आर्थिक स्रोतको सुनिश्चितता र सामाजिक एवं वातावरणीय पक्षहरू नहेरिकन नयाँ आयोजनाहरूको घोषणा गर्ने तर वर्षौंदेखि प्राथमिकतामा परेका राष्ट्रिय गौरवका आयोजनाहरू पूरा गर्ने तत्परता नदेखाउने रवैयालाई कांग्रेसले अन्त्य गर्ने नीति लिने छ।

४६. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रलगायतका भ्रष्टाचार नियन्त्रण गर्न गठित निकायहरूलाई साधन, स्रोत र प्रविधिले सुसज्जित बनाई यस्ता संस्थाहरूलाई समाधानउन्मुख गराई भ्रष्टाचार नियन्त्रणलाई थप प्रभावकारी बनाउने छ। भ्रष्टाचारमुक्त समाज निर्माण गर्नको लागि वर्तमान कानूनी व्यवस्थाका अतिरिक्त सामाजिक एवं राजनीतिक अभियान संचालन गर्ने नीति कांग्रेसको हुने छ।

४७. नेपाली कांग्रेस हाल सङ्घीय र सबै प्रादेशिक संसद्हरूमा प्रमुख प्रतिपक्षीको भूमिकामा छ। बहुसङ्ख्यक स्थानीय तहका सरकार पनि कांग्रेसको नेतृत्वमा छैनन्। त्यसैले पार्टीले प्रस्तुत गरेको यो आर्थिक नीति कार्यक्रमगत भन्दा पनि समग्रमा मुलुकका मूल आर्थिक समस्याहरूलाई पहिचान गर्ने र तिनलाई सम्बोधन गरेर मुलुकलाई समृद्धिउन्मुख बनाउन अपनाइनुपर्ने

विषयमा केन्द्रित छ । वर्तमान कम्युनिष्ट सरकारले लिने आर्थिक नीति र कार्यक्रमलाई यथार्थपरक मूल्याङ्कन गर्न, त्यसका आधारमा सरकारलाई खबरदारी गर्न र जनतालाई उनीहरूका हितविपरीत लिइने निणर्यहरूबारे सचेत गराउन यी नीतिहरू सहायक हुने छन् । आगामी दिनमा नेपाली कांग्रेस सरकारमा आउँदा पनि यी नीतिहरूले मार्गनिर्देशन गर्ने छन् ।

४८. वि.सं. २०७४ मा सङ्घीय संसद्को निर्वाचनअगाडि नेपाली कांग्रेसले केही महत्त्वपूर्ण मुद्दाहरूलाई प्राथमिकताका साथ उठाएको थियो जुन आज पनि अत्यन्तै सान्दर्भिक छन् । कम्युनिष्ट आवरणमा उदाउन खोजेको भ्रष्ट चरित्रको नियन्त्रण र निषेधमा आधारित राज्य व्यवस्थाको अवधारणालाई परास्त गर्दै असल शासन प्रत्याभूत गर्ने विधिमा आधारित लोकतन्त्रको सबलीकरणमार्फत आर्थिक समुन्नति र यसको पहुँचमा आम नागरिकलाई पुऱ्याउनका लागि नेपाली कांग्रेस आवश्यक रहेको आधार अझ बलियो बन्दै गएको छ ।

४९. वी.पी. कोइरालाले परिकल्पना र परिभाषित गर्नुभए जस्तो आदर्श लोकतान्त्रिक समाजवादी राज्य जहाँ स्तरीय शिक्षा र स्वास्थ्य सेवालगायत चुस्त सार्वजनिक सेवा सुनिश्चित हुन्छ, त्यस्तो समतामूलक समाज स्थापना गर्दै जोखिममा बाँच्ने नेपालीहरूको सङ्ख्या न्यून हुने गरी २१ औँ शताब्दी अनुकूल सामाजिक सुरक्षा प्याकेजको महत्वाकाङ्क्षी योजना कार्यान्वयन गर्ने प्रण नेपाली कांग्रेसले निर्वाचन घोषणापत्रमा उल्लेख गरेको थियो । यसका लागि वी.पी. कोइरालाले भन्नुभएको थियो- “एक एक चम्चा दूध बाँड्ने होइन, कम्तीमा एक एक गिलास हो” । यही मर्मअनुसार उत्पादन वृद्धिविना समानतामा आधारित लोककल्याणकारी राज्य सम्भव नहुने कुरालाई आत्मसात् गर्दै आर्थिक उत्पादन र वितरणलाई साथै अगाडि बढाउने नीतिको कार्यान्वयन गर्नु नेपाली कांग्रेसको लक्ष्य हुने छ । सङ्घीयताको सफल संचालनका लागि नेपाली कांग्रेस चाहिने छ भनेर हामीले भनेका थियौँ । पर्याप्त स्रोत साधन, अधिकार, क्षमता र जवाफदेहीतासहितका स्थानीय, प्रादेशिक र सङ्घीय सरकार जसले एकीकृत राष्ट्रिय अर्थतन्त्रमार्फत हिमाल, पहाड र मधेसलाई एकताको मालामा उन्ने कांग्रेसको अठोट रहिआएको छ । छिमेकी राष्ट्रहरूको आर्थिक उन्नतिबाट लाभ लिँदै सन्तुलित र सम्मानजनक कूटनीतिक सम्बन्ध कायम गर्ने र आर्थिक अन्तर्निभरता र जलवायु परिवर्तन जस्ता साझा मुद्दामा सहकार्य

गर्न अन्तर्राष्ट्रिय विश्वसनीयता भएको नेपाली कांग्रेस नै अघि सर्नुपर्ने हाम्रो निचोड छ ।

५०. अर्को दशक राष्ट्रिय पुनर्जागरणको कालखण्ड हुने र नेपाललाई दिगो विकासमा अग्रणी, मध्यम आय भएको मुलुक बनाउन नीतिगत सुधारमार्फत तीव्र गतिमा पूर्वाधार निर्माण, स्वदेशी एवं विदेशी पूँजी परिचालन, उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न कांग्रेसकै दर्शनमा आधारित दूरदर्शी आर्थिक अग्रसरता मुलुकले खोजेको छ । नेपाली कांग्रेस पार्टी यस लक्ष्यप्रति पूर्ण प्रतिबद्ध र इमानदार रहेको कुरा सबै नेपाली दिदीबहिनी-दाजुभाइहरूलाई आश्वस्त पार्दछ ।

## (७) सामाजिक न्याय र रूपान्तरणबारे नेपाली कांग्रेसको दृष्टिकोण :

### (क) भ्रातृ सङ्घ तथा शुभेच्छुक संस्थाहरू :

- भ्रातृ सङ्घ तथा शुभेच्छुक संस्थाहरू नेपाली कांग्रेसको मेरुदण्ड र मूल सङ्गठनको आधारशीला हुन् । नेपाल महिला सङ्घ, नेपाल तरुण दल, नेपाल विद्यार्थी सङ्घ जस्ता संस्थाहरूले नेपालको लोकतान्त्रिक आन्दोलनमा नेपाली कांग्रेसको काँधमा काँध मिलाएर सक्रिय योगदान दिएको इतिहास छ । वि.सं. २००७ सालको क्रान्तिमा मुक्ति सेनाको बलिदान र योगदान इतिहासमा अङ्कित छ भने त्यसपछिका विभिन्न चरणमा भएका आन्दोलनमा पार्टीका तर्फबाट अनेक मोर्चाहरूमा संलग्न रही सहादत प्राप्त गर्ने शहीदहरू तथा वीर योद्धाहरूलाई नेपाली कांग्रेस र नेपालको लोकतान्त्रिक इतिहासले सदा स्मरण गरिरहने छ । स्थापनाको लगत्तै ००४ को विराटनगर मजदूर आन्दोलन र आन्दोलनसँग जोडिएर आएको नेपाल ट्रेड युनियन कांग्रेसको भूमिकालाई इतिहासले स्थापित गरेको छ । मजदूर आन्दोलन नेपालको लोकतान्त्रिक परिवर्तनमा महत्त्वपूर्ण रहेको छ । नेपाली जनसम्पर्क समिति, नेपाल किसान सङ्घ, नेपाल दलित सङ्घ, नेपाल आदिवासी जनजाति सङ्घ, नेपाल भूतपूर्व सैनिक सङ्घ, नेपाल प्रजातन्त्र सेनानी सङ्घ, राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग सङ्घ, मुस्लिम सङ्घ नेपाल, नेपाल तामाङ्ग सङ्घ, नेपाल राष्ट्रिय मगर सङ्घ, नेपाल ठाकुर समाजसहित विभिन्न समुदाय, पेसा व्यवसायमा रहेका भ्रातृ संस्थाहरू र स्वदेश तथा विदेशमा रहेका शुभेच्छुक संस्थाहरूको योगदानबाट नै नेपाली कांग्रेसको साङ्गठनिक क्षमतामा सहयोग पुगिरहेको छ ।

**(१) महिला :**

- नेपाली कांग्रेसले संचालन गरेका सबै आन्दोलनहरूमा नेपालका महिलाहरूको प्रचुर मात्रामा प्रत्यक्ष सहभागिता रहँदै आएको छ । महिलामाथि हुने अत्याचार र हिंसाविरुद्ध वि.सं. २००७ अघिदेखि नै कांग्रेसले अभियान चलाउँदै आएको छ । यतिखेर मुलुकमा हत्या, हिंसा र बलात्कारका घटनाहरूले निर्दोष छोरीहरूले जीवन गुमाउनु परेको छ । यसका विरुद्ध चलाइने अभियानमा नेपाली कांग्रेसका सम्पूर्ण सदस्य साथीहरू प्रतिबद्धताका साथ लाग्ने छन् ।
- नेपाली कांग्रेसकै नेतृत्वमा जारी संविधानले नै महिलालाई राज्यसंयन्त्रमा ३३ प्रतिशत सुनिश्चित गरिसकेको छ । राज्यका कार्यकारिणी पदहरूमा समेत महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । यसैका आधारमा पार्टीको विधानलाई संशोधन गरेर महिला प्रतिनिधित्वलाई नेपालको संविधानले व्यवस्था गरेअनुसार पार्टीको प्रतिनिधित्व बाँकी रहेको स्थानमा पनि पुऱ्याउन पार्टी प्रतिबद्ध छ । महिलाको सबलीकरण, सशक्तिकरण, अर्थपूर्ण र निर्णायक नेतृत्व विकास गर्न विभिन्न योजना सञ्चालन गरी बढीभन्दा बढी सक्षम महिला नेतृत्व तयार गरिने छ । महिला लक्षित प्रशिक्षण कार्यक्रम संचालन गरी देशैभरि जागरण ल्याउन नेपाली कांग्रेस प्रतिबद्ध छ ।

**(२) दलित :**

- शताब्दियौँदेखिको छुवाछूत जस्तो कुरीति र गरिबीको निरन्तर पीडा खेपिरहेका तथा राजनीतिक-आर्थिक-सामाजिक अवसरबाट बञ्चित हिमाल, पहाड तराई-मधेसमा बस्ने लाखौँ दलितहरू यतिबेला विभेदबाट मुक्ति र अधिकार प्राप्तिको लागि सङ्घर्ष गरिराखेका छन् । नेपाली कांग्रेस दलित समुदायको यो सङ्घर्षलाई लोकतन्त्र, आधारभूत मानवअधिकार र समानताका निम्ति न्यायपूर्ण सङ्घर्ष हो भन्ने ठान्दछ । यो आन्दोलन दलित समुदायको आन्दोलन मात्र नभई लोकतन्त्र, सामाजिक न्याय र समतामूलक समाजको स्थापनाको निम्ति नेपाली जनताको साझा राजनैतिक-सामाजिक आन्दोलन हो भन्ने नेपाली कांग्रेसको ठम्याइ छ ।
- नेपाली कांग्रेस पार्टी स्थापनाकालदेखि विभिन्न वर्ग र समुदायभित्र नेपाली समाजमा कलङ्कका रूपमा प्रचलित जातीय छुवाछूत र भेदभावको विरुद्धमा आन्दोलन गर्दै आएको ऐतिहासिक पार्टी हो । वि.सं. २००९ मा जनकपुरमा सम्पन्न महाधिवेशनले नै दलितहरूलाई भेदभाव गर्ने वा जातीय विभेद

गर्नेहरूलाई पार्टीको सदस्यता नदिने र पार्टीमा सहभागी नगराउने निर्णय लिएको स्मरण गर्दै २१ औँ शताब्दीमा पनि नेपाली समाजमा व्याप्त जातीय छुवाछूत प्रथाको अन्त्यका लागि विभेद गर्ने कसैलाई पनि पार्टी सदस्यता नदिने र कुनै पनि तहको नेतृत्व या सदस्य त्यस्ता काममा संलग्न प्रमाणित भए पार्टी सदस्यताबाट मुक्त गरिने छ । यसका लागि राज्यलाई जिम्मेवार बनाउँदै, नेपाली कांग्रेस पार्टीका सबै तहका नेता, कार्यकर्ता तथा सदस्यहरूलाई थप क्रियाशील भई समाजमा रहेका सबै जातजातिहरूका बीच अन्तरघुलनका माध्यमबाट समाजको रूपान्तरण र विकास गर्न सम्भव छ भन्ने मान्यता स्थापित गराउन सशक्त ढङ्गले पुनः **"जातिपाति मान्दैनौँ" "छुवाछूत जान्दैनौँ" : "सँगै बसौँ सँगै खाऔँ"** भन्ने नारासहित सामाजिक अभियानका रूपमा कार्यक्रम बनाई संचालन गर्न नेपाली कांग्रेस पूर्ण प्रतिबद्ध छ ।

साथै दलित समुदायमा रहेको कला र सीपको सम्मान गर्दै, उक्त पेशा व्यवसायलाई समयानुकूल आधुनिकीकरण गरी जीवनस्तर वृद्धि गर्ने कार्यमा महत्त्वपूर्ण थप भूमिका निर्वाह गर्ने सङ्कल्प गरेको छ ।

**(३) आदिवासी-जनजाति :**

- विगतका सबै लोकतान्त्रिक आन्दोलनमा नेपालका आदिवासी जनजातिको योगदान अविस्मरणीय छ। लोकतान्त्रिक आन्दोलनका क्रममा अनेक शहीदहरू हुनुभयो तिनमा जनजातिहरूको हिस्सा ठूलो रहेको छ । विगतको योगदान तथा नेपालको सामाजिक आर्थिक अवस्थाले माग गरेअनुरूप, लोकतान्त्रिक मूल्य र मान्यताको सम्मान गर्दै नेपाली कांग्रेसले वि.सं. २००७ को परिवर्तनलगत्तै र जननायक वी.पी. कोइरालाको नेतृत्वमा गठित वि.सं. २०१६ को सरकारले समेत जनजातिका पक्षमा आवश्यक पहल गर्दै आएको हो ।
- ऐतिहासिक जनआन्दोलन वि.सं. २०४६ पश्चात् नेपाली कांग्रेसकै नेतृत्वमा बनेको सरकारबाट जनजाति विकास समिति गठन आदेश जारी गर्दै विभिन्न ६१ जनजातिहरूलाई सूचिकृत गरी उनीहरूको मातृभाषा, संस्कृति, परम्परा, चालचलनको संरक्षण संवर्द्धन गर्नमा पहिलोपल्ट सरकारी स्तरबाट नीतिगत रूपमा ठोस कार्यको थालनी भएको हो । यसैगरी शेरबहादुर देउवा नेतृत्वमा बनेको नेपाली कांग्रेसको सरकारले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ जारी गर्दै ५९ वटा विभिन्न आ-आफ्ना मौलिक

मातृभाषा, संस्कृति, परम्परा, रीतिरिवाज, चालचलन, लिखित वा अलिखित इतिहास भएका समुदायहरूलाई सूचिकृत गरिएको छ। जसबाट स्थायी रूपमा विभिन्न आदिवासी जनजातिका भाषा, लिपि, संस्कृति, परम्परा, चालचलनको संरक्षण संवर्द्धन सँगसँगै उनीहरूको राजनैतिक चेतनाको विकास र पहिचानको व्यवस्था गरिएको छ। यसै समयमा राष्ट्रिय महिला आयोग, दलित आयोगहरू बनेका हुन्। मानवअधिकारको क्षेत्रमा योगदान पुऱ्याउन देउवा नेतृत्वको सरकारले राष्ट्रिय मानवअधिकार ऐन २०५३ जारी गरेको हो।

- पछिल्लो जनआन्दोलन २०६२/२०६३ पश्चात् नेपाली जनताको चाहनाबमोजिम गठन हुने संविधानसभाको निर्वाचन सुनिश्चितताका लागि नेपाली कांग्रेस पार्टीबाट आदिवासी जनजातिका समस्या र मुद्दालाई सम्बोधन गर्न नेपाल आदिवासी जनजाति महासङ्घसँग वि.सं. २०६४ श्रावण २२ गते २० बुँदे सम्झौतामा हस्ताक्षर गरी आदिवासी जनजातिहरूलाई राज्यको मूलप्रवाहमा ल्याउन पहल भएको थियो। नेपाली कांग्रेस पार्टीको नेतृत्वको सरकारले वि.सं. २०६४ भाद्र ५ गते अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धी नं. १६९ लाई नेपालको अन्तरिम संसद्बाट अनुमोदन गरी आदिवासी जनजातिहरूको आत्मसम्मान विश्वव्यापी मूल्य र मान्यताअनुरूप सुनिश्चित समेत गरिएको छ। यसैगरी नेपालका आदिवासी जनजातिहरूको विकास र उत्थानलाई स्थायित्व दिन संयुक्त राष्ट्र सङ्घीय आदिवासी घोषणापत्रलाई समेत वि.सं. २०६४ भाद्र २७ गते मतदानमार्फत पक्ष राष्ट्रको रूपमा हस्ताक्षर गरेको थियो। यसरी नेपाली कांग्रेस पार्टीले समानता र सामाजिक न्यायको निम्ति मुलुकमा समृद्धि अगाडि बढोस् भन्ने उद्देश्यले अग्रसरता लिइरहेको छ।
- ऐतिहासिक जनआन्दोलनहरूमा नेपाली कांग्रेस पार्टीले नेतृत्व गरेको बखत आदिवासी जनजातिहरूको सक्रिय सहभागिता रहँदै आएको कुरालाई पार्टीले उच्च मूल्याङ्कन गर्दै आएको छ। स्मरणीय छ : नेपाली कांग्रेसका नेता भीमबहादुर तामाङको संयोजकत्वमा गठित जनजातिसम्बन्धी समितिले **"जातीय द्वन्द्व मेटिने, पहिचान भेटिने"** निष्कर्षसाथ सुझाव प्रस्तुत गरेको थियो। बहुजाति, बहुभाषी, बहुधार्मिक, बहुसंस्कृति एवं भौगोलिक विविधता भएको मुलुकमा सदियौँदेखि नेपाली जनताले भोग्दै आएका असमानताको अन्त्य गर्दै समानता र न्यायको लागि समानुपातिक समावेशी

र सहभागितामूलक सिद्धान्तका आधारमा नेपालको संविधान २०७२ लाई थप प्रभावकारी बनाउन नेपाली कांग्रेस कटिबद्ध छ ।

- आदिवासी, अल्पसङ्ख्यक, सीमान्तकृत, जनजाति समुदायको राज्यको सबै तह सुरक्षा निकाय, निजामती कर्मचारी तथा राज्यको विभिन्न अङ्गमा समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्दै आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक सहभागिता गराउनका साथसाथै क्रमशः आदिवासी जनजातिका मातृभाषालाई उच्च शिक्षासम्म पठनपाठनका लागि आवश्यक व्यवस्था गर्न पहल गर्दै सांस्कृतिक संरक्षण सम्बर्द्धन गर्नु जरुरी भएको नेपाली कांग्रेसको ठहर छ ।
- नेपालका आदिवासी जनजातिहरूको मौलिक मातृभाषा, लिपि, धर्म, संस्कृति नै पहिचानको मुख्य आधार र अभिव्यक्तिको माध्यम भएकोले उनीहरूको परम्परागत ज्ञान, सीप, कला, संस्कृति मातृभाषाकै माध्यमले पुस्तान्तरण हुँदै आएका छन् । आदिवासी जनजातिले बोल्ने मातृभाषालाई नेपालको संविधानले राष्ट्र भाषाको रूपमा परिभाषित गरिसकेको परिप्रेक्ष्यमा यी भाषालाई संरक्षण सम्बर्द्धन गर्नमा विशेष जोड दिँदै क्रमशः माध्यमिक तहसम्म मातृभाषामा पठनपाठनको लागि महत्त्व दिन आवश्यक छ । आदिवासी जनजाति, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको उत्थान र विकासका लागि उनीहरूको बेरोजगारी समस्या समाधान गर्न विशेष कार्यक्रमहरूको तर्जुमा गर्नु आवश्यक छ । आर्थिक विकास सँगसँगै उनीहरूको पहिचान, विकास र सहभागिता वृद्धिको लागि ठोस कार्यक्रमहरू ल्याउनका साथै यी सबै वर्ग र समुदायलाई राष्ट्रको विकासमा समान सहभागिता र उनीहरूको सीप, दक्षता र ज्ञानको उपयोग गर्नुपर्छ भन्ने नेपाली कांग्रेसको स्पष्ट मान्यता छ ।

### (४) **तराई-मधेस :**

- नेपाली कांग्रेसको सम्बन्ध तराई-मधेससँग विशिष्ट र ऐतिहासिक खालको छ । वि.सं. २००७ सालको जनक्रान्तिदेखि हालसम्म आइपुग्दा आत्मीय र अन्तरङ्ग सम्बन्ध रहेको छ । तराई-मधेससँगको यस सम्बन्धलाई निरन्तरता र जीवन्त बनाउन नेपाली कांग्रेस सदैव संवेदनशील र सजग रहने छ । राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय अखण्डताको संरक्षण निम्ति लोकतान्त्रिक आन्दोलनहरूमा तराई-मधेसका नागरिकले देखाएको सक्रिय एवम् जिम्मेवारीपूर्ण भूमिकाको नेपाली कांग्रेस उच्च कदर र सम्मान गर्दछ ।

- नेपाको संविधान २०७२ जारी गरेपछि तत्कालीन नेकपा एमालेको विरोधका वावजूद नेपाली कांग्रेसको अठोटका कारण तराई-मधेसका मुद्दाहरूलाई संविधानमा पहिलो संशोधनमार्फत महत्त्वपूर्ण सम्बोधन गरियो। तराई-मधेसका जनता र अन्य पार्टीहरूसँगको संवादले नेपाली कांग्रेसले दोस्रो संशोधनको पनि प्रयास गऱ्यो । तत्कालीन परिस्थितिमा नेपाली कांग्रेस र मधेसको विषयसित सहमत भएका दलहरूको संसद्मा सङ्ख्या अपुग भएको र नेपाल कम्युनिष्ट पार्टी तत्कालीन एमालेको चर्को विरोधका कारण असफल भयो । तर पनि नेपाली कांग्रेस संविधानलाई थप समृद्ध गर्न र सर्वस्वीकार्य बनाउनका लागि संविधानमा आवश्यक संशोधन र परिमार्जन गर्न आफूले गरेको सहमतिमा प्रतिबद्ध रहेको छ ।
- विविधतामा एकता स्थापित गर्न लोकतन्त्रको अहम् भूमिका रहन्छ। तराई-मधेसमा रहने अल्पसङ्ख्यक, मुसलमान, महिला, भूमिहीन, दलित, जनजाति, पिछडा वर्ग, थारु, मधेसी, मारवाडी तथा यस क्षेत्रमा बसोवास गर्ने अन्य सबै समुदायको हकहित सुरक्षित गर्न हामी प्रतिबद्ध छौँ । तराई-मधेसको मुद्दा यति मात्र छैन यसका अन्य धेरै आर्थिक, सामाजिक सवालहरू छन् । यसको समेत सामूहिक सम्बोधन गर्नुपर्छ भन्ने नेपाली कांग्रेसको मान्यता रहिआएको छ ।
- तराई-मधेस प्राचीनकालदेखि नै विविध जाति, भाषा, धर्म, संस्कृतिको बसोवास क्षेत्र हो । मधेसी समुदायभित्र पनि जातीय र भाषिक थुप्रै विविधताहरू छन् । यी सबैलाई ध्यानमा राखी तराई-मधेसमा भएको विकासमा नेपाली कांग्रेसको महत्त्वपूर्ण भूमिका रहेको कुरा बिर्सन सकिँदैन ।
- तराई-मधेसका मुद्दाहरू समस्या नभएर लोकतन्त्रको शक्ति हो र राष्ट्रियताको सबल ऊर्जा हो भन्ने नेपाली कांग्रेसको मान्यता छ । लोकतन्त्रको संस्कृतिगत चेतना विस्तार गर्न तराई-मधेसको समस्याको तहमा पुगी प्रशिक्षण, लोकतान्त्रिक सिद्धान्तको प्रचारप्रसार, नयाँ कार्ययोजनासहित लोकतान्त्रिक आचरणमार्फत तराई-मधेसका समस्याहरूको समाधान गर्ने छ भनी नेपाली कांग्रेस प्रतिबद्धता जनाउँछ ।
- तराई-मधेस एक शान्त, समृद्ध, आधुनिक र विकसित क्षेत्र बन्न सक्दछ। नेपाली कांग्रेसका सदस्य साथीहरू यी उद्देश्यहरू प्राप्तिका लागि निरन्तर अग्रसर रहने छन् । नेपाली कांग्रेससँग कुनै पनि गुनासो रहेर पार्टीबाट बाहिर रहनुभएका सम्पूर्ण नेता तथा साथीहरूलाई पार्टीमा स्वागत गरिने छ ।

## (८) अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति :

- नेपालको राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिक स्वतन्त्रता, पञ्चशीलका सिद्धान्त, संयुक्त राष्ट्र सङ्घको वडापत्र, असंलग्नता, नेपालको राष्ट्रिय हितको सम्बर्द्धन, नेपाली मूल्य र मान्यताको संरक्षण नेपालको परराष्ट्र नीतिका मार्गनिर्देशक सिद्धान्तहरू हुन् । नेपाली कांग्रेसले स्थापनाकालदेखि अङ्गीकार गर्दै आएको यिनै मार्गनिर्देशक सिद्धान्तको आधारमा नेपालको राष्ट्रहित र स्वार्थअनुरूप परराष्ट्र नीति अनुसरण गर्दै आएको छ र भविष्यमा पनि गरिरहने छ ।
- वी.पी. कोइरालाको नेतृत्वमा बनेको पहिलो जननिर्वाचित सरकारले नेपालको राष्ट्रहितको पक्षमा अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिको आधारशीला तय गरेको थियो । इजरायलसँग दौत्य सम्बन्ध स्थापना गर्ने र छिमेकी मित्रराष्ट्र भारत र चीन समेतलाई नेपालको कूटनीतिक क्षमताको दृष्टान्त प्रस्तुत गर्ने ऐतिहासिक काम त्यस समय भएको थियो ।
- भूपरिवेष्ठित नेपालको खुला सीमा, भूराजनीतिक, सामरिक तथा कूटनीतिक संवेदनशीलतालाई आत्मसात गर्दै छिमेकी मित्रराष्ट्र भारतसँगको परम्परागत सामाजिक, आर्थिक, कूटनीतिक, धार्मिक, सांस्कृतिकलगायत बहुआयामिक एवं विशिष्ट सम्बन्धलाई थप प्रगाढ, घनिष्ट र मैत्रीपूर्ण बनाउनमा सदा नेपाली कांग्रेसको उच्च प्राथमिकता रहँदै आएको छ र रहिरहने छ ।
- त्यसैगरी उत्तरतिरको छिमेकी राष्ट्र चीनसँग पनि अत्यन्त न्यानो, प्रगाढ र मैत्रीपूर्ण सम्बन्ध रहिआएको छ। अन्तरर्राट्रिय तथा क्षेत्रीय राजनीति, कूटनीति तथा भूराजनीतिमा आएका परिवर्तनहरूलाई गम्भीर मूल्याङ्कन गर्दै बृहत्तर अन्तर्राष्ट्रिय समुदायसँग भूपरिवेष्ठित नेपालको कूटनीतिक सम्बन्ध विस्तारित गरी थप सघन र घनिष्ट बनाउन अपरिहार्य भएको छ ।
- नेपालको राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिक स्वतन्त्रता र राष्ट्रहितको संरक्षण गर्दै बहुलवादमा आधारित लोकतान्त्रिक प्रक्रियामा प्रतिबद्ध रहेर छिमेकीका साथै बृहत्तर अन्तर्राष्ट्रिय समुदायसँग पारस्परिक सम्मान, हित र समानताको आधारमा सबै मित्रराष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध कायम गरी उनीहरूको सद्भाव, समर्थन र सहयोग अभिवृद्धिबाट नै देशको गरिबी, पछौटेपनको समाधानसहित चुनौतीको सामना गर्न सकिन्छ ।
- नेपालको परराष्ट्र नीति अवलम्बन गर्दा बहुलवाद, संसदीय लोकतान्त्रिक प्रणाली, विधिको शासन, मानवअधिकारका विश्वव्यापी मान्यता जस्ता

लोकतान्त्रिक मूल्य र मान्यतालाई उच्च प्राथमिकता दिँदै नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि र अनुबन्धहरूलाई पनि आधारभूत सिद्धान्तका रूपमा अनुसरण गर्नु आवश्यक छ । विश्वमा ध्रुवीकृत भइरहेको बहुध्रुवीय विश्व राजनीतिबाट नेपालले अधिकतम लाभान्वित हुने नीति अनुसरण गर्नु आवश्यक छ भन्ने कांग्रेसको विश्वास छ ।

- वर्तमान परिवर्तित क्षेत्रीय कूटनीतिक, आर्थिक, व्यापारिक तथा सामरिक परिवेशमा क्षेत्रीय सहयोग तथा क्षेत्रीय सहयोग सङ्गठनहरू कुनै पनि देशको परराष्ट्र नीतिको महत्त्वपूर्ण अङ्ग हो । त्यसैले सार्क, बिमस्टेक, शंघाई सहयोग सङ्गठन, एशिया सहयोग डायलग जस्ता क्षेत्रीय सहयोग सङ्गठनहरूबाट नेपालले अधिकतम लाभ हासिल गर्न क्षेत्रीय कूटनीतिक निकायहरूलाई थप सुदृढ र प्रभावकारी बनाउनुपर्दछ ।
- नेपालको राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीति दलगत स्वार्थभन्दा माथि उठेर व्यापक राष्ट्रिय हित र राष्ट्रिय स्वार्थलाई सर्वोपरि मान्दै प्रमुख राजनीतिक दलहरूसँग राष्ट्रिय सहमतिको आधारमा तर्जुमा गरिनुपर्छ भन्ने हाम्रो पार्टीको दृष्टिकोण स्पष्ट छ । नेपाली कांग्रेसको सरकारको समयमा नेपालको राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीति दलगत स्वार्थभन्दा माथि उठेर नेपालको राष्ट्रहित र राष्ट्रिय स्वार्थको आधारमा तर्जुमा गर्न अधिकतम प्रयास गरेको वास्तविकता सबैलाई जानकारी भएकै विषय हो ।
- नेपालको अन्तर्राष्ट्रिय परिचय तथा व्यक्तित्व विकास गर्न र परराष्ट्र नीतिका सन्दर्भमा महत्त्वपूर्ण पक्ष संयुक्त राष्ट्र सङ्घअन्तर्गत शान्ति स्थापनार्थ कार्यरत नेपाली सेना तथा सुरक्षाकर्मीहरूको योगदानको नेपाली कांग्रेस उच्च मूल्याङ्कन गर्दछ । पहिलो विश्वयुद्ध र दोस्रो विश्वयुद्धमा भाग लिएर अन्तर्राष्ट्रिय ख्याति कमाएका नेपाली योद्धाहरू र सन् १९४८ पछि गोर्खा सैनिकका रूपमा कार्यरतहरूको समेत नेपालको परिचय विस्तारमा योगदान रहेको छ । बेलायती सेनामा रहेका गोर्खा सबै सैनिकहरूलाई बेलायती सरकारबाट समान व्यवहार हुनुपर्छ भन्नेमा नेपाली कांग्रेसको स्पष्ट दृष्टिकोण रहिआएको छ ।
- अन्तर्राष्ट्रिय सामरिक सम्बन्ध र विश्व राजनीतिबाट सिर्जित जटिलता र तरलताबाट अन्योलग्रस्त भइरहेको सन्दर्भमा बढ्दो आतङ्कवाद, उग्र दक्षिणपन्थी राष्ट्रवाद, उग्रवामपन्थी अराजकतावाद, धार्मिक कट्टरतावाद र हिंसात्मक गतिविधिहरूले अन्ततः विश्व शान्ति, धार्मिक तथा सामाजिक

सद्भाव र सुसंस्कृत समाजलाई गम्भीर चुनौती दिइरहेको छ । त्यसैले हिंसाको अन्त्य तथा विश्व शान्ति स्थापना, धार्मिक तथा सामाजिक सद्भाव अभिवृद्धि र समतामूलक समाज स्थापनाको दृष्टिकोणले संयुक्त राष्ट्र सङ्घमार्फत नेपालले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ भन्नेमा नेपाली कांग्रेस सदा दृढ छ ।

- अहिलेको आवश्यकता राष्ट्रिय एकता र परराष्ट्र नीतिमा मतैक्यता स्थापना गर्न सबै राजनीतिक दलको साझा उद्देश्य देशमा शान्ति, स्थिरता र सम्पन्नताको संस्थागत विकास गर्न राष्ट्रिय संस्थाहरू बलियो बनाउने हो । अन्तर्राष्ट्रिय सम्बन्ध र विश्व राजनीतिमा जटिलता र तरलताबाट अस्तव्यस्त भइरहेको सन्दर्भमा नेपालले बहुध्रुवीय र अन्तरनिर्भर गतिशीलतालाई बुझेर बढ्दो आतङ्कवाद, उग्रराष्ट्रवाद, हिंसात्मक गतिविधिले विखण्डनशील प्रवृत्तिलाई बुझ्ने सामर्थ्य, सूचना र ज्ञान राख्नुपर्ने छ । राष्ट्रहरू अन्तर्मुखी हुने प्रवृत्ति बढ्दो छ। यस पृष्ठभूमिमा देशको परराष्ट्र नीतिमा सबैको एउटै आवाज, एउटै व्यवहार कायम गरेर कूटनैतिक मर्यादाको पालना गर्ने आन्तरिक राजनीतिमा बहुलवाद र अन्तर्राष्ट्रिय सम्बन्धमा बहुध्रुवीय सिद्धान्तप्रति नेपाली कांग्रेसको पूर्ण विश्वास रहेको छ । तर प्रधानमन्त्री ओली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको सरकारले असन्तुलित र गैरकूटनीतिक चरित्र, एकाङ्गी र अपरिपक्व व्यवहारका साथ देशलाई क्रमिक रूपमा प्रजातान्त्रिक विश्वबाट अलग तुल्याउने रणनीति अख्तियार गर्न लागेको छ जुन चिन्ताजनक छ ।

### (९) **विदेशमा बसेका नेपाली :**

- नेपालको जनसङ्ख्याको ठूलो हिस्सा श्रम, उच्च शिक्षा र व्यवसायको सिलसिलामा विदेशमा छन् । यस किसिमले कामको सिलसिलामा विदेशमा रहेका आप्रवासी नेपालीहहरूको दक्षता, कौशल र पूँजीलाई लोकतन्त्र र राष्ट्र निर्माणमा प्रभावकारी ढङ्गले अगाडि बढाइने छ। सम्बन्धित मुलुकसँगको कुटनीतिक सम्बन्धका आधारमा उनीहरूको थप अधिकार र सुविधा वृद्धिका लागि अग्रसरता लिइने छ ।
- **जनसम्पर्क समितिहरू :** विदेशमा रहेका नेपाली कांग्रेस समर्थक साथीहरूलाई सङ्गठित गरी जनसम्पर्क समितिहरूको माध्यमबाट त्यस देशमा लोकतन्त्र र कांग्रेसको नीति, उद्देश्य र कार्यक्रम सम्प्रेषण गर्ने माध्यमका रूपमा

अघि बढाइने छ। जनसम्पर्क समितिलाई थप सहभागितामूलक र समर्थ बनाउनका लागि राजनीतिक चेतना अभिवृद्धि गर्न पार्टीले प्रशिक्षक पठाई प्रशिक्षण दिने काम गर्ने छ।

- आफ्नो मातृभूमिभन्दा निकै टाढा रहेर नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण योगदान दिने बुद्धिजीवी, पेसाकर्मी, व्यवसायी तथा विभिन्न प्रकारका श्रममा संलग्नहरूले विभिन्न देशमा नेपाली जनसम्पर्क समितिको स्थापना गरेका छन्। जननायक वी.पी. कोइरालाको अग्रसरता र आह्वानमा भारतबाट ई.सं. १९७६ मा आरम्भ भएको यो संस्था अहिले विश्वव्यापी हुँदैछ। विदेशमा रहेका ती सबै जसले लोकतन्त्रलाई र वर्तमान परिवर्तनलाई सुदृढ गर्न सदा आफ्नो बुद्धि, समय, क्षमता, तथा भौतिकरूपले समेत योगदान गरिरहेका छन्। उनीहरूलाई अझ बढी एकताबद्ध रही नेपालको र नेपाली समुदायको हक र न्यायका पक्षमा सक्रिय गराउन नेपाली कांग्रेस अग्रसर रहने छ।
- विदेशमा पढ्न र व्यवसाय गर्न गएका नेपाली युवाहरूलाई देशको बृहत्तर विकासको खाकाको मूलधारमा समावेश गर्न नेपाली कांग्रेसले विभिन्न सूचनामूलक कार्यक्रमहरू ल्याउने छ। हाम्रा जनसम्पर्क समितिमार्फत ती विद्यार्थीहरूको पीर मर्का बुझ्ने र पढाइ सकेर नेपाल फर्कने वातावरण तयार गर्ने काममा नेपाली कांग्रेस लागेको छ। विदेशमा व्यवसाय गरेर बसेका नेपालीले कमाएको रकमबाट नेपालको विकासमा लगाउन चाहँदा उनीहरूले गर्ने व्यवसायलाई विशेष प्रोत्साहनको नीतिको नेपाली कांग्रेसले नेतृत्व लिएको छ ।
- विदेशमा बस्ने नेपालीहरूको नेपालमा मताधिकारको व्यवस्था गर्नुपर्छ भन्ने माग उठाउने कामको नेतृत्व नेपाली कांग्रेसले नै गरेको हो। अहिले सम्माननीय सर्वोच्च अदालतले सोसम्बन्धी व्यवस्था गर्न सरकारको नाममा आदेश जारी गरिसकेको छ। तर वर्तमान सरकार त्यससम्बन्धी कानून, नियम, कार्यविधि र प्रकृया बनाउन अग्रसर देखिन्न। नेपाली कांग्रेसले यस विषयमा अग्रसरता लिँदै आगामी चुनावमा विदेशमा बस्ने नेपालीहरूको मतदानको हक सुरक्षित गर्न प्रयत्न गर्ने छ।

विभिन्न कारणले रोजगारीका निम्ति अन्तर्राष्ट्रिय श्रम बजारमा पुगेका नेपालीहरूको सङ्ख्या चालीस लाखभन्दा बढी रहेको छ। उनीहरू खाडीको गर्मीमा समेत कठोर परिश्रम गर्न बाध्य छन्। प्रत्येक दिनजसो

दुई नेपाली श्रमिकको हृदयविदारक मृत्युको खबर विदेशबाट आइरहेको छ । आफ्नो पारिवारिक आर्थिक सुधारका लागि विदेश पुगेका छोराछोरीको शव आउँदा परिवारजनमा पर्ने पीडा अकल्पनीय छ । रोजगारीमा गएका नेपाली महिलाहरूको अवस्था झन् दयनीय छ । यस्तो भयावह अवस्थाको अन्त्य गर्न नेपाली कांग्रेस प्रतिबद्ध छ ।

## (१०) विभिन्न पार्टीका सम्बन्धमा नेपाली कांग्रेसको दृष्टिकोण र सैद्धान्तिक तथा नीतिगत भिन्नता

नेपाली कांग्रेस सबै विचारका राजनीतिक शक्तिहरूले लोकतन्त्रका मूल्यहरूलाई जीवनपद्धतिका रूपमा वरण गरून् र देशमा भएको ऐतिहासिक राजनीतिक उपलब्धिहरूको जगेर्नामा सबैको सहयोग, सम्बद्धता, तथा सहकार्य होस् भन्ने चाहन्छ । देशको स्वतन्त्रता र आम नागरिकको समग्र विकास, आर्थिक सामाजिक उन्नतिमा सबैको सहभागिता, समुदायबीच सद्भाव र धार्मिक सांस्कृतिक सहिष्णुतालाई प्रबर्द्धन गर्नमा आफूलाई निरन्तर सक्रिय बनाइरहनुपर्छ भन्ने आफ्नो धारणा दृढतापूर्वक प्रकट गर्दछ ।

**(क) नेपाल कम्युनिष्ट पार्टी :**

- संसद्मा दुई तिहाई सरहको शक्ति आर्जन गर्नासाथ लोकतन्त्रको आवरणमा सत्तासीन नेपाल कम्युनिष्ट पार्टीका नेता प्रधानमन्त्री केपी ओलीको सरकारले एकपछि अर्को गर्दै संविधानको भावना र मर्ममाथि प्रहार गरी शक्तिको दुरूपयोग गर्न लागेको हुनाले उसको लोकतन्त्रप्रतिको विश्वास र निष्ठामा शङ्का गर्नुपर्ने अवस्था सिर्जना भएको छ । वि.सं. २००७ को जनक्रान्तिमा नेपालका कम्युनिष्टहरूको कुनै भूमिका थिएन । तर वि.सं. २००७ को परिवर्तनपछिको राजनीतिक वातावरणलाई बिथोल्न कम्युनिष्टहरूको नकारात्मक भूमिकाले मद्दत पुगेको इतिहास सिद्ध छ । वि.सं. २०१५ को संसदीय निर्वाचनमा सहभागी हुनु कम्युनिष्ट आन्दोलनको पहिलो सकारात्मक कदम थियो । वि.सं. २०१७ मा राजा महेन्द्रले गरेको 'कु' पछि कम्युनिष्टहरू अनेक धारमा विभाजित भए । पुष्पलाल र उनका अनुयायीहरू संसद् प्रतिस्थापनको मागमा कांग्रेससँग सहमत भई सङ्घर्षमा संलग्न भए पनि वि.सं. २०१८ पछि विभिन्न चिरामा विभाजित बहुसङ्ख्यक कम्युनिष्ट समूहहरू राष्ट्रियताको

तथाकथित नारामा प्रत्यक्ष-अप्रत्यक्ष राजा महेन्द्रको संरक्षणमा हुर्किएका हुन् । वि.सं. २०३६ को जनमत सङ्ग्रहमा समेत कम्युनिष्टहरू विभाजित नै रहे र उनीहरूको ठूलो तप्का निर्दलीय पञ्चायतको पक्षमा प्रयोग भयो ।

- आजको नेपाल कम्युनिष्ट पार्टीका रूपमा विकसित तत्कालीन माले, मसाल र अरू केही कम्युनिष्ट पार्टीले *निर्दल बहुदल एकै हो, जनमत सङ्ग्रह धोका हो* भन्ने नारा लगाउँदै उनीहरूले बहुदलका पक्षमा सक्रिय नेता, कार्यकर्ता र आम नागरिकमाथि आक्रमण गरेका थिए । हेटौँडामा लौहपुरुष गणेशमान सिंहमाथि भएको आक्रमण यसको एउटा प्रामाणिक उदाहरण हो । नेपाली कांग्रेसको आह्वानमा वि.सं. २०४६ को जनआन्दोलनमा संयुक्त वाममोर्चामा सङ्गठित भई आन्दोलनमा सहभागी हुनु र कार्यगत एकतामार्फत प्रजातन्त्र पुनःस्थापनाको सङ्घर्षमा समाहित हुनु नेपाली कम्युनिष्ट आन्दोलनको सकारात्मक परिवर्तन थियो । तर त्यस समयमा पनि कतिपय कम्युनिष्ट समूह उग्र नारामार्फत आन्दोलन असफल गराउन सक्रिय भएका थिए । उनीहरू वि.सं. २०४६ को परिवर्तनविरुद्ध सशस्त्र हिंसामा नै उत्रिए ।
- तत्कालीन राजपरिवारका सदस्यहरू र दरवारियाहरूसँग सहकार्य गरेको खुलासा तत्कालीन माओवादीका केन्द्रीय नेतृत्वहरूबाट नै सार्वजनिक भएको थियो । दशवर्षे सशस्त्र हिंसामा नेपाली कांग्रेसका सदस्यहरू, नेपाली कांग्रेसमा आबद्ध शिक्षक, किसान, सामान्य नागरिक, राष्ट्र सेवक कर्मचारीहरूको निर्मम हत्याले त्यो हिंसाको उद्देश्य स्पष्ट गरेको थियो । लोकतन्त्र, शान्तिपूर्ण मार्ग र प्रतिस्पर्धात्मक राजनीतिमा समर्थन गर्ने कम्युनिष्टलाई नेपाली कांग्रेसले एक प्रतिस्पर्धी शक्तिका रूपमा राजनीतिक सम्बन्ध र सहकार्य गर्दै आयो भने बहुदलीय संसदीय प्रजातन्त्रविरुद्ध सशस्त्र हिंसामा संलग्न कम्युनिष्टसँग कांग्रेसको कठोर र स्पष्ट विमति रहँदै आएको थियो ।
- तत्कालीन राजाको निरङ्कुश कदमले एकातिर परम्परागत तानाशाही सत्ताको सङ्केत दिइरहेको अवस्थामा माओवादीको सशस्त्र विद्रोहले देशमा हत्या, हिंसा र आतङ्क सिर्जना गरी उग्ररूप लिँदै थियो । निरङ्कुशताको दोहोरो दबाबबाट जनतालाई मुक्त गर्न, राष्ट्रियताको जगेर्ना गर्न, लोकतन्त्र र शान्ति पुनर्स्थापना गर्नुपर्ने जिम्मेदारी बोध गरी नेपाली कांग्रेसका तत्कालीन

सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्व र पहलमा माओवादीसँग १२ बुँदे सहमति र अन्य कम्युनिष्ट पार्टीहरूसँग सहकार्य गर्ने निर्णय गरेको यहाँ स्मरणीय छ ।

- वि.सं. २०६३ मंसीरमा सम्पन्न बृहत् शान्ति सम्झौतामार्फत शान्ति स्थापना गर्ने, हिंसात्मक कार्यमा सक्रिय तत्कालीन माओवादी पार्टीलाई लोकतान्त्रीकरणको प्रक्रियामा सहभागी गराउने, संविधानसभाबाट नयाँ संविधान बनाउने र लोकतन्त्र सुनिश्चित गर्ने उद्देश्यले कम्युनिष्ट पार्टीका विभिन्न घटकबीच कांग्रेसको कार्यगत सम्बन्ध हुन पुग्यो । संविधान तर्जुमा गर्ने र संविधान कार्यान्वयनका लागि देशमा स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत सङ्घीय, प्रादेशिक र स्थानीय सरकार खडा गर्ने विषयमा नेपाली कांग्रेसको नेपाली कम्युनिष्टहरूका मुख्य घटकहरूबीच प्रतिस्पर्धा र सहकार्यको सम्बन्ध निरन्तर रहँदै आयो । वि.सं. २०७४ सालमा संविधान कार्यान्वयनका लागि राज्यको अपरिहार्य तीन तहमध्ये स्थानीय तहको निर्वाचनको लगत्तै प्रदेशसभा र केन्द्रको निर्वाचनका समयमा आएर नेकपा (एमाले) र नेकपा (माओवादी) केन्द्रबीच एकाएक मोर्चाबन्दी भयो र अन्ततः पार्टी एकताको स्थिति देखापर्‍यो ।
- यो एकतामा निर्वाचन प्रणालीलाई प्रयोग गरेर सत्ता र राज्यमा कम्युनिष्टहरूको एकतर्फी एकदलीय वर्चश्व स्थापित गर्ने नियत स्पष्ट छ । निर्वाचनपछि कम्युनिष्टहरूको एउटै दल बनाउने र राज्यलाई कम्युनिष्ट पार्टी अन्तर्गत चलाउने काम तीव्ररूपमा अगाडि बढिरहेको छ । देशमा अहिले रहेका नेपाल मजदूर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, नेकपा माले, नेकपा जस्ता दलहरूलाई पनि यौटै मोर्चामा सामेल गर्ने ध्येय सत्तारुढ कम्युनिष्ट पार्टीको देखिन्छ । यसको लक्ष्य लोकतान्त्रिक वातावरण र लोकतान्त्रिक शक्तिविरुद्ध एकताबद्ध हुँदै जानु रहेको छ ।
- लोकतन्त्रको पहरेदार नेपाली कांग्रेस कम्युनिष्टहरूको लोकतान्त्रिक प्रक्रियामा सहभागिता एउटा छलछाम र धोखाधडी हो कि भन्ने संशय गर्न बाध्य भएको छ । वर्तमान कम्युनिष्ट सरकार लोकतन्त्रका मूल्य र धरोहरविरुद्ध सक्रिय हुँदै लोकतन्त्रले प्रदान गरेका अधिकार र अवसर प्रयोग गरेर एक दलीय सर्वसत्तावादतर्फ अगाडि बढ्न लागेको अनुभव हुन्छ । तर यो एकदलीय अधिनायकवाद र सर्वसत्तावादलाई नेपाल कम्युनिष्ट पार्टीको सरकारले परित्याग गरेको खण्डमा नेपाली कांग्रेस

राष्ट्रियतालाई सबल तुल्याउन, वर्तमान संविधानको रक्षा, सुशासन, राजनीतिक स्थिरता र विकास तथा प्रगतिका पक्षमा सहयोग गर्न भने सदा खुला छ ।

**(ख) राष्ट्रिय प्रजातन्त्र पार्टीसहित अन्य दलबारे :**

- राजावादी एवम् परम्परावादीहरूको दलका रूपमा चिनिएको राष्ट्रिय प्रजातन्त्र पार्टीका जुट्दै, टुट्दै पुनः जुटेका विभिन्न घटकहरूको जनताद्वारा विस्थापित राजतन्त्रलाई पुनर्स्थापना गर्ने लगायतका दृष्टिकोण र क्रियाकलाप लोकतान्त्रिक प्रणालीसँग मेल खाँदैनन् भन्ने स्पष्ट छ । विकल्प र लोकप्रियताको नारा एवं आवरणमा खुलेका केही नयाँ दलहरूको आरम्भ भर्खर भएकोले उनीहरूको सिद्धान्त र मान्यताहरू स्थापित भइसकेका छैनन् । उनीहरू पार्टीको रूपमा विकसित समेत भएका छैनन् ।
- राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी फोरम जस्ता दलहरू मिलेर बनेको जनता समाजवादी पार्टी लोकतन्त्रलाई सजिलो बनाउने पृष्ठभूमिबाट आएको छैन । विगतमा राजपा र समाजवादी फोरमहरूले तराई मधेसका जनताको भावनाको दोहन गर्दै राजनीति गर्दै आएका थिए । तर तराई मधेस अथवा जनजाति, दलित र सीमान्तकृत समुदायको उत्थान, विकास र शान्तिका निम्ति उनीहरूको कुनै योगदान छैन । ०७४ को निर्वाचनपछि प्रदेश २ मा देखिएको राजपा र फोरमको सरकार असफल देखिएको छ । उनीहरूले उठाइआएका कतिपय जातिवादी, क्षेत्रीय अतिवादी तथा घोर साम्प्रदायिक कुराहरूले राष्ट्रियता, सङ्घीयता तथा लोकतन्त्रलाई प्राथमिकता दिइरहेका छैनन् । मधेसी जनताको राजनीतिक अधिकारका बाँकी मुद्दाप्रति पनि कुनै चासो छैन । यस पार्टीले जनता समावादी पार्टीका रूपमा तय गर्ने सिद्धान्त, नीति र कार्यक्रमका आधारमा थप धारणा बनाउनुपर्ने हुन्छ ।

**(ग) नेपाल कम्युनिष्ट पार्टीको सरकारबारे हाम्रो दृष्टिकोण र सम्बन्धको मूल आधार :**

यति बेला देशमा नेपाल कम्युनिष्ट पार्टीको सरकार छ । हामी जिम्मेवार प्रतिपक्षको भूमिकामा छौँ । गुण र दोषको आधारमा सरकारलाई समर्थन र

विरोध गर्ने हाम्रो नीति रहिआएको छ । यसलाई निरन्तरता दिइने छ । संसदीय लोकतान्त्रिक प्रणालीप्रति तीव्र विमति राख्ने दुई कम्युनिष्ट पार्टी अन्ततः नेपाली कांग्रेसले विश्वास गरेकै राजनैतिक प्रणालीमा सहभागी हुनु नेपाली कांग्रेसको सैद्धान्तिक विजय हो । यसका स्थापित मूल्य र मान्यताको रक्षा गर्ने गम्भीर दायित्व पनि नेपाली कांग्रेसमा नै आएको छ । कम्युनिष्ट पार्टीको सरकारसँग सम्बन्धका मूल दुई आधार रहेका छन् ।

१. संविधानको सफल कार्यान्वयनका लागि सरकारको इमानदारीपूर्ण प्रतिबद्धता तथा लोकतान्त्रिक चरित्र, शैली र व्यवहार ।
२. देशको समृद्धि, राष्ट्रिय स्वाधीनता र स्वाभिमानको अभिवृद्धिका लागि परिपक्व, जिम्मेवार र गम्भीर भूमिका ।

- वर्तमान सरकारका प्रधानमन्त्रीलाई झैँ सहज राजनैतिक वातावरण सम्भवतः विगतका कुनै पनि प्रधानमन्त्रीलाई प्राप्त थिएन । पछिल्लो दशककै मात्र स्मरण गर्ने हो भने विगतका ३ प्रधानमन्त्रीले निभाएको ऐतिहासिक भूमिकाको स्मरण गरौँ ! गिरिजाप्रसाद कोइरालाले झैँ शान्ति प्रकृयाको सुरक्षित अवतरण र गणतन्त्र कार्यान्वयनको जटिलता उहाँका सामु छैन । न विमतिहरूका बीच सहमति गाँसेर सुशील कोइरालाको नेतृत्वमा संविधान जारी गरिएको समय जस्तो चुनौती न संविधानसँग असहमत पक्षलाई पनि विश्वासमा लिएर शेरबहादुर देउवाले जस्तो तीन तहको निर्वाचन गराउनुपर्ने जटिलता नै उहाँले चिर्नु छ । तर तुलनात्मक रूपले सहज राजनैतिक वातावरणको सदुपयोग गरेर देशलाई तीव्रतर विकासको गतिमा लैजान सक्ने कुशल शासकीय क्षमता र नेतृत्व उहाँमा देखिएको छैन ।
- दुई भिन्न मनोवैज्ञानिक पृष्ठभूमि र दुई भिन्न स्कुलिङबाट आएका दुई कम्युनिष्ट पार्टीको एकता मूलतः कुनै निश्चित सैद्धान्तिक, वैचारिक जगमा भन्दा अघिल्तिर रहेको निर्वाचन जित्ने सत्ता प्राप्तिको स्वार्थको गठबन्धनबाट प्रेरित र विकसित भएको थियो । सत्ता प्राप्तिका लागि एक हुने, सिद्धान्तको आवरण बिस्तारै गाँस्दै जाने र जेजस्तो उँट बन्ला त्यसलाई आजको मार्क्सवादको बिल्ला भिराइदिने, यो रणनीतिले चुनावी सफलता त मिल्यो, तर यसको दुष्परिणाम र द्विविधाले सरकारको गतिलाई गहिरोसँग प्रभाव र दबाबमा राखेको स्पष्ट देखिन्छ । गत निर्वाचनमा तथाकथित राष्ट्रवादको चर्को नारा लगाउने ओलीले नेतृत्व

गरेको सरकार राष्ट्रको स्वाभिमानमाथि चोट पुऱ्याउँदै अन्ततः लम्पसार गर्न पुगेको दृश्य सबैका सामुन्ने छ । चुनावका समयमा गरेका अनेक वाचाहरू हावाको महल सिद्ध भएका छन् । नेपालका नदीहरूमा नेपाल कै पानी जहाज कुदाउने, घरघरमा ग्यासका पाइपहरू तुरुन्त जोड्ने, एक वर्षभित्र रेल कुदाउने जस्ता सपना बाँड्ने सरकार अहिले विवादास्पद संस्थाहरूको शरणमा पुगेर आशीर्वाद लिन व्यस्त छ । ओलीले चुनावका समयमा भनेको : सरकार बनाउनासाथ वृद्धवृद्धाका लागि पाँच हजार नगद खनखन गन्दै घरघरमा पुऱ्याउने भनेका थिए तर अहिलेसम्म कुनै काम भएको छैन । ओलीको झूठ निर्वस्त्र हुन पुगेको छ । वाइड बडी जहाज काण्ड, गेजुवा कम्पनी काण्ड, ठेकेदार काण्ड, मेलम्ची प्रकरण, यातायात सिण्डिकेट काण्ड, ३३ किलो सुन काण्ड, बुढीगण्डकी आयोजना काण्ड, बालुवाटार जग्गा प्रकरण, नेकपाका सभामुख महरा काण्ड, एनसेल काण्ड, गोकुल बास्कोटा काण्डजस्ता अनगिन्ती काण्डहरू यो सरकारको गर्भमा लुक्न पुगेका छन् । राजधानीका सडक चिल्लो पार्ने सरकारी हल्ला हिलो धूलो र खाल्टाहरू भोग्ने यात्रुहरूका लागि व्यङ्ग भइरहेको छ ।

सर्वत्र अनुभूत गरिएको अधिनायकवादको आशङ्कालाई खण्डित गर्ने भन्दा सरकारको कार्यशैली र व्यवहारले यसलाई पुष्टि गर्ने वस्तुगत आधार प्रदान गरेको छ ।

१. राष्ट्रिय स्वाभिमानलाई गिराउने कार्य, (लिम्पियाधुरासम्मको नक्सा जारी गर्नमा र तदनुरूप संविधानमा संशोधन गर्ने कार्यमा नेपाली कांग्रेसले पूर्ण सहयोग र समर्थन गरेको छ । तर अतिक्रमित भूभाग फिर्ता गर्न र नेपालको स्वामित्वमा लिन सरकारको कुनै प्रयास भएको छैन । राष्ट्रवादको चर्को नारा लगाए पनि अन्य अनेक विषयमा राष्ट्रको शिर निहुरिने काम सरकारबाट भएको छ)
२. सङ्घीयताप्रति उदासीनता,
३. संविधानप्रति अपनत्व विस्तारमा अवरोध,
४. प्रधानमन्त्री कार्यालयमा शक्ति केन्द्रीकरण,
५. विरोधी स्वर नियन्त्रणको प्रयत्न, बुद्धिजीवीहरूलाई थला पार्ने धम्की, प्राज्ञिक क्षेत्रमा हस्तक्षेप र दबाब,
६. संचार माध्यम र अभिव्यक्ति स्वतन्त्रतामा हस्तक्षेप र नियन्त्रण,
७. स्वतन्त्र न्यायालय माथिको ठाडो हस्तक्षेप,

८. प्रशासन संयन्त्रमा गरिएको पक्षपात तथा हस्तक्षेप र सिर्जना गरेको भय,

९. भ्रष्टाचारको संस्थागत विकास ।

१०. शान्ति समितिलगायत विभिन्न स्थानमा कार्यरत कर्मचारीहरूलाई जबर्जस्ती हटाई नेकपाका कार्यकर्ता भर्तीको प्रयास ।

११. सत्ताको आडमा राष्ट्रिय ढुकुटी र प्राकृतिक साधनस्रोत दलगत र सत्ताशीनहरूको स्वार्थमा दुरूपयोग

१२. पदीय मर्यादा र राष्ट्रको प्रतिष्ठाको समेत ख्याल नगरी विवादास्पद गैरसरकारी धार्मिक संस्थाको सह आयोजक बन्दै होली वाइन जस्ता प्रसङ्गको मञ्चन ।

यी आधारहरूको निष्कर्ष बुद्धिजीवीहरूको मानमर्दन, अपराधीहरूलाई संरक्षण, नागरिकका जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय महँगी, अखाद्य पदार्थहरूको बिक्री नियन्त्रणमा निष्कृयता सरकारको निरीहता र नालायकीपनाका नमूना प्रवृत्ति हुन् । बलात्कार र क्रुरतापूर्ण हत्या गरिएका घटनाहरूमा दोषी पत्ता लगाउने सन्दर्भमा सरकारले देखाएको लाचारीपन, सत्तारुढ दलका अनेक सदस्यहरूको महिला तथा यौनहिंसामा देखिएको संलग्नता, अकर्मण्यता एवम् विरोधाभाषपूर्ण अभिव्यक्तिहरू तथा अनेक जाली खेलहरूका कारण सरकार निकम्मा सावित भएको छ। व्यापक चर्चा, विरोध र आन्दोलन हुँदा समेत सरकारले गैरजिम्मेवारीपूर्ण रबैया देखाउनु दोषी पत्ता लगाउने भन्दा जोगाउनेतर्फ लाग्नु, न्याय माग्नेमाथि दमन गर्नु, न्यायको माग गर्दै आम नागरिकले टाँसेका पोस्टर च्यात्नु र गोली चलाउनु कुनै पनि लोकतान्त्रिक र सभ्य मुलुकको सरकारले गर्न नसुहाउने आपराधिक प्रकृतिको काम यो सरकारबाट भइरहेको छ । निर्मला पन्तको घटना एउटा प्रतिनिधि उदाहरण मात्र हो । कुनै पनि घटनाका पीडित व्यक्ति र परिवारले न्याय पाएका छैनन् । जिल्ला जिल्लामा नेपाली कांग्रेसका सदस्यहरूलाई विभिन्न बहानामा कुटपीट, गिरफ्तार र यातना दिने काम भइरहेका छन् । सरकारको यस्तो क्रियाकलापको निन्दा गर्दै दोषीलाई कानूनको कठघरामा उभ्याउन र पीडितलाई न्याय एवं राहत दिन नेपाली कांग्रेसको प्रयास हुने छ । मानवअधिकारका सिद्धान्तहरूको उल्लङ्घन, संक्रमणकालीन न्यायप्रतिको उदासीनता सरकारको दैनन्दिन हुन पुगेको छ ।

**(घ) अभिव्यक्ति स्वतन्त्रता र संचार माध्यम र शिक्षामाथिको नियन्त्रण :**

- कम्युनिष्ट पार्टी नेतृत्वको सरकार नेपालको संविधानले मौलिक अधिकारका रूपमा प्रत्याभूति गरेको अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतालाई सङ्कुचित गर्ने, कानूनको दुरूपयोग तथा अपव्याख्या गर्ने र स्वतन्त्र अभिव्यक्ति निषेध गर्दै सर्वसत्तावादी दिशातर्फ उन्मुख हुँदैछ। नागरिक अधिकार र अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता सर्वसत्तावादी शासन प्रणालीका लागि प्रमुख चुनौती भएकाले सरकार गठन भएको घडीदेखि नै अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतालाई सङ्कुचित गर्ने अवाञ्छित उद्देश्यले विद्यमान कानूनको दुरूपयोग तथा अपव्याख्या गरी स्वतन्त्र प्रेसमाथि आक्रमण गर्ने क्रम जारी छ।
- नेपाली कांग्रेसको सरकारको समयमा स्वतन्त्र र व्यावसायिक प्रेसको उत्साहपूर्ण संस्थागत विकास भएको थियो। त्यसैले नेपाली संचार माध्यमले उदार लोकतान्त्रिक प्रणालीमा स्वतन्त्र प्रेसको पूर्ण र उच्चतम अभ्यास गर्दै आइरहेको छ। नेकपाको सरकारले नागरिक अधिकार र प्रेस स्वतन्त्रतालाई कानूनी रूपमै नियन्त्रण गर्ने उद्देश्यले नागरिक अधिकार र प्रेस स्वतन्त्रतासम्बन्धी केही कानूनहरू संशोधन गर्ने धृष्टता गरिरहेको छ। तर नेपाली कांग्रेसलगायत नागरिक समाजबाट सशक्त प्रतिवाद भएपछि केहीमा सरकार पछाडि हट्न बाध्य भएको छ। सरोकारवालाहरूसँग कुनै छलफल नै नगरी ल्याइएको गुठी विधेयकको विरुद्धमा जनता सडकमा आउँदा आत्तिएको सरकारको चेत अझै नआएझैँ देखिन्छ। कुनै बहानामा सोही विधेयक फेरि ल्याउन खोजे नेपाली कांग्रेस सशक्त प्रतिकारमा उत्रने छ।
- सरकारी स्वामित्वअन्तर्गत रहेका संचार माध्यममाथि ठाडो हस्तक्षेप गरिएको छ। सरकारी संचार माध्यममा कार्यरत सञ्चारकर्मीहरूलाई आस्थाका आधारमा छानीछानी हटाएर सरकारी संचार माध्यमलाई कार्यकर्ता भर्तीकेन्द्र बनाइएको छ। एकातिर, साइबर कानूनका नाममा आलोचना गर्ने निजी क्षेत्रका संचार माध्यमलाई नियन्त्रण गर्ने अस्त्रको रूपमा दुरूपयोग गरेको छ भने अर्कातिर फौजदारी ऐनका नाममा आम नागरिकको अभिव्यक्ति स्वतन्त्रताको हनन गर्ने धृष्टता समेत सरकारले गरेको छ। सञ्चार क्षेत्रसँग प्रत्यक्ष सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठनहरूले समेत सरकारको यस्तो निरङ्कुश कार्यहरूप्रति खेद प्रकट गरेका छन्।

तर सरकार निर्लज्जतापूर्वक स्वतन्त्र अभिव्यक्तिलाई नियन्त्रण गर्ने काम गरिरहेको छ। लोकतान्त्रिक प्रणालीको आधारभूत प्रस्तावना विपरीत अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता कुण्ठित गर्ने यस्तो सर्वसत्तावादी प्रवृत्ति नेपाली कांग्रेसलाई स्वीकार्य छैन ।

कम्युनिष्ट पार्टीको सरकारले व्यक्तिको गोपनीयता हकसम्बन्धी ऐन, विज्ञापन व्यवस्थापनसम्बन्धी ऐन, सार्वजनिक प्रसारण सेवासम्बन्धी ऐनमार्फत अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गराउने काम गरिरहेको छ। सूचना प्रविधिसम्बन्धी विधेयक, मिडिया काउन्सिल विधेयक, आम संचार व्यवस्थापनसम्बन्धी विधेयक र स्थानीय प्रशासन सेवा विधेयक तयार गरी पारित गराउने प्रयास गरिरहेको छ ।

- प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्धका सम्पूर्ण कानून तत्काल खारेज गरी नेपालको संविधानले परिकल्पना गरेबमोजिम पूर्ण अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता बहाली गर्न नेपाली कांग्रेस निरन्तर सक्रिय छ ।
- नागरिकहरूको मौलिक स्वतन्त्रता र गोपनीयतासम्बन्धी अधिकारहरूमा हस्तस्क्षेप गर्ने नियत राखी फोन ट्यापिङ गर्ने जस्ता कानून निर्माण गर्ने गैरसंवैधानिक र आपत्तिजनक कार्य रोक्न नेपाली कांग्रेस सदैव सक्रिय रहने छ ।
- कम्युनिष्ट पार्टी सत्तामा भएको मौका छोपी बिस्तारै शिक्षामा तथाकथित जनवादीकरण सुरु भएको छ । अहिले कतिपय विद्यालयमा कम्युनिष्ट पार्टीका नेताहरूको तस्वीर पुस्तकको मुखपृष्ठमा नै छाप्ने र लोकतान्त्रिक शक्तिलाई अपमानित गर्ने सुनियोजित प्रयास भइरहेको छ । चिनियाँ भाषा पढाउने नाममा लोकतन्त्रका मूल्य र मान्यता विरोधी सोच, विचार र सिद्धान्त फैलाउने काम नेकपाले चिनियाँ कम्युनिष्ट पार्टीसँग मिलेर गरिरहेको छ। यो विषय गम्भीर छ ।
- शिक्षक, प्राध्यापकहरूलाई अपमानित गर्ने काम व्यापक रूपमा भएका छन् । सरकारले सबै प्राज्ञिक संस्था तथा विश्वविद्यालयहरूमा ठाडो हस्तक्षेप गरिरहेका अनेक दृष्टान्तहरू छन् । कम्युनिष्ट पार्टीका विजयी स्थानीय तहमा विचार नमिलेकै कारण शिक्षकहरूलाई जथाभावी सरुवा गर्ने काम पनि भएका छन् । यस्ता सबै कानून विरोधी, लोकतन्त्रका मूल्य विरोधी कार्यहरूको निन्दा गर्दै यस्ता कुनियतपूर्ण कार्यहरू तत्काल रोक्न कांग्रेसका साथीहरूले जोड गर्नुपर्दछ ।

## (११) विभिन्न राजनीतिक दल र नेपाली कांग्रेसका बीचको भिन्नता :

### (क) नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीबीचको भिन्नता :

| नेपाली कांग्रेस | | नेपाल कम्युनिष्ट पार्टी | |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस लोकतन्त्रवादी पार्टी हो । | १. | नेकपा साम्यवादी एकदलीय निरङ्कुशताको उद्देश्य पूरा गर्न जन्मेको पार्टी हो । |
| २. | नेपाली कांग्रेसको आफ्नो स्पष्ट सिद्धान्त छ । बहुमतलाई निषेध गर्दैन । अल्पमतको सम्मान गर्दछ र सहमति, सहकार्य र समावेशितामा पूर्ण विश्वस्त छ । स्थापनाकालदेखि नै नेपाली कांग्रेसले समावेशितालाई व्यवहारमा उतारेको छ र विधानमा समेत उल्लेख गरेको छ । | २. | नेकपाको आफ्नो स्पष्ट सिद्धान्त छैन । कहिले मार्क्स्वाद, लेनिनवाद, माओवाद, नौलो जनवाद कहिले प्रचण्डपथ कहिले जनताको बहुदलीय जनवाद अनेक रूप अँगाल्दै आएको छ । समावेशिताप्रति कम चासो दिन्छ । यथार्थमा अवसरवाद र अनुकूलवाद अवलम्बन गरिरहेको छ । |
| ३. | नेपाली कांग्रेस लोकतान्त्रिक समाजवादलाई आफ्नो आदर्श ठान्दछ । | ३. | नेकपा साम्यवादलाई आफ्नो आदर्श ठान्दछ । |
| ४. | नेपाली कांग्रेस राज्यको शक्ति केन्द्रदेखि स्थानीय निकायसम्म विकेन्द्रीकृत र अधिकार सम्पन्न हुनुपर्छ भन्दछ । | ४. | सिद्धान्ततः नेकपा राज्यको शक्ति केन्द्रीकरण हुनुपर्छ भन्दछ। जनवादी केन्द्रीयता साम्यवादीहरूको लक्ष्य हो । |
| ५. | नेपाली कांग्रेस पहिचान भेटिने जातीय द्वन्द्व मेटिने खालको सङ्घीयतामा विश्वास गर्छ । | ५. | नेकपा जनतालाई जातजातको राज्यको सपना बाँडेर सत्ता कब्जाको स्वार्थ पूरा गर्न चाहन्छ । |
| ६. | नेपाली कांग्रेस सैद्धान्तिकरूपमै साम्राज्यवाद, उपनिवेशवाद र विस्तारवादलाई अस्वीकार गर्दछ । | ६. | नेकपा साम्राज्यवाद विरोधी नारा घन्काएर सांस्कृतिक साम्राज्यवाद र विस्तारवादको पृष्ठपोषण गर्दछ । |

| | | | |
|---|---|---|---|
| ७. | नेपाली कांग्रेस अहिंसामा विश्वास गर्दछ । | ७. | नेकपा अहिंसामा विश्वास गर्दैन । |
| ८. | नेपाली कांग्रेस संसदीय प्रणालीमा विश्वास गर्दछ । | ८. | नेकपा प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय प्रणालीको वकालत गर्दछ । |
| ९. | नेपाली कांग्रेस राष्ट्रियतालगायत अन्य समसामयिक मुद्दाहरूमा आफ्नो स्पष्ट अडान राख्दछ । | ९. | नेकपा परिस्थिति अनुकूल आफ्नो धारणा बदलिरहन्छ । |
| १०. | नेपाली कांग्रेस बहुलवादको हिमायती हो । | १०. | नेकपा सिद्धान्ततः बहुलवादलाई मान्दैन । |
| ११. | नेपाली कांग्रेस वर्गसमन्वयमा विश्वास गर्दछ । | ११. | नेकपा सिद्धान्ततः वर्गसङ्घर्षमा विश्वास गर्दछ । |
| १२. | नेपाली कांग्रेस व्यक्तिगत सम्पत्तिको अधिकारको प्रत्याभूति हुनुपर्छ भन्दछ । | १२. | नेकपा व्यक्तिगत सम्पत्तिमा अङ्कुश लगाउन चाहन्छ । |
| १३. | नेपाली कांग्रेस आफ्नै माटोमा जन्मेका वी.पी. कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला जस्ता आदर्श पुरूष तथा महान् नेताहरूको योगदानबाट जन्मे हुर्केको पार्टी हो । | १३. | नेकपा विदेशी कम्युनिष्ट नेताहरू मार्क्स, लेनिन, माओ विचारबाट प्रेरित पार्टी हो । उसले अहिले पनि वर्गीय अधिनायकत्वको प्रतीक अन्तर्राष्ट्रिय भ्रूण्डा यथावत् राखेको छ । |
| १४. | नेपाली कांग्रेस जनतालाई जे भन्छ त्यो गर्छ । | १४. | नेकपा जनतालाई एकथोक भन्छ, गर्छ अर्कै । वि.सं. २०७४ को निर्वाचनअघि नेकपाका नेताहरूले गरेका वाचाबन्धन र सरकारमा आएपछि देखाएको व्यवहार हेरेमा पुग्छ । |

| | | | |
|---|---|---|---|
| १५. | नेपाली कांग्रेस गरिबी निवारण गरौँ भन्छ । | १५. | नेकपा गरिबी बाँडौं भन्छ । |
| १६. | नेपाली कांग्रेस लोकतान्त्रिक समाजवादका फाइदा बेफाइदा सबै व्यहोर्न तयार रहँदै आएको छ । | १६. | नेकपा कम्युनिष्ट शब्दबाट आउने फाइदा जति सबै लिन चाहन्छ तर नराम्रो व्यहोर्न पटक्कै तयार छैन । |
| १७. | राष्ट्रमा उत्पन्न समस्याहरूको समाधान दिने काम कांग्रेसले नै गर्नुपर्छ, गरिरहेको छ । | १७. | नेकपा जहिले पनि समस्या जन्माउन मात्र जान्दछ । |
| १८. | कांग्रेसको परिवर्तन वसन्तमा पालुवा पलाए जस्तो हुन्छ । | १८. | नेकपाको परिवर्तन वर्षामा खहरे उर्ले जस्तो हुन्छ । |
| १९. | कांग्रेस सधैँ जनतालाई सर्वोपरि मानेर जनताको भावनाअनुसार काम गर्ने पार्टी हो । | १९. | नेकपा सधैँ जनतालाई तर्साएर, डर त्रासमा पारेर आफ्नो प्रभुत्व जमाउने पार्टी हो । |
| २०. | नेपाली कांग्रेसले सुरुदेखि नै लोकतन्त्रमा बहुमतको आधारलाई निषेध गर्न हुन्न भन्दछ । बहुलवादमा आधारित संसदीय लोकतन्त्रमा विश्वास गर्दछ । | २०. | एमाले र माओवादीको अस्तित्व छँदा दुवैले सहमतिविना प्रधानमन्त्री हुँदैन भन्दै आए, तर आफ्नो अनुकूल पर्नासाथ बहुमतबाट खुरुक्क प्रधानमन्त्री बनी हाले । पहिले एमाले र माओवादीका नेताहरू एकले अर्का पार्टीको नेतालाई कोही दरवारको एजेन्ट भन्थे कोहीलाई भारतको दलाल भन्थे । तर अवसर पर्नासाथ घाँटी जोडेर पार्टी एकीकरण गर्न पुगे । उनीहरूको विश्वास बहुदलवाद र संसदीय लोकतन्त्रमा देखिँदैन । |
| २१. | नेपाली कांग्रेस समसामयिक मुद्दाहरूमा जहिले पनि स्पष्ट दृष्टिकोण राख्दछ । | २१. | नेकपाको चरित्र ढुलमुले अर्थात् अवसरवादी छ । |

| | | | |
|---|---|---|---|
| २२. | नेपाली कांग्रेस सधैँ क्रान्तिको अग्रणी भूमिका निर्वाह गर्दछ । | २२. | नेकपाले वि.सं. २०४६ र वि.सं. २०६३ को जनआन्दोलनमा नेपाली कांग्रेसको सहयोगीको भूमिका निर्वाह गरेको छ । तर वि.सं. २००७ को क्रान्तिका विरुद्ध थियो । |
| २३. | नेपाली कांग्रेस पञ्चशीलको सिद्धान्तका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्दै छिमेकी मित्रराष्ट्रहरूसँग भाइचाराको मित्रवत् समानताको व्यवहार गर्दछ । सामाजिक, आर्थिक, सांस्कृतिक, खुला सीमा र भूअवस्थितिका आधारमा भारतसँगको सम्बन्धलाई कांग्रेसले महत्त्व दिन्छ भने मित्रराष्ट्र चीनको संवेदनशीलतालाई पूर्ण सम्मानका साथ व्यवहार गर्दछ । | २३. | नेपाल कम्युनिष्ट पार्टीले कहिले उत्तरतिर त कहिले दक्षिणतिर अनुकूलता खोज्दै सम्बन्ध राख्ने काम गरेको छ । पहिले भारतको विरोधलाई राष्ट्रवाद मान्ने त कहिले सत्ताको खेलमा भारतकै सहयोग लिने काम उनीहरूबाट भइरहेको छ । अमेरिकी साम्राज्यवादको विरोधको नारा उराल्दै पश्चिमसँग अनेक सुविधाहरू लिने दोहोरो चरित्र नेपाली कम्युनिष्टहरूले देखाइरहेका छन् । नेपाल कम्युनिष्ट पर्टीको नेतृत्वमा बनेका सरकार र प्रधानमन्त्रीहरूको र नेताहरूको व्यवहार हेर्दा स्पष्ट हुन्छ । |
| २४. | नेपाली कांग्रेस समाजमा रहेका विविधताको सम्मान गर्दै सबैको समुन्नतिको लागि प्रयत्नरत छ । | २४. | नेपाल कम्युनिष्ट पार्टी विविधताको मान्यतालाई अस्वीकार गर्दछ । |

**(ख) नेपाली कांग्रेस र मधेसकेन्द्रित पार्टीहरू (राजपा र सङ्घीय समाजवादीबीच एकता भए पनि ती पार्टीको विगत र अरू मधेस केन्द्रित दल) बीचको भिन्नता :**

| | नेपाली कांग्रेस | | मधेस केन्द्रित पार्टीहरू |
|---|---|---|---|
| १. | नेपाली कांग्रेस सिङ्गो राष्ट्रिय दृष्टिकोण बोकेको सच्चा लोकतान्त्रिक राजनीतिक पार्टी हो । | १. | मधेस केन्द्रित दलहरू केवल क्षेत्रीय दृष्टिकोण बोकेका स्थानीय राजनीतिक दलहरू हुन् । |
| २. | नेपाली कांग्रेसको स्पष्ट र स्थायी सिद्धान्त छ । | २. | मधेस केन्द्रित पार्टीहरूको स्पष्ट र स्थायी सिद्धान्त छैन । |
| ३. | नेपाली कांग्रेस देशको सम्पूर्ण भूभागमा फैलिनुको साथै सम्पूर्ण जातजाति, भाषाभाषी, वर्ग, लिङ्ग, क्षेत्र, आदिलाई समेटी समावेशिता अपनाएको पार्टी हो । | ३. | मधेसकेन्द्रित पार्टीहरू केवल क्षेत्रीयता र साम्प्रदायिकताका जगमा उभिएका पार्टीहरू हुन्। यिनीहरूले समावेशिताको चर्को कुरा गरे तापनि पार्टी संरचनामा यो नीति लागू गरेका छैनन् । |
| ४. | नेपाली कांग्रेस राष्ट्रियता, सङ्घीयता, समावेशिता र शासकीयस्वरूप जस्ता राष्ट्रिय मुद्दाहरूमा स्पष्ट छ । | ४. | मधेस केन्द्रित पार्टीहरू राष्ट्रियता, सङ्घीयता, समावेशिता र शासकीय स्वरूप जस्ता राष्ट्रिय मुद्दाहरूमा स्पष्ट छैनन् । |
| ५. | नेपाली कांग्रेस राष्ट्रिय पार्टी भइकन पनि एक ढिक्का छ । हिमाल, पहाड, तराई मधेस सबैतिर नीतिगत एकता कायम छ । | ५. | मधेस केन्द्रित पार्टीहरू एक मधेस एक प्रदेशको नारामा उठेर पनि टुक्राटुक्रामा विभाजित भइरहने र व्यक्तिगत स्वार्थ प्राप्तिको लागि उनीहरूबीच टुट्ने र जुट्नेको ठेगान हुँदैन । |
| ६. | नेपाली कांग्रेस मधेसमा भएको डुबान, बाढी, पहिरो र सिमानामा हुने अतिक्रमण, असुरक्षा जस्ता विषयमा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमै चासो र चिन्ता प्रकट गर्दछ र समाधानका लागि मर्यादित रूपमा पहल गर्दछ । छुवाछूत, दाइजो, बोक्साबोक्सी जस्ता अमानवीय प्रथाविरुद्ध नेपाली कांग्रेस निरन्तर सक्रिय हुन्छ । | ६. | मधेस केन्द्रित दलहरू जनताका यस्ता पिरमर्का र राष्ट्रिय सरोकारका विषयप्रति बेखबर देखिन्छन् । उनीहरू तल्लो वर्गलाई विकास र चेतनाको मूलधारमा ल्याउनुको बदला तल्लो वर्गमाथि शासन गर्ने र राजनीति गर्ने अभ्यासमा जुटेका छन् । सामाजिक रूपमा रहेका कुरीतिविरुद्ध उनीहरू सक्रिय छैनन् । |

**(ग) नेपाली कांग्रेस र अन्य पार्टीहरूबीचको भिन्नता :**

| नेपाली कांग्रेस | | अन्य पार्टीहरू | |
|---|---|---|---|
| १. | नेपाली कांग्रेसको आफ्नो स्पष्ट आदर्श तथा सिद्धान्त छ । | १. | राष्ट्रिय प्रजातन्त्र पार्टी र अन्य पार्टीहरूको स्पष्ट आदर्श तथा सिद्धान्त छैन । |
| २. | नेपाली कांग्रेस राष्ट्रियता, सङ्घीयता, समावेशिता, निर्वाचन प्रणाली, गणतन्त्र, धर्मनिरपेक्षता र शासकीय स्वरूप जस्ता मुद्दाहरूमा स्पष्ट छ । | २. | राष्ट्रिय प्रजातन्त्र पार्टी तथा अन्य पार्टीहरू राष्ट्रियता, सङ्घीयता, समावेशिता र शासकीय स्वरूप, गणतन्त्र, धर्मनिरपेक्षता, निर्वाचन प्रणाली जस्ता मुद्दाहरूमा स्पष्ट छैनन् । |
| ३. | नेपाली कांग्रेस जनताको पक्षमा लडिरहने क्रान्तिकारी इतिहास र छवि भएको पार्टी हो । | ३. | राष्ट्रिय प्रजातन्त्र पार्टी र ०६३ पछि अनेक क्षेत्रीय र जातीय नारा दिएर उदाएका पार्टीहरूको सङ्घर्षको इतिहास छैन र कतिपय विषयमा यी पार्टीहरू पश्चगमनको सिद्धान्त र मान्यता बोकिरहेका छन् । |
| ४. | नेपाली कांग्रेससँग समग्र नेपाल राष्ट्रको चौतर्फी विकास र उन्नति गर्ने स्पष्ट दृष्टिकोण, योजना तथा अठोट छ । नेपाली कांग्रेस एक भरपर्दो र भरोशायोग्य पार्टी हो । | ४. | अन्य दलहरू प्रतिकृयामा उत्पन्न क्षणिक लाभका लागि हल्काफुल्का नाराले जनतालाई भ्रमित मात्र पार्नेहरू हुन् । |
| ५. | नेपाली कांग्रेस सत्तामा पुग्दा सरकार, मन्त्रिपरिषद् भनेको सबै जनताको साझा हो भन्ने भाव राखेर काम गर्दछ । | ५. | अन्य दलहरू, विशेष गरी कम्युनिष्ट पार्टीहरूको संस्कार नै सत्ता प्राप्तिपछि त्यसलाई पूरै आफ्नो पार्टीका लागि प्रयोग गर्ने आदत हो । नेमकिपा, राष्ट्रिय जनमोर्चा नेकपा माले जस्ता दलहरूको लक्ष्य पनि एकदलीय सत्ता नै हो |

## (१२) नेपाली कांग्रेसको कार्यकालमा भएका विकाससम्बन्धी केही उपलब्धिहरू सङ्क्षेपमा :

**(क)** वि.सं. २०४८ मा नेपाली कांग्रेस निर्वाचित भई सरकारमा पुगेपछि ठोस रूपमा ग्रामीण विकासको अभियान सञ्चालन गऱ्यो । केन्द्रीकृत सरकारको एकाधिकारमा रहेको अर्थ व्यवस्थालाई उदार एवं जनमुखी बनायो । निजी जाँगर, ऊर्जा एवं पूँजी, प्रविधिका साथै गैरसरकारी, सरकारी एवं जनसहभागितालाई परिचालन गर्ने उदार नीति अपनाउनुका साथै राष्ट्र विकासका विभिन्न योजनाहरू अघि सारेर काम गर्न सुरु गऱ्यो ।

जननायक वी.पी. कोइरालाले प्रथम जननिर्वाचित सरकारको नेतृत्व गर्दा १५ वर्षको समयमा सबै नेपाली परिवारको आधारभूत आवश्यकता पूरा गर्ने अठोट गर्नुभएको थियो । नेपाली कांग्रेसले वी.पी. को लोकतान्त्रिक समाजवादी आदर्श अनुसरण गर्दै ग्रामीण स्वावलम्बनको लागि नेपालका कुनाकाप्चा हिमाल-पहाड-तराईका गाउँ र बस्तीहरूमा रहने जनताका परिवर्तित सन्दर्भका आधारभूत आवश्यकताहरू- मोटरबाटो, बिजुली, खानेपानी, शिक्षा, स्वास्थ्य, संचार गाउँ-गाउँमा पुऱ्याउने अभियान चलायो । चार हजार गाउँमा एकैचोटि स्वास्थ्य चौकी स्थापना गर्नुको साथै देशभर अनगिन्ती साना-ठूला अस्पतालहरूको निर्माण, स्कुल, क्याम्पस र विश्वविद्यालयहरूको स्थापना गरी देशभित्रै नेपाली विद्यार्थीले चिकित्साशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन र मानविकीलगायतका विषयहरूमा गुणस्तरीय उच्च शिक्षा प्राप्त गर्न सक्ने स्थिति निर्माण गरियो ।

वि.सं. २०४६ को परिवर्तनअघि हाम्रो देशका ग्रामीण इलाका र शहरवासीहरूको अवस्था कस्तो थियो र आज देशभर जुन परिवर्तन देखापर्दै छ । त्यसको श्रेय नेपाली कांग्रेसको सरकारले सुरु गरेको विकास अभियानलाई दिनुपर्छ । यस अवधिमा,

- स्वदेशभित्र विकास निर्माणका कार्यहरूको वृद्धि र विद्यमान ऐन नियम संशोधन गरी निजी क्षमताको पूँजी वृद्धि गरी औद्योगिक लगानीको वातावरण सिर्जना गराई फैलिँदै गरेका अनेक व्यवसायहरूमार्फत रोजगारी वृद्धि गरियो ।
- वैदेशिक रोजगारीको सन्दर्भमा यसलाई मर्यादित र व्यवस्थित गराउँदै आम नेपाली विभिन्न मुलुकमा गई काम गर्न सरल र सहज तुल्याउने प्रबन्ध गरियो ।
- शिक्षा, स्वास्थ्य, रोजगार क्षेत्रको अभिवृद्धि गरी सामाजिक सुरक्षाको आधार निर्माण गर्ने कार्यको जग बसालियो ।

- गरिबी, पछौटेपन र अत्यन्त कमजोर आधार भएको अर्थ व्यवस्थालाई समृद्धि र सबलताको मार्गमा अघि सारेर जनताका न्यूनतम आवश्यकता पूरा गर्न सक्ने, आर्थिक र सामाजिक पूर्वाधारका आधारभूत सेवाहरूमा देशका कुनाकन्दराका गाउँघरको पहुँच सुनिश्चित गरी न्यायमूलक अर्थ व्यवस्थाको जग बसाल्नेतर्फ ठूला प्रयास भए ।

नेपाली कांग्रेसले सुरु गरेको आर्थिक सुधार कार्यक्रमको फलस्वरूप निर्माण भएको उद्योग, सेवा, पर्यटन, बैङ्किङ, हवाई, यातायात, संचार, शिक्षा, स्वदेशी र विदेशी स्वास्थ्यलगायत क्षेत्रको लगानी वृद्धि भई विकास र आधुनिकीकरणको दिशामा देशले फड्को मार्न लाग्दा वि.सं. २०५२ बाट सुरु भएको माओवादी आतङ्क र हिंसाले त्यसलाई ठूलो क्षति पुऱ्यायो । दशकभन्दा लामो यस्तो हिंसात्मक द्वन्द्व र अस्थिरताका वावजुद पनि अर्थतन्त्र टाट नपल्टी टिकेर बस्नुको श्रेय नेपाली कांग्रेसले निर्माण गरेको सबल आधारलाई जान्छ । नेपाली कांग्रेसका सदस्यहरूले विगतमा पार्टीले राजनीतिक क्षेत्रमा मात्र नभई सामाजिक र आर्थिक रूपान्तरणका लागि अघि बढाएका कामहरूलाई गौरवका साथ जनसमक्ष लान सक्नुपर्दछ । यसै सम्बन्धमा नेपाली कांग्रेसले आफ्नो चुनावी घोषणापत्रमा र गएको महासमितिको बैठकबाट अनुमोदन गरेको आर्थिक प्रस्तावका अर्थनीतिको बारेमा विस्तृत व्याख्या गरेको छ ।

**(ख) नेपाली कांग्रेसले नेपाली जनताको आर्थिक स्थिति उकास्न विगतमा गरेका केही प्रमुख कार्यहरू :**

- सार्वजनिक लगानीको ७० प्रतिशत हिस्सा ग्रामीण क्षेत्रतर्फ एवं ग्रामीण पूर्वाधारको विकासमा जोड दिएको ।
- दुर्गम, पहाड र ग्रामीण क्षेत्रको सडक, बिजुली, यातायात र सञ्चार संजाल वृद्धि गरेको ।
- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता सामाजिक क्षेत्रमा कुल सरकारी लगानीको हिस्सा करिब २५ प्रतिशतबाट वृद्धि गरी ३५ प्रतिशत पुऱ्याएको ।
- यु.एन.डि.पी. को सन् २०१० को मानव विकास प्रतिवेदनले स्वास्थ्य र शिक्षामा विगत दशकहरूमा चमत्कारिक प्रगति गर्ने ३ वटा मुलुकमध्ये नेपाल एक हो भन्ने उल्लेख गरेको छ। सार्वजनिक भएको अक्सफोर्ड विश्वविद्यालयको अध्ययन प्रतिवेदनले पनि नेपाललाई गरिबी निवारणमा उच्च सफलता हासिल गर्ने ३ मुलुकमध्ये एकको सूचीमा राखेको छ ।

- ग्रामीण स्वावलम्बन कार्यक्रममार्फत पहिलोपटक प्रत्येक गा.वि.स. मा रकम पठाउने कामको सुरुवात नेपाली कांग्रेसले नै गरेको हो । त्यो रकम ५० हजारबाट सुरु गरिएको थियो । प्रत्येक गाउँमा बाटो, बिजुली, पानी, शिक्षा, स्वास्थ्य सञ्चार अभियान चलाइयो ।
- औद्योगिक विकासमा सरकारी क्षेत्रको हस्तक्षेपकारी नीतिको अन्त्य गरी नीजि क्षेत्रको लगानी प्रवर्द्धन गर्ने, उदार नीति अपनाइयो । स्वदेशी/विदेशी तथा बहुराष्ट्रिय कम्पनी समेतबाट धेरै नयाँ उद्योगहरू स्थापित भए । त्यसको फलस्वरूप औद्योगिक क्षेत्र विस्तार भै सन् १९९० को दशकमा नेपालको कुल ग्रार्हस्थ उत्पादनमा उद्योगको योगदान ६ प्रतिशतबाट वृद्धि भई ९.५ प्रतिशतसम्म पुग्यो । निर्यात व्यापार फस्टायो र आयातको करिब ६० प्रतिशत धान्न सक्ने भयो ।
- दिगो आर्थिक विकासमा जोड दिइयो ।
- सहकारी नीति र कानूनको घोषणा गरियो ।
- पर्यावरणीय संरक्षण नीति एवं कानून बनाइयो ।
- मजदुरहरूको अधिकारको सुनिश्चितताको लागि ट्रेड युनियन कानून निर्माण गरियो ।
- दलित, जनजाती, पिछडिएको क्षेत्र र समुदायको उत्थानको लागि विशेष नीति र कार्यक्रम लागू गरियो ।
- उद्योगधन्दा, पर्यटन, बैङ्किङ, हवाई, यातायात, सूचना सञ्चार क्षेत्रमा भएको अभूतपूर्व विकासको फलस्वरूप राष्ट्रिय आय वृद्धि भयो । सरकारको राजस्व वृद्धि हुँदै गयो । राजस्व वृद्धि भएको फलस्वरूप ग्रामीण क्षेत्रमा लगानी बढ्यो ।
- तराईमा बृहत् सिँचाइ आयोजनाहरू सुरु गरिए । झापादेखि कञ्चनपुरसम्मै कामको लागि खाद्यान्न कार्यक्रम लागू गरी गाउँगाउँमा मोटर बाटो र सिँचाइको व्यवस्था गरियो ।
- गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात ४९ प्रतिशतबाट झरेर हाल २१ प्रतिशतमा आएको छ ।
- ग्रामीण विद्युतीकरणको कार्यक्रम विस्तारित भई विद्युत् सेवा प्राप्त गर्ने घरपरिवारको अनुपात ९ प्रतिशतबाट अहिले ७० प्रतिशत पुगेको छ । सडक सञ्जाल वि.सं. २०४६ साल ताका करिब ७ हजार किलोमिटरबाट वृद्धि भै अहिले ८७ हजार किलोमिटर पुगेको छ ।

- काठमाण्डौ-तराई द्रूत मार्ग, मध्यपहाडी राजमार्गलगायतका राष्ट्रिय स्तरका सडक निर्माणको अन्तिम चरणमा छन ।
- बैङ्क तथा वित्तीय संस्थाहरू ५ वटाबाट बढेर करिब १०० पुगेका छन् ।

**(१३) नेपाली कांग्रेसको सुदृढीकरणका लागि नयाँ पुस्ताको सहभागिता :**

- नेपालमा आधुनिक राजनीतिक परिवर्तनको ढोका खोल्ने काम नेपाली कांग्रेसले गरेको हो । वि.सं. २००३ सालदेखि नेपाली कांग्रेसले लागू गर्न प्रयास गरेको राजनीतिक पद्धति नेपालमा स्थापित छ। नेपालका सबै परिवर्तनहरूको मियो नेपाली कांग्रेसले सात दशकदेखिका सबै निर्णायक राजनीतिक परिवर्तनहरूको नेतृत्व गर्दै आएको छ। वि.सं. २००७ मा वी.पी. कोइरालाको नेतृत्वमा राणा शासनको अन्त्य र वि.सं. २०१५ मा सम्पन्न पहिलो संसदीय निर्वाचनमा कांग्रेसको सरकार गठन, वि.सं. २०१५ मा सुवर्ण शमशेरको नेतृत्वमा संविधान निर्माण, वि.सं. २०४६ मा गणेशमान सिंहको नेतृत्वमा निर्दलीय निरङ्कुशताको अन्त्य र वि.सं. २०४७ मा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा संविधान निर्माण र संसदीय निर्वाचन, वि.सं. २०६३ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सशस्त्र हिंसामा सक्रिय माओवादीलाई शान्ति प्रक्रियामा संलग्न गराई गणतन्त्र र सङ्घीयताको स्थापना र वि.सं. २०६४ मा पहिलो संविधानसभाको निर्वाचन, सुशील कोइरालाको नेतृत्वमा वि.सं. २०७२ मा संविधान जारी गर्ने काम नेपाली कांग्रेसकै नेतृत्वमा भएका हुन् । जारी संविधान कार्यान्वयन गर्दै परिवर्तनहरूको संस्थागत विकासको मार्गमा उन्मुख गराउने काम वर्तमान पार्टी सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठित सरकारबाट नै सम्भव भएको हो । उहाँले संविधानप्रति असहमत पक्ष समेतलाई संविधान कार्यान्वयनका लागि निर्वाचनमा सहभागी हुन सहमतिमा ल्याउनुभयो । कांग्रेसको नेतृत्वमा भएको तीनै तहको निर्वाचनमा सबै दल सहभागी भए ।

  देश निर्माणमा युवावर्गको महत्त्वपूर्ण भूमिका हुन्छ। नयाँ पुस्ताको प्रभावकारी परिचालनविना कुनै पनि दल, सिद्धान्त र नीति सफल हुन सक्दैन । सबै भ्रातृ संस्था सम्बद्ध युवाहरूसहित देशको सिङ्गो युवा जनशक्तिहरूलाई लोकतन्त्रका प्रति आकर्षित गराउन, नेपाली कांग्रेसमा सक्रिय गराउन, नेपाली कांग्रेसले आफ्ना नीति तथा कार्यक्रम एवं राष्ट्रभक्ति, स्वतन्त्रता, समानता, अधिकार, समाजिक न्याय जस्ता विषयहरूलाई प्रचार प्रसार गरी

नयाँ पुस्ताको सहभागिता बढाउँदै उनीहरूलाई सक्रिय तुल्याउन विशेष कार्यक्रम ल्याउने आवश्यकता बोध गरेको छ। आर्थिक विकासका लागि उचित शिक्षा, रोजगारीको व्यवस्था, कृषि व्यवसायको आधुनिकीकरण, औद्योगीकरण र विकास आयोजनाहरूमा युवाहरूलाई प्रोत्साहित गरी उनीहरूको योग्यता, क्षमता र सीपलाई स्वदेशमै उपयोग गर्नुपर्छ भन्ने नेपाली कांग्रेसको स्पष्ट मान्यता छ। समाजमा रहेका अतिरिक्त क्षमता भएकाहरूका लागि शिक्षा, सीप विकास, अशक्तहरूका लागि आजीवीका, वृद्धवृद्धाहरूको संरक्षण, बालबालिकाहरूको शिक्षा उचित पालनपोषण जस्ता सामाजिक कार्यहरूमा नेपाली कांग्रेस प्रतिबद्ध छ र यस्ता कार्यहरूमा आ-आफ्ना ठाउँमा रही सहभागी हुन नेपाली कांग्रेस सदस्य साथीहरूलाई आह्वान समेत गर्दछ।

- अहिले नेपालमा चारवटा राजनीतिक धारहरू विद्यमान छन्।
    - ♦ पहिलो नेपाली कांग्रेसले लिएको राष्ट्रियतासहित स्वतन्त्रताको सार्वभौम सिद्धान्त, लोकतन्त्र, समाजवाद, सङ्घीयता, गणतन्त्र मान्ने धार,
    - ♦ दोस्रो एकदलीय निरङ्कुशता र जनवादी केन्द्रीयता लागू गर्न चाहने र जनताका स्वतन्त्रतामाथि नियन्त्रण गर्न चाहने कम्युनिष्ट धार,
    - ♦ तेस्रो परम्परावादी राजावादी दक्षिणपन्थी विचार र
    - ♦ चौथोमा जातीय र क्षेत्रीय अतिवाद छन्।
- वर्तमानबाट निराश र परिवर्तनलाई स्वीकार गर्न नसक्नेहरू राजावादी, एकधर्म सापेक्षतावादी, एकात्मक राज्यप्रणालीका पक्षमा रहेका छन्। जातीय-अतिवाद र क्षेत्रीय-अतिवादलाई केही जनजातिका नाउँमा सङ्गठितहरू र तराई मधेसका नाउँमा राजनीति गर्नेहरूसहित केही व्यक्तिहरू जसले नेपालको राष्ट्रिय एकता र अखण्डतामाथि नै धावा बोल्ने विचारहरू प्रक्षेपण गरिरहेका छन्।
- बहुलवाद, स्वतन्त्रता, समानता, स्वतन्त्र प्रेस, अभिव्यक्ति स्वतन्त्रता, सङ्गठनको अधिकार, धार्मिक स्वतन्त्रता, स्वतन्त्र भ्रमणको अधिकार, कानूनतः सम्पत्ति आर्जन गर्ने स्वतन्त्रता, जनताको सार्वभौम र निर्णायक भूमिका अस्वीकार गर्ने कम्युनिष्ट पार्टीहरूका अनेक रूपहरू छन्। कोही लोकतन्त्रका मौलिक मान्यताहरूलाई आवरणमा स्वीकार गरेझैँ गरी एकदलीय प्रवृत्तिलाई मलजल गरिरहेका छन् भने कोही लोकतन्त्रका सबै मूल्यहरूमाथि सङ्गठित प्रहार गरिरहेका छन्। राष्ट्रवादको अतिरञ्जित व्याख्या, नेपाली जनतालाई

स्वप्नशील आश्वासन, चर्का र उत्तेजक नारा दिँदै नेपालमा एकदलवादी कम्युनिष्टहरूले भ्रममा पार्ने प्रयत्न गरेका छन् ।

- नयाँ पुस्तालाई नेपाली कांग्रेसका आदर्श, सिद्धान्त, कार्यक्रम, नीति, उपलब्धि, आचरण र कर्मबारे अझ जानकार गराउनु आवश्यक छ । शैक्षिक सामाजिक अभियानहरू तथा पर्यावरणीय सुरक्षाका लागि नेपाली कांग्रेसको सार्थक अभियानमार्फत नयाँ पुस्तालाई सक्रिय पार्न सकिन्छ ।
- विगतका सबै कमीकमजोरीहरूलाई आत्मसमीक्षाद्वारा सुधार गरी अबका दिनमा पार्टी नेतृत्वसहित सम्पूर्ण सदस्य साथीहरू जनतामा एकताबद्ध, लोकतान्त्रिक संस्कृतियुक्त, अनुशासित, भ्रष्टाचारमुक्त, अध्ययनशील, व्यवहारकुशल, कर्मशील र उद्यमशील रहेको प्रमाणित गर्न नेपाली कांग्रेस निरन्तर जागरुक र प्रतिबद्ध रहनुपर्दछ ।
- वर्तमान अवस्थामा नेपाली कांग्रेसलाई चुस्त, पुनः जागरुक, एकताबद्ध गराउन कार्यक्रमहरू निरन्तर हुनुपर्दछ । सदन, सडक जहाँ भए पनि पार्टीको क्रियाशील र जागरुक उपस्थिति हुनुपर्दछ । सरकारका गलत कार्यहरूको विरोधमा तत्काल जनतासमक्ष पुग्ने कार्य गरिरहनु पर्दछ । चुस्त आन्तरिक व्यवस्थापन, उपलब्धिहरूको संस्थाकरण, सामुन्ने रहेका चुनौतीहरूको सामना गर्ने उचित रणनीति निर्माण, सूचना प्रविधिको ज्ञान तथा सूचना, प्रचार प्रसारमा गम्भीरता, प्रत्येक तहका बीचमा नियमित संचारसम्पर्क र सूचना आदानप्रदान, विशेष क्षमता पहिचान गरी पार्टीमा योगदानका अवसर प्रदान, नियमित पार्टी बुलेटिन प्रकाशन, पार्टीमा योगदान दिने नेताहरू, प्रजातन्त्र सेनानीहरू, पार्टी नेताहरूका जीवनीहरू, उनीहरूका रचनाहरूको प्रकाशन, प्रशारण र गाउँठाउँमा रही प्रजातान्त्रिक आन्दोलनमा जीवन व्यतीत गर्नेहरूको सूचना सङ्कलन गरी अभिलेखीकरण, पार्टीका विषयमा र राष्ट्रिय मुद्दाहरूमा नियमित अनुसन्धान प्रतिवेदन तयार, विभिन्न पेसा व्यवसायमा आबद्ध र सञ्चारकर्मी, बुद्धिजीवीहरूसँग नियमित अन्तरसंवाद, साहित्यकला क्षेत्रको परिचालन र सम्पूर्ण भ्रातृ तथा शुभेच्छुक संस्थाहरूका बीचमा अन्तर संवाद र सशक्त परिचालन कांग्रेसको जीवन्तताका महत्त्वपूर्ण आधार हुन् । प्रत्येक सदस्यहरूले यसलाई अनुशीलन गर्नुपर्दछ ।
- माथि उल्लेखित सबै विषयहरूको सफल कार्यान्वयनका लागि नेपाली कांग्रेस पार्टीलाई अझै सङ्गठित र सशक्त बनाउन आवश्यक छ । सैद्धान्तिक-वैचारिक

प्रष्टता र प्रतिबद्धता यसको लागि पहिलो शर्त हो । त्यस्तै, सङ्घीय राज्य प्रणालीको संरचनाअनुसार पार्टीको सङ्गठनात्मक संरचना रूपान्तरण हुनु पनि अनिवार्य शर्त हो । पार्टीको विधान संशोधनको ध्येय र प्रयोजन यही नै हो । यसलाई पूरा गर्न पार्टीका सबै तहका नेता र सदस्यहरू, जनता, मतदाता, समर्थक, शुभेच्छुकहरूसँग सम्पर्क, संवाद, नीति, प्रशिक्षण, आचरण, अनुशासन, एकता र सक्रियता सङ्गठन सुदृढीकरणका प्रमुख सूत्र र कार्य हुन् । लोकतन्त्रमा राजनीतिक दल प्रतिपक्ष र सत्तापक्षको भूमिकाका लागि सधैँ सक्षम र तत्पर रहनु पर्दछ । जनता र देशको पक्षमा, सरकारको जनविरोधी कामको विपक्षमा सदन र सडकमा सधैँ सकृय रहनुपर्दछ । विरोध, जुलुस, प्रदर्शन र सत्याग्रह जस्ता शान्तिपूर्ण आन्दोलनको लागि पनि तयार रहनुपर्छ । आगामी सबै तहका प्रत्येक निर्वाचनमा विजयी हुनका लागि योजनाबद्ध रूपमा निरन्तर कार्यरत रहनुपर्दछ ।

**(१४) नेपाली कांग्रेसका सदस्यहरूको आचरण र व्यवहार :**

नेपाली कांग्रेससम्बद्ध सदस्यहरूका मूल्य र मान्यताहरू :

- नेपाली कांग्रेसमा सम्बद्ध सबै सदस्यहरू लोकतान्त्रिक समाजवादको आदर्शप्रति सदैव इमानदार हुन्छन् ।
- नेपाली कांग्रेसको निष्ठावान् सदस्य त्यो हुन्छ जसले आफूलाई सदैव देश र जनताको स्वार्थसँग गाँसेको हुन्छ ।
- नेपाली कांग्रेस भनेको एउटा ठूलो घर हो जहाँ सबै जातजाति, हिमाली-पहाडी-तराई मधेसी, दलित, आदिवासी जनजाति, मुस्लिम, विभिन्न भाषाभाषी, धर्म, संस्कृति, लिङ्ग, क्षेत्र, वर्ग, विभेदमा परेका नागरिक, अपाङ्गता तथा सीमान्तकृत समूह आदि समुदाय एकअर्कामा समान व्यवहार र सद्भावका साथ मिलेर बस्दछन् । नेपाली कांग्रेसका सदस्यहरू सद्भाव र सामाजिक न्यायमा विश्वास गर्दछन् । सबै खाले छुवाछूत र विभेदको अन्त्य गर्न प्रतिबद्ध रहन्छन् ।
- नेपाली कांग्रेसका सबै जिम्मेवार सदस्यहरू खुला हृदयका हुन्छन् । उनीहरू आफूभित्र भएका मतभेदहरू आपसी छलफल अथवा लोकतान्त्रिक विधिद्वारा हल गर्दछन् ।
- नेपाली कांग्रेसका सदस्यहरू अध्ययनशील, सुसूचित तथा विश्लेषण क्षमतावान् हुन्छन् ।

- नेपाली कांग्रेसका सदस्यहरू त्यागी, निडर र निष्पक्ष हुन्छन् । उनीहरू पार्टीले दिएको जिम्मेवारीबाट कहिल्यै पछि हट्दैनन् । उनीहरू अनुशासित र निर्भय भएर राष्ट्र र जनताको हितमा अग्रसर हुन्छन् । अनैतिकता, भ्रष्टाचार जस्ता असामाजिक रोगहरूलाई कांग्रेस सदस्यहरूले वरण गर्दैनन् ।
- नेपाली कांग्रेसका सदस्यहरू आफूलाई जनताका सेवक ठान्दछन् । उनीहरू समाज र देशप्रति जिम्मेवार हुन्छन् । उनीहरू जे बोल्छन् त्यो मात्र गर्छन् र जे गर्छन् त्यही मात्र बोल्छन् ।
- नेपाली कांग्रेसका सदस्यहरू विधिको शासनलाई मान्दछन् । उनीहरू पुरस्कार र दण्डको मान्यतालाई आत्मसात् गर्दछन् । उनीहरू स्वतन्त्रता, न्याय र ऐक्यबद्धताको पक्षधर हुन्छन् ।
- धार्मिक सांस्कृतिक स्वतन्त्रता, समानता, समावेशिता र सद्भावमा नेपाली कांग्रेसका सदस्यहरूको विश्वास हुन्छ ।
- नेपाली कांग्रेसका सदस्यहरू परनिर्भर नभई आत्मनिर्भर हुन्छन्, कर्मशील र उद्यमशील हुन्छन्, विवेकशील हुन्छन् ।
- जनतासँग कांग्रेस र कांग्रेससँग जनताको मूल भावनालाई कांग्रेस सदस्यहरूले सदा सम्मान गर्दछन् ।

सारांशमा नेपाली कांग्रेस राष्ट्रवादी, लोकतन्त्रवादी, प्रगतिवादी संस्कृतिको प्रतिनिधि हो । नेपाली कांग्रेस देशमा परिवर्तन, विकास तथा आधुनिकताको संवाहक हो । वैचारिक आन्दोलनको नेतृत्वकर्ता नेपाली कांग्रेस हो । मूलतः अहिंसामा विश्वास गर्ने नेपाली कांग्रेसको विचार आन्दोलन नेपालमा राष्ट्रियता, लोकतन्त्र र समाजवादका प्रथम भाष्यकार वी.पी. कोइरालाबाट निःसृत हुँदै आएको छ ।

## (१५) वर्तमान संविधान र नेपाली कांग्रेस :

- संविधानसभाबाट निर्माण भई वि.सं. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान नेपाली कांग्रेसको सिद्धान्त संवैधानिक रूपमा संस्थागत भएको दस्तावेज हो । लोकतान्त्रिक समाजवादी समाजको निर्माण यसको लक्ष्य हो । वर्तमान संविधानमा समेत यसलाई स्पष्टसँग उल्लेख गरिएको छ । लोकतन्त्रका आधारभूत मान्यताहरू समेटिएको यो संविधान नेपाली कांग्रेसको नेतृत्वमा नै जारी भएको हो । मुलुकको प्रमुख बागडोरमा नेपाली कांग्रेसको नेतृत्व नहुँदो हो त, दोस्रो संविधानसभा पनि संविधान तर्जुमा

गर्न असफल नै हुने थियो । हाम्रो पार्टीका तत्कालीन सभापति सुशील कोइरालाको नेतृत्व, नेपाली कांग्रेसको दूरदर्शी एवं समन्वयकारी भूमिका तथा दृढ सङ्कल्पित व्यवहारका कारण नै संविधान जारी गर्न संविधानसभा सफल भएको कुरालाई हाम्रो पार्टीले गौरवपूर्ण रूपमा लिएको छ ।

- संविधान जारी भएपछि पनि तीन तहको निर्वाचन हुन्छ कि हुँदैन भन्ने शङ्का र अन्यौल व्याप्त थियो । सङ्घीय संसद्को निर्वाचन भएन भने वैधानिक सरकार बन्दैन र प्रकारान्तरले संविधान टिक्दैन भन्ने खतरा थियो । त्यस्तो संवेदनशील अवस्थामा सभापति शेरबहादुर देउवाको कुशल नेतृत्व र नेपाली कांग्रेसको र सम्पूर्ण सदस्यको दृढ अठोटका कारण स्थानीय तह, प्रदेश र सङ्घीय संसद्को निर्वाचन सम्भव भएर संविधानको कार्यान्वयन र प्रतिरक्षा हुन सकेकोमा नेपाली कांग्रेस गर्व गर्दछ ।
- संविधानले गरेका राजनीतिक परिवर्तनहरू गणतन्त्र, सङ्घीयता र अधिकार सम्पन्न स्थानीय तहलाई सार्थक पार्न यो संविधानको इमानदारीपूर्वक प्रभावकारीरूपमा कार्यान्वयन गर्नु कांग्रेसको प्राथमिकता हो । अब नेपाल संवैधानिक प्रक्रियाबाट मात्र गतिशील लोकतान्त्रिक राजनीतिको मार्गमा अगाडि बढ्नुपर्दछ ।
- संविधानको निर्माण र कार्यान्वयन एउटा गतिशील प्रक्रिया हो । संविधान निर्माण र जारी गर्ने समयमा उत्पन्न असन्तुष्टिहरूलाई दृष्टिगत गरी संविधानका कतिपय व्यवस्थाप्रति असन्तोष रहेका क्षेत्र, समुदाय र जनताको भावनालाई समेट्न, लोकतन्त्रका मूल्य मान्यतालाई थप सबल बनाउन एवं बहुलवादी नेपाली समाजको बृहत्तर एकता र हित रक्षाका लागि संविधानको विकास र संशोधन गर्न नेपाली कांग्रेस सदैव खुला र प्रतिबद्ध छ ।
- यो संविधानलाई कम्युनिष्टहरूको एकाधिकारवादी सोचको अतिक्रमणबाट जोगाउनु, दक्षिणपन्थी अतिवादको षड्यन्त्रबाट प्रतिरक्षा गर्नु तथा निरन्तर बहुलवादी र लोकतान्त्रिक मार्गबाट सुधार र संस्थागत गर्दै **'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल'** लाई सार्थक बनाउने अभिभारा नेपाली कांग्रेसको नै हो भन्नेमा नेपाली कांग्रेसका सदस्यहरू स्पष्ट छन् ।

### (१६) बहुलवादी खुला र समतामूलक संस्कृति :

- नेपाली समाज जातीय, सांस्कृतिक र भौगोलिक दृष्टिले बहुलवादी संस्कृतिले भरिपूर्ण छ । विविधताको सम्मान नै एकताको आधार हो भन्ने नेपाली

कांग्रेस ठान्दछ । भाषा, साहित्य, संस्कृति, जाति, धर्म, समुदाय र सभ्यताको समेत पृथक पृथक तर एक अर्कामा अति नै अन्तरसम्बन्धित भएर नेपाली सभ्यता अगाडि बढिरहेको छ । पहिचानको सम्मान, सहिष्णुता र सद्भावको उत्प्रेरणा एकता र अन्तरनिर्भरताको आधार नै नेपाली बहुलवादी समाजको विशेषता हो । त्यसैले नेपाली कांग्रेस बहुलवादी समाज, संस्कृति, राजनीति र सभ्यताको सम्मिश्रणको पक्षपाती हो ।

- भाषा, साहित्य, कला, सम्पदा, धर्म, संस्कृति, ज्ञान, विज्ञान र सिर्जनशीलताका क्षेत्रको स्वायत्तता, स्वतन्त्रता र तिनको सम्बर्द्धन, प्रबर्द्धन गर्ने उदार लोकतान्त्रिक राज्यको प्रत्याभूति दिने कुरा नेपाली कांग्रेसको विश्वास र आस्था हो । कांग्रेस मानवीय सम्भाव्यताका यी पक्षहरूको विकास गर्नु आफ्नो कर्तव्य सम्झन्छ । यी स्वतन्त्रताका मूल्यहरूविरुद्ध हुने राज्य-दमन, अतिक्रमण वा हस्तक्षेपको कांग्रेस सशक्त विरोध गर्दछ । कांग्रेस सबै अन्तर्राष्ट्रिय मानवअधिकारका स्थापित सिद्धान्तहरू, अभिसन्धिहरूको पालनामा पूर्ण प्रतिबद्ध छ ।

### (१७) शान्ति, अहिंसा, न्याय र नागरिक स्वतन्त्रता :

- नेपाली कांग्रेस नेतृत्वमा प्रारम्भ भएको शान्ति प्रक्रिया अझै अन्तिम टुङ्गो लाग्न नसकेकोमा नेपाली कांग्रेस गम्भीर चिन्ता प्रकट गर्दछ । हिंसाको मारमा परेका पीडित जन र उनका परिवारले न्यायको महसुस गर्न सक्ने परिस्थिति निर्माण गर्नु अपरिहार्य छ । तर अझै पनि द्वन्द्वका पीडितहरूले न्यायको अनुभूति गर्न सकेका छैनन् । विस्थापितहरूको समस्या पनि अन्त्य भएको छैन । हिंसाका कारण घाइते, अपाङ्ग भएकाहरूको पीडाको निदान गर्न अझै धेरै काम बाँकी छ । नेपाल कम्युनिष्ट पार्टीका ओली नेतृत्वको सरकार गठन भएपछि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगका संयन्त्रहरू प्रभावकारी हुन सकेका छैनन् । संक्रमणकालीन न्यायका सम्बन्धमा सरकार पीडक पक्ष जस्तो देखिँदै छ । अदालतबाट दोषी भनी प्रमाणितहरूलाई समेत उन्मुक्ति दिने तथा न्यायका आवाजहरूलाई बलपूर्वक दबाउन देखिएका प्रयास अन्यायका पक्षपोषक हुन् । तराई मधेस आन्दोलनका पीडितहरूको न्याय प्राप्तिको विषयले पनि सार्थक निष्कर्ष पाइसकेको छैन । यो स्थितिमा शान्तिको सुनिश्चितताको विषय झन् दूर हुँदै गएकोमा कांग्रेस गम्भीर छ ।

- शान्ति, अहिंसा र न्यायको वातावरण सुनिश्चित गराउन असफल भएमा देशको राजनीतिक परिवर्तनले स्थायित्व पाउन सक्ने छैन । न्यायको सुनिश्चितताले मात्र दिगो शान्तिको वातावरण निर्माण गर्दछ । अनि मात्र अहिंसाको महत्त्व र सान्दर्भिकता स्थापित हुनसक्छ । नेपाली कांग्रेस सम्पूर्ण रूपमा शान्ति, अहिंसा र न्यायमा विश्वास राख्दछ । यसका लागि समर्पित भई सक्रिय हुनु आफ्नो कर्तव्य ठान्दछ । अहिंसाको संस्कृति निर्माण गर्न नेपाली कांग्रेसले समाजमा वैचारिक जागरणको अभियान चलाउने अठोट गरेको छ ।
- नेपाली कांग्रेस व्यक्तिका राजनीतिक तथा नागरिक स्वतन्त्रता सदैव अक्षुण्ण रहनुपर्दछ भन्ने मान्यतामा आफ्नो दृढ समर्थन गर्दछ । कुनै पनि बहानामा नागरिक अधिकार र स्वतन्त्रताको अतिक्रमण हुनुहुँदैन । विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, राजनीतिक दल र सङ्गठन गर्ने हक, आम नागरिकहरू सङ्गठित भई सङ्घसंस्था सञ्चालन गर्न पाउने हक, पेशा व्यवसाय रोज्न पाउने हक, धार्मिक स्वतन्त्रता तथा सबै नेपालीको विनारोकटोक घुमफिर गर्न पाउने स्वतन्त्रता एवं नागरिकहरू भेला हुने, बैठक गर्ने, विरोध गर्ने जस्ता मौलिक स्वतन्त्रताको जगेर्नाविना हामी लोकतन्त्रको परिकल्पना पनि गर्न सक्दैनौँ ।
- यी आधारभूत स्वतन्त्रताहरूको सम्बर्द्धन र रक्षाका लागि कांग्रेस हरदम सचेत छ । यसका साथै स्वतन्त्र न्यायालयको रक्षा, स्वतन्त्र प्रेसको संरक्षण, संवैधानिक अङ्गहरूको स्वायत्तताको प्रत्याभूति, विश्वविद्यालय एवं प्राज्ञिक, सिर्जनशील जगत्को स्वतन्त्रता र स्वायत्तताको सम्मान र कदर तथा नागरिकहरूको सङ्गठित भएर अभिव्यक्ति गर्ने संस्कृतिको सम्बर्द्धन गर्नु कांग्रेसको मूल राजनीतिक जिम्मेवारी हो ।

## प्रशिक्षण लक्ष्य र विधि

**(क) प्रशिक्षणको लक्ष्य र उपादेयता :**

कुनै पनि संस्थाका सदस्यहरूका लागि समय समयमा पुनर्ताजगी जरुरी हुन्छ । जसरी कुनै कोदालो, बञ्चरो खुकुरीमा धार लगाइन्छ, सुनलाई गाल्ने काम गरिन्छ, त्यसैगरी मानव मस्तिष्कलाई धार लगाउनु पर्दछ । साँध लगाइएन भने खिया पर्ने, बोधो हुने र काम नलाग्ने हुँदै मक्केर विनाश हुने सम्भावना हुन्छ । सदस्यहरूलाई सक्रिय राख्न र प्रतिस्पर्धीहरूसँग वैचारिक बहस् गर्न, संस्थाका मूलभूत मान्यताहरू आम नागरिक र अरू साथीहरूलाई बताउन सक्ने बनाउन र आफूसम्बद्ध सङ्गठनलाई सबल, सशक्त बनाउन पनि प्रशिक्षण अनिवार्य हुन्छ ।

**(ख) नेपाली कांग्रेसका सदस्य साथीहरूका लागि प्रशिक्षण किन ?**

पार्टी सदस्यहरू आफैँ योग्य हुनुहुन्छ । धेरै विद्वान्हरू यस पार्टीमा हुनुहुन्छ । गाउँघरमा बसेका सचेत नागरिकहरू पनि कांग्रेसमा आबद्ध हुनुहुन्छ । सबैका लागि समयलाई बुझ्न पनि प्रशिक्षणको आवश्यकता पर्दछ । कांग्रेसको सङ्गठनको मूल आधार क्रियाशील सदस्यहरू भए पनि क्रियाशील सदस्यहरूलाई पार्टीको मूलधारमा जोड्ने पुल महाधिवेशन प्रतिनिधिहरू हुनुहुन्छ । आम नागरिक तहमा पुग्ने नेतृत्व महाधिवेशन प्रतिनिधि नै हो । दैनिक रूपमा नागरिकका सुखदुःखमा जोडिने पार्टी नेतृत्वको आधारभूत पङ्क्ति महाधिवेशन प्रतिनिधिहरू भएको हुनाले प्रशिक्षणको पहिलो बिन्दु यही तह हुन पुगेको छ । प्रशिक्षण किन त ? आजको अवस्थामा निम्न उद्देश्यका लागि प्रशिक्षण गर्नु आवश्यक छ ।

**(१) असल मानिस र असल व्यवहार :**

मानिस आफैँ खराब हुँदैन । तर समय वा अवस्थाले अनेक खराब कुराहरूमा उसको निकटता हुन्छ । प्रशिक्षणले असल आचरण र व्यवहार गर्न मानिसलाई प्रेरित गर्दछ र गर्नुपर्दछ । अर्थात् समाजले खराब मानेका कृत्यहरू नगर्न प्रेरित गर्नमा नै प्रशिक्षण हुनुपर्दछ । आदरणीय वी.पी. कोइरालाले जीवनको लामो अनुभवका आधारमा, मानिसलाई ठूलो बन्ने महत्वाकाङ्क्षा राख्नुभन्दा असल बन्ने सन्देश दिनुभएको छ । यसैकारण मानिस पहिले असल हुनु जरुरी छ र यस विषयलाई निरन्तर सम्झाइरहनुपर्ने हुन्छ ।

**(२) असल लोकतन्त्रवादी :**

सदस्य साथीहरूमा असल लोकतान्त्रिक चरित्र विकास गर्ने उद्देश्य प्रशिक्षणको हो । लोकतन्त्र मूल्यमा आधारित सिद्धान्त हो । नेपाली कांग्रेसका लागि यो साध्य र साधन दुवै हो । निर्दलीय, एकदलीय, सैनिक वा धार्मिक कुनै पनि खाले निरङ्कुश व्यवस्थालाई परास्त गरी लोकतन्त्रको जग मजबूत गर्दै यस प्रणालीलाई विकसित गर्नुपर्ने हुन्छ । यस अर्थमा यो साध्य हो । लोकतन्त्रका माध्यमबाट राष्ट्रियताको संरक्षण तथा समाजवादी आर्थिक सामाजिक रूपान्तरण गर्नुपर्ने हुन्छ । यस अर्थमा यो साधन पनि हो । लोकतन्त्रका मूल्यहरू जति सहज लाग्छन् र लोकतन्त्रवादी हुन जति सजिलो लाग्छ तर लोकतान्त्रिक मूल्यहरूको पालना र लोकतान्त्रिक चरित्र निर्वाह गर्नु त्यति नै गाह्रो हुन्छ । लोकतन्त्रको परीक्षामा अनेक मानिसहरू टिक्न

सकिरहेका हुँदैनन् । प्रशिक्षणको उद्देश्य लोकतान्त्रिक आचरण र व्यवहारमा खरो उत्रन सक्ने बनाउनु हो । प्रशिक्षणमार्फत लोकतन्त्रका मूल्यलाई जीवन पद्धति बनाउन सक्ने क्षमताको विकास गर्नुपर्दछ। लोकतन्त्रको मूल्यमा आधारित संस्कृति हुन्छ, त्यस्तो संस्कृतिको पालना लोकतन्त्रवादीहरूबाट मात्र सम्भव हुन्छ । नेपालको आजको सन्दर्भमा लोकतान्त्रिक प्रणालीले अवलम्बन गरेका मान्यताहरू गणतन्त्र, सङ्घीयता, समावेशिता, मिश्रित निर्वाचन प्रणाली, धर्मनिरपेक्षता र अहिंसा र शान्तिलाई असल लोकतान्त्रिक व्यक्तिले व्यवहारतः अनुशीलन गर्नुपर्दछ ।

**(३) असल कांग्रेस :**

असल मानिस र असल लोकतन्त्रवादी मात्र असल कांग्रेस हुन्छ जो असल मानिस हुन सकेको छैन र असल लोकतान्त्रिक आचरण जोसँग हुँदैन त्यो कुनै पनि हालतमा असल कांग्रेस हुन सक्दैन । असल कांग्रेसमा सङ्कीर्णतावाद, मनोगत विश्लेषण, आत्मकेन्द्रित सोच, अहङ्कार, घातप्रतिघात, जातीय विभेद, आर्थिक सामाजिक शोषण, अन्धविश्वासले सिर्जना गरेका असामाजिक मान्यताप्रति विश्वास जस्ता कुराहरू हुँदैनन् । असल कांग्रेस आफ्ना आदर्श, सिद्धान्त, नीति तथा लोकतान्त्रिक आचरणमा निरन्तर खरो उत्रेको हुन्छ । स्वस्थ प्रतिस्पर्धामा विश्वास गर्दछ र स्वतन्त्रता, अवसरको समानता, सामाजिक न्याय र एकअर्काको सम्मानमा विश्वास गर्दछ। असल कांग्रेस धनबल, बाहुबल र शस्त्रबलका आधारमा शक्तिमा पुग्नपट्टि लाग्दैन । असल कांग्रेस स्वस्थ जनमतमा विश्वास गर्दछ। विपन्न, अशक्त तथा विभेदमा परेकाहरूका पक्षमा असल कांग्रेस सदा आफूलाई जिम्मेवार बनाउँछ । असल कांग्रेस अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका, मानवअधिकारप्रति सदा प्रतिबद्ध रहन्छ । असल कांग्रेस निरन्तर अध्ययनशील, कर्मशील, र उद्यमशील हुन्छ। देश र जनताप्रति अटल र अटुट प्रतिबद्धता असल कांग्रेसको नैसर्गिक चरित्र हो। पार्टीको नीतिद्वारा निर्देशित अनुशासन उसले पालना गरिरहेको हुन्छ। असल कांग्रेस आफूलाई लागेको कुरा निडरतापूर्वक प्रस्तुत गर्ने साहस राख्दछ, तर अराजक हुँदैन । देशको, जनताको, लोकतन्त्र र पार्टीको सिद्धान्तको स्वार्थलाई सर्वोपरि राख्छ र मात्र आफ्नो स्वार्थबाट परिचालित हुँदैन। निरन्तर सुसूचित हुने अभ्यास असल कांग्रेसमा हुन्छ। प्रशिक्षणको अर्थ यस खालको कांग्रेसलाई सशक्त बनाउनु हो ।

**(४) जनतासँग कांग्रेस, कांग्रेससँग जनता :**

नेपाली कांग्रेसलाई जनताको विश्वासबाट स्खलित हुन दिनु हुँदैन। जनता नै मूल आधार मान्ने कांग्रेस जनतासँग निरपेक्ष हुन सक्दैन। खुला र प्रतिस्पर्धी राजनीतिक प्रणालीमा जनतासँग नजोडिएको दल कहिल्यै पनि समर्थ मानिँदैन। जनतालाई उपेक्षा गरेर लोकतन्त्र र लोकतान्त्रिक दल चल्नु सम्भव हुँदैन। अधिनायकवादी सत्ताले मात्र जनतालाई उपेक्षा गरिरहेका हुन्छन्। यसैले लोकतान्त्रिक दलका सदस्य जनताको साथमा निरन्तर रहनुपर्दछ। मानिसहरू असल विचारसँगै असल व्यवहार र आचरणले नजिक हुन्छन्। जनताका समस्याहरू समाधान गर्न हरसम्भव आफ्नो विवेकपूर्ण उपस्थिति, नागरिकहरूको चासोमा आफ्नो क्रियाशील भूमिका, समाजले तिरष्कार गर्ने कार्यहरूमा आफ्नो असंलग्नता एवं अग्रजहरूलाई सम्मान र नयाँ पुस्तालाई स्नेह गर्नै पर्दछ। शोषण, वर्गभेद, छुवाछूत, कुरीति जस्ता प्रचलनमा आफू नपर्ने र अरूलाई पनि यस्ता कुरीतिहरूमा नलाग्न प्रेरित गर्ने काम कांग्रेसले गर्नुपर्दछ। स्थानीय तहमा निर्माण, विकास, पुस्तकालय, स्वास्थ्य उपचार, शिक्षा, वातावरण, सम्पदा सुरक्षा, बालबालिकाको रक्षा, पीडितहरूलाई सहयोग, अपाङ्गतामैत्री सोच र व्यवहार कांग्रेसबाट देखाउनै पर्दछ। विपन्न र विभेदमा परेका नागरिकहरूलाई न्याय दिन कांग्रेस अग्रसर भएमा जनतासँग कांग्रेस र कांग्रेससँग जनता जोडिन सहज हुने छ।

## निर्वाचन तयारी र अभियान

निर्वाचनको तिथि तोकिइसकेपछि मतदान गर्ने दिन आउन त्यति धेरै समय रहन्न, तर गर्नुपर्ने कुरा भने धेरै हुन्छन्। चुनावी अभियानलाई सङ्गठित रूपमा सञ्चालन गर्नका लागि निर्वाचनको सामु देखापर्ने सम्पूर्ण गतिविधिहरूलाई राम्ररी व्यवस्थित गर्नु जरूरी हुन्छ।

**(क) निर्वाचनका आधारभूत आवश्यकताहरू :**

**(१) समय :**

चुनावका प्रक्रियाहरू एउटा निश्चित दिनमा गएर सकिन्छ। चुनावी अभियान त्यसै दिन अवधिलाई लक्षित गरी सञ्चालन गर्नुपर्ने हुन्छ। चुनावी प्रचार सामग्रीहरू समयमै प्राप्त भएन र त्यसलाई निर्वाचन क्षेत्रमा वितरण गर्ने समय नै भएन भने यसले पार्टीलाई कुनै लाभ प्राप्त हुँदैन।

**(२) जनशक्ति :**

कसैले पनि सबै जाति, वर्ग र समुदायको सक्रियता र सहयोगविना चुनाव जित्न सक्दैन । हरेक कामका लागि चाहे हामीले फुटबलको म्याच जित्नु छ वा पाहुनाहरूलाई भोजन बनाउनु छ भने पनि अरू मानिसको सहयोग लिनै पर्छ । चुनावी अभियान सञ्चालन गर्न पनि यही कुरा लागू हुन्छ। चुनावी अभियानलाई सही मानिसहरूको सहयोग आवश्यक पर्छ। उनीहरूको सहयोग पार्टीका लागि सबभन्दा ठूलो स्रोतसाधन हुन्छ, जसको पार्टी/उम्मेदवारले प्रभावकारी सदुपयोग गर्नुपर्छ।

**(३) निर्वाचन खर्च :**

वास्तवमा हरेक कुरा जुटाउन खर्च लाग्छ। क्षमता र कानूनले तोकेको भन्दा बढी रकम खर्च हुनेगरी योजना बनाउनु हुन्न । यदि चुनावी अभियानले राम्रो योजना नबनाइकनै फटाफट पैसा खर्च गर्‍यो भने चुनावको दिन आउनुअघि नै सबै आर्थिक स्रोत खर्च भइसक्ने छ। त्यस्तै चुनाव सकिन लागिसक्दा प्रशस्त चुनावी खर्च भैनसकेको हुनु पनि राम्रो हुँदैन । रकम उचित तरिकाले प्रयोग गर्दा त्यसले चुनावी अभियानमा उल्लेखनीय परिणाम ल्याउन सक्तछ ।

**(ख) सफल चुनावी अभियानका लागि ध्यान दिनुपर्ने कुराहरू :**

- उत्साही र अनुभवी चुनाव अभियान टोली
- प्रमुख चुनावी मुद्दाहरूमा सहानुभूति राख्ने समूहहरूको पहिचान
  - आफ्नो पार्टीप्रति प्रतिबद्ध मतदाता समूहहरूको पहिचान
  - अन्य पार्टीप्रति प्रतिबद्ध मतदाता समूहहरूको पहिचान
  - अस्थिर/अनिर्णित मतदाता समूहहरूको पहिचान

  (यस समूहलाई आफूअनुकूल ल्याउन विशेष प्रयत्न गर्ने)
- चुनावी रणनीति
- बजेट, अर्थ सङ्कलन योजना
- कार्यक्रम तालिका
- सबैलाई सजिलै बुझाउन सकिने आकर्षक चुनावी नारा/सन्देश
- चुनावी क्षेत्रका लागि महत्त्वपूर्ण मुद्दाहरू
- आफ्नो सन्देशलाई कसरी जनतामा पुर्‍याउने हो त्यसको योजना
- निश्चित मतदातासमक्ष पुग्ने किसिमले आफ्नो अभियान
- आफ्नो अभियानमा अवरोध पुर्‍याउन सक्ने कुराहरूको पहिचान गरी तिनलाई रोक्ने योजना ।

**(ग) अवरोधहरूलाई हटाउने रणनीति :**

- आफ्नो क्षेत्रका विभिन्न समूहहरूलाई अलग अलग सम्पर्क गर्ने
- आफ्नो क्षेत्रका लागि महत्त्व राख्ने मुद्दाहरूबारे अनुसन्धान गर्ने
    - आफूले आफ्नाबारेमा बताउने मुद्दाहरू
    - आफूले अरूहरूको बारेमा बताउने मुद्दाहरू
    - अरूहरूले आफ्नोबारेमा बताउने मुद्दाहरू
    - अरूहरूले उनीहरूको बारेमा बताउने मुद्दाहरू
- खास खास मुद्दाहरूमा केन्द्रित अभियान चलाउने
- आफ्नो सन्देश जतातत्तै पुऱ्याउने
- आफ्नो गाउँ-ठाउँमा पहिलेदेखि नै केही प्रभाव पारेका नेता छान्ने
- आफ्नो उम्मेदवारको नाम र अनुहार सबैलाई चिनाउने (पोस्टर, विज्ञापन, अखबारमा चर्चा गराउने, घरदैलो भ्रमण)
- पार्टीको चुनाव चिन्ह रुखको व्यापक प्रचार गर्ने
- अनौपचारिक भेटघाटहरू- आफ्ना साथीहरू र छरछिमेकीहरूलाई चिया खान बोलाउने
- रमाइला र आकर्षक सामाजिक कार्यक्रमहरू चलाउने
- मतदाताहरूसँग भेट गर्दा र आफ्नो सन्देश सुनाउँदा आफ्नो उम्मेदवारीप्रति धेरै आशावादी र उत्साही देखाउने
- आफ्नो व्यवहारमा हार्दिकता-सहजपना देखाउने
- चुनाव सकिएपछि पनि मतदाताहरूसँग संवाद चलाइराख्ने
- चुनाव र चुनावी अभियानका बारेमा लागू हुने कानून नियमावलीबारे आफूलाई सुसूचित राख्ने
- सञ्चार र जनसम्पर्कलाई निरन्तरता दिने
- मतदानको दिनमा मतदान गर्न प्रेरित गर्ने प्रभावकारी योजना बनाउने
    - मतदानका बारेमा चुनाव हुने दिन, मतदान केन्द्र, मतदान सुरु हुने समयलगायतका कुरामा टेलिफोन गर्दै पर्चा बाँड्दै घरघर सन्देश पुऱ्याउने
    - मतदान गर्न नगएकाहरूबारे जानकारी लिँदै उनीहरूलाई मतदान गर्न जान प्रेरित गर्ने
    - मतदानमा हुन सक्ने अनियमितताबारे पर्यवेक्षण गर्ने ।

**(घ) चुनावी अभियान टोलीको भूमिका र जिम्मेवारी :**

**(१) उम्मेदवार :**

प्रत्येक चुनावी अभियानमा उम्मेदवारको व्यक्तित्व ज्यादा प्रतिविम्बित भएको हुन्छ । जसरी माथि तीनवटा मूलभूत स्रोत साधनहरूको प्रभावकारी व्यवस्थापन गरिनुपर्छ भनिएको थियो, त्यसरी नै कतिपय जिम्मेवारीहरूलाई चुनावी अभियानभरि नै राम्ररी पूरा गरिनुपर्छ ।

पहिलो र सबभन्दा महत्त्वपूर्ण व्यक्ति भनेको उम्मेदवार आफैँ हो र चुनावी अभियानका लागि उम्मेदवारको समय सबभन्दा महत्त्वपूर्ण साधन स्रोत हो । त्यस्तो मूल्यवान् समयलाई खेर जान दिनु हुँदैन ।

**(२) अभियान व्यवस्थापक :**

उम्मेदवारले एक जना अभियान व्यवस्थापक राख्नुपर्छ । अभियान व्यवस्थापकले समग्र चुनावी अभियानको जिम्मेवारी लिनुपर्छ । यसमा निम्न कुराहरू पर्दछन् :

- उम्मेदवारको मतदाताहरूसँग भेटघाट गर्ने कार्यतालिका सुनिश्चित गर्नु
- अभियानको कार्यतालिका सुव्यवस्थित पार्दै जानु
- प्रेस/सञ्चार माध्यमसँगको सम्पर्क कायम गराइराख्नु
- चुनावी प्रचार सामग्री र खर्चको रेखदेख गरिराख्नु
- चुनावी अभियानका सहयोगीहरू र स्वयंसेवकहरूको संयोजन गर्नु

**(३) आर्थिक/स्रोतसाधन परिचालन संयोजक :**

- चुनावी अभियानको बजेट बनाउने र व्यवस्थित गर्ने
- अर्थ सङ्कलन योजना तयार पार्ने
- आर्थिक सहयोग गर्नेहरू र प्राप्त आर्थिक सहयोग रकमको हिसाब राख्ने

**(४) घरदैलो प्रचार संयोजक :**

- अभियानको लागि घरदैलो प्रचार योजना तयार पार्ने
- तयार भएको योजनालाई पूर्ण रूपमा लागू गराउने
- घरदैलो प्रचारकहरूलाई आवश्यक सामान र तालिम उपलब्ध गराउने

**(५) स्वयंसेवक संयोजक :**

- स्वंयसेवकहरूको छनोट गर्ने प्रबन्ध मिलाउने
- स्वयंसेवक परिचालन योजना तयार गर्ने

**(६) सञ्चार/जनसम्पर्क संयोजक :**

- आफ्नो अभियानको लागि सञ्चार योजना बनाउने
- सञ्चार -जनसम्पर्कको सबै पक्षहरू- सञ्चार माध्यमसँगको सम्पर्क, जीवन्त राख्नेदेखि प्रचार पुस्तिका बनाउने लगायतका विषयहरूमा आवश्यक तयारी गर्ने

**(७) विशेष कार्यक्रम संयोजक :**

- अभियानको लागि विशेष कार्यक्रमका योजना बनाउने
- सामाजिक सम्पर्कका खुला कार्यक्रमहरू व्यवस्थित गर्ने

**(८) मतदान संयोजक :**

- चुनावी अभियानको अन्तिम केही हप्ताहरूमा चुनावको दिनमा गर्नुपर्ने सबै गतिविधिहरूबारे व्यवस्था मिलाउने, सङ्गठित गर्ने र संयोजन गर्ने

**(९) चुनावी प्रतिनिधिहरू :**

- मतदान प्रक्रिया सुरु भएपछि उम्मेदवारको तर्फबाट पर्यवेक्षक भई निर्वाचनको रेखदेख गर्ने प्रतिनिधिहरूको छनोट गरी परिचालन गर्ने
- चुनावसम्बन्धी सम्पूर्ण कानून तथा नियमावलीको जानकारी राख्ने जम्मेवारी लिने

**(ङ) अनुसन्धान :**

**(क) आवश्यक जानकारी लिने :**

प्रत्येक चुनावी अभियानको लक्ष्य सबैभन्दा धेरै मत ल्याएर चुनाव जित्नु हो । यसको लागि आफ्नो उम्मेदवारले कति मत प्राप्त गर्नु जरुरी हुन्छ र ती मतहरू प्राप्त गर्ने सबभन्दा राम्रा उपायहरू के के हुन सक्छन् त्यसको लेखाजोखा गर्नु अति महत्त्वपूर्ण हुन्छ । यसका लागि आवश्यक जानकारीसहित अनुसन्धान अपरिहार्य हुन्छ ।

**(ख) अन्य उम्मेदवारहरूबारे जानकारी राख्ने :**

प्रत्येक चुनावमा हरेक उम्मेदवारले सम्भवतः एकजना भन्दा बढी नै प्रतिद्वन्दीहरूको सामना गर्नुपर्ने हुन्छ र तीमध्ये कसैलाई पनि कम आँकनु हुँदैन । प्रत्येक उम्मेदवारले आफ्ना प्रतिद्वन्दीहरूबारे राम्रो जानकारी राख्नु पर्दछ । ताकि उनले अरू कुनै उम्मेदवारले भन्दा आफूले धेरै राम्रो काम गर्ने विश्वास मतदातालाई दिन सकून् ।

**(च) अद्यावधिक निर्वाचन ऐन, कानून, नियमावली निर्देशिकाको जानकारी :**

**(क)** निर्वाचन ऐन, कानून, निर्वाचन आयोगद्वारा जारी पछिल्लो नियमावली, निर्देशिका र आचारसंहिताहरूको अध्ययन अनिवार्य गर्नु पर्दछ । आवश्यक कागजपत्रहरूका साथ उम्मेदवारी दर्ता गर्दा, मिति, समय, प्रस्तावक, समर्थक, नागरिकतासहितका कागजातहरूको व्यवस्था उम्मेदवारी फारममा दिएको नमूनाअनुसार हुनुपर्छ । प्रचारप्रसारमा पालना गर्नुपर्ने आचारसंहिता उल्लङ्घन गर्नु हुँदैन । विपक्षको रणनीति, प्रचारशैलीलाई बुझ्नु र त्यसका विपक्षमा आफूलाई सशक्त बनाउनु पर्दछ । गलत तर्क आफूले गर्नु हुँदैन र अरूले गरेमा त्यसको सही जवाफ दिनुपर्दछ । प्रचार समयपछिको मौन अवधिमा विपक्षले गर्ने अनेक परिचालन र गलत कार्यहरूप्रति चनाखो हुनु आवश्यक छ । मत गणना अवधिभर कुनै पनि हालतमा गणनामा प्रतिनिधि बस्नै पर्दछ । मतदान केन्द्रमा मतदानका समयमा प्रतिनिधि खटाउने, मादकपदार्थ पिउन निषेध गर्ने, अराजक कार्यहरूलाई रोक्नुपर्दछ । कानूनसङ्गत परिणाम भएको छ छैन अन्तिमसम्म चनाखो भएर हेर्नुपर्दछ । मतदानमा धाँधली भएको छ कि वामतक्षेत्रमा शङ्कास्पद कुनै गतिविधि भए नभएको हेर्नुपर्दछ । धाँधली भएमा तत्काल कानूनी उपचार खोज्नुपर्छ ।

**(ख)** कानूनी विषयमा कानून व्यवसायीहरूको आवश्यक सहयोग लिनुपर्दछ । उम्मेदवारी दर्ता गर्दादेखि परिणाम नआएसम्म ऐन, कानून, नियम, आदिका विषयमा कानूनी सहायता लिनु वाञ्छनीय हुन्छ । आफूबाट हुनसक्ने कानूनी त्रुटिहरू सच्याउन, वा अरू प्रतिपक्षी उम्मेदवार, निर्वाचनमा खटिने कर्मचारीहरू, सुरक्षाकर्मीहरू वा अरू कसैबाट हुनसक्ने कानूनविपरीतका कार्यहरू रोक्न पनि कानूनी सहयोग आवश्यक हुन्छ ।

(**ग**) प्रशिक्षक प्रशिक्षणबारे सामान्य जानकारी :

**(१) प्रशिक्षणको अवधारणा :**

- प्रशिक्षण के हो ? प्रशिक्षण र शिक्षणबीचको भिन्नता ?
- प्रशिक्षण किन ?

**(२) प्रशिक्षकबारे :**

- प्रशिक्षक को हो उसको भूमिका के हो ?
- उसबाट अपेक्षा गरिएका गुणहरू के हुन् ?
- उसका हटाउनुपर्ने अवगुण के के हुन् ?

**(३) प्रशिक्षण कसरी संचालन र व्यवस्थापन गर्ने ?**

- तालिमपूर्व
- तालिमका समयमा
- तालिमपछि

**(४) प्रशिक्षकमा हुनुपर्ने गुणहरू :**

चुनौती स्वीकार गर्ने, जोखिम बहन गर्ने, आफू निपूण नभएको अनुभूत गर्नु, विषयवस्तुको ज्ञान हुनुपर्ने, मानवीय सीप हुनुपर्ने (मानिसहरूसँग घुलमिल हुनसक्ने), मध्यस्थकर्तामा हुनुपर्ने गुण हुनुपर्ने, सरल व्यवहार, निरन्तरता, अध्ययनशील, नेतृत्वसीप, सहनशील, विश्लेषण क्षमता, सामान्यज्ञान भएको, अरूको कुरा सुन्ने बानी, धैर्यता, व्यावहारिक, नम्रता, खोजमा रुचि भएको, उत्साही, लचकता, खुल्लापन, संवेदनशील आदि ।

**(५) प्रशिक्षकका लागि आवश्यक आचारसंहिता :**

उद्देश्यमा केन्द्रित, इमानदार, उत्तरदायित्व वहन, सकारात्मक सोच, परिणाममुखी, आत्मविश्वास, सहभागीहरूको सहभागितामा ध्यान दिने, आफूले नजानेको कुरा नहिच्किचाई जानकारी दिने, सिक्नको लागि आवश्यक वातावरण बनाउने, तटस्थ हुने, उत्तर दिन नहतारिने, कुनै सहभागीलाई कसैसँग तुलना नगर्ने, काम र क्रियाकलापहरूको तुलना गर्ने, सहभागीलाई सानो नठान्ने, समयको ख्याल गर्ने ।

**(६) सहजकर्ताले गर्न नहुने कार्यहरू :**

- सहभागीका सुझावमा ध्यान नदिने
- सहभागीहरूले प्रयोग गरेका शब्द परिर्वतन गर्ने
- समूहले गरेको कार्यमा आफू संलग्न हुने
- समूहका लागि काम गरिदिने
- समूहले भोगेका समस्या समाधान गरिदिने
- समूहको विशेष नतिजामा आँखा गाड्ने
- विचारहरूलाई राम्रो नराम्रो भनेर औँल्याउने ।

**(७) सीप :**

- प्रशिक्षकका लागि
  - बोल्ने सीप
  - प्रस्तुत गर्ने सीप
  - लेख्ने सीप
  - पृष्ठपोषण सीप
- प्रशिक्षार्थीका लागि
  - श्रवण सीप
  - अवलोकन सीप
  - पढ्ने सीप
  - पृष्ठपोषण लिने दिने सीप

**(८) सबैका लागि (सञ्चार सीप) गर्नुपर्ने कुरा :**

अभिवादन, तटस्थ विषयबाट सुरु गर्ने, पूर्वावलोकन गर्ने, सरल सङ्क्षिप्त र स्पष्ट जानकारी, प्रस्ताव र सुझाव, जानकारी खोज्ने, बोल्न उत्साहित गर्ने, मुख्य बुँदाहरू दोहोऱ्याउने, सहमति हुने बुदाँहरू खोज्ने, असहमतिको कारण पहिले नै भन्ने, बीचमा नरोक्ने, बुझे नबुझेको जाँच्ने, स्पष्ट भए नभएको जाँच्ने आदि ।

**(९) सञ्चारकर्ताले जानुपर्ने कुरा :**

कसलाई सूचना प्रवाह गर्ने ? किन ? के सूचना ? कसरी ? सूचनाको प्रक्रिया र प्रभाव कसरी थाहा पाउने ? सूचना प्राप्त कसरी गर्ने ?, सूचनाको के व्याख्या गर्ने ? कसरी निष्कर्ष निकाल्ने ? कसरी र कस्तो प्रतिक्रिया जनाउने ?

**(१०) नराम्रा बानीहरू हटाउने :**

- बत्ती निभ्ने र बल्ने जस्तो अन अफ सुनाइ : कहिले ध्यानपूर्वक सुन्ने कहिले ध्यान अन्तै लैजाने ।
- रातो झण्डा र साँढे सुनाइ : रातो झण्डा देखाउनासाथ साँढेले झम्टिने जस्तो सुनाइ, केही शब्द खस्नासाथ त्यसैलाई समाई झगडा गर्न खोज्ने ।
- खुला कान बन्द दिमाग सुनाइ : कानले सुनिरहने तर दिमागले कुरा नबुझ्ने ।
- आँखा टल्किने सुनाइ : गम्भीर भएर सुन्ने । केही कठिन कुरा आउनासाथ मेरो दिमागले भ्याउँदैन भनी त्यस विषयलाई बेवास्ता गर्ने ।
- विश्लेषणात्मक सुनाइ : सानो विषयलाई पनि अनावश्यक विश्लेषण गरि सुन्ने ।

**(११) प्रशिक्षण सञ्चालन गर्ने दिनभन्दा पहिले तयारी गरिसक्नुपर्ने कार्यहरू :**

- प्रशिक्षण कार्यक्रमको घोषणा प्रशिक्षण कार्यक्रमको रूपरेखा, लक्ष्य, उद्देश्य, विषय शीर्षकसहित आवेदन फारम सम्बन्धित संस्था/सहभागीकहाँ पठाउने ।
- प्रशिक्षणमा भाग लिने सहभागीको पहिचान, छनोट र सहभागिता निश्चित गर्ने ।
- सहभागीहरूको प्रशिक्षण आवश्यकता पहिचान र विश्लेषण तथा अपेक्षा सङ्कलन ।
- प्रशिक्षण कार्यक्रमको कार्यतालिका, सञ्चालन मिति, समय, स्थान, सम्पर्क व्यक्ति, खाने बस्ने व्यवस्था, हावापानी, यातायातको व्यवस्था आदिको विषयको जानकारी दिने ।
- पर्याप्त प्रशिक्षण सामग्री तयार गर्ने, उपकरण तथा अरू सामग्रीको व्यवस्था मिलाउने ।
- स्रोत व्यक्ति तथा सहजकर्ताहरू तोकिएको समयमा आउने कुरा निश्चित गर्ने ।
- प्रशिक्षण कार्यक्रमको उद्घाटन समारोहमा गण्यमान्य व्यक्तिहरूलाई आमन्त्रण गर्ने ।
- प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी सम्हाल्न तोकिएको

व्यक्ति वा संस्थालाई आवश्यक आर्थिक स्रोत साधन तथा काम गर्ने स्वायत्तताको व्यवस्था मिलाउने ।

**(१२) प्रशिक्षण कार्यक्रम सञ्चालन अवधिभर गर्नुपर्ने कार्यहरू :**

- प्रशिक्षण शुभारम्भ : स्वागत तथा सहभागी परिचय तथा कार्यक्रम परिचय ।
- प्रशिक्षण सञ्चालन : कक्षा बस्ने सिटको व्यवस्था, बत्तीको व्यवस्था तथा उपकरणको उपयुक्त व्यवस्थापन ।
- प्रशिक्षण/सहजकर्ता र सहभागीहरूको मूलभूत मान्यता/नियम बनाउन लगाउने ।
- सत्र सञ्चालन गर्ने प्रत्येक स्रोत व्यक्ति/सहजकर्ताको समय निश्चित गर्ने ।
- दैनिक चिया, नास्ता, दिवाभोजन र सत्र सञ्चालन समय निश्चित गर्ने ।
- प्रशिक्षण कार्यक्रमका अध्ययन सामग्री, आवश्यक मात्रामा उपलब्ध गराउने ।
- सूचना, सञ्चार तथा शिक्षासम्बन्धी सामग्रीहरूको उचित प्रयोग गर्ने ।
- समूह कार्य तथा गर्नुपर्ने अन्य कार्यहरू प्रष्ट पार्ने ।
- सत्र उद्देश्यहरूको विषयमा विचार विमर्श गर्ने ।
- सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरूको प्रतिउत्तर दिने ।
- कार्यक्रमबारे पृष्ठपोषण दिने तथा प्राप्त गर्ने ।
- सत्रको समीक्षा विश्लेषण तथा मूल्याङ्कन गर्ने ।

**(१३) प्रशिक्षण कार्यक्रम सकिएपछि गर्ने कार्यहरू :**

- अन्तिम मूल्याङ्कन गर्ने
- प्रमाणपत्र वितरण गर्ने ।
- प्रशिक्षण प्रतिवेदन तयार गर्ने र सहभागी तथा संस्थाहरूलाई वितरण गर्ने ।
- आर्थिक कारोबार फछ्र्यौट गर्ने र प्रशिक्षण उपकरण तथा अन्य सामग्रीहरू यथास्थानमा पुऱ्याउने ।

**(१४) प्रशिक्षण अवधिभर दैनिक गर्नुपर्ने कार्यहरू :**

- प्रत्येक दिन प्रशिक्षण सुरु हुनुभन्दा कमसेकम आधा घण्टा पहिले प्रशिक्षणको तयारी दुरुस्त भएको छ कि छैन भन्ने एकिन गर्न प्रशिक्षण टोलीको बैठक बस्ने ।
- प्रशिक्षकहरूको सो दिनको कामको विभाजन गर्ने ।
- प्रशिक्षण सामग्रीहरूको सिलसिला मिलाई राख्ने ।
- त्यस दिन प्रयोग गर्ने प्रशिक्षण प्रविधिबारे छलफल गरी एकिन गर्ने ।
- प्रशिक्षण सत्र सञ्चालन योजना बनाएर कक्षा सञ्चालन गर्ने ।
- प्रशिक्षण टोलीका प्रत्येक सदस्यलाई कसले कुनकुन सत्र सञ्चालन गर्ने भनी तोकिदिने । सत्र सञ्चालन गर्ने सम्बन्धमा एकअर्काको तयारीको जानकारी लिने दिने ।
- प्रशिक्षण सञ्चालन गर्न आवश्यक खैरो कागज, मास्किङ, टेप, कैँची, ग्लुस्टिक, पेन्सिल आदि प्रशिक्षण सामग्रीहरू मिलाएर पायक पर्ने ठाउँमा राख्ने ।
- प्रशिक्षण अवधिभर प्रशिक्षक टोलीले उत्साहका साथ काम गर्नुपर्ने ।
- सत्र सञ्चालन सहजकर्ता/प्रशिक्षकले प्राविधिकहरूको प्रयोग गर्दा विषयवस्तुको बुझाइलाई प्रभावकारी बनाउन प्रत्यक्ष सघाउ पुर्‍याउने र व्यवहारमा ल्याउने आफैँ अभ्यस्त रहेका लघु प्रवचन, प्रश्नोत्तर, समूह छलफल, वार्तालाप, भूमिका अभिनय, मामिला अध्ययन र मस्तिष्क मन्थन आदिमध्ये छानेर प्रयोग गर्नुपर्ने ।

**(१५) प्रशिक्षणका औपचारिक पक्ष :**

- शुभारम्भ कार्यक्रम ।
- सहभागीहरूको नाम दर्ता गर्ने, गराउने ।
- सहभागीहरूको स्वागत गर्ने ।
- प्रशिक्षक टोलीका सबै सदस्यहरूको परिचय दिने ।
- प्रशिक्षणको उद्देश्य र कार्यक्रम सूचीबारे जानकारी दिने ।
- सहभागीहरूले प्रशिक्षणबाट प्राप्त गर्न चाहेको अपेक्षा सङ्कलन गर्ने ।
- सहभागीका अपेक्षालाई प्रशिक्षणको उद्देश्यसहित मिलान गरी प्रशिक्षण कार्यक्रममा समेटिने विषयहरू बताइदिने ।
- सहभागीहरूको बीचमा परिचय गराउन सहभागीहरूको जोडी मिलाई

एकअर्काको नाम, अनुभव, सौख बताएर सबै सहभागीबीच परिचय दिने/लिने व्यवस्था गर्ने ।

- परिचयको कार्यक्रम सकिएपछि प्रशिक्षण अवधिभर सहभागीले पालना गर्नुपर्ने मान्यता निधारण गर्ने र सो मान्यतालाई कागजमा लेखी सबैले देख्ने ठाउँमा टाँस्ने ।
- प्रशिक्षणको प्रत्येक सत्र सुरु गर्दा प्रस्तुत गरिने विषयवस्तुलाई बुझ्न सघाउ पुऱ्याउने खालका विश्वप्रसिद्ध भनाइजस्ता कथन प्रयोग गरी सहभागीहरूलाई सक्रिय सहभागी गर्न प्रोत्साहन गर्ने ।
- सत्र सकिनुअघि छलफल गरिएको विषय सहभागीहरूले बोध गरेको एकिन गर्न Mood Chart अथवा ORID प्रयोग गरेर मूल्याङ्कन गर्न नभुल्ने ।
- सहभागीहरूको सक्रिय सहभागिता र सहयोगको लागि अन्त्यमा धन्यवाद दिन पनि नभुल्ने ।

**(१६) प्रशिक्षणमा प्रयोग गरिने प्रविधिहरू :**

- लघु प्रवचन
- मस्तिष्क मन्थन
- प्रश्नोत्तर
- गुनगुने समूह
- समूह छलफल
- मामिला अध्ययन
- भूमिका अभिनय
- वार्तालाप
- कार्यशाला अभ्यास
- खेल
- सूचना प्रविधिको अधिकतम उपयोग गरी भर्चुअल मिटिङसमेत गर्न सकिने छ । यो प्रविधि प्रयोग गर्न इन्टरनेट र वाइफाइ हुनु आवश्यक छ ।

**(१७) प्रभावकारी प्रशिक्षण प्रस्तुतीकरण :**

- प्रशिक्षार्थीहरूको ध्यान आफूतिर आकर्षित गर्नु ।
- प्रशिक्षार्थीहरूको प्रश्न, जिज्ञासा, भनाइ आदि सकृय रूपमा ध्यानपूर्वक सुन्नु ।

- बेलाबेलामा कक्षा कोठामा विषयसँग सम्बन्धित काम कुराहरूबाट उत्साह फैलाउनु ।
- प्रशिक्षार्थीहरूलाई प्रशिक्षण कार्यमा संलग्न गराउनु ।
- प्रशिक्षक एकै ठाउँमा मात्र ठिङ्ग नउभिएर कक्षा कोठाको पुछारमा बसेको प्रशिक्षार्थीसम्म पुगी उनीहरूसित सामिप्यता कायम गर्नु ।
- प्रशिक्षार्थीले बुझे नबुझेको कुरा जाँच गर्नु ।

**(१८) प्रशिक्षार्थी सहभागिता बढाउने तरिका :**

- प्रशिक्षार्थीलाई प्रश्न गर्ने मौका दिएर, उनीहरूको प्रश्नहरूलाई ध्यानपूर्वक सुनेर र बेलाबेलामा उनीहरूलाई प्रश्न गरेर ।
- सबै प्रश्नहरूको जवाफ आफैँले नदिई प्रश्नहरूको जवाफ प्रशिक्षार्थीहरूबाटै प्राप्त गर्ने प्रयत्न गरेर ।
- सिकेको कुराको व्यावहारिक प्रयोग गर्न लगाएर ।
- प्रस्तुत गरिएको विषयबारे प्रशिक्षार्थीहरूबाट बेलाबेलामा सारांश, निचोड आदि निकाल्न लगाएर ।
- सामूहिक छलफल अभ्यास आदि गराएर ।
- प्रशिक्षार्थीहरूको विचारधारा, कार्यशैली, सीप आदि कुराहरूलाई यथोचित महत्त्व दिएर ।

**(१९) प्रशिक्षकले सहजीकरण गर्दा अपनाउनुपर्ने तरिकाहरू :**

- सबै प्रशिक्षार्थीहरूसित आँखाको सम्पर्क कायम राख्ने प्रयत्न गर्नुको साथै सबैमाथि यथोचित ध्यान पुऱ्याउने ।
- कक्षा कोठामा कोही अगाडि बसेकाहरूलाई मात्र वा कुनै व्यक्ति विशेषलाई मात्र बारम्बार प्रश्न नगरी समानरूपमा सबै प्रशिक्षार्थी समावेश हुने गरी प्रश्नहरूको वितरण गर्नुको साथै सबैलाई प्रश्न गर्ने मौका प्रदान गर्ने ।

**(२०) सहभागीहरूले बुझे नबुझेको जाँच गर्ने तरिका :**

- प्रश्नोत्तर गरेर (मौखिक/लिखित ।
- स-साना समूहहरूबीच विषयगत हाजिरीजवाफ प्रतियोगिता गराएर ।
- प्रशिक्षार्थीहरूको प्रत्यक्ष कार्य अवलोकन गरेर ।
- प्रशिक्षण उद्देश्य पूरा भयो भएन जाँच गरेर ।

**(२१) समूह छलफल गर्दा अपनाउनुपर्ने कुराहरू :**

- एक जना सहजकर्ता छान्ने
- एक जना सचिव छान्ने
- एक जना समय सचेतक छान्ने
- दिइएको विषयमा छलफल गर्ने
- अस्पष्ट सन्देशहरू स्पष्ट पार्ने
- त्यसबाट बुँदाहरू छनौट गर्ने र लेख्ने
- कागजमा बुँदाहरू कार्डमा लेखेर टाँस्ने
- समूह सहजकर्ताले पूर्णसत्रमा प्रस्तुत गर्ने
- हरेक बुँदाको सन्देश समूह सहजकर्ताले प्रष्ट पार्ने

**(२२) मस्तिष्क मन्थन विधि र प्रयोग गर्ने तरिका :**

**व्यक्तिगत मन्थन :**

- व्यक्तिगत मन्थन गर्न प्रत्येक व्यक्तिलाई समय दिने आँखा चिम्लिएर सोच्ने समय दिने, सहभागीहरूलाई विचार व्यवस्थित गर्न व्यक्तिगतरूपमा नोट प्याडमा लेख्न दिने ।
- सहभागीलाई आफूसँग दाहिने बसेको व्यक्तिसँग विचार विमर्श गर्न र ४/५ वटा अति महत्त्वपूर्ण सान्दर्भिक विचारमा सहमति कायम गर्न सुझाव दिने
- दुई जनाको समूहको महत्त्वपूर्ण विचार कार्डमा लेख्न लगाउने (एउटा कार्डमा एउटा विचार लेख्नका लागि केही शब्दहरू प्रयोग गर्न सुझाव दिने)
  - समूहबाट एकपटकमा एउटा कार्ड प्रशिक्षकले लिने ।
  - लिएको कार्ड सबैले सुन्ने गरी पढ्ने ।
  - पढेपछि कार्डको सन्देश स्पष्ट गर्नु आवश्यक छ/छैन सहभागीलाई सोध्ने ।
  - स्पष्ट सन्देश भएको कार्डलाई भित्तामा टाँस्ने (कार्डमा सार्ने मिल्ने बुँदा प्रयोग गर्ने)
  - सबै कार्ड भित्तामा नटाँसिउन्जेल सोहीअनुसार गरिरहने ।

**कार्ड विधि :**

**व्यवस्थापन :**

- कार्डहरूको बीचमा कुनै प्रकारको विषयगत सम्बन्ध भए नभएको समूहलाई सोध्ने । त्यस्ता कार्डहरूलाई समूहकृत गर्न सहभागीहरूलाई नै दिने ।

**नामकरण :**

- समूहकृत कार्डहरूलाई शीर्षक वा नाम राख्ने भन्ने । त्यस्ता नाम वा शीर्षकहरू विषयवस्तु र कार्यक्षेत्रसित सम्बन्धित हुनुपर्छ ।

**मूल्याङ्कन :**

- कार्डहरूलाई समूहकृत गरिसकेपछि तपाईंले के के गर्नुभयो ? केही बिर्सियो कि ? केही कुरा अन्यत्र सार्न वा थप्न बाँकी छ कि भनी मूल्याङ्कन गराउने ।

### (२३) कार्ड विधि प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने कुराहरू :

- एक कार्ड एक विचारअनुसार कार्ड लेखिएको छ छैन ध्यान दिने ।
- सहभागीहरूले कार्डमा ठूलो अक्षर लेखे/लेखेनन् सुनिश्चित गर्ने ।
- कार्डमा लेखेको विषयमा छलफल नगर्ने । खाली सन्देश मात्र ठीक छ छैन विचार गर्ने ।

### (२४) वार्तालाप विधि प्रयोग गर्ने तरिका :

- उद्देश्य
  - प्रस्तुतीकरणमा तपाईंले के सुन्नुभयो वा के देख्नुभयो ? तपाईंले सुनेको र देखेको आधारमा एउटा कुरा मात्र भन्नुहोस् । अथवा तपाईंले सम्झनुभएको एउटा कुरा भन्नुहोस् ।
- प्रतिक्रिया
  - तपाईंले भनेको कुरा तपाईंलाई कस्तो लाग्यो ?
- व्याख्या
  - तपाईंलाई किन त्यस्तो लाग्यो ?
- निर्णय
  - अब तपाईं के गर्नुहुन्छ होला ?

### (२५) यस प्रशिक्षणको मूल उद्देश्य :

- नेपाली कांग्रेस पार्टीका सदस्यहरूलाई राजनैतिक दृष्टिबाट सशक्त बनाउने र शक्तिका स्रोत जनतालाई परिचालित गरी पार्टीलाई शक्तिशाली बनाउने भन्ने नै हो ।
- यसलाई कस्तो प्रकारको प्रशिक्षण आवश्यक छ ?

- पार्टीको राम्रो कुरा पुऱ्याउन सहयोग गर्न
- सैद्धान्तिक रूपमा प्रष्ट बनाउने
- राजनैतिक वादविवाद र प्रतिवाद गर्न सक्ने
- पार्टीले गरेका कुरा र गर्ने प्रतिबद्धता देखाउने
- स्थानीय तहका सवालहरू बुझ्न सक्ने त्यसको नेतृत्व गर्न सक्ने

**(२६) यस प्रशिक्षणको खास विषयवस्तु :**


- जनतालाई आफ्नो रोजाइबारे अवगत गराउने ।
- उनीहरूको सोचाइलाई प्रभावित पर्ने, शक्ति आर्जन गर्ने र राजनैतिक हिसाबले बलियो हुने ।
- पार्टीको सिद्धान्त, यसका नीतिगत निर्णय, र चुनावी घोषणापत्र ।
- मुख्य स्रोत पार्टीको विधान, महासमितिको निर्णय, चुनावी घोषणापत्र र पार्टीको केन्द्रीय समितिले गरेका निर्णयहरू ।

**(२७) कसरी नेपाली कांग्रेसको प्रभावकारी प्रशिक्षक बन्ने ?**

- पार्टीका नीतिगत कुराबारे ज्ञान राख्ने
- राष्ट्रिय मुद्दाबारे ज्ञान राख्ने
- स्थानीय आर्थिक सामाजिक मुद्दाबारे ज्ञान राख्ने
- स्थानीय मुद्दाहरूको नेतृत्व लिने वकालत गर्ने
- स्थानीय/कथा/इतिहास/नेपाली कांग्रेसका शहीदहरूबारे ज्ञान राख्ने आदि

**(२८) सिकाइलाई प्रभाव पार्ने कुराहरू :**

सत्र सञ्चालन गर्दा सहभागीसँग सम्बन्धित निम्न कुराहरूले सधैं असर गरिरहने हुँदा यसतर्फ प्रशिक्षक/सहजकर्ता सदैव चनाखो र होशियार रहनुपर्दछ ।




उपरोक्त वृत्ताकारमा उल्लेख गरिएका कुराहरूमा नै प्रशिक्षण कार्यक्रमको प्रभावकारिता र

उपयोगिता निर्भर रहने हुँदा यसतर्फ सहजकर्ता/ प्रशिक्षकले विशेष ध्यान पुऱ्याउन आवश्यक देखिन्छ।

**सहभागीहरूका किसिम र स्वभाव :**

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले विभिन्नतहमा सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रममा भाग लिने सहभागीहरू अनेक स्वभावका हुन्छन्। दिग्दर्शन एवं सहभागी स्रोत पुस्तिकामा उल्लेखित विषयवस्तुहरूलाई सत्र सञ्चालनका समयमा प्रभावकारीरूपले अघि बढाउन संलग्न प्रशिक्षक/सहजकर्ताले सहभागीको किसिम र स्वभाव थाहा पाई सोहीअनुसार व्यवहार गर्न सक्नुपर्दछ। सामान्यतया प्रशिक्षणमा भाग लिने सहभागीहरूको किसिम र व्यवहार तल लेखिएअनुसारको हुने भएकोले सहभागीको व्यवहारअनुरूप परिस्थिति सम्हाल्न सहजकर्तालाई सघाउ पुगोस् भन्ने उद्देश्यले ती स्वभावहरूको किसिम यहाँ उल्लेख गरिएको छ।

- **झगडालु स्वभाव :** प्रायः चुपचाप बस्ने, क्रियाकलापमा सहभागी नहुने तर झगडालु भएर प्रस्तुत हुने, एकाधिकार कायम गर्न कोसिस गर्ने सहभागी हुन सक्तछन्। त्यस्ता सहभागीलाई विचार पुऱ्याउनुपर्दछ।
- **सहयोगी व्यवहार :** छलफलको समयमा सहयोग गर्ने, सकारात्मक कुराहरू गर्ने, हौसला प्रदान गर्ने स्वभाव भएकालाई सधैँ उपयोग गर्नुपर्दछ।
- **विद्वान् :** उसले जानेको कुरालाई उपयोग गर्नु राम्रो हुन्छ।
- **बोलक्कड :** सतर्कतापूर्वक व्यवहार गरी बोल्ने क्रम नियन्त्रण गर्नु राम्रो हुन्छ।
- **लज्जालु स्वभाव :** सरल कुरा गर्न दिएर छलफलमा भाग लिन प्रोत्साहित गर्नुपर्दछ।
- **असहयोगी :** उसको अनुभव र ज्ञानलाई उपयोग गर्दै सहभागी बनाउनु प्रभावकारी हुन्छ।
- **अनिच्छुक :** उसको कार्यक्षेत्रमा गर्नुपर्ने काम सोध्ने र त्यसैसँग सम्बन्धित उदाहरणहरू दिने गर्नाले सिक्ने इच्छा जागेर आउन थाल्छ।
- **जानिफकार देखिने स्वभाव :** बढी जानेबुझेको देखाउने स्वभाव हुन्छ तर, आलोचना गर्नु हुँदैन।
- **प्रश्न गरिरहने स्वभाव :** प्रशिक्षकलाई अप्ठ्यारो पार्न प्रश्न सोधिरहने स्वभाव भएकालाई उसका प्रश्नहरू समूहतर्फ फाली सन्तुलन कायम गर्नु राम्रो हुन्छ।

**(२९) प्रभावकारी सार्वजनिक भाषण :**

सार्वजनिक कार्यक्रममा होस् वा पारिवारिक जीवनमा होस् कलाको प्रभावकारी वाचनकला नितान्त आवश्यक पर्दछ। आफ्नो भनाइप्रति कसैको चासो नरहेको खण्डमा वक्ताले ज्यादै खिन्न र निराशाजनक परिस्थितिको सामना गर्नुपर्दछ। सार्वजनिक व्यक्तित्वका हकमा भाषण प्रभावकारी नभएको खण्डमा उसले त्यस सभामा श्रोतागणलाई दिन खोजेको नीतिगत तत्त्वहरू दिन असमर्थ बन्दछ र व्यक्तित्वको विकासमा प्रत्यक्षत अवरोध आएको महसुस गर्नुपर्दछ। पारिवारिक जीवनमा पनि भनाइमा प्रभावकारिता नभए कसैले नटेर्ने अवस्था आइपर्न सक्दछ। संसारका कैयन राजनेताहरू उनीहरूको भाषण शक्तिमा रहेको गहन प्रभावकारिताले नै उन्नतिको शिखर चुम्न सफल भएको उदाहरण पाउन सकिन्छ। तसर्थ थोरै बोल्ने तर प्रभावकारी ढङ्गबाट बोल्नु बुद्धिमानी हुने तथ्य सर्वस्वीकार्य छ।

**(क) भाषणको तयारी :**

कुनै पनि कार्यको थालनीपूर्व हामीले योजना तर्जुमा गर्नुपर्दछ। योजनाविनाको कार्य धेरै हदमा असफल हुने सम्भावना रहन्छ। सार्वजनिक भाषणमा प्रभावकारी बनाउन निम्नानुसार गर्नु उपयुक्त हुन्छ :

- आफूले बोल्ने विषयमा गहन अध्ययन गर्नुपर्दछ।
- आफ्ना विचारलाई सिलसिला मिलाई प्रस्तुत गर्नुपर्दछ।
  जस्तै : विषय प्रवेश, भूमिका, मूलभूत कुराहरू र समाप्ति।
- समय, काल, परिस्थितिको विचार गरी भाषण तयार गरी पूर्वाभ्यास गर्ने।
- भाषणको मुख्य मुख्य बुँदाहरू सानो चिटमा टिपोट गरी साथै लिई जाने, ताकि प्रसङ्ग मेल नखाने परिस्थिति सृजना हुनासाथ टिपोटको सहयोग लिने।
- भाषणलाई कण्ठ बनाउनेतर्फ नलागी मूलभूत विषय स्मरण गर्ने गर्नुपर्दछ।
- टिपोट सानो र चुस्त आफूले बुझ्न सकिने बनाउनुपर्छ।

**(ख) प्रस्तुतीकरण :**

- दृढ सङ्कल्पका साथ मञ्चमा जाने।
- श्रोतागणतर्फ दृष्टि राख्ने।
- श्रोताको ध्यान आफूतिर आकर्षित गर्ने उपायहरू अवलम्बन गर्ने। जस्तै : लोकोक्ति, उखान टुक्का, कविता आदि सुनाउने।
- विषय प्रसङ्गअनुरूपको मुद्दा बनाएर भाषण सुरु गर्ने।

**(ग) शारीरिक स्थिति :**

भाषण गर्ने क्रममा शाब्दिक प्रस्तुतीकरणको साथमा वक्ताको शारीरिक स्थितिको पनि मूल्याङ्कन हुने गर्दछ। श्रोतालाई वक्ताको कुशल सन्देशका साथ शारिरीक अनुशासन र सरलता प्रदर्शन गर्नुपर्दछ।

- आँखा : आँखाको भाषाले पनि धेरै कुराहरू बुझाउन सकिने हुनाले वक्ताले आँखा श्रोता सबैमा पुऱ्याई, श्रोताको स्तर निर्धारण स्वयंले गर्न सकिन्छ। तसर्थ घोप्टे मुण्टो नलगाई दर्शकदीर्घाको चारैतर्फ आँखा पुऱ्याउनुपर्छ।
- खुट्टा : एउटा खुट्टा केही अगाडि र दुवै खुट्टा केही इन्चको दूरीमा राख्नुपर्दछ।
- हात : हात सहज स्थितिमा भाषणको क्रममा सङ्केत गर्न सजिलो हुने अवस्थामा राख्नुपर्दछ।
- अनुहार : अनुहार सहज एवं सजग हुनुपर्दछ।
- कपडा : पहिरन भड्किलो नभई सरल र सफा हुनुपर्दछ।
- शरीर : समग्र शरीर श्रोतातर्फ केही झुकेको हुनुपर्छ।
    - हाउभाउ : वक्ताले हर समय आफ्नो हाउभाउलाई स्वाभाविक अवस्थामा राख्नुपर्दछ, बनावटी र अस्वाभाविक हाउभाउ कदापि गर्नु हुँदैन। सङ्केतको उपयोगमा सुधार आवश्यक छ छैन भनी आफ्ना शुभचिन्तकहरूबाट रचनात्मक सुझाव सङ्कलन गरी यथोचित सुधार ल्याउने गर्नुपर्दछ।
    - खल्तीमा हात हाल्ने काम भाषणको क्रममा कहिल्यै गर्नु हुँदैन।
- हातले कुनै चीज खेलाउने गर्नु हुँदैन।
- शरीर अघिपछि नहल्लाई, नाक, कान, टाउको कन्याउनु हुँदैन।
- श्रोतालाई आफ्नो भनाइ अर्थ बुझाउन स्वर, बल र विराम समुचित ढङ्गबाट प्रयोगमा ल्याई आवाजलाई आवश्यकताअनुसार भिन्नता ल्याउनुपर्दछ। बल, विराम र अर्धविराम सही ठाउँमा प्रयोग नभएको खण्डमा अर्थको अनर्थ लाग्न सक्ने हुनाले हरक्षण सतर्क रहनुपर्दछ।

**(घ) समापन :**

- समापनको पूर्वाभास श्रोतालाई दिनुपर्दछ।
- भाषणका अन्तिम शब्दहरू श्रोतामा मननीय हुने हुनाले सारांश सुदृढ ढङ्गबाट प्रस्तुत गर्नुपर्दछ।
- भाषणको समाप्ति निर्धारित समयमा गर्नुपर्दछ।
- अन्तमा शिष्ट र सभ्य शब्दावली प्रयोगमा ल्याउनुपर्दछ।

- कार्यक्रम निर्धारित समयमा प्रारम्भ गर्ने र निर्धारित समयमा अन्त्य गर्ने बानी बसाल्नुपर्दछ ।

**(ङ) श्रोता के चाहन्छन् :**

- मृदु भाषा, सरल वाक्य, स्पष्ट विचार र धारा प्रवाह प्रस्तुति,
- विचार सन्देशको बाहुल्यभन्दा मौलिक, सरल र छोटो वाक्यको प्रयोग,
- समयको सीमा उल्लङ्घन नभएको अनुभूति,
- विश्वसनीय, प्रतिबद्धता र अनुकरणीय शैली
- विषयवस्तुमा शीघ्र प्रवेश र इमानदारिता,
- स्रोत र साधनको समुचित प्रयोग ।

**(च) श्रोता के चाहँदैनन् :**

- अस्पष्ट र धेरै मसिनो स्वर तथा लामो भूमिका,
- एउटै शब्द एवं प्रसङ्गको बरोबर उच्चारण,
- अनावश्यक तर्क र अप्रासङ्गिक शब्द भण्डारको प्रयोग,
- समयको ख्याल नगरी आडम्बर छाँट्नु,
- उत्तेजनात्मक ढङ्गबाट अतिशयोक्तिपूर्ण भनाइ,
- मातृभाषाको प्रयोगमा कन्जुस्याइँ अर्थात् अन्य भाषाको अनावश्यक प्रयोग ।

प्रभावकारी सार्वजनिक भाषण दिने वक्ताले जहिले पनि आफू कति समय बोल्ने, श्रोताहरूको सङ्ख्या कति छ र कुन समूहको उपस्थिति छ, सुरुमै अन्दाज गर्नुपर्दछ । आफूअघि वा पछि के कस्ता व्यक्तिको सहभागिता हुँदैछ, सो समेत ध्यानमा राख्नुपर्दछ ।

**(छ) आवश्यक तालिम सामग्रीहरू :**

| तालिम सामग्री | कार्यालय सामग्री | उपकरण | सुविधा |
|---|---|---|---|
| ● तालिम निर्देशक<br>● पाठ्यसामग्री<br>● कार्यक्रम तालिका<br>● पोस्टर<br>● फ्लिप चार्ट | ● मार्कर<br>● पेन<br>● पोस्टर/कार्डबोर्ड<br>● पिन/थमपिन<br>● स्केल<br>● ग्लुस्टिक<br>● कागज कटर | ● श्रव्यदृष्य साधन<br>● सेतो बोर्ड/मार्कर<br>● तार प्लग/सकेट<br>● मेच, टेबुल<br>● कम्प्युटर<br>● फोटोकपी मेसिन<br>● प्रिन्टर/मसी | ● तालिम कक्ष<br>● चमेना स्थान<br>● फोन<br>● फ्याक्स<br>● इमेल<br>● शौचालय<br>● पङ्खा |

| | | | |
|---|---|---|---|
| ● सन्दर्भ सामग्री | ● मास्किङ्ग टेप<br>● नोट प्याड<br>● वी.पी. एवं नेताहरूको तस्वीर | ● सेतो पाटी व्याण्ड<br>● बैटरी<br>● क्यामेरा<br>● पर्दा सेतो)<br>● उद्घाटन दियो<br>● बत्ती | ● सचिवालय<br>● बासस्थान<br>● सवारीसाधन<br>● फस्ट एड बक्स |

**(ज) सत्र सञ्चालन मूल्याङ्कन फारम :**

मिति :

प्रशिक्षक ............................

विषय : ...................

| क्र.सं. | मूल्याङ्कनका पक्षहरू | धेरै राम्रो | ठीकै | अपूर्ण |
|---|---|---|---|---|
| १ | कक्षाको उद्देश्य एवं विषय | | | |
| २ | कक्षाको संरचना | | | |
| ३ | सूचनाको क्रमबद्धता | | | |
| ४ | प्रशिक्षकको प्रस्तुतीकरण | | | |
| ५ | प्रशिक्षकको कक्षा सञ्चालन गर्ने विधि | | | |
| ६ | तालिम सामग्रीको प्रयोग | | | |
| ७ | समय व्यवस्थापन | | | |
| ८ | समग्र प्रभाव | | | |
| ९ | प्रशिक्षण पार्टीको लागि उपयोगी | | | |

सल्लाह एवं सुझाव

..............................................................................................

(सकारात्मक मात्र)

मूल्याङ्कनकर्ताको

नाम : (ऐच्छिक)

पार्टीको सङ्गठनमा उसको पद : गाउँ । नगर क्षेत्र जिल्ला प्रदेश

फोन नं. : इमेल :

**(झ) सहभागीहरूले भर्नुपर्ने प्रश्नावली :**

सहभागी नाम थर ............... जिल्ला ............ क्षेत्र ......... गाउँ/नगर .......

तपाईंको प्रदेश, जिल्ला क्षेत्र, गाउँ/नगरमा पार्टीको सङ्गठन सम्बन्धमा के के विषयमा प्रशिक्षण दिनु आवश्यक छन् ?

१) २) ३)

प्रशिक्षणको विधि : छलफल अन्तर्क्रिया प्रश्नोत्तर, प्रस्तुति भाषणशैली कुन विधि र शैली प्रभावकारी होला क्रमशः उल्लेख गर्नुहोस् ?

(१) (२) (३)

१) तपाईंको प्रदेश, जिल्ला क्षेत्र, गाउँ/नगरमा विपक्षी राजनैतिक पार्टीहरूको नाम र स्थिति के छ ? नाम लेखी प्रष्ट गर्नुहोस् ?

क) अगाडि पहिला ख) दोस्रो ग) तेस्रो

२) तपाईंको जिल्ला क्षेत्र गाउँ/नगरमा नेपाली कांग्रेसको जनाधार स्थिति कस्तो छ ? चिन्ह लगाउनुहोस् ?☑

क) अग्रस्थान ख) दोस्रो ग) तेस्रो

३) तपाईंको जिल्ला क्षेत्र, गाउँ/नगरमा कुन कुन भाषा बोलिन्छ सबैको सम्पर्क भाषा कुन होला ? क्रमशः

क) पहिलो ख) दोस्रो ग) तेस्रो

४) तपाईंको गाउँ । नगर । जिल्ला । क्षेत्र प्रदेशमा जनताको सामाजिक आर्थिक स्थिति कस्तो छ ?

क) महिला ............ ख) दलित ......... ग) आदिवासी जनजाति ........
घ) अन्य ............... ङ) अल्पसङ्ख्यक ........ च) तेस्रो लिङ्गी ........

६) अहिले के कस्ता विषयहरूमा जनचासो र अवस्था कस्तो छ ?

..............................................................................................

..............................................................................................

७) तपाईंको जिल्ला, क्षेत्र, गाउँ/नगरमा नेपाली कांग्रेसको जनाधार वृद्धि गर्न के कस्ता रचनात्मक कार्यक्रम संचालन गर्नु आवश्यक छन् ?

क)

ख)

ग)

८) तपाईंका विचारमा पार्टीका स्थानीय पदाधिकारीका कमीकमजोरी के छन् र त्यसका कारण के होलान् ?

..............................................................................................

..............................................................................................

..............................................................................................

९) तपाईंको प्रदेश, जिल्ला, क्षेत्र, गाउँ, नगर, वडामा पार्टीको जनधार कमजोर छ भने त्यसका कारण के के हुन सक्छन् ?

..............................................................................................

..............................................................................................

..............................................................................................

१०) तपाईंको गाउँ, नगर, जिल्ला क्षेत्र प्रदेशमा कुन विपक्षी दलको के अवस्था छ ? कोसँग वैचारिक, साङ्गठनिक तथा कार्यक्रमिक प्रतिस्पर्धा छ ?

..............................................................................................

..............................................................................................

..............................................................................................

सहभागीको सही ..........................

**(ञ) प्रशिक्षण कार्यक्रम मूल्याङ्कन फारम :**

१. यस प्रशिक्षणमा समावेश गरिएका विषयहरू कस्तो लाग्यो ? (चिन्ह लगाउनुहोस्) ☑

(क) धेरै राम्रो ☐ (ख) राम्रो ☐ (ग) ठिकै ☐

२. यस प्रशिक्षणमा समावेश गरिएका विषयहरूमध्ये तपाईंलाई सबैभन्दा उपयोगी लागेको कुनै ३ विषयहरू उल्लेख गर्नुहोस् ।

(क) ........................................................................

(ख) ........................................................................

(ग) ........................................................................

३. यस प्रशिक्षणमा अरू पनि कुनै विषय थप्नुपर्ने लागेको छ भने तल उल्लेख गर्नुहोस् ।

..........................................................................................

४. स्रोत व्यक्तिको प्रस्तुतीकरण शैली कतिको प्रभावकारी लाग्यो ?

(क) धेरै राम्रो ☐ (ख) राम्रो ☐ (ग) ठिकै ☐

५. यस प्रशिक्षणमा प्रयोग गरिएका प्रशिक्षण प्रविधिमध्ये यहाँलाई धेरै राम्रो र प्रभावकारी लागेका कुनै ३ प्रविधि उल्लेख गर्नुहोस् ।

(क) ....................................................................................

(ख) ....................................................................................

(ग) ....................................................................................

६. यस प्रशिक्षणलाई बढी प्रभावकारी बनाउन अपनाउनुपर्ने प्रशिक्षण प्रविधि कुनै भए लेख्नुहोस् ।

..........................................................................................

७. यस किसिमको प्रशिक्षक प्रशिक्षण कार्यक्रम भविष्यमा बढी प्रभावकारी रूपमा सञ्चालन गर्दा गराउँदा के-के कुराहरूमा ध्यान दिनुपर्ला सुझाव दिनुहोस् ।

..........................................................................................

मूल्याङ्कन फारम भरिएको प्रदेश, जिल्ला : .............. निर्वाचन क्षेत्र नं. .........

मतदाता केन्द्र : ......................... मिति :

## केही दस्तावेजहरू :

### अनुसूची १
### नेपाली कांग्रेस नेतृत्वमा भएको विगत २५ वर्षको विकास प्रतिफल :

| | | वि.सं. २०४८ | वि.सं. २०७३ |
|---|---|---|---|
| १ | गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको प्रतिशत | ४९ | २१ |
| २ | साक्षरता प्रतिशत १५-२४ उमेर समूह | ५० | ९० |
| ३ | प्राथमिक विद्यालयमा खुद भर्ना दर प्रतिशत | ६४ | ९७ |
| ४ | माध्यमिक विद्यालयको सङ्ख्या | १,९५९ | ३,५९६ |
| ५ | उच्च शिक्षामा महिला र पुरुषको अनुपात | १:३ | १:१ |
| ६ | औसत आयु | ५४ | ७१ |
| ७ | चिकित्सा र इन्जिनियरिङ विद्यार्थी सङ्ख्या (स्नातक तह) | ५७९ | ३७,१३० |
| ८ | स्वास्थ्य चौकीको सङ्ख्या | १,०९८ | ४,११६ |
| ९ | शिशु मृत्यु दर (प्रति १,००० जीवित जन्म) | १०८ | ३३ |
| १० | मातृ मृत्यु दर (प्रति १ लाख जीवित जन्म) | ८५० | २५८ |
| ११ | खानेपानीको सुविधा पुगेको जनसङ्ख्याको प्रतिशत | ३६ | ८४ |
| १२ | शौचालय र सरसफाइ पुगेको जनसङ्ख्याको प्रतिशत | ६ | ८१ |
| १३ | ऊर्जा शक्ति | २२७ मे.वा. | ८५१ मे.वा. (अर्को २ वर्षमा २३००) |

| | | | |
|---|---|---|---|
| १४ | विद्युत्मा पहुँच पुगेको जनसङ्ख्याको प्रतिशत | ९ | ७४ |
| १५ | सडक (सबै खालका) | ७,३३० कि.मी. | ८१,३७१ कि.मी. |
| १६ | सडक (कालोपत्रे र ग्रावल) | ४,६१६ कि.मी. | ३२,६३९ कि.मी. |
| १७ | सिँचाइ (हेक्टर) | ५.४ लाख | १४ लाख |
| १८ | टेलिफोन | ७१,५६० | २७,८५०,००० (मोवाइल) |
| १९ | बैङ्किङ तथा वित्तीय संस्थाहरूको सङ्ख्या | ५ | ११७ |
| २० | कुल गार्हस्थ्य उत्पादनमा राजस्वको अनुपात प्रतिशत | ९ | २१ |
| २१ | बजेटमा विदेशी अनुदान र ऋणको अनुपात प्रतिशत | ४५ | १५ |
| २२ | वनले ढाकेको क्षेत्र (कुल क्षेत्रफलको प्रतिशत | ३७ | ४५ |

स्रोत : राष्ट्रिय योजना आयोगलगायत नेपाल सरकारका अन्य दस्तावेज

## अनुसूची २

## नेपाली कांग्रेसको विकास दृष्टि र लक्ष्य : १० वर्षमा नेपाल :

१. अधिकांश नागरिक मध्यम वर्गीय, निजी उद्यम र व्यवसायमैत्री भएको गतिशील लोककल्याणकारी राज्य हुने छ ।

२. द्रूत र फराकिलो आर्थिक वृद्धि हासिल भई अर्थतन्त्रको आकार प्रचलित मूल्यमा रु. १०० खर्बको हाराहारीमा पुग्ने र लाखौँ नयाँ रोजगारी सिर्जना हुने छ ।

३. कुल गार्हस्थ्य उत्पादनको अनुपातमा औसत पाँच प्रतिशत (वार्षिक रु. १ खर्बदेखि ५ खर्ब) बराबरको विदेशी प्रत्यक्ष लगानी भित्रिने छ । अर्थतन्त्रमा नेपाली उत्पादनमूलक उद्योगको अंश ५ बाट १५ प्रतिशत पुगी अन्तर्राष्ट्रिय उत्पादन सञ्जालमा गाँसिएको हुने छ ।

४. गरिबीको रेखामुनि रहेका जनताको हिस्सा ३ प्रतिशतभन्दा कम हुने छ । जीवनचक्रका जोखिमपूर्ण अवधिहरूमा केन्द्रित भई सशर्त नगद हस्तान्तरण, न्यूनतम रोजगारी ग्यारेन्टी र आधारभूत आय निश्चित गरिएको बृहत् सुरक्षा प्याकेजको कार्यान्वयन हुने छ ।

५. नेपालमा कुपोषण र भोकमरी निर्मूल भएको हुने छ ।

६. औपचारिक क्षेत्रका श्रमजीवी कोही पनि गरिबीको रेखामुनि नभएको र अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा सञ्जालमा आबद्ध गराई निवृत्तिभरणको व्यवस्था भएको हुने छ ।

७. सबै युवाहरू साक्षर भएका र कुनै न कुनै विषयमा सीप र दक्षता हासिल गरेका हुने छन् ।

८. प्रत्येक नेपालीको स्वास्थ्य बीमा गरिएको हुने छ । औसत नेपालीको आयु ७७ वर्ष नाघ्ने, शिशु मृत्यु दर ३३ (प्रति १००० जीवित जन्म) बाट घटेर एकल अङ्कमा सीमित हुने र मातृ मुत्युदर २५८ (प्रति एक लाख जीवित जन्म) बाट घटेर ५० पुगेको हुने छ ।

९. १५,००० मेगावाटभन्दा बढी ऊर्जाको उत्पादन हुने छ । आन्तरिक खपतभन्दा बढी ऊर्जा निर्यात गरिने छ र नेपालको अन्तर्राष्ट्रिय छवि “शतप्रतिशत स्वच्छ ऊर्जामा आधारित वातावरणमैत्री अर्थतन्त्र” को हुने छ । प्रमुख पर्यटकीय नगरहरूमा शतप्रतिशत र अन्य शहरहरूमा बहुसङ्ख्यक सवारीसाधन विद्युतीय हुने छन् ।

१०. काठमाण्डौ-मधेस एक्सप्रेसवे लगायत ४ देखि ६ लेनका १००० कि.मी. भन्दा बढी द्रूतमार्ग, ५०० कि.मी. भन्दा बढी रेल्वे लाइन, ५०,००० भन्दा बढी कि.मी. कालोपत्रे सडक सञ्जालले राष्ट्रलाई जोडेको हुने छ ।

११. पाँचवटा अन्तर्राष्ट्रिय विमानस्थलहरू निर्माण भएका हुने छन् । प्रत्येक वर्ष ३२ लाखभन्दा बढी पर्यटक नेपाल भित्रिने छन् र पचास लाख नेपालीहरूले पर्यटन उद्योगमा प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारी पाउने छन् ।

१२. तराई-मधेसका र पहाडका १८ लाख हेक्टरभन्दा बढी खेतीयोग्य जमिन बाह्रै महिना सिँचित हुने छन् । प्रमुख तरकारी र खाद्यान्नहरूमा नेपाल आत्मनिर्भर बन्ने छ । हालको कृषि उत्पादकत्व दोब्बर भएको हुने छ ।

१३. मोबाइल फोन र इन्टरनेटको पहुँच सबै नेपाली जनतामा पुगेको हुने छ ।

१४. १६ वर्षभन्दा माथिका सबै नेपालीको बैङ्क खाता हुने छ भने ऋण लिएका ८० प्रतिशतभन्दा बढी घरधुरीको स्रोत औपचारिक वित्तीय क्षेत्र हुने छ ।

१५. नेपालको ७५ प्रतिशतभन्दा बढी जनसङ्ख्या व्यवस्थित, सुविधा सम्पन्न, आधुनिक शहरहरूमा बसोवास गर्ने छ ।

१६. सुरक्षित आवासमा बस्ने नेपाली घरपरिवारको हिस्सा तीन गुणाले वृद्धि हुने छ । सबै नयाँ भवनहरू अनिवार्यरूपले भूकम्पप्रतिरोधी हुने छन् । बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक विपद्का कारण अकालमा मृत्यु हुनेको सङ्ख्या न्यून हुने छ ।

१७. नेपालको ४५ प्रतिशत भू-भाग वनले ढाकेको हुने र जलवायु परिवर्तन र अल्पकालीन जलवायु प्रदूषकहरूको नकारात्मक प्रभावलाई यथासम्भव न्यूनीकरण गरिएको हुने छ ।

१८. सबै तहका सरकारी निकाय निजी क्षेत्र र सामाजिक संस्थाहरू वातावरण संरक्षण, आर्थिक विकास तथा सामाजिक सेवामा तत्परताका साथ सहकार्य गरेका हुने छन् ।

१९. सबै छिमेकी राष्ट्रहरूसँग असल सम्बन्ध र सार्वभौम समानताका आधारमा स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्दै गैरआवासीय नेपालीहरूलाई मुलुकको विकास मूलधारमा समाहित गर्न उनीहरूको सीप र पूँजीको अधिकतम उपयोग भएको हुने छ ।

२०. संसदीय लोकतन्त्रको जगमा समावेशी, न्यायपूर्ण, उत्तरदायी, भ्रष्टाचाररहित शासन व्यवस्था सुदृढ भएको हुने छ ।

## अनुसूची ३
## नेपाली कांग्रेसको एकीकृत सामाजिक सुरक्षा अवधारणा :

नेपाली कांग्रेस कल्याणकारी राज्यमा विश्वास गर्दछ र नेपाललाई न्यायपूर्ण एवं समतामूलक बनाउने यसको समाजवादी नीतिको मूल ध्येय हो । यो नीति तीन सिद्धान्तमा अडेको छ :

१. **लोकतान्त्रिक समाजमा हरेक नागरिक आत्मसम्मानका साथ बाँच्न पाउनुपर्दछ ।** जन्मदेखि मृत्युसम्मको जीवनचक्रमा केही निश्चित कालखण्डहरू बढी जोखिमपूर्ण हुन्छन् जति बेला नागरिकको भरथेग गरिदिनु राज्यको दायित्व हो ।

२. **जिम्मेवार राज्यले सामर्थ्य र आवश्यकतालाई सन्तुलनमा राख्नुपर्दछ ।** अल्पकालीन राजनीतिक लाभका लागि राज्यको ढुकुटी रित्याउने गरी जथाभावी वितरणमुखी कार्यक्रम ल्याउनु हुँदैन, तर मुलुकको राजस्व, नागरिकको योगदान, संस्थागत कोषहरू र नवीन वित्तीय उपकरणहरूले धान्न सम्भव भएसम्म राज्य जनताप्रति जिम्मेवार र सहयोगी बन्नुपर्दछ ।

३. **पुनर्वितरण र बीमासहित सामाजिक सुरक्षाका दुई प्रमुख पाटाको छुट्टाछुट्टै नीतिगत सम्बोधन हुनुपर्दछ ।** पुनर्वितरण सोझै नगद दिएर, सार्वजनिक सेवा र वस्तुको वितरणमा अनुदान दिएर वा न्यूनतम रोजगारीको ग्यारेन्टी गरेर अघि बढ्छ भने नागरिक आफैँले योगदान गरेको अनुपातमा जोखिम न्यूनीकरण गरिने कार्यक्रमले सामाजिक बीमाको रूप लिन्छन् ।

नेपाली कांग्रेसले अबको पाँच वर्षभित्र खुद्रे वितरणमुखी कार्यक्रम होइन, प्रत्येक नेपालीले सम्मानजनक जीवनयापन गर्न सक्ने गरी एउटा **एकीकृत सामाजिक सुरक्षा प्याकेज** ल्याउने छ। **गरिबीको अन्त्य, कांग्रेसको गन्तब्य** भन्ने नारालाई सार्थक बनाउन आजको मूल्यमा **प्रत्येक घरधुरीको आधारभूत वार्षिक आय रु. एक लाख** भन्दा कम नहुने गरी, दुरूपयोग रोक्दै स्मार्ट कार्डका माध्यमबाट निम्न कार्यक्रमहरूको एकीकृत प्याकेज लागू गरिने छ ।

| सामाजिक पुनर्वितरण | सामाजिक बीमा |
|---|---|
| • सुत्केरी आमा : पोषिलो खानाअन्तर्गत आमा र शिशुका लागि एक हजार दिनसम्म पोषण कुपन<br>• शैक्षिक संस्थामा आवास, खाना, छात्रवृत्ति, सशर्त नगद हस्तान्तरण र प्रोत्साहन पुरस्कार (ल्यापटप, साइकल)<br>• तरुण सीप वृत्ति<br>• युवा स्वयंसेवा एवं बेरोजगार भत्ता<br>• १०० वटा जति निःशुल्क औषधि र विशेष रोगको निःशुल्क स्वास्थ्य उपचार<br>• गरिबका लागि १०० दिनको रोजगारी ग्यारेन्टी<br>• एकल महिला, अपाङ्ग र सीमान्तकृत समुदायलगायतका लागि निःशर्त नगद हस्तान्तरण<br>• ज्येष्ठ नागरिक भत्ता र सेवाआश्रम<br>  • दलितलाई र कर्णालीमा ६० वर्षपछि<br>  • सबै महिलालाई ६५ वर्षपछि<br>  • बाँकी पुरुषलाई ७० वर्षपछि<br>• मृत्यु संस्कार र सम्मान खर्च (रु. १०,०००) | • अनिवार्य स्वास्थ्य बीमा<br>• कृषिबाली र पशुधन बीमा<br>• औपचारिक क्षेत्रमा काम गर्नेको पेन्सन ग्यारेन्टी<br>• स्वरोजगार वा अनौपचारिक क्षेत्रमा काम गर्ने सबैको नागरिक सुरक्षा दर्ता र पेन्सनमा पहुँच<br>• वैदेशिक रोजगारमा संलग्नको सामाजिक सुरक्षा कोषमा योगदान गरेबमोजिम पेन्सन, रेमिट-हाइड्रो र रेमिट-आवास जस्ता लाभांश दिने कार्यक्रम<br>• सामाजिक सुरक्षा कोषमार्फत<br>  • दुर्घटना बीमा<br>  • महिला श्रमिकलाई सुरक्षित मातृत्व योजना<br>  • बेरोजगारी सुरक्षा योजना<br>  • आश्रित परिवार सुरक्षा योजना |

## अनुसूचि ४

### **नेपाली कांग्रेसको विधान, २०१७** (संशोधनसहित) मा

केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको व्यवस्था

३६. **केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान :**

(१) **गठन :**

(क) सभापतिले तोकेको केन्द्रीय कार्यसमितिका उप-सभापति प्रतिष्ठानको प्रमुख रहने छन् ।

(ख) प्रतिष्ठानका प्रमुखले केन्द्रीय सभापतिसँग परामर्श गरी आवश्यकतानुसार केन्द्रीय सदस्य वा पूर्व केन्द्रीय सदस्य वा पार्टीमा विशिष्ट योगदान गरेको व्यक्तिमध्येबाट उपप्रमुख मनोनित गर्ने छन् ।

(ग) प्रतिष्ठानका प्रमुखले केन्द्रीय सभापतिसँग परामर्श गरी प्रदेश कार्यसमितिका सभापतिले तोकेको प्रदेश उप-सभापति र नेपाली कांग्रेसका क्रियाशील सदस्यमध्येबाट बढीमा एकाउन्न जनालाई प्रतिष्ठानको सदस्यमा नियुक्त गर्ने छन् । सदस्यमा नियुक्त गर्दा मुलुकको सङ्घीय संरचना, जनसङ्ख्या र समावेशी सिद्धान्तलाई मध्यनजर गरी नियुक्ति गरिने छ ।

(घ) प्रतिष्ठानको एक स्थायी सचिवालय रहने छ । सम्बन्धित विषय क्षेत्रका विज्ञ, नेपाली कांग्रेसको क्रियाशील सदस्यलाई प्रमुखले प्रतिष्ठानको कार्यकारी निर्देशक र निर्देशकको पदमा नियुक्त गर्ने छन् ।

(ङ) प्रतिष्ठानले विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्न विज्ञ संलग्न गराई विषयगत एकाई गठन गर्न सक्ने छ ।

(च) प्रतिष्ठानले प्रदेश तथा जिल्लामा तोकिएबमोजिम कार्य सञ्चालन गर्ने छ ।

(छ) प्रतिष्ठानको कार्यक्षेत्र, कार्ययोजना, सचिवालयसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने छ ।

(२) **काम, कर्तव्य र अधिकार :**

(क) देशको समसामयिक राजनीतिक विषय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पार्टीले लिनुपर्ने नीति निर्माणमा सहयोग पुऱ्याउने ।

(ख) पार्टीले अख्तियार गरेका र गर्नुपर्ने नीति तथा कार्यक्रम, मुलुकको समग्र हितका लागि पार्टीले लिनुपर्ने नीति, पार्टी सङ्गठन सुदृढीकरण र विस्तारका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने ।

(ग) पार्टी तथा भ्रातृ एवं शुभेच्छुक सङ्घ संस्थाका सदस्यलाई पार्टीको आदर्श, सिद्धान्त, मूल्य, मान्यता, नीति, रणनीतिका बारेमा प्रशिक्षित र सक्षम बनाउन विभिन्न तहमा विचार-गोष्ठी, अन्तरसंवाद/अन्तरक्रिया, परामर्श एवं निश्चित उद्देश्य र कार्य योजनासहित प्रशिक्षण कार्यक्रम, प्रतियोगात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(घ) नेपाली कांग्रेसको प्रत्येक सदस्यले क्रियाशील सदस्यता प्राप्त गरेपछि नवीकरण गर्नुपूर्व पार्टीको आधारभूत प्रशिक्षण लिनुपर्ने गरी पाठ्यक्रम विकास गरी देशव्यापी प्रशिक्षणको व्यवस्था गर्ने ।

(ङ) पार्टी नीति, अनुसन्धान, प्रशिक्षण र व्यक्तित्व विकाससँग सम्बन्धित विषयमा पार्टी साहित्य तथा पाठ्यसामग्री तयार गरी प्रकाशन गर्ने, गराउने ।

(च) हरेक छ महिनामा आफ्नो कार्य प्रगति प्रतिवेदन पार्टी केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने ।

(छ) पार्टीको हितमा तोकिएबमोजिमका अन्य कार्य गर्ने, गराउने ।

## नेपाली कांग्रेसको नियमावली २०७६ मा केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको व्यवस्था

(१) विधानको धारा ३६ का अतिरिक्त केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसम्बन्धी व्यवस्था देहायबमोजिम हुने छ :

(क) प्रतिष्ठानले नीति निर्माण, अनुसन्धान र प्रशिक्षणका निमित्त अलग अलग कार्यविधि तयार गरी काम गर्ने छ ।

(ख) प्रतिष्ठानले प्रतिष्ठानका कार्यकारी निर्देशक र निर्देशकको सेवा, शर्त र सुविधासम्बन्धी निर्देशिका बनाई केन्द्रीय कार्यसमितिबाट पारित गरी लागु गर्ने छ । प्रतिष्ठानका अन्य जनशक्ति केन्द्रीय कार्यालयले व्यवस्था गरेबमोजिम हुने छ ।

(ग) प्रतिष्ठानको उप-प्रमुख, सदस्य, कार्यकारी निर्देशक र निर्देशक हेरफेर गर्नुपरेमा प्रतिष्ठानका प्रमुखले केन्द्रीय सभापतिसँग परामर्श गरी गर्ने छ ।

(घ) प्रतिष्ठानले शुभेच्छुक संस्थासँग समन्वय गरी सम्बन्धित विशेषज्ञको राय लिई विभिन्न पेशा तथा व्यावसायिक सङ्घ संस्थालाई विशेष जिम्मेवारी प्रदान गर्न सक्ने छ ।

(ङ) प्रतिष्ठानले वर्षभरि गर्नुपर्ने कामको क्यालेण्डर बनाई केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्ने छ ।

(च) पार्टीको नीति तथा कार्यक्रमको निर्माण गर्दा सम्बन्धित केन्द्रीय विभागले तयार गरेको निष्कर्ष र प्रतिवेदनलाई समेत प्रयोग गर्ने छ ।

(२) प्रदेश प्रशिक्षण विभागको गठन :

(क) प्रदेश सभापतिले विधानको धारा ३६ (१) (ग) बमोजिम तोकेको प्रदेश कार्यसमितिको उपसभापति प्रदेश प्रशिक्षण विभागको प्रमुख हुने छ ।

(ख) प्रदेशभित्रका सबै जिल्ला प्रशिक्षण शाखाका प्रमुख प्रदेश प्रशिक्षण विभागका पदेन सदस्य हुने छन् ।

(ग) प्रदेश प्रशिक्षण विभाग प्रमुखले प्रदेश सभापतिसँग परामर्श गरी विभागमा पदेन सदस्यसहित बढीमा पच्चीस जना हुने गरी सदस्य मनोनित गर्ने छ । यसरी मनोनित गर्दा प्रदेशभित्रका नेपाली कांग्रेसको क्रियाशील सदस्यमध्येबाट प्रशिक्षणसम्बन्धी ज्ञान र रुचिको आधारमा भौगौलिक सन्तुलन र समावेशितालाई समेत ध्यान दिई गरिने छ ।

(घ) प्रदेश प्रशिक्षण विभाग प्रमुखले प्रदेश सभापतिसँग परामर्श गरी सदस्यमध्येबाट एक जना उपप्रमुख र एक जना सचिव मनोनित गर्ने छ ।

(३) जिल्ला प्रशिक्षण शाखाको गठन :

(क) जिल्ला सभापतिले तोकेको जिल्ला कार्यसमितिको उप-सभापति जिल्ला प्रशिक्षण शाखाको प्रमुख हुने छ ।

(ख) जिल्लाभित्र दुई वा दुईभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएमा प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापतिले तोकेका उप-सभापतिहरू जिल्ला प्रशिक्षण शाखाको पदेन सदस्य हुने छ ।

(ग) जिल्ला प्रशिक्षण शाखाको प्रमुखले जिल्ला सभापतिसँग परामर्श गरी शाखामा पदेन सदस्यसहित बढीमा पन्ध्र जना हुने गरी सदस्य मनोनित गर्ने छ। यसरी मनोनित गर्दा जिल्लाभित्रका नेपाली कांग्रेसको क्रियाशील सदस्यमध्येबाट प्रशिक्षणसम्बन्धी ज्ञान र रुचिको आधारमा भौगौलिक सन्तुलन र समावेशितालाई समेत ध्यान दिई गरिने छ ।

(घ) जिल्ला प्रशिक्षण शाखा प्रमुखले जिल्ला सभापतिसँग परामर्श गरी सदस्यमध्येबाट एक जना उप-प्रमुख र एक जना सचिव मनोनित गर्ने छ ।

(४) प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाको गठन :

(क) प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापतिले तोकेको प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको उप-सभापति प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाको प्रमुख हुने छ ।

(ख) प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाको प्रमुखले प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापतिसँग परामर्श गरी शाखामा पदेन सदस्यसहित बढीमा पन्ध्र जना हुने गरी सदस्य मनोनित गर्ने छ । यसरी मनोनित गर्दा प्रतिनिधिसभा क्षेत्रभित्रका नेपाली कांग्रेसको क्रियाशील सदस्यमध्येबाट प्रशिक्षणसम्बन्धी ज्ञान र रुचिको आधारमा प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका नगरपालिका र गाउँपालिकाको यथासम्भव प्रतिनिधित्व र समावेशितालाई समेत ध्यान दिई गरिने छ ।

(ग) प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाको प्रमुखले प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापतिसँग परामर्श गरी सदस्यमध्येबाट एक जना उप-प्रमुख र एक जना सचिव मनोनित गर्ने छ ।

(५) प्रदेश प्रशिक्षण विभाग, जिल्ला प्रशिक्षण शाखा र प्रतिनिधिसभा क्षेत्रीय प्रशिक्षण शाखाले केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको नीति र निर्देशनअनुसार काम गर्ने छन् ।

# अनुसूचि ५
# नेपाली कांग्रेस
# केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका
# प्रमुख एवं सदस्यहरूको नाम, टेलिफोन र इमेल

| नाम | पद | फोन नं. | इमेल |
|---|---|---|---|
| श्री बिमलेन्द्र निधि | प्रमुख | 9851016554 | bikram.bishes@gmail.com |
| प्रा. पुरुषोत्तम दाहाल | कार्यकारी निर्देशक | 9849148804 | pdahal07@gmail.com |
| डा. आरजु देउवा | सदस्य | 9851086888 | piyushrl26@gmail.com |
| श्री डिकबहादुर लिम्बु | सदस्य | 9852026540 | limbu.dig123@gmail.com |
| श्री ध्रुव वाग्ले | सदस्य | 9856060488 | dhurba2018@gmail.com |
| श्री मनोहर नारायण श्रेष्ठ | सदस्य | 9851031886 | manohar.shrestha77@gmail.com |
| श्री रञ्जीत कर्ण | सदस्य | 9851114356 | karnraneet@yahoo.com |
| श्री मोख्तार अहमद | सदस्य | 9841310080 | ahmadmokhtar679@gmail.com |
| श्री मधु शाही | सदस्य | 9841500283 | madhi.shahi2019@gmail.com |
| डा. गणेशकुमार मण्डल | सदस्य | 9841335157<br>9851091251 | gmandalnc@gmail.com |
| डा. सूर्य ढुङ्गेल | सदस्य | 9851012323 | jagadish@pokharel.net |
| डा. जगदीशचन्द्र पोखरेल | सदस्य | 9851036088 | jagadish@pokharel.net |
| डा. गोबिन्दराज पोखरेल | सदस्य | 9851100407 | pokharelgr@gmail.com |
| श्री खिलानाथ दाहाल | सदस्य | 9851091107 | khiladahal@hotmail.com |
| श्री ध्रुवराज पुरी | सदस्य | 9857520225 | puridhurbaraj@gmail.com |
| श्री तुल्सी नारायण श्रेष्ठ | सदस्य | 9856046790 | tulasinarayans@gmail.com |
| श्री सुभाष पोखरेल | सदस्य | 9851086166 | poksubash@gmail.com |
| श्री केशव निरौला | सदस्य | 9851123311 | keshab.nta@gmail.com |
| श्री हरिहर विरही | सदस्य | 9851073561 | hbirahi@gmail.com |
| श्री तारानाथ दाहाल | सदस्य | 9851061389 | tndahal69@gmail.com<br>tndahal@yahoo.com |
| डा. प्रभु बुढाथोकी | सदस्य | 9851102421 | prabhu_35@hotmail.com |
| प्रा. अमुदा श्रेष्ठ | सदस्य | 9851029859 | amuda.shrestha@gmail.com |
| श्री राजकुमार नकर्मी | सदस्य | 9851137043 | nakarmi.rajkumar014@gmail.com |
| श्री छन्दबहादुर पहराइँ | सदस्य | 9857067231 | chhandapaharai73@gmail.com |
| प्रा.डा. कुसुमाकर न्यौपाने | सदस्य | 9846027208 | neupane_kusumakar@hotmail.com |
| श्री राजु नेपाल | सदस्य | 9851020088 | rajunepal@gmail.com |

| | | | |
|---|---|---|---|
| श्री गेजा शर्मा वाग्ले | सदस्य | 9851084468 | geja.sharma@gmail.com |
| श्री प्रमोदहरि गुरागाई | सदस्य | 9851146259 | pramodhari_guragain@yahoo.com |
| श्री मोतीराज बम | सदस्य | 9851198314 | motirajbam21@gmail.com |
| श्री भद्रा भण्डारी पराजुली | सदस्य | 9851021791 | bhadrabhandari83@gmail.com |
| श्री डोल्मा तामाङ्ग | सदस्य | 9818169895 | dolmat192@hotmail.com |
| श्री नानुमैया बाँस्तोला | सदस्य | 9851098820 | bastolananu@gmail.com |
| श्री प्रसीस महरा | सदस्य | 9841462631 | prasis.mahara18@gmail.com |
| श्री कृष्णबहादुर रोकाय | सदस्य | 9844990300 | krishnarokaya123456@gmail.com |
| श्री कमला लामिछाने | सदस्य | 9856040726 | kalagorkha@gmail.com |
| श्री देविका नेपाली | सदस्य | 9857881055 | deepusn014@gmail.com |
| श्री सरस्वती गुरुङ | सदस्य | 9856026976 | sarswotisis@gmail.com |
| श्री भगीरथ पोद्दार | सदस्य | 9807916015 | bhagirathpoddar.bp@gmail.com |
| श्री किशोरदत्त बराल | सदस्य | 9856026315 | kishorbaral17@gmail.com |
| श्री दीपक अधिकारी | सदस्य | 9851089521 | gitakkafle@gmail.com |
| श्री योगराज कँडेल शर्मा | सदस्य | 9801103000<br>9851029333 | yograjkandelsharma@gmail.com |
| श्री लालबहादुर पुन | सदस्य | 9851141132 | lalbpun@yahoo.com |
| श्री रामजी कोङरेन | सदस्य | 9841247481 | rkongren@gmail.com |
| श्री मदन कट्टेल | सदस्य | 9857031115 | madankattel123@gmail.com |
| श्री नारायण सापकोटा | सदस्य | 9858050778 | nsapkota2060@gmail.com |
| श्री रघुनाथ गुरुङ | सदस्य | 9856045066 | raghunathgurung@gmail.com |
| श्री कान्ता रिजाल | सदस्य | 9851099918 | rizalkanta_2011@hotmail.com |
| श्री वीरेन्द्र साह | सदस्य | 9842058501 | shahbirendra781@gmail.com |
| श्री शम्भु जोशी | सदस्य | 9851098304 | shambhu.joshi4u@gmail.com |
| डा. सुष्मा तिवारी | सदस्य | 9845038668 | tiwarisushma246@gmail.com |
| श्री मुक्ति आचार्य | सचिव | 9851078882 | muktiacharya1979@gmail.com |
| अमृत कार्की | वरिष्ट प्राविधिक अधिकृत | 9851097823 | republicamrit@gmail.com |

[डा. सूर्य ढुङ्गेल- अनुसन्धान, डा. जगदीशचन्द्र पोखरेल- नीति र श्री खिलानाथ दाहाल- प्रशिक्षण निर्देशकमा प्रतिष्ठान प्रमुख श्री विमलेन्द्र निधिद्वारा नियुक्त गरिनुभएको छ ।]